# सत्प्रयास



## खेमओमी पुन कल्याणकारी प्रतिष्ठान

प्रदेश नं. ५, बुटवल-६, मैत्रीपथ, रूपन्देही, नेपाल



खेमओमी पुन कल्याणकारी प्रतिष्ठानका संस्थापकका साथमा उहाँका माता र दाजुभाउजूहरू



खेमओमी पुन कल्याणकारी प्रतिष्ठानका संस्थापकहरूसँग एम.वी.वी.एस. अध्ययन पुरा गरेका भाइबहिनीहरू




# सत्प्रयास-२०७६


| **संरक्षक** | **अध्यक्ष** |
|---|---|
| खेमराज पुन | ओमीकला पुन |

**सल्लाहकार**

प्रा. डा. जीवलाल सापकोटा    डा. नारायणप्रसाद पन्थ

**प्रधान सम्पादक**

प्रेमप्रसाद तिवारी


**सम्पादन मण्डल**

लालहरि पाण्डे
बाबुराम बन्जाडे
सरिता श्रीस
युवराज घिमिरे
सुमित्रा शर्मा



## खेमओमी पुन कल्याणकारी प्रतिष्ठान

प्रदेश नं. ५, बुटवल-६, मैत्रीपथ, रूपन्देही, नेपाल




## राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची-महाकाली ।।

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल ।
वीरहरुका रगतले स्वतन्त्र र अटल ।।

ज्ञानभूमि शान्तिभूमि तराई, पहाड, हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।

# समर्पण




खेमओमी पुन कल्याणकारी प्रतिष्ठानका संस्थापक खेमराज पुनका पूजनीय पिता
स्व. ना.सु. मनबहादुर पुन र ममतामयी माता गौरी पुन (८८ वर्ष)

# समर्पण

ओमीकला पुनका आदरणीय पिता
तुलबहादुर गाहा मगर (९३ वर्ष) तथा माता स्व. पूर्णकला गाहा मगर

# प्रदेश सरकार
## प्रदेश नं. ५
## बुटवल, नेपाल

**मुख्यमन्त्री**



## शुभकामना

खेम–ओमी पुन कल्याणकारी प्रतिष्ठानले छात्रवृति प्रदान गरेर विपन्न समुदायका विद्यार्थीलाई उच्च शिक्षाको ढोका खोलेको जानकारी पाउँदा खुशी लागेको छ ।

पठनपाठनमा अब्बल भएर पनि आर्थिक अवस्थाका कारण कतिपय अवस्थामा चाहे अनुसारको विषय पढ्न पाउने अवस्था तयार हुन नसकिरहेको अवस्थामा यो प्रतिष्ठानले केही काम गरेर देखाउन सफल भएको छ, यो समाजका लागि अनुकरणीय हो । मुलुकको संविधान समाजवादउन्मुख छ । यो संवैधानिक व्यवस्थाले दिशानिर्देश गरे अनुसार हाम्रा सोंच,नीति र कार्यक्रम त्यस दिशातिर लक्षित हुन आवश्यक छ । संवैधानिक प्रबन्ध अनुसार काम हुँदै जादा राज्यको उपस्थिति बलियो हुने हो । र, राज्यको भूमिका प्रभावकारी देखिने हो । राज्यको भूमिका प्रभावकारी हुन समय लाग्ने भएकाले सामाजिक क्षेत्रको भूमिकाले पनि धेरै काम गर्न सक्छ ।

बुटवलका व्यवसायी खेम पुन र ओमी पुनले व्यवसायबाट गरेको आम्दानीको केही प्रतिशत छुट्टयाएर बालबालिकाको शिक्षामा खर्च गर्ने गरी प्रतिष्ठान बनाउनु सह्रानीय काम हो, तपाईहरुको यो पवित्रकर्मप्रति म उच्च सम्मान व्यक्त गर्दछु । हरेक व्यक्ति र व्यवसायीले सामाजिक उत्तरदायित्वलाई यसैगरी आत्मसात गर्ने हो भने समाज सकारात्मक दिशातिर अघि बढ्छ ।

अन्त्यमा खेम–ओमी पुन कल्याणकारी प्रतिष्ठानले संस्थाका गतिविधिहरुलाई समेटेर प्रकाशन गर्न लागेको सत्प्रयास स्मारिका पठनीय हुन सकोस्, यही शुभकामना व्यक्त गर्दछु ।

शंकर पोखरेल
मुख्यमन्त्री

प्रदेश सरकार
प्रदेश नं. ५
# सामाजिक विकास मन्त्रालय
बुटवल, रुपन्देही

निजी सचिवालय
सुदर्शन बराल
मन्त्री

प.सं.: ०६६/०६६
च.नं.: २६

मिति: २०७६/०७/०४



## शुभकामना

समाजमा पछाडि परेका असहाय, अनाथ लगायतका व्यक्तिलाई अघि बढ्न प्रेरणा दिने मान्छेको समाजमा बहुत खाँचो रहेको छ । कसैको सानो सहयोग र प्रेरणा कसैको लागि जिवन बदल्ने बुटी सावित हुन सक्दछ । हो यही कार्य वि.सं. २०७१ सालमा स्थापना भएको श्री खेम-ओमी पुन कल्याणकारी प्रतिष्ठानले गरेको छ । आफुले मेहनतबाट आर्जन गरेको रकम नै शिक्षाको अवसरबाट वञ्चित, असहाय र गरिबि बालबालिकाहरु र कारागारमा बन्दी जीवन बिताइरहेका बालबालिकाहरु लाई अध्ययनका लागी आर्थिक सहयोग उपलब्ध गराई अध्ययन पूरा गर्ने अवसर प्रदान गर्दै आएको जानकारी पाउँदा अत्यन्त खुशि लागेको छ । समाज सेवा गर्न चाहने मानिसहरुका लागि समेत खेम-ओमी पुन प्रतिष्ठान मार्गदर्शक हुन सक्दछ ।

यस प्रतिष्ठानले विद्यालयको शैक्षिक अवसरबाट बञ्चित बालबालिकाहरुलाई विद्यालयीय शिक्षा उपलब्ध गराउने र प्राकृतिक प्रकोपबाट पीडित समुदायलाई यथोचित सहयोगको साथै सडक बालबालिकाहरुलाई समेत सहयोग पुऱ्याउदै निकै महत्वपुर्ण र रचनात्मक भूमिका खेलेको छ । खेम-ओमी पुनको जीवनशैली र कल्याणकारी प्रतिष्ठानको विविध गतिविधि, सूचनाहरु र भावी योजनाहरु सहितको विषयवस्तु समेटि **"सत्प्रयास"** नामक स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त खुशि लागेको छ र उक्त स्मारिका सरोकारवाला सबैलाई पठनीय हुनेछ भन्ने विश्वास लिएको छु ।

उक्त स्मारिकामा प्रतिष्ठानका सम्पुर्ण गतिविधिहरु, विभिन्न नीति तथा योजनाहरु जस्ता आधारभूत विषयवस्तुहरु समेटिने छन् भन्ने विश्वास सहित स्मारिका प्रकाशनको पूर्ण सफलता साथै प्रतिष्ठानको उत्तरोत्तर प्रगतिको लागि हार्दिक **शुभकामना** व्यक्त गर्दछु ।

सुदर्शन वराल

**सुदर्शन वराल**
**सामाजिक विकास मन्त्री**

"बुद्धको जन्मस्थल लुम्बिनी जाऔं, शान्तिको सन्देश फैलाऔं"
लुम्बिनी भ्रमण वर्ष २०२०

☎:०७१-५५०१२४, ✉:minister.mosd.5@gmail.com, : www.mosd.p5.gov.np

# बुटवल उपमहानगरपालिका

## नगर प्रमुखको सचिवालय

बुटवल, रुपन्देही

५ नं. प्रदेश, नेपाल



प.सं. ०७४/०७५

च.न ५८१

२०७६ कात्तिक ६ गते

## शुभकामना

समाजसेवाका अनुपम काममा समर्पित संस्था **श्री खेम-ओमी पुन कल्याणकारी प्रतिष्ठान** बुटवललाई हार्दिक शुभकामना व्यक्त गर्दछौं । समाजसेवा र मानवीय सेवामा यो प्रतिष्ठानले अनुकरणीय काम गर्दै आएको कुरामा दुईमत छैन । गैह्र नाफामुखी सामाजिक संस्थाका रुपमा क्रियाशिल यस प्रतिष्ठानले आर्थिक अभावमा शिक्षाको अवसरबाट बञ्चित हुन नपरोस भन्ने अभियानमा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । यसप्रकारको अभियानले 'सबैलाई अनिवार्य आधारभूत शिक्षाको अधिकार' को लक्ष्यमा पनि थप योगदान पुऱ्याउने हामीले ठानेका छौं ।

विभिन्न कारणले असहाय बन्न बाध्य बालबालिका र उच्च शिक्षाका विभिन्न (एमबीबीएस तथा इन्जिनियरिङ्ग) विषयमा सरकारी छात्रवृत्ति प्राप्त गरेर पनि विद्यार्थीले दैनिक खर्चको जोहो गर्न नसक्दा आइपर्ने अलमल तथा समस्यालाई पनि यो संस्थाले निराकरण गरेको छ । मेधावी विद्यार्थीहरुका लागि सहयोगी साथ र हातका रुपमा यस प्रतिष्ठानले जुन प्रकारको सहयोग गर्दै आएको छ, यो सराहनीय छ । यसप्रकारका मनकारी र सहयोगी संस्थाहरुका निरन्तरका अभियानले हाम्रो समाजलाई एकप्रकारको हौसला प्रदान गर्दै आएको हामीले ठहर गरेका छौं । समाजसेवाका सिलसिला अझ प्रभावकारी बन्न सकून भन्नेसमेत कामना गर्दछौं ।

यस प्रतिष्ठानले हालसम्मका गतिविधिलाई समेटेर 'सत्प्रयास' नामक स्मारिका प्रकाशन गर्न लागेको खबरले हामीलाई खुशी लागेको छ । मनकारी र समाजसेवीका सत्प्रयासलाई एउटा दस्तावेजमा उतार्न सम्भव हुँदैन् तथापी केही प्रतिनिधिमूलक कामहरुलाई समेटेर प्रकाशन हुन लागेको स्मारिकाले समाजमा अरु धेरै मनकारी र समाजसेवीहरु जन्माउन सकोस् भन्ने शुभकामनासमेत व्यक्त गर्दछौं ।

..........................

शिवराज सुवेदी

प्रमुख

Rotary

# ROTARY INTERNATIONAL
District 3292

**PDG Tirtha Man Sakya**
Chair, Rotary Nepal Literacy Mission

Rotary
Nepal Literacy Mission

15th August 2019

Rtn. Khem Raj Pun
Rotary Club of Butwal

Subject: Appreciation for Exemplary Work in Sponsoring Poor and Underprivileged Students

Dear Rtn. Khem Raj Pun,

On behalf of Rotary Nepal Literacy Mission, I am proud to learn of your and your foundation's exemplary efforts in providing sponsorships to quite a number of poor and disadvantaged students that were facing difficulty in getting admission for their professional studies although each of them had demonstrated more than sufficient proficiency but were unable to proceed due to their poor economic situations.

I am also equally delighted that your foundation supported children of prisoners in their studies and provision of meals.

You and your family have demonstrated to our fellow Rotarians what each of us have an inherent potential to lead through "service above self". I urge all our Rotarians to visit the link below and get inspired to be a champion for "education for all" and to aspire to transform our country and society through promotion of "quality education and literacy" particularly as we approach the month of September dedicated for Education.

https://www.onlinekhabar.com/2019/05/763442?fbclid=IwAR3IL1TK1ahMMO97f-_aBn-oT0elaDsJBKrvUCY4uNKY7oo0orH8Npf_Kl8#.XSGBf6JdFuQ.gmail

Thank you and congratulation for the inspiration that you provide.

Sincerely yours

Rtn. Tirtha Man Sakya
Past District Governor
Chair, Rotary Nepal Literacy Mission

Rotary District Office
Thapathali, Kathmandu
Nepal

Tel:
977 016224166
(CDMA)

Mobile
977 9851026534

Email:
tirtha_sakya@yahoo.com
rotary@ntc.net.np



# शुभकामना

समाजसेवा भनेको अरूलाई मात्र होइन आफ्ना लागि पनि हो । त्यसैले म भन्ने गर्छु, "समाजसेवा भनेको सबैभन्दा उत्तम स्वयम्सेवी हो ।" समाजसेवा आडम्बरका लागि होइन, यो सुख र खुसीको लागि हो । सुख र खुसी हुने कुरा ठूलो मानवीय गुण हो, यस गुणले सधैँ आत्मसन्तुष्टिको स्वाद दिइरहन्छ । सबै मान्छे समाजसेवी हुन सक्दैनन् । सच्चा समाजसेवी बन्न आत्मादेखि त्वम् शरणम् हुनुपर्छ, सो व्यक्ति नै आजका लागि होइन भोलिको लागि बाँच्छ । मलाई खुसी लाग्यो खेम पुनलाई भेटेर । एउटा व्यवसायी भएर पनि असहाय मानिसहरूको सहयोगार्थ आफ्नो र आफ्नी श्रीमतीको नाममा **खेमओमी कल्याणकारी प्रतिष्ठान** खोल्नुभएको रहेछ र यस प्रतिष्ठानले धेरै मानिसलाई सहयोग पुऱ्याइसकेको रहेछ । जसले जहाँबाट जे जति गर्न सकिन्छ समाज र देशको लागि त्यति मात्र गर्न सक्यो भने पनि देश उँभो लाग्छ । सधैँ काम नगरिकन सिन्का नभाँची गुनासोमात्र पोखिरहँदा देश बन्नुको सट्टा अझ बिग्रन सक्छ । साच्चै भन्ने हो भने नेपालमा अहिले मानिसले व्यक्तिगत रूपमा त विकास गऱ्यो तर समष्टिगतरूपले देश विकास हुन सकेन । यसको मुख्य कारण हामी सबै आआफ्नो हक र हितको निमित्त लड्यौँ र बाँच्यौँ तर अरूका निमित्त हामीले केही गर्न सकेनौँ, देश र समाजलाई समृद्ध बनाउन आफूमात्रै बाँचेर हुन्न अरूलाई पनि बचाउनुपर्छ । तसर्थ समाजसेवा आजको ठूलो माग (विषय) हो । यस दृष्टिकोणले जुन काम यस प्रतिष्ठानले गर्दै आइरहेको छ त्यो अत्यन्तै प्रशंसनीय भइरहको छ । व्यक्तिगतरूपले म यस प्रतिष्ठानको उत्तरोत्तर सफलताको कामना गर्दछु । धन्यवाद ।

**कर्ण शाक्य**
क स को
कर्ण सकारात्मक कोष



# संरक्षकको भनाइ

मानिसको जीवन क्रियाशील भएर नै बित्दछ । कुनै मानिस नितान्त व्यक्तिगत उपलब्धिका लागि क्रियाशील भइरहन्छ भने कुनै सामाजिक उत्तरदायित्व निर्वाहका लागि क्रियाशील हुन्छ । मानिसको जीवनमा स्वार्थ रहन्छ नै तर कतिपय मानिस व्यक्तिगत स्वार्थमा रमाएका हुन्छन् भने कतिपय मानिसलाई मानवसेवामा सपर्पित हुन चाहने स्वार्थले झकझकाएको हुन्छ । जीवनको उतारचढावका क्रममा स्वार्थले पनि कुनै ठाउँमा राम्रो भूमिका खेल्यो होला । जब म व्यक्तिगत जीवनमात्र सम्पूर्ण होइन बरू सामूहिक जीवन बिताउनका लागि मानवसेवाको मार्गमा लाग्नुपर्दछ भन्ने कुरा बुझ्न सफल भएँ त्यतिवेलादेखि नै सहयोगको हात बढाउन थालेँ । सहयोग र परोपकारमा रमाउने मेरो व्यक्तिगत अभिरूचिकै परिणतिका रूपमा खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले मूर्त स्वरूप प्राप्त गरेको हो ।

२०७० सालदेखि मङ्सिर १७ गतेका दिन मेरै जन्मदिनको अवसरमा सहयोगी हात फैलाउने अभिप्रायका साथ खेमओमी पुन कल्याणकारी प्रतिष्ठान जन्मिएको हो । प्रबल इच्छाशक्ति तथा सामर्थ्य भएर पनि आर्थिक अभावका कारण अध्ययनलाई निरन्तरता दिन नसकेका सक्षम व्यक्तिलाई शिक्षा दिई राष्ट्रकै जिम्मेवार नागरिक बनाउने मूल उद्देश्यका साथ यो संस्था अगाडि बढिरहेको छ । २०७६ सालसम्म आइपुग्दा यस संस्थाबाट मेडिकल, इन्जिनियरिङ तथा अन्य विविध विषयको अध्ययन गर्ने विद्यार्थीहरूलाई आर्थिक सहयोग उपलब्ध गराई उनीहरूको अध्ययनलाई सहज बनाउने काम गरिएको छ । मैले आफ्नो जन्मदिनको अवसरमा यस संस्थाको स्थापना गरेको भए पनि २०७६ सालसम्म आइपुग्दा यस प्रतिष्ठानले पूर्णतः संस्थागत मान्यता प्राप्त गरिसकेको छ । यही संस्थाका गतिविधि समावेश गरी **सत्प्रयास** नामक पत्रिका प्रकाशन गर्न पाउँदा म निकै हर्षविभोर भएको छु । संस्थाका गतिविधिलाई लिखित दस्तावेजका रूपमा पस्किएर जीवन्त बनाउने कार्यले आगामी पिँढीका लागि समेत मार्ग प्रशस्त गर्ने छ । **सेवाहि परमो धर्म** नै यस संस्थाको मूल उद्देश्य रहेकाले वास्तविक विपन्न पात्रको पहिचान गरी उसको अध्ययनलाई सहयोग पुऱ्याउन पाउँदाको क्षण निकै रमणीय हुने भएकाले सदासर्वदा त्यस्ता पात्र पहिचान गरी उनीहरूलाई शैक्षिक मार्गमा अग्रसर गराउने कार्य सधैँ संस्थाका सदस्यहरूबाट हुनेछ भन्ने दृढ आशा पनि मैले राखेको छु । संस्थाका गतिविधिलाई समावेश गरी **सत्प्रयास** नामक मुखपत्र प्रकाशनका क्रममा विभिन्न जिम्मेवारी लिइ कुशलतापूर्वक जिम्मेवारी निर्वाह गर्नुहुने सम्पादक मण्डलका साथीहरूलाई हृदयदेखि नै हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै प्रकाशनका क्रममा आफ्ना अमूल्य शुभकामना दिई संस्थाको उन्नतिको कामना गर्नुहुने आदरणीय व्यक्तित्वहरूलाई पनि साधुवाद प्रकट गर्दछु । यसरी नै संस्थाका गतिविधिलाई लेखरचनाका माध्यमबाट प्रस्तुत गर्नुहुने सबै लेखरचनाका लेखकप्रति हार्दिक आभार प्रकट गर्दै सबैबाट यस्तै रचनात्मक सहयोगको अपेक्षासहित प्रकाशनले सत्प्रेरणा प्रदान गर्न सकोस् । धन्यवाद ।

**खेमराज पुन**
संरक्षक
खेमओमी पुन कल्याणकारी प्रतिष्ठान



# अध्यक्षको भनाइ

'खेमओमी पुन कल्याणकारी प्रतिष्ठान' मानवसेवामा समर्पित सेवाप्रदायक संस्था हो । आर्थिक अभावका कारण पढाइबाट टाढिनुपर्ने बाध्यात्मक अवस्थामा पुगेका गरिब विद्यार्थीहरूको मनोकाङ्क्षा परिपूर्ति गर्नु यस संस्थाको मूल उद्देश्य हो । हामी दम्पतीको सङ्घर्ष र मिहिनेतको प्रतिफलका रूपमा यो संस्था जन्मिएको हो । व्यक्तिगत लगानीबाट नै यस संस्थाको स्थापना भए पनि यसलाई चलाउने कार्यविधि नितान्त संस्थागत रहेको छ । आफ्ना व्यक्तिगत चाहनाहरू परिपूर्ति गर्न त सबै प्राणीले जानेका हुन्छन् तर मानिस मात्र त्यस्तो प्राणी हो जसले समाजमा अन्तर्मनको मानवलाई जगाएर सामाजिक क्षेत्रमा उत्प्रेरित गर्न सक्दछ । यही चाहनाको प्रतिफल नै खेमओमी पुन कल्याणकारी प्रतिष्ठान हो ।

मेडिकल, इन्जिनियरिङ तथा अन्य विविध क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीलाई खानाबस्नको सुविधा सहितको छात्रवृत्ति प्रदान गरी खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले सहयोगी हात फैलाएको छ । आगामी दिनमा संस्थाको उन्नति र प्रगतिका लागि हामी पुन परिवारको अतुलानीय योगदान रहने नै छ । आशा छ आगामी दिनमा यस संस्थाबाट सेवा लिएका सेवाग्राही विद्यार्थीहरूले नै नेतृत्व सम्हाल्ने छन् । आफ्नो अनुभवका आधारमा सहयोगी हात फैलाउने छन् । सबैको सहयोगबाट नै संस्थाले उच्च प्रतिष्ठा पाउने छ । अन्तमा संस्थाको मुखपत्र 'सत्प्रयास' प्रकाशनका लागि समर्पित सबैलाई हार्दिक आभार प्रकट गर्दछु । धन्यवाद ।

**ओमीकला पुन**
अध्यक्ष
खेमओमी पुन कल्याणकारी प्रतिष्ठान

# सम्पादकीय

मानिस विवेकशील प्राणी हो । गर्न हुने र गर्न नहुने कुरालाई संयमित भई तथ्यात्मक निर्णय निकाल्ने क्षमता मानिसमा भएकाले नै यसलाई विवेकशील प्राणी भनिएको हो । मानिसले आफ्नो कर्तव्य, जिम्मेवारी र उत्तरदायित्वसँग सम्बन्धित भूमिका निर्वाह गर्न सक्यो भने उसले वास्तविक जीवनको आनन्द लिन सक्दछ । मानवीय जिम्मेवारीलाई सशक्तरूपमा काँधमा बोक्ने उदार व्यक्तित्वहरूबाट नै समाजको संरचना सबल भएको हुन्छ । व्यक्तिगत जीवननिर्वाह त सबै प्राणीले गरेका हुन्छन् । मानिस सामाजिक प्राणी भएकाले उसले बाँचेको जीवन सङ्कीर्ण नभई सामाजिक हुनुपर्दछ भन्ने मान्यता रहँदारहँदै पनि कतिपय मानिस स्वार्थको भुमरीबाट बाहिर निस्कन सक्दैनन् । स्वार्थलाई त्याग गरी सेवामा समर्पित हुने व्यक्तिको जीवन नै वास्तविक सामाजिक जीवन हो ।

सेवाहि परमो धर्म भन्ने मान्यतालाई पछ्याएर सामाजिक सेवामा अर्पित खेमराज पुन र ओमीकला पुनको जीवन वास्तवमा नै अनुकरणीय रहेको छ । पुन दम्पतीले आफूहरू बाँच्नका लागि मात्र नभई समाजमा आर्थिक अभावका कारण आफ्नो व्यक्तित्व विकास गर्न नसकेका व्यक्तिका लागि समेत व्यवसाय गरिरहनुभएको छ । क्षमता भएर पनि आर्थिक अभावका कारण अध्ययनलाई विश्राम दिनुपर्ने अवस्थामा पुगेका विद्यार्थीलाई पढ्ने वातावरण मिलाइदिएर अभिभावकीय भूमिका खेल्दै आउनुभएका पुन दम्पतीको सेवा भावनाले मानिसमा सुषुप्त अवस्थामा रहेको मानवलाई जगाउने काम गरेको छ । आफ्नो जीवनलाई सुखी बनाउन सकिने जति आर्थिक आर्जन गरेका यी दम्पतीले समाजसेवाको भोक शान्त हुने देखिँदैन । २०७० सालबाट खेमओमी पुन कल्याणकारी प्रतिष्ठान स्थापना गरी संस्थागत रूपमा आर्थिक सहयोग जुटाउँदै डाक्टर, इन्जिनियर तथा अन्य शैक्षिक जनशक्ति उत्पादनका लागि समर्पित यी दम्पतीकै सहयोगबाट चारजना विद्यार्थीहरूले एम.बी.बी.एस.को अध्ययन पूरा गरिसकेका छन् । त्यस्तै इन्जिनियरिङ तथा बी.फार्मा अध्ययनका लागि समेत यस प्रतिष्ठानले सहयोग गर्दै आएको छ । आर्थिक अभावका कारण पढाइबाट टाढिनुपर्ने अवस्थाका विद्यार्थीलाई अक्षयकोष स्थापना गरी यसैका माध्यमबाट सहयोग गर्दै आएको खेमओमी पुन कल्याणकारी प्रतिष्ठान नेपालभरिकै सेवाप्रदायक नमुना संस्था हो । परोपकारमा रमाउने पुन दम्पतीको सकारात्मक सोचको प्रतिफलका रूपमा खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको जन्म भएको हो । २०७० सालमा यस संस्थाले स्थापना कालदेखि वर्तमान अवस्थासम्म सम्पन्न गरेका सेवामूलक कामको लिखित दस्तावेजका रूपमा सत्प्रयास नामक मुखपत्र प्रकाशन गरिएको छ । मानिस मानवता, बन्धुत्व तथा मातृत्वको विकास गर्न सके पृथ्वी आफैँमा सुन्दर स्वर्ग बन्न सक्छ भन्ने परोपकारी मान्यतालाई अङ्गीकार गरी अगाडि बढेको यस संस्थाले गरेका सकारात्मक कदमका चापहरू नै सत्प्रयासका पृष्ठ बनेका छन् । मानिसले मानवीय धर्मको पालना गर्न सके समतामुखी समाजको निर्माण अवश्य हुने धारणा राख्दै प्रकाशनका क्रममा भएका कमजोरीहरूलाई आगामी अङ्कमा संशोधन गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दछु । प्रकाशनका क्रममा अमूल्य सहयोग गरी निरन्तर सक्रिय बनाइरहने यस संस्थाका संस्थापक अध्यक्ष तथा खेमओमी पुन कल्याणकारी प्रतिष्ठानका संरक्षक आदरणीय खेमराज पुन अनि संस्थाकी अध्यक्ष ओमीकला पुनले पुऱ्याएको सहयोग अमूल्य रहेको छ । यसैगरी संस्थाका उपाध्यक्ष डा. नारायणप्रसाद पन्थको भूमिका पनि अतुलनीय रहेको छ । आफ्ना लेखरचना तथा शुभकामना दिई सहयोग गर्नुहुने सम्पूर्णलाई हार्दिक आभार प्रकट गर्दै संस्थाको उन्नति तथा मानवसेवामा जुट्नका लागि हार्दिक आह्वान गर्दछु ।

**प्रधानसम्पादक**

# खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको संस्थापक कार्यसमिति

## कार्यसमिति २०७१/०७२



**श्री खेमराज पुन**
अध्यक्ष



**श्री होमबहादुर गलामी**
उपाध्यक्ष



**डा. नारायणप्रसाद पन्थ**
सचिव



**श्री कुलबहादुर थापा**
कोषाध्यक्ष



**श्री लालहरि पाण्डे**
सहसचिव



**श्री दिनेश चौधरी थारु**
सदस्य



**श्री अनु राना**
सदस्य



**श्री ओमीकला पुन**
सदस्य



**सी.ए. छविलाल पोखरेल**
लेखापरीक्षक

# खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको कार्यसमिति

## कार्यसमिति २०७५/०७६



**श्री खेमराज पुन**
संस्थापक अध्यक्ष
(संरक्षक)



**श्री ओमीकला पुन**
अध्यक्ष



**डा. नारायणप्रसाद पन्थ**
उपाध्यक्ष



**श्री युवराज घिमिरे**
सचिव



**श्री कुलबहादुर थापा**
कोषाध्यक्ष



**श्री लालहरि पाण्डे**
सहसचिव



**श्री प्रेमप्रसाद तिवारी**
सदस्य



**श्री सुमित्रा शर्मा**
सदस्य



**श्री यदुनाथ पाण्डे**
सदस्य



**श्री आशिष सूर्यवंशी**
सदस्य



**सी.ए. छविलाल पोखरेल**
लेखापरीक्षक

## सल्लाहकार समिति



**प्रा.डा. जीवलाल सापकोटा**



**श्री होम ब. गलामी**



**श्री विमल ब. शाक्य**



**श्री ई. हीरा ब. भलामी**

# संरक्षकको व्यक्तिगत विवरण



| | | |
|---|---|---|
| नाम थर | : | खेमराज पुन |
| जन्मस्थान | : | गुल्मी-जिल्ला तत्कालीन भार्से गाविस वार्ड न. ३, सापढुङ्गा सिरान घर (हालः सत्यवती गा.पा.-८) |
| जन्म मिति | : | २०१९ साल मङ्सिर १७ गते आइतबार |
| बुबा | : | स्व. ना.सु. मनबहादुर पुन |
| आमा | : | गौरी पुन |
| जेठो दाजु/भाउजू | : | मीनबहादुर पुन/शकुन्तला पुन |
| माइलो दाजु/भाउजू | : | ऋषिराम पुन/मेनुका पुन |
| श्रीमती | : | ओमीकला पुन |
| छोरा | : | राजु पुन |
| छोरी | : | रोजी पुन |
| बुहारी | : | सरिता श्रीस पुन |
| स्थायी ठेगाना | : | बुटवल उपमहानगरपालिका-६, मैत्रीपथ |
| पत्राचार ठेगाना | : | खेम इन्टरप्राइजेज (औषधी थोक बिक्रेता) बुटवल उपमहानगरपालिका-६, मैत्रीपथ |
| सम्पर्क नम्बर | : | ९८५७०२०९३७, ०७१-५४१५३७ |
| इमेल | : | khempun489@gmail.com |
| रक्त समूह | : | $A^{+ve}$ |
| शिक्षा | : | आई. एस्सी. (त्रिचन्द्र कलेज, काठमाडौं |

वैदेशिक भ्रमण : भारत, सिङ्गापुर, बैङ्कक, इटाली, अस्ट्रेलिया, स्वीजरल्यान्ड, जर्मनी, बेल्जियम, नेदरल्यान्ड, फ्रान्स (पेरिस), बेलायत, दुबई, क्यानडा, अमेरिका

सामाजिक सहभागिता :
- खेमओमी पुन कल्याणकारी प्रतिष्ठान - संस्थापक अध्यक्ष
- ज्येष्ठ नागरिक मिलन केन्द्र तिलोत्तमा न.पा. ४ - संस्थापक संयोजक
- नेपाल खामे पुन परिवार तराई समिति - पूर्वअध्यक्ष
- नेपाल औषधी व्यावसायी संघ लुम्बिनी अञ्चल शाखा - पूर्वअध्यक्ष हाल विशेष सल्लाहकार
- मनगौरी पुन शैक्षिक अक्षय कोष- जनसहयोग मा.वि., गुल्मी, भार्से - संस्थापक अध्यक्ष हाल सल्लाहकार
- रूपन्देही व्यापार संघ- सल्लाहकार
- दुर्गा पञ्चायन मन्दिर बुटवल ६ - सदस्य
- विपश्यना केन्द्र, लुम्बिनी ट्रस्टी - पूर्व सचिव
- हिलपार्क समिति बुटवल ७ - सदस्य
- रोटरी क्लब अफ बुटवल - सदस्य
- आदर्श नागरिक इन्भेस्टमेन्ट कम्पनी बुटवल ९ - सदस्य
- हरिहर आश्रम तनहुँ देवघाट - सदस्य
- गुल्मेली सम्पर्क समाज - आजीवन सदस्य
- प्राकृतिक अस्पताल नवलपरासी, रजहर - सल्लाहकार/आजीवन सदस्य
- गौतमबुद्ध मुटु अस्पताल, बुटवल ९ - संस्थापक सदस्य
- शृङ्गेश्वर धाम, ति.न.पा. ४ - आजीवन सदस्य

# अध्यक्षको व्यक्तिगत विवरण



| | | |
|---|---|---|
| नाम थर | : | ओमीकला पुन मगर |
| जन्मस्थान | : | वडागाउँ गा.वि.स., तल्लो दजाकोट (हाल: मुसिकोट न.पा., गुल्मी) |
| जन्ममिति | : | २०२३/०५/१७ |
| बुबा | : | तुलबहादुर गाहा मगर (९३ वर्ष) |
| आमा | : | स्व. पूर्णकला गाहा मगर |
| पति | : | खेमराज पुन मगर |
| छोरा | : | राजु पुन मगर |
| छोरी | : | रोजी पुन मगर |
| बुहारी | : | सरिता श्रीस पुन मगर |
| स्थायी ठेगाना | : | बुटवल उपमहानगरपालिका-६, मैत्रीपथ |
| पत्राचार ठेगाना | : | खेम इन्टरप्राइजेज (औषधी थोक बिक्रेता) बुटवल उपमहानगरपालिका-६, मैत्रीपथ |
| सम्पर्क नम्बर | : | ९८५७०२९०३५, ०७१-५४४७८९ |
| इमेल | : | khempun489@gmail.com |
| रक्त समूह | : | A+ve |
| शिक्षा | : | आई. ए. |
| वैदेशिक भ्रमण | : | भारत, सिङ्गापुर, बैङ्कक, इटाली, अस्ट्रेलिया, स्वीजरल्यान्ड, जर्मनी, बेल्जियम, नेदरल्यान्ड, फ्रान्स (पेरिस), बेलायत, दुबई, क्यानडा, अमेरिका |

**सामाजिक क्षेत्रमा सहभागिता**

| | | |
|---|---|---|
| संस्थापक | : | खेमओमी पुन कल्याणकारी प्रतिष्ठान |
| संरक्षक | : | नेपाल अपाङ्ग आश्रम रूपन्देही |
| पूर्व अध्यक्ष | : | इनरह्वील क्लव अफ बुटवल |
| पूर्व अध्यक्ष | : | बुटवल महिला जेसिस |
| संस्थापक अध्यक्ष | : | मगर महिला संघ बुटवल उपमहानगरपालिका |
| उपाध्यक्ष | : | समावेसी रेडियो बुटवल |
| उपाध्यक्ष | : | घर संसार बुटवल रूपन्देही |
| कोषाध्यक्ष | : | सेतो गुँरास बालबिकास केन्द्र रूपन्देही |
| व्यवस्थापन समिति सदस्य | : | बुटवल मा. बि. बुटवल |
| सदस्य | : | बुटवल हिलपार्क परिषद् |
| सदस्य | : | रोटरी क्लव अफ बुटवल २०१८/१९ |
| आजीवन सदस्य | : | जेष्ठनागरिक मिलन केन्द्र ति.न.पा.-४ |
| आजीवन सदस्य | : | गुल्मेली सम्पर्क समाज रूपन्देही |

**सम्मान तथा पुरस्कार**

- उत्कृष्ट समाजसेवी सम्मान २०७१ : मनबीर गर्बुजा स्मृति अक्षय कोष
- समाजसेवी नारी सम्मान २०७० (रू. १० हजार नगद सहित) : गैह्र सहकारी संस्था महासंघ रूपन्देही जिल्ला शाखा
- मगर भाषा/संस्कृति संरक्षण सामाजिक कर्म सम्मान २०७१ : नेपाल मगर संघ
- नेपाल आदिबासी जनजाति महासंघ रूपन्देही : कदर पत्र २०६८
- उत्कृष्ट महिला उद्यमी पुरस्कार : रोटरी इन्टरनेसनल ३२९२ नेपाल भुटान २०१८/१९

# विषयसूची


| क्र.सं | के ? | कस्को ? | कहाँ ? |
|---|---|---|---|
| १. | समाजसेवा : खेमओमी पुन कल्याणकारी प्रतिष्ठान ... | खेमराज पुन | १ |
| २. | खेमओमी पुन कल्याणकारी प्रतिष्ठान विगत... | डा. नारायणप्रसाद पन्थ | १६ |
| ३. | प्रतिष्ठानको गठन, वैधानिक व्यवस्था र आगामी योजना | युवराज घिमिरे | २५ |
| ४. | कोषाध्यक्ष कुलबहादुर थापाबाट प्रस्तुत प्रतिवेदन | कुलबहादुर थापा | २८ |
| ५ | प्रतिष्ठानको गरिमा र हाम्रो आचरण | लालहरि पाण्डे | ३० |
| ६. | खेमओमी पुन : मेरो मानसपटल | प्रा.डा. जीवलाल सापकोटा | ३२ |
| ७ | जीवनमा अध्यात्मको महत्त्व | सहप्रा. ऋषिराम भुसाल | ३६ |
| ८. | विद्यालयले प्राप्त गरेको असल अभिभावक | घनश्याम पाठक | ४१ |
| ९. | हामी पनि परोपकारी बन्ने कि ? | सुमित्रा शर्मा | ४३ |
| १०. | परोपकारी मन | बाबुराम बन्जाडे | ४५ |
| ११. | परोपकारी पुन दम्पती : जेहेन्दार-गरिब विद्यार्थीका | टोपराज शर्मा | ४७ |
| १२. | प्राकृतिक जीवन र सामुदायिक प्राकृतिक चिकित्सालय | डा. संग्राम पुरी | ५१ |
| १३. | गृहस्थी जीवनमा विपश्यनाको महत्त्व | राम कोइराला | ५३ |
| १४. | पाल्पा कारागारका कैदी बन्दीसँग खेम ओमी पुन... | भक्तिसरा राना | ५६ |
| १५. | सामाजिक अभियन्ता ओमीकला पुन र प्रतिष्ठान | आशिष सूर्यवंशीमगर | ५९ |
| १६. | मेरो नजरमा खेम ओमी पुन कल्याणकारी प्रतिष्ठान | डा. नगेन्द्र श्रीस | ६४ |
| १७. | कालो मेघको चम्किलो घेरा | डा. विपिन चौधरी | ६५ |
| १८. | खेमओमी प्रतिष्ठानसँग मेरो सम्बन्ध | डा. काशीराम बि.क. | ६७ |
| १९. | खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको भविष्य... | डा. जमुना श्रेष्ठ | ७० |
| २०. | खेम ओमी प्रतिष्ठानसँगको मेरो सम्बन्ध | सृजना पछाई | ७१ |
| २१. | म, मेरो सपना र खेमओमी पुन कल्याणकारी प्रतिष्ठान | दीपक जी.आर. | ७२ |
| २२ | पर्खालभित्रको आवाज | अर्जुन रायमाझी | ७४ |
| २३. | खेमओमी पुन प्रतिष्ठान मेरो भाग्य विधाता | राजकुमार गुप्ता | ७७ |
| २४. | गुमाएको बुवा पाएँ : खेमओमी कल्याणकारी प्रतिष्ठान | दिनेश बफाल पुन मगर | ८० |
| २५. | खेमओमी प्रतिष्ठानसँग मेरो सम्बन्ध | प्रकृति काफ्ले | ८२ |
| २६. | मेरो भाग्य विधाता : खेमओमी पुन कल्याणकारी प्रतिष्ठान | रेखा थापा | ८३ |
| २७. | खेमओमी पुन दम्पतीको सहयोगले डाक्टर इन्जिनियर | कृष्ण मल्ल | ८४ |

# समाजसेवा : 'खेमओमी पुन कल्याणकारी प्रतिष्ठान' को प्रसव कथा

म काठमाडौं आई.एस्सी. पढ्दै थिएँ। हाम्रै गाउँमा माइला दाइको फोटो स्टुडियो र किराना पसल थियो। दाइ कतै कामले बाहिर जाँदा मैले पसलको रेखदेख गर्थें। एकदिन दाइ बाहिर गएको वेला म पसलमा बसेको थिएँ। मलाई पिसाब लागेर बाहिर गएको अवस्थामा पसलमा कोही पनि थिएन। म बाहिरबाट फर्केर आउँदा चिनेकै एकजना १३।१४ वर्षको केटाले पैसाको कन्टुर खोलेको देखें र ऊ मलाई देखेर रुन थाल्यो। मलाई ऊ रोएको देखेर दया लाग्यो। गाली गर्नु र पिट्नुको सट्टा मैले हातमा केही पैसा दिएर पठाएँ।



खेमराज पुन

**खेमओमी पुन कल्याणकारी प्रतिष्ठानका संस्थापक खेमराज पुनको बाल्यकाल**

गुल्मी जिल्लामा पर्ने भार्से लेकाली हावापानी भएको ऐतिहासिक मगर बहुल बस्ती हो। यहाँ झन्डै ९५ प्रतिशत मगर जातिलगायत दलित (विश्वकर्मा, ढोली), गुरूङ्ग र नेवार जाति बसोबास गर्दछन्। यही ठाँउमा पिता मनबहादुर र आमा गौरी पुनको कान्छो पुत्रको रूपमा वि.सं. २०१९ साल मंसिर १७ गते आइतबारका दिन गुल्मी जिल्लाको तत्कालीन भार्से गा.वि.स. वार्ड नं. ३ सापढुङ्गा (हाल सत्यवती गा.पा. ८ भार्से) मा मेरो जन्म भयो। झन्डै अढाई वर्षको उमेर छँदा ई.सं. १९६५ मा भारत पाकिस्तान युद्धमा पिताजीको मृत्यु भयो। त्यसबखत पिता भारतीय गोर्खा पल्टनमा नायव सुवेदार हुनुहुन्थ्यो। बुवाको मृत्युपश्चात् हाम्रो परिवारको जीवनचर्यामा धेरै उथलपुथल आयो। हामी तिनभाइ छोरामध्ये म कान्छो। सानै छँदा पिताजीको मृत्यु भएकोले त्यस सम्बन्धमा कुनै सम्झना छैन। तर, हाम्रो धर्म शास्त्र र विधिअनुसार आमाले क्रियाकाज र वर्षदिन सेतो पहिरनमा दु:ख बोकेको अवस्था देख्दा डराएर बुढीआमासँग खेल्ने, बस्ने र सुत्ने गरेको भने अहिले पनि झल्झली सम्झिन्छु। त्यसैले पनि होला म सानो छँदा छिमेकीले तँ कस्को छोरा ? भनेर सोध्दा बुढीआमाको भन्थेँ।

पिताजीको मृत्युपश्चात् आमाले वार्षिक रूपमा पेन्सन लिनुहुन्थ्यो। त्यसैले परिवार धान्न खेतीपाती र खर्चपर्चको गर्जो टार्न सुबिस्ता थियो। उता कान्छा बुबाको सपरिवार भारतमा बस्ने हुनाले यता नेपालमा बुढीआमा, आमा र हामी तीनभाइ गरी पाँचजनाको परिवार थियौं। उतिबेला गाँउघरको जीवन जिउने मेलो थुप्रो डिङ्गा-बाच्छा पाल्ने, खेतीपाती गर्ने, वनपाखा चाहार्ने गर्नुपर्थ्यो। यसो हुँदा घरमा आमालाई सघाउन हरेक दिन स्कुल जानुअघि र स्कुलबाट फर्केपछि घरको काम गर्नुपर्ने बाध्यता थियो। घरमा पढ्ने समय भनेको रातमा ढेव्रिबत्ती बालेर पढ्ने र परीक्षा आउनेबेला भने बिहान बेलुका पनि पढ्न पाइन्थ्यो।

आमा उमेरले पैंतीस वर्षकी छँदा विधवा हुनुभयो। तसर्थ हामी तिन भाइको लालनपालन, खटनपटन र पढाइलेखाइको पुरै जिम्मेवारी आमाको

काँधमा आइपऱ्यो । आमा अत्यन्त मेहनती, इमान्दार र हक्की स्वभावकी हुनुहुन्छ । विद्यालय नजिकै थियो । बडो दु:खकष्टले परिवार धान्दै जसोतसो हामी तिनै भाइलाई दश कक्षा उत्तीर्ण गराउनु भयो । विद्यालयको शिक्षा र आमाको दीक्षाबाट सङ्घर्ष गर्दैजाँदा अहिले हामी तिनैभाइको पारिवारिक अवस्था राम्रो छ । आज मैले जे सफलता प्राप्त गरको छु, यसको सम्पूर्ण श्रेय अठासी वर्षीय श्रद्धेय आमालाई जान्छ । यस अर्थमा उहाँको भूमिकालाई कदापि बिर्सन मिल्दैन । वँहाले दिनुभएको माया ममता र सिकाउनुभएको असल मार्ग निर्देशले आज हामीलाई यो उचाइ प्राप्त भएको छ ।

गाँउमै पुर्खाहरूको ठुलो परिश्रमले वि.सं. १९८७ सालमा खुलेको पाठशाला वि.सं. २००८ सालमा मिडिल स्कुल अपग्रेड हुँदै वि.सं. २०१८ सालमा हाइस्कुल बनेको थियो । सोही स्कुलबाट मेरो पठनपाठन भएकाले त्यस घडीमा स्कुल खोल्न अमूल्य योगदान दिनुहुने अग्रजहरूप्रति नतमस्तक छु । र, उहाँहरूप्रति श्रद्धासुमन अर्पण गर्दछु । किनभने मेरो सफलताको आधार त्यही स्कुल रहेको छ । पढाइमा म अब्बल दर्जाको नभएपनि औसतमा राम्रै थिएँ । तर दुर्भाग्य, म पहिलो वर्ष एस.एल.सी. परीक्षामा अंग्रेजीमा तीन नम्बर नपुग्दा असफलता व्यहोर्नुपऱ्यो । दोश्रो वर्ष पुनः सबै विषय दिएर उत्तीर्ण भएँ । तैपनि अंग्रेजी विषयमा अलि कमजोर हुँदा यसले अहिले पनि सताइरहेको छ । कुनैबेला यहाँको स्कुल पश्चिमाञ्चल क्षेत्रमै निकै चल्तीको स्कुलमध्ये गनिन्थ्यो । गुल्मी र बाग्लुङ जिल्लाका करिब १०/१२ गा.बि.स.का बिद्यार्थीहरू यहाँ अध्ययन गर्न आउँथे । स्वभावैले अलि हक्की, निडर र साहसी भएको कारण पनि होला मबिना घेराबन्दीको पल्टनघरभैं लाहुरे समाज र गाँउमा जन्मेर पनि अलग बाटो समात्न पुगें । आजसम्म त्यही स्वभावले गर्दा यँहासम्म आइपुगेको छु ।

**संस्कार, संस्कृति र रीतिथितिमा मेरो मन**

मगर गाउँ । लाहुरे समाज । मनोरन्जन, संस्कार, संस्कृतिको धनी । गाँउमा खेतीपाती गर्न हुड्डा, पर्म चल्थ्यो । पैला तारिक, बडादशैं, तिहार र चैते दशैंजस्ता ठुला चाडपर्व धुमधामले मनाउने चलन थियो । यसबाहेक सानातिना चाडपर्व पनि गतिलै गरी मनाइन्थ्यो । ऋतुअनुसार घाँटु र तिहारमा नाचिने सोरठी र कृष्णचरित्र नाँच पनि बिछट्टै रमाइलो हुन्थ्यो । केटाकेटी छँदा बेलाबेलामा देउदेउताको पुजाआजा गर्दा खान पाइने मासुको मज्जा अर्कै थियो । पूजाआजा, राम-रमितामा तरूनी-तन्नेरीले मादल डम्फु घन्काएर गाइने भाम्रे, सालेजो भाका गीतको रौनकले गाँवै गुन्जायमान हुन्थ्यो । यही मेसोमा भर्खरको छेकटे हुँदा म पनि साथीभाइको संगतमा कैयौं पटक होम्मिएको छु । मादल डम्फु पनि रन्काएको छु । धन्न माँयाप्रेमतिर चैं भुलिएनछ ।

**बालपनको सिकाइ र समाजसेवी भावनाको अन्तरकुन्तर**

बाल्यकाल गाउँमै हुर्कियो । डाडाँकाँडा, पाखापखेरा, खेतबारी, भन्ज्याङ-चौतारी र घाँसदाउरा, डिङ्गाबाच्छा गर्दै बितेको मेरो बाल्यपन । एकै जाति, एकै समाज भएकोले होला गाउँमा काम गर्दा विशिष्ट खाले चलन थियो । आलोपालो खेतीपाती गर्न हुड्डा, पर्म लगाउने चलन थियो । समाजमा सरसापट चल्थ्यो । छलकपट ठ्याक्कै थिएन । मर्दापर्दा सरसहयोग गर्ने, साफा काममा सामूहिक सहभागिता र भराली जाने चलन चल्थ्यो । दीन-दु:खीहरूलाई देख्दा मनमा च्वास्स छुन्थ्यो । सकेको सहयोग गर्न पाए दिल खुसी हुन्थ्यो । यसरी यही समाजमा हुर्किंदै जाँदा मलाई पनि सामाजिक सेवाभावको मुना पलाएको पत्तै भएन । यो भावनालाई मैले मर्न

दिइन । जोगाएरै राख्न सकैं । र, पछिल्लो अवस्थामा आइपुग्दा यसलाई कार्यरूपमा ल्याउन सकेकोमा मलाई गौरवको अनुभूति भएको छ ।

कुनैबेला खल्ती रित्तै हुंदा साथीभाइसँग सरसापट गरेर पनि चलाइयो । रूक्कासुक्का खाएर पनि गुजारा चलाइयो । आज समयले कोल्टे फेरेछ । पढाइलेखाइ बिचैमा पूर्णविराम लाग्यो । सानोतिनो व्यवसाय चलाउने सोँच आयो । म औषधि व्यवसायी हुन पुगें । सेवाभावमा लाग्न अब मलाई खासै अर्काको भरोसा गर्नुपर्ने अवस्था रहेन । व्यवसायबाट बचेको केही अंश समाजसेवाको लागि छुट्ट्याएको छु । अर्कासँग लिनभन्दा दिन रमाउने मेरो मन आज पनि उत्तिकै कटिबद्ध छ । मेरो खुसी पनि त्यसैमा गाँसिएको छ । स्वभावैले कमलो मन, मायादया र करूणाभावले गर्दा होला मलामी जानुपर्दा, दीनदुःखीलाई देख्दा, बिहेमा छोरीचेलीलाई बिदाइ गर्दा मन पोल्छ । भावना भक्कानिएर आउँछ र आँखाभरि आँसु रसाउने गर्छ ।

म परिवारमा कान्छो छोरा भएर पनि आमा र दाइहरूको मायामा पुल्पुलिने वातावरण मिलेन । दैनिक आफ्नो र घरको ससाना काममा लागिरहन्थेँ । त्यही बानीले गर्दा आज पनि मलाई दैनिकी चलाउन सजिलो बनाएको छ । यही अनुभवले गर्दा होला हरेक बालबालिकाहरूलाई सानैदेखि काम लगाइरहने, सिकाइरहने र आफ्नो काम आफैँ गर्ने आदत जगाउन अत्यन्त आवश्यक देख्छु । ताकि तिनीहरूमा आत्मबल र स्वाभिमानी हुनमा उर्जा मिल्न सकोस् । स्कुलको ज्ञानले घरको काम गर्दा सीप र जाँगरमा निख्खरता ल्याउँछ । हरेक बच्चाको यही बानीले गर्दा बुढेसकालसम्म उसलाई जीवन जिउन सजिलो बनाउँछ । तसर्थ भनिन्छ विद्यालय भन्दा घरको स्कुलिङले बच्चाको भविष्य निर्धारणमा दोब्बर भूमिका खेल्दछ ।

गाँउमा माल्दाइको फोटो स्टुडियो र किराना पसल थियो । म काठमाडौँमा आई.एस्सी. पढ्दै थिएँ । कलेज बिदा भएर घर आउँदा कहिलेकाहीँ काम विशेषले दाइ बाहिर जाँदा मैले दुकान रेखदेख गर्थें । एकदिन दाइ बाहिर गएकोले म पसलमा थिएँ । पसलमा अरू कोही थिएन । पिसाव फेरेर फर्किंदा गाँउकै एउटा १३/१४ वर्षको केटा पैसा राख्ने कन्टुर खोल्दै थियो । अकस्मात् मलाई देखेर डरले होला उ रून थाल्यो । तर मलाई भने कताकता दया लागेर आयो । गाली गर्नु, पिट्नुको सट्टा उसलाई सम्झाउँदै केही पैसा दिएर पठाएँ । यो कुरा अहिलेसम्म कसैलाई भनेको थिएन ।

**जीवन परिवर्तनको मोड**

कुनै रोग मानिसलाई महासन्तापको हुन्छ । तर मलाई उच्चरक्तचाप बरदान सावित भयो । मलाई पटक पटक टन्सिलको समस्याले पिरोल्थ्यो । यस्तै वि.सं. २०५७ सालको कुरा हो । फेरि यही रोगले गाँज्यो र शिक्षण अस्पताल महाराजगन्जमा अपरेसन गर्ने भनेर स्ट्रेचरमा राखेर अपरेसन थियटरमा लान अघि डाक्टरले मेरो व्लडप्रेसर लिनुभयो । प्रेसर बढी देखियो । अब मेरो अपरेसन रोकिने अवस्था भयो । तर सन्जोग भनौं दाइ डा. मधुसुदन र मीना भाउजू (टिचिङ अःस्टाफ) को व्यवस्थापन परामर्शले गर्दा रोकिन लागेको अपरेसन पनि भयो । शरीरको तौल पनि उचाइको हिसाबले उन्नाइस किलो बढी थियो । अपरेसनपछि डा. अरूण सायमीले नियमित रूपमा प्रेसरको दबाइ सेवन गर्न सुझाउनुभयो ।

प्रेसरको दवाई खान थालेपछि सोसम्बन्धी विभिन्न लेख, सूचना, बुलेटिन आदि पाएसम्म अध्ययन गर्न थालें । मैले जानेबुझेअनुसार यसलाई नियन्त्रणमा राख्न पहिलो आहारबिहार र तत्पश्चात् नियमित दवाई सेवन रहेको कुरा बुझें । यसका साथै तौललाई नियन्त्रणमा राख्नु र चिन्ता नलिनु

यसको अर्को पक्ष पनि उत्तिकै महत्त्वको छ । तौल घटाउने उद्देश्यले वि.सं. २०६२ सालमा मुक्तिनाथको दर्शन गरी माछामासु खान बन्द गरें । तौल घटाउने र शरीरलाई चुस्त बनाइराख्न सुरूमा गोरखपुर स्थित प्राकृतिक अस्पताल र पछि रजहर नवलपरासी स्थित प्राकृतिक सामुदायिक अस्पतालमा उपचार गर्दै आइरहेको छु । यी केन्द्रहरूमा वर्षको सके दुई, नसके कम्तीमा एक पटक हप्ता दश दिनको लागि जाने गरेको छु । अहिले मेरो तौल चौरासी किलोबाट घटेर सत्तरी किलोमा झरेको छ । शाकाहारी भोजन र प्राकृतिक उपचारले गर्दा शरीर स्वस्थ र तौल नियन्त्रणमा राख्न सफल रहेको छु । यसका साथै रजहर स्थित अस्पतालमा सम्पूर्ण परिवार आजीवन सदस्य बनेका छौं । तसर्थ सादा भोजन र प्राकृतिक जीवनशैलीमा बाँच्न सबैमा सुझाव एवं सल्लाह राख्न चाहान्छु ।

अर्कोतर्फ मानसिक तनावबाट मुक्त रहन २०६१ सालमा लुम्बिनी स्थित विपश्यना केन्द्र धम्म जननीमा दश दिनको ध्यान शिविरमा भाग लिएँ । तत्पश्चात् पटकपटक गरी दश दिने शिविरमा सात पटक र बिस दिने शिविरमा एक पटक भाग लिएको छु । यसैबिच धम्म जननी ट्रस्टीमा दुई पटक सचिवको जिम्मेवारी लिएर काम गर्ने अवसर पनि पाएको छु । हाल म विपश्यना केन्द्र पाल्पाको ट्रस्टी सदस्य रहेको छु । तसर्थ आफ्नो व्यक्तिगत, सामाजिक र व्यावसायिक जीवनमा झैं विपश्यना ध्यान केन्द्रसँग मन र मुटु जोडिराखेको छ भन्दा अन्यथा नहोला । ध्यान र सत्संगले मानिसलाई सर्वदा सुखी बनाइराख्छ भन्ने कुरामा विश्वास जागेको छ र सबैलाई यही सल्लाह दिन चाहन्छु ।

उच्च रक्तचापको कारण मलाई अध्ययन गर्ने र विभिन्न स्थानहरूमा भ्रमण गर्ने बानी बस्न गयो । मैले भ्रमण गरेका स्थान विशेषको बारेमा यही स्मारिकामा उल्लेख छ । त्यसैगरी नेपालीमा लेखिएका आध्यात्मिक, सफल व्यक्तिका जीवनी, ज्ञान-विज्ञानबर्धक, स्वास्थ्यसम्बन्धी र विश्व चर्चित पुस्तकहरू अध्ययन गर्ने गरेको छु । विभिन्न समयमा संकलन एवं अध्ययन गरेका २५० बढी महत्त्वपूर्ण पुस्तकहरू २०७४ सालमा घर आगलागी हुँदा जलेर नष्ट भयो । मैले पुस्तक पढ्दा आफूलाई राम्रो लागेको अंश चिन्ह लगाउने र सो भाग टाइप गरी डायरीमा टिपोट गर्ने बानीले गर्दा ती किताबका महत्त्वपूर्ण अंशहरू संकलन हुन सकेकोमा थोरै भएपनि राहत महसुस गरेको छु ।

**संस्थागत सहयोगको तानाबाना**

भित्री मनबाट केही सहयोग गरौं भन्ने लाग्दालाग्दै पनि गर्न नसकेको काम यही ब्लडप्रेसरको समस्याले गर्दा गरिएका अध्ययन, भ्रमण र ध्यानले गर्दा मैले गर्ने सरसहयोग खुला रूपमा प्रस्फुटन हुनगयो । साथीभाइ, नातागोता, मठमन्दिर, संघसंस्था आदिमा गरिने ससाना सहयोग त छँदै थियो । तर संस्थागत रूपमा गरिने सहयोगले भने त्यसपछि मात्र गति लियो । सहयोग गर्ने सोंच त आयो तर कस्तो सहयोग गर्ने ? कहाँ गर्ने ? कस्लाई गर्ने ? यी र यस्ता प्रश्नहरूले केही समय खाइदियो । धेरै समयको चिन्तन मनन्पश्चात तीनभाइले पढेको स्कुलमा बाबा-आमाको नाममा कोष खोली सोही कोषमार्फत सहयोग गर्ने अन्तिम फैसला भयो । अन्ततः तीनभाइले बुवा मनबहादुर र आमा गौरी पुनको साझा नाम मन-गौरी पुन शैक्षिक अक्षय कोष खोल्ने निष्कर्षमा पुगियो । वि.सं. २०६५ सालमा विधिवत रूपमा यो संस्था स्थापना गरी रू. ७,००,०००/- को अक्षयकोष खडा भयो । स्थापनादेखि हालसम्म यसले एकसय भन्दा बढी विद्यार्थीहरूलाई विभिन्न सहयोग पुऱ्याएको छ । एस.एल.सी. रिजल्ट शून्य भएकोले समितिको निर्णयानुसार कोषबाट खर्च दश

कक्षाका विद्यार्थीहरूलाई कोचिङ कक्षा पढाउन सुरू भयो । फलतः परिक्षामा विद्यार्थीहरूले राम्रो नतिजा लिन सकेका छन् ।

अहिलेसम्म अध्ययन गरेका विभिन्न किताबहरू मध्य शिव खेडाले लेखेको पुस्तक 'जीत आपको' पढेपछि यसले मेरो मानसिकतामा अत्यन्तै गहिरो प्रभाव पाऱ्यो । सफल हुने व्यक्तिले कुनै नयाँ काम नगरेर नँया ढङ्गले गर्छ भन्ने भनाइले मेरो मन छोयो । २०६७ सालमा वीरगन्जमा सन्चालन भएको तीन दिने प्रशिक्षणमा रू.२७,५००/- तिरी छोरी रोजी र म सहभागी भएका थियौं । प्रशिक्षणको सुरूमा भनेको एउटा कुराले मलाई साह्रै चित्त बुझ्यो । तपाईंहरू शिव खेडाले के के न सिकाउँछ भनेर यति धेरै रकम तिरेर आउनुभएको छ तर, मसँग सिकाउने नयाँ कुरा केही छैन । केवल तपाईंहरूले जाने बुझेकै कुराको उजागर गरिदिन्छु भन्ने भनाइले मेरो मन छोयो । साँच्चिकै उहाँले भनेझैं गलत काम नगर्ने र सही काम गर्ने हो भने र सफल व्यक्तिहरूको दैनिकीको नक्कल गर्ने प्रयाशले मात्र पनि सरल जीवन जिउन धेरै टाउको दुखाउन नपर्ने रहेछ भन्ने लाग्यो ।

उता मन गौरी अक्षय कोष तयार भएपछि अब के गर्ने भन्ने कुरा सौँच्न थालें । यता बालपनमा लोलेपोतो गर्दै मायाँमा हुर्काएकी स्वर्गवासी बुढीआमालाई सम्झिन पुगें । उहाँको नाममा के गर्ने ? कसो गर्ने ? भन्ने सोंचका तरङ्गहरूले मनमा बुर्कुसी मार्न थाल्यो । जेसुकै होस्, जुन टोल समाजमा लामो जीवन बिताएर स्वर्ग हुनुभयो त्यही टोलको आमा समूहको कोषमा बुढीआमाको नाममा रू. दुई लाख राखिदिने सोंच फुऱ्यो । तर आमा समूहको नाम भने 'कला पुन आमा समूह' राख्नुपर्ने प्रस्तावसहित छलफल गर्दा आमा टोलीले सहर्ष स्वीकार गरे । दुवै पक्षको सहमतीमा रू. दुई लाख अक्षय कोषको रूपमा राख्ने र यसको व्याज वापत आउने रकम टोलमा हुने सामाजिक कल्याणकारी कार्यमा खर्च गर्ने गरी सहमति भयो । २०६७ सालमा स्थापना गरिएको यस कोषबाट थुप्रै कामहरू सम्पन्न भएका छन् । यसले स्वर्गबासी बुढीआमाको सम्मान पनि भैरहने र टोल समाजमा हुने कामको पनि गर्जो टर्ने कुरामा दुई मत रहेन ।

**'खेमओमी पुन कल्याणकारी प्रतिष्ठान' स्थापना**

आमाबुवा र बुढीआमाको सम्झनामा कल्याणकारी कोष स्थापना गर्ने काम गरिसक्दा मनमा केही शान्तिको अनुभूति भयो । एकदिन पुनः म र श्रीमतीको नाममा पनि कल्याणकारी कोष स्थापना गर्ने सोंच आयो । यस कोषले हाम्रो मृत्युपर्यन्त पनि निरन्तर सेवा पुऱ्याउने गरी व्यवस्थापन मिलाउने विचार भयो । यही भावना अनुरूप वि.सं. २०७१ साल जेष्ठ २९ गतेका दिन विधिपूर्वक जिल्ला प्रशासन कार्यालयमा 'खेमओमी पुन कल्याणकारी प्रतिष्ठान' को नाममा दर्ता गरियो । यसैगरी २०७१ साल माघ ०८ गते समाज कल्याण परिषद लैनचौर काठमाडौंमा समेत दर्ता भैसकेको छ ।

वि.सं. २०७० साल मंसिर १७ गते जन्म दिनको अवसर पारेर रू. सत्र लाखको अक्षय कोष जम्मा गरी थालनी गरेको यस संस्थामा जन्म दिनको अवसर पारेर पटक पटक जम्मा गर्दै जाँदा २०७६ सालसम्म आइपुग्दा अहिले प्रतिष्ठानको कोषमा रू. पचहत्तर लाख जम्मा भएको छ । यस कोषबाट सञ्चालन गरिएको विविध कार्यहरूको विवरण सचिवको प्रतिवेदनमा पेस भैसकेको छ ।

**संस्थापकको तर्फबाट जीवन विषयक दृष्टिकोण**

गोरूको हल नमिल्दा जोताइ मिल्दैन । परिवारमा साथ सहयोग नमिल्दा पाइला चल्दैन । समाजमा ऐंचो-पैंचो नचल्दा चुलो बल्दैन । तर मैले यस्ता कुरा व्यहोर्नु परेन । अवरोध, अपठ्यारा सोमर्नु

परेन । परिवारबाट पुरा साथ सहयोग मिलेको पाउँदा म आफूलाई भाग्यमानी ठानेको छु । त्यसैले त आज म समाज सेवाको क्षेत्रमा धित मरून्जेल होम्मिन पाएको छु । उता मेरी जीवनसंगिनी पनि सामाजिक क्षेत्रमा मभन्दा बढी समर्पित भएको पाउँदा झनै खुसी महसुस गर्दछु । यो कुरा मैले भन्नुभन्दा पनि स्मारिकामा प्रकाशित विवरणले छ्याङ्ङ पारेको छ । निस्वार्थ भावले सामाजिक क्षेत्रमा लागिरहँदा आज मलाई सबै क्षेत्र, संघ-संस्था, तह र तप्काबाट सहयोग मिलिरहेको छ ।

हर कुनै देशको विकास गर्न सरकार प्रमुख मानिन्छ । त्यसैगरी प्रत्येक नागरिकको पनि आ-आफ्नै भूमिका र जिम्मेवारी रहन्छ । इमान्दारिता र नैतिक आचरण विना फेरी यो काम भुत्ते सावित हुन्छ । एकातर्फ व्यक्तिगत स्वार्थ र लोभीपापी मनले गाँज्दा आज सबैतिर स्थिति तहसनहस भएको छ । अर्कोतर्फ असल चरित्र र नैतिकवान हुन वाञ्छित मानिन्छ । तसर्थ यसतर्फ हाम्रो भूमिका कस्तो रहला ? भन्ने कुराको हेक्का राख्नु हामी सबैको कर्तव्य हो भन्ने लाग्छ ।

सामाजिक सेवा कार्यको लागि सुरूमा संस्था दर्ता गर्दा यस्तो होला भन्ने लागेको थिएन । तर आज ६ वर्षको यस अवधिमा जे जति काम गर्न सकियो, अत्यन्त खुसी लागेको छ । कुनै एउटा पुस्तक पढ्दाको एउटा उदाहरण 'तिमी तिम्रो आँखाले देख्ने ठाँउसम्म जाऊ, त्यहाँबाट कहाँ जाने ? त्यही ठाँउबाट देखिन्छ' भनेको कुरा अझै सम्झिरहन्छु । यही कुराको आत्मसाथ गर्दै काम गर्दै गइयो । चिन्तन मनन गर्दै गइयो । शुभचिन्तकहरूको सुझाव सल्लाह लिँदै गएँ । अघि बढ्दै जाँदा नयाँ नयाँ विषय र मार्गहरू देखिए । यसले गर्दा नै आज मलाई यहाँसम्म ल्याइपुऱ्याएको छ । अब त यस्तो लाग्न थाल्यो कि यसमा अविचल रूपमा लागिरहूँ । र, अक्षय कोषमा रकम थप गर्दै लगौं भन्ने योजना बुनिसकेको छु ।

यस धर्तीमा कति मान्छे जन्मे, हुर्के र मरेर गए । तर समस्त मानवजातिको भलो हुने काम कमैले गरे । जसले गरे, तिनीहरूकै नाम हृदयदेखि नै पुकारिन्छ । म पनि एउटा सामान्य परिवारको सदस्य भएको नाताले खासै गर्न सकिन्छ भन्ने लागेको थिएन । संघर्षको क्रममा आज म जहाँ आइपुगेको छु, एउटा मध्यम स्तरको व्यवसायी हुन पुगें । व्यवसायबाट हुने आम्दानीको केही अंश र काम गरेर बचेको थोरै समय समाज र दीनदुःखीको सेवामा लगाउन पाँउदा खुसी छु । मेरो शेष उप्रान्त समाजमा सानै भएपनि सम्झना र चिनो रहिरहने आशाले प्रफुल्ल भएको छु । विश्वप्रसिद्ध समाजसेवी मदर टेरेसाले भन्नु भएको छ – तिमीले सयजना दुःखी भोकालाई खुवाउन सक्दैनौ त के भो ? जतिलाई सक्छौ खुवाऊ । केही नभएपनि एकजनालाई त खुवाउन सक्छौ होला नि ! आफूले कमाएको आम्दानीले जति खुसी आफ्नो चाहना पुरा गर्दा लाग्छ, त्यो भन्दा बढी खुसी दीनदुखीको सेवा गर्दा पाइन्छ । तसर्थ सक्नेले नसनक्नेको लागि सेवा गर्ने कि ? एकपटक सोचौं त ।

मानिस मरेर जान्छ तर, संस्था सदाकालको लागि जीवन्त रहन्छ । तसर्थ यो संस्था हाम्रो शेषपछि पनि निरन्तर चलिरहोस् भन्ने अपेक्षा लिएको छु । विधानमा उल्लेख भएबमोजिम नीति नियम र विधि विधानसम्मत ढङ्गबाट चल्ने कुरामा विश्वस्त छु । संस्था संचालन गर्ने कार्य समिति, सल्लाहकार एवं शुभचिन्तक सबैको कुशल भूमिका र असल चरित्रले संस्था चलाएमान रहने कुरामा कसैको दुइमत नरहला । कोष वृद्धि सम्बन्धमा त माथी नै भनिसकेको छु । हाम्रो शेषपछि सन्ततिहरूबाट पनि निरन्तर थप हुँदै जाओस् भन्ने कुरामा पुरै भरोसा लिएको छु ।

यसका साथै जो जसले यस कोषबाट सहयोग प्राप्त गरी आफू र आफ्नो जीवन उज्वल बनाउनुभएको छ, स्वेच्छाले सामाजिक सेवाभावले कोषमा थप योगदान गर्न चाहेको खण्डमा उहाँहरूलाई पनि सदैव कोषको ढोका खुल्ला रहनेछ । थप भन्नुपर्दा यस कोषमा नेपाल सरकारको प्रचलित नियम कानुनअनुसार बिना सर्त जो कसैले व्यक्तिगत वा संस्थागत सहयोग दिन चाहेमा विधानको अधीनमा रहेर स्वीकार गरिनेछ । यसरी निरन्तर कोषको वृद्धि गर्दै लैजाने र सक्षम दीनदुःखीहरूको सेवामा यो संस्था निरन्तर लागिरहने छ ।

संस्थाको निरन्तरता र आबद्धता सन्दर्भमा ती विद्यार्थीहरू जसले यस कोषबाट सहयोग प्राप्त गरी आफ्नो ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न सफल हुनुभयो, उहाँहरूलाई पनि यस संस्थाको सदस्य हुन प्रेरित गरिने छ । संस्था अविछिन्न रूपमा सञ्चालन भैरहने कुरामा दुइमत नहोला भन्ने विश्वास लिएको छु ।

स्वभावैले मानिस स्वार्थी हुन्छ । अझ कोही मानिसहरू त मरेर जाँदा पनि सबै साथै लगेर जाने झैं आत्मकेन्द्रित स्वार्थले अभिप्रेरित भएको पनि देखिन्छ । तर यी सबै भ्रम हुन् भन्ने लाग्छ । मानिस आफैमा सिर्जनाका कर्मीहरू हुन् । तर समाजमा यस्ता पनि मानिसहरू हुन्छन् जो अर्काको बिपत्तिमा रमाउँछन् । हामी सबैलाई सद्बुद्धि दिउन भनिकन इश्वरसँग याचना गर्दछु । साथै मलाई मन, वचन र कर्मले सेवाभावमा लाग्न सदा उत्प्रेरित गर्ने उनै ईश्वर भगवानप्रति सभक्तिपूर्वक आदरभाव राख्दछु ।

अहिले म बाल्यपनको कुरा झल्झली सम्झिन्छु । सानो छँदा जाङ्के र कमिजमा खाली खुट्टा बुर्कुसी मारेको । धुलोमैलोसँग रमाउँदै चकटीमा बसिकन सिलोटमा कखरा लेखीपढी गरेको । डिङ्गा-बाच्छाको ठरी सोहर्दै गोबर-सोत्तर गरेको । अलिपरको खरेन र वनपाखाबाट घाँस-दाउरा गरेको । हिउँदको ठिहि्याउने चिसो सिरेटोसँगै थुम्सेभरि मल बोकेको । मौका पाउँदा सङ्गी-साथीभाइसँग गुच्चा, खोप्पी खेलेको । आशा सिगरेटको खोलको तास बनाएर जुटपट्टि र सत्र खेलेको । एकान्तमा बसी कहिलेकाँही यी कुराहरू सम्झिँदा मन फुरूङ्ङ हुन्छ । सपनाझैं लाग्छ । उसैपनि हर कोहीलाई आफ्नो बालपनको सम्झना कसलाई मन परोइन र ! तर यी सबै स्मृतिका पन्ना भयो । झसङ्ङ हुन्छु र वर्तमानमा फर्किन्छु । यतिबेला मसँग सम्हाली नसक्नु जिम्मेवारीका चाङ छन् । हलुहलु तिनलाई समाधान गर्ने बाटो पहिल्याउने कोसिस गर्छु । कहिलेकाँही त्यो परिवेशबाट अहिलेको फरक परिवेशमा उभिएको पाउँदा कताकता खुसी र गौरवले छाती ढक्क फुल्छ । मन फुरूङ्ङ हुन्छ ।

मेरो बानी कसरी यस्तो भयो ? म आफैं छक्क पर्छु । जति सकिन्छ, समयको भरपुर उपयोग गर्ने । आइलागेका काम सकभर सोंची बिचारी फत्ते गर्ने । आज सकिने काम, भोलिलाई नसाँच्ने । जिम्मेवारीलाई प्राथमिकतामा राखेर समाधान गर्दै लैजाने । गल्ती, कमजोरी र समस्याबाट निकासको खोजीनीति गर्ने । हमेसा साथमा नोटबुक र कलम राख्ने, ताकी दिमागमा कुनै नयाँ कुरा फुर्नासाथ टिपिहाल्ने । हलका भोजनको साथमा राति छिटो सुत्ने छक्कालै उठ्ने । यही बानीले मलाई दैनिकी चलाउन अत्यन्त सजिलो बनाएको छ । कुनै समय मलाई कमाइ गर्ने धन्दामा बढी समय खर्चिनु पर्थ्यो । व्यवसायले आफ्नै गति लिइसकेकाले पनि होला, आज मलाई आर्थिक उपार्जनमा भन्दा सामाजिक र कल्याणकारी काममा बढी नै खर्चिने गरेको छु । अब बाँकी जीवन यसैमा लगाएर रमाउने सोंच बनाइसकेको छु । लाभले मानिसलाई बिलाप

पार्छ भन्ने मैले बुझेको छु । तसर्थ म कुनै पनि लाभको पदमा बस्ने रत्तिभर सोंच पालेको छैन ।

मैले आज जे व्यवसाय गरेको छु, कहिल्यै पनि बढी लाभको खातिर दौडिनँ । व्यवसायबाट इमान्दारी र स्वाभिमानले जे जति कमाइ भयो त्यसैमा रमाएको छु । यसैबाट अरूलाई सहयोग गर्न पनि पाएको छु । बुद्धिजीवि, वरिष्ठ, जानेबुझेका र ठुलाबडा भनाउँदाहरू आदर्श र सिद्धान्तका भाषण छाँट्ने तर पद र पैसाको लागि मरिहत्ते गरेको देख्दा मन अमिलो हुन्छ । समाजमा हुने व्यावहारिक तथा संघसंस्थाका औपचारिक बैठक, भेला, समारोहबाट प्राप्त हुने भत्ता रकम अलग्गै राखी तिनै दीनदुःखीहरूको लागि खर्चिने गरेको छु ।

मलाई यस्तो लाग्छ कि समय, धन, ज्ञान, बुद्धि, परिश्रम, वाणी र वस्तुको सही सदुपयोग गर्न जान्दा जीवन जिउन सजिलो हुन्छ । सबैले जानेकै कुरा हो घमण्डले मानिसलाई भलो गर्दैन । अद्योगतितर्फ लैजाने सबभन्दा धारिलो हतियार मान्छेको घमण्ड नै हो भन्ने लाग्छ । तसर्थ म यस कुराबाट हमेसा टाढा रहन मन गर्छु । कतिपय मानिसहरू क्षमतावान् हुँदाहुँदै पनि उसको लापरवाही आदि कारणले गर्दा असफल भएका प्रशस्त भेटिन्छन् । उहिल्यै बुढापाका भन्थे 'पाएँ भनेर क्वाप्प नखानु, मौका पर्‍यो भन्दैमा प्वाक्क नबोल्नू' । त्यसैले अहम् भावना परित्याग गर्न सक्नुपर्छ ।

मानिसको जीवनमा सबभन्दा ठुलो सम्पत्ति भनेकै उसको स्वास्थ हो । तसर्थ हर कोही व्यक्ति स्वस्थ रहन खानपानको अलावा उसको सोंचविचार, उसले गर्ने कर्म र समाजमा पोख्ने व्यवहार हो । व्यक्तिको सत्चरित्र र ध्यानले सधैँ उसलाई शान्त राख्छ । उच्च शिक्षा र ज्ञानको साथमा नैतिक आचरणको ठुलो प्रभाव रहन्छ । मानिसलाई शान्त, सौम्य र धैर्य एवं स्थिर बनाइराख्न ध्यान र प्राकृतिक आचरणको अनुसरण सम्बन्धमा अलगअलग लेखको रूपमा यसै स्मारिकामा समावेश गरिएको छ ।

प्रकाशित स्मारिका प्रचारप्रसारको लालचले भन्दा पनि संस्थापकको केही व्यक्तिगत र संस्थाले हालसम्म गरेका कार्यप्रगतिको लिपिबद्ध गर्ने उद्देश्यले प्रकाशन गरिएको छ । यसका साथै संस्थाले दिने सहयोग र लिन अतिआवश्यकता भएका व्यक्तिहरूको बिच पुलको काम गरोस् र इच्छा राख्ने अन्यलाई थोरै भएपनि मार्गदर्शन गर्न सकोस् भन्ने पनि सोंच लिएको छ । समाजमा एउटा भनाइ छ– "धनीलाई धन प्यारो, कोरीलाई जीउ प्यारो" । त्यसैले हो कि ! मलाई एक्लै शान्त ठाँउमा बस्न, मन्चमा भन्दा हलमा पलेटी कस्न र क्यै गरी मन्चमा बस्नै परे बोल्न नपरे खुसी हुन्छु ।

मैले सबै मान्छेहरूमा सवल र दुर्बल पक्ष हुन्छ भन्ने बुझेको छु । समय अत्यन्त गतिशील छ । ड्राइभिङ, कम्प्युटर अंग्रेजी भाषा आदिमा रहेको मेरो कमजोरी देख्दा कताकता मन अमिलो हुन्छ । तर सबैलाई सबथोक मिल्दैन भन्ने सम्झेर आफैँ सम्हालिन्छु ।

**प्रतिष्ठानका संथापकद्वयको पारिवारिक जीवन र व्यावसायिक थालनी**

परिवारबाट विवाह गर्ने कुरा भैराथ्यो । अग्रज दाइ डा.यम बस्नेत र भाउजू तिलकुमारी बस्नेत (ओमीको साथी) मार्फत चलेको दोहोरो सम्वादपश्चात् विवाह गर्ने टुङ्गो भयो । ठ्याक्कै भन्नुपर्दा २०४४ साल मंसिर ९ गते हामी दुई पारिवारिक विवाहबन्धनमा बाँधियौं । संयोग दुबैजना भारतीय गोर्खा आर्मीका छोराछोरी परेछौं । विवाह गर्ने समयमा मेरो आर्थिक अवस्था सामान्य थियो । त्यसैले लामो समय हामी भाडाको कोठामा बस्यौं । सन्तानको रूपमा जन्मेमा एक छोरा र एक छोरी पनि यही भाडाकै घरमा जन्मे, हुर्के । वैवाहिक जीवनपछि जीवनको विभिन्न

आरोह-अवरोह पार गर्दै यस घडीसम्म आइपुगेको छु । पारिवारिक मिलान र व्यावसयिक व्यवस्थापनको सन्दर्भमा आ-आफ्ना मत रहँदा आपसी छलफलबाट सुल्झाउँदै गयौं । श्रीमती ओमी बुटवल नगर क्षेत्रमा परिचित सामाजिक अभियन्ता भएको कुरा उनको व्यक्तिगत अभिलेखमा उल्लेख भएको छ । यस कुराले मलाई अत्यन्त खुसी र गर्वको अनुभूति हुन्छ । सामान्य मानिस सदैव एकनासले चल्दैन । त्यसैले होला बाहिर सामाजिक काममा बढी समय खटनपटन गर्ने र घरायसी काममा कम समय खर्चिने कारणले गर्दा हाम्रो बिच कहिलकाँही ठटाक्ठुटुक, टाक्कटुक्क पर्छ तर, क्षणभरमै साम्य भएर जान्छ । किनभने व्यक्तिगत कुरा आफैँमा गौण हुन्छ । र हामी एकअर्कालाई राम्ररी बुझ्छौं । तैपनि कहिलेकाँही के हुन्छ कुन्नी अली लामै ठाकठुक नपर्ने पनि होइन । रिसमा मानिस वेद पढ्दैन भनेझैं कहिलेकाँही छोराछोरीले सुन्ने गरी दोहोरी चल्दा भने धेरैपछि खल्लो महसुस हुन्छ ।

मलाई किन किन न लाहुरे हुने रहर जाग्यो, न जागिर खाने । यसो सोचेँ । जागिर जति नै गरेपनि त्यही महिना दिनमा एक दिन पाउने तलब हो । व्यापार व्यवसाय गऱ्यो भने त जति मेहनत गरियो त्यति नै बढी कमाइ गर्न सकिन्छ भन्ने लाग्यो । अन्तमा अब म कुनै न कुनै वस्तुको व्यपार गर्छु भन्ने दृढ निश्चय गरें । काठमाडौँ बस्दा पूर्व सांसद झकबहादुर पुनसँग अति मिल्ने भारतीय साथी के.एन.बाबुको बाक्लो आवतजावत भैरहन्थ्यो । ऊ भारतीय औषधि कम्पनीको मेडिकल रिप्रिजेन्टेटिभ भएर काम गर्थ्यो । गफको सिलसिलामा एक दिन उसले बुटवलमा उसको कम्पनीको डिलर खोल्ने र त्यस क्षेत्रमा औषधिको व्यापार सुरू गर्ने कुरा भयो । यसको लागि पुरा सहयोग यसैले गर्ने कुरा पनि भयो ।

केही दिन सोंच विचार गरेपछि काम गर्ने निर्णयमा पुगें । बुटवलमा व्यापार गर्ने गरि औषधि व्यवस्था विभागमा खेम इन्टरप्राइजेज नाममा फर्म दर्ता गरियो । उता भैरहवा स्थित कर कार्यालयमा पनि दर्ता भयो । पसल दर्ता त गरियो तर, बुटवल बजारमा चिनेजानेको साथीभाइ, इष्टमित्र कोही नभएको र औषधिसम्बन्धी ज्ञान पनि नभएको साथै आफूसँग व्यापार गर्ने यथेष्ट पैसा पनि नभएको कारण अलमल्ल परियो । उता मलाई सहयोग गर्छु भन्ने व्यक्ति कम्पनी एम.आर.रहेको र उसको पनि नोकरीको स्वार्थ थियो होला । यही परिस्थितिबाट विचलित नभैकन खटिइरहेँ । हामी स्कुल पढ्दा भार्से हेल्थपोस्टमा खटिएका डा. विष्णुलाल प्रधानको बुटवल स्थित अमरपथमा औषधि पसल छ भन्ने सुनेको थिएँ तर, चिनजान भने थिएन । यतिबेला उहाँ बुटवल अमरपथमा औषधि पसल र परिवार नियोजन संघमा नोकरी गर्नुहुन्थ्यो । एकदिन उहाँकै पसलमा भेट्न गएँ । आफ्नो परिचय र योजना बताएँ । कुरा सुनेपछि आफ्नो जेठो छोरा आइ.एस्सी. परीक्षा दिएर फुर्सदिलो रहेको र छोराले पनि काम गर्ने गरी पार्टनर बन्ने इच्छा राख्नुभयो । मलाई व्यापार गर्न असजिलो भैरहेको अवस्थामा प्रस्ताव स्वीकार गरें । त्यपछि मेरो माल्दाइ, म र मनोज भाइ मिलेर पसल चलायौं । पछि माल्दाइ विदेश लागेपछि म र मनोज भाइ मिलेर पसल चलायौं । यसरी करिब बाइस वर्षसम्म पार्टनरसिपमा मनोज भाइ र मैले औषधि व्यवसाय चलायौं । पछि हामी दुई पार्टनरसिपबाट अलग भई आ-आफ्नै व्यवसाय चलाउने भयौँ । मैले खेम इन्टरप्राइजेजको नाममा बुटवलमा र मनोज भाइले ऐश्वर्य मेडिसिनको नाममा काठमाडौँ क्षेत्रपाटीमा औषधि व्यवसाय चलाउँदै आएका छौं । यसरी लामो अवधि संयुक्त रूपमा व्यवसाय गरी अहिले अलग अलग व्यवसाय चलाए पनि हामी बिचको पारिवारिक तथा व्यावसायिक

सम्बन्ध भने उस्तै घनिष्ट र सौहार्द छ । यो सम्बन्ध चिरकालसम्म रहिरहोस् भन्ने भगवानसँग कामना गर्दछु ।

**सामाजिक व्यक्तित्व एवं जिम्मेवारी**

व्यावसायिक जीवनको विभिन्न कालखण्ड पार गर्दै यस घडीमा आइपुग्दा धेरै खाले आरोहअवरोह छिचोल्दै यहाँ आइपुगेको छु । व्यवसायसँगसँगै मानवसेवाको कल्याणकारी सामाजिक सेवामा लाग्दा विभिन्न संघसंस्थामा रहेर सेवा गर्ने अवसर प्राप्त भयो । त्यस अवसरमा गरेका कामको विवरण अभिलेखबाट थाहा पाउन सकिन्छ । अध्यक्षबाहेक अन्य पदको जिम्मेवारी र भूमिका खासै नहुने भएकोले म आफ्नो क्षमता र विवेकले भ्याएसम्म गर्दै गएको छु । अध्यक्ष भएर जिम्मेवारी निभाएका संस्थाहरूको विवरण निम्न बमोजिम छ ।

**१. खेम-ओमी पुन कल्याणकारी प्रतिष्ठान : संस्थापक अध्यक्ष**

यस संस्थाबाट भए गरेका कामको विवरण स्मारिकामा उल्लेख गरिएको छ ।

**२. मन गौरी पुन शैक्षिक अक्षय कोष : संस्थापक अध्यक्ष**

तत्कालीन भार्से गाविस हाल सत्यवती गाँउपालिका-८ भार्से गुल्मी स्थित भार्से जनसहयोग माध्यमिक विद्यालयमा माता पिताको नामबाट नामकरण गरी अक्षय कोष स्थापना गरिएको छ । कोषको मुख्य उद्देश्य आर्थिक अभावको कारण पढाइ छोड्ने पर्ने अवस्थाका विद्यार्थीहरूको लागि सहयोग गर्ने उद्देश्य रहेको छ । ती विपन्न परिवारका विद्यार्थीहरूको अध्ययन निरन्तर चल्न सकोस् भन्ने यसको अर्को ध्यय रहेको छ । स्थापनादेखि हालसम्म यस कोषबाट एक सयभन्दा बढी विद्यार्थीहरूलाई सहयोग प्रदान गरिसकेको छ ।

हामी तिनै भाइ अहिले बसाइसराइ गरेर बुटवल बसोबास गर्दछौं । तिनै दाजुभाइ भार्से स्कुलबाट दश कक्षा पास गरेको र अहिले कोषकै कारण कम्तीमा वर्षको एकपटक भार्से स्कुलमा जाने आउने गर्दा गाँउबासी र ससाना बालबालिकाहरू बिच आत्मीय सम्बन्धलाई कसिलोसँग जोड्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसले भार्से स्कुल परिवार, गाउँबासी, हामी तीनभाइ परिवार र वृद्ध आमा सबैलाई हर्षित तुल्याएको छ ।

**३. नेपाल औषधी व्यवसायी संघ लुम्बिनी अञ्चल शाखा - पूर्व अध्यक्ष एवं हाल विशेष सल्लाहकार**

यो संस्था विशुद्ध औषधि व्यवसायीहरूको संस्था हो । देशभर १४ अञ्चलमा चौध र एउटा केन्द्रीय संस्था रहने गरी विधिवत् रूपमा संस्था दर्ता भएको छ । यो स.स्था आफ्नो विधानअनुसार सञ्चालन हुँदै आइरहेको छ । यस संस्थाको अध्यक्ष हुँदा गरेका सदस्य संख्या वृद्धि, कोष वृद्धि गर्नुका साथै व्यवसायिक प्रबर्धनका विविध गतिविधिहरू सञ्चालन गरिएका थिए । जुन कार्यप्रति म आफू सन्तुष्ट रहेको छु । अध्यक्ष कार्यकाल समाप्तिपश्चात् हाल सल्लाहकारको रूपमा यस संस्थामा आबद्ध रहेको छु । संस्थाबाट सन्चालन हुने विविध खाले गतिविधिहरूमा आमन्त्रण गर्नुहुँदा र सहभागी हुन पाउँदा गौरवको अनुभूति हुन्छ ।

***४. नेपाल खामे पुन तराई समिति : अध्यक्ष***

पुन खलकका एउटा छोटो समय कालखण्डमा बाग्लुङ जिल्ला गल्कोट तोरीखोलाबाट बसाइसराइ गरी गुल्मी जिल्लाको भार्से आइ बसोबास गरैं । पुनः त्यँहाबाट र मुख्यथलो तोरीखोलाबाट बसाइसराइ गरी हाल रूपन्देही, नवलपरासी, कपिलवस्तु, काठमाडौंलगायतका विभिन्न स्थानहरूमा बसोबास गर्दै आएका छन् । तिनै दाजुभाइहरूको संयुक्त संस्थाको रूपमा यो संस्था गठन भएको छ । हरेक वर्षको मंसिर १ गते सबै दाजुभाइहरू भेला भई भेटघाट गर्ने, कुलायन पूजा व्यवस्थापन, नयाँ सदस्यता थपघट, मरूबरूमा गरिने सरसहयोग, वर्षभरि गर्ने काम आदि विषयमा छलफल गरी निर्णय गर्ने परम्परा छ ।

हाम्रा पुर्खाका नरी र हरी दुई भाइ थिए । हामी नरीतर्फका सन्तान दरसन्तान हौं । परापूर्वकालमा पुर्खा नरीले बाग्लुङ गल्कोटमा बटुवाहरूको बास बस्ने सुविधाको लागि ठाँटी बनाउनुभएछ । जुन ठाँटीलाई नरेठाँटी भनिन्छ । पछि सरकारबाट गाउँ नगर नामकरण गर्दा यही ठाँटीको नामबाट नरेठाँटी गा.वि.स. नाम रह्यो । यो ठाँटी ज्यादै जीर्ण अवस्थामा रहेकोले भाइ सल्लाहबाट पुरानै ढाँचा र स्वरूपमा पुर्ननिर्माण गर्ने गरेका छौँ । यसका साथै त्यहाँ रहेको हेल्थपोस्ट र उच्च मा.वि.को नाम समेत नरेठाँटी हेल्थपोस्ट र नरेठाँटी उच्च मा.वि. रहेको छ । यसले हामी पुन परिवारलाई गौरवान्वित तुल्याएको छ ।

उतिबेलाको समयमा त पुर्खाले यस्तो सामाजिक कार्य गर्न सके र नेपाल सरकारले समेत यसको सम्मान गर्दै गाउँठाउँ र विद्यालय, स्वास्थ चौकीको नामाङ्कन गऱ्यो भने हामीले पनि मानव हितको लागि थप सामाजिक कार्य गर्नुपर्छ भन्ने सोंच पलायो । यसलाई भाइभेलामा पेस गरी छलफल गर्दा सर्वसम्मत रूपमा मन्जुर भयौं । मगरघाट सन्चालक समितिमा निवेदन पेस गरि स्वीकृतिपश्चात् रूपन्देही जिल्लाको तिलोत्तमा-४ मगरघाटमा नेपाल खामे पुन परिवारको नाममा तोकेको स्थान र नापनक्साअनुसार शव-दाहगृह निर्माण गर्ने काम सम्पन्न भयो । छरछिमेक, इष्टमित्रको मलामी जाँदा यसो हेर्दा हाम्रो पुन परिवारको नाममा शव-दाहगृह देख्दा आफ्नो सोंच र पुन परिवारको सामाजिक कार्य सम्झेर मन हर्षित हुन्छ । अहिले तराई क्षेत्रमा हामी खामे पुन परिवार नब्बे घरकुरिया पुगेका छौं ।

***५. शृङ्गेश्वर धाममा ज्येष्ठ नागरिक मिलन केन्द्रका संयोजक***

गुल्मेली सम्पर्क समाज रूपन्देहीलाई तत्कालीन शंकरनगर गाविसले हालको तिलोत्तमा न.पा. ४ मा सामाजिक कार्य गर्नको लागि १० कट्ठा जग्गा उपलब्ध गराएको थियो । सो जग्गामा गुल्मेली सम्पर्क समाज रूपन्देहीले आफ्नो गुरू योजनाअनुसार शृङ्गेश्वर धाममा जेष्ठ नागरिक मिलन केन्द्र स्थापनार्थ मलाई उक्त केन्द्रको संस्थापक संयोजकको जिम्मेवारी प्रदान गरेको छ । हालसम्म मेरो सक्रियतामा जेष्ठ नागरिक मिलन केन्द्र स्थापनार्थ ७५ लाख रकम संकलन भइसकेको छ भने भौतिक पूर्वाधार निर्माण कार्य पनि सम्पन्न भइसकेको छ । अब यो छिट्टै सञ्चालनको क्रममा छ ।

**दैनिक जीवनचर्या**

हरेक दिन बिहान ४.३० बजे तिर उठ्ने गर्दछु । उठ्नासाथ २/३ गिलास मनतातो पानी पिएर फ्रेस भइवरी ध्यानमा बस्ने र करिब एक डेड घण्टा मर्निङ वाकमा निस्कन्छु । घर फर्केपछि हल्का फ्रेस भएपछि कागती र मह पानी पिउने, एउटा स्याउको साथ विभिन्न किसिमका ड्राइ फ्रुड खान्छु । आज गर्नुपर्ने कामको लिस्ट तयार गर्दै सम्पर्क गर्नुपर्ने व्यक्तिको अनुकूल समय हेरेर सम्पर्क गर्ने तर आफैले भेट्नुपर्ने काम भने सकभर बिहानको खानापछि मिलाउने प्रयाश रहन्छ । दिउसो अफिसमा रहँदा काम सकेपछिको फुर्सदमा पुस्तक पढ्ने, अनलाइन न्युज हेर्ने, भेटघाट गर्ने आदि चलिरहन्छ । साँझ पसल बन्द भएपछि घरबाट बाहिर निस्कने बानी भने छैन । खानामा बिहान भात, दाल, तरकारी, सलाद र अचार तथा साँझ रोटी, हरियो सागसब्जी र सलाद खाने गर्दछु ।

**भ्रमण एवं अनुभव**

विभिन्न देशको भ्रमण गर्ने सिलसिलामा भारत, थाइलेन्ड, सिङ्गापुर, दुबइ लगायत युरोप, अमेरिका तथा क्यानडा आदि देशहरूमा हामी दुई श्रीमान् श्रीमती एकसाथ घुम्ने अवसर जुरायौं । यसका साथै भारत र नेपालका धार्मिक तथा पर्यटकीय क्षेत्रका अधिकांश ठाउँहरू पनि एकल तथा एकसाथ घुमिसकेका छौं ।

सबै व्यक्तिको जीवनमा अनेकन आरोह अवरोह भोग्दै, भ्रेल्दै र छिनोफानो गर्दै अघि बढ्ने कुरा निर्विवाद छ । बिना प्रयाश र संघर्ष सफलता हात पर्दैन । सबैले सबै कुरा नजान्न सक्छ । अनेकन समस्या र उल्भ्रनहरू आउँछन् । तर सकारात्मक सोंच र निरन्तर प्रयासले मानिसलाई सफलता प्राप्त हुन्छ भन्ने मेरो अनुभव रहेको छ ।

हामी नेपाली इमानदार र मिहिनेती त छौं नै तर, पछिल्लो चरणमा आइपुग्दा परिश्रमभन्दा अल्छीपनले गाँज्दै लगेको देखिन्छ । वैदेशिक रोजगारले विदेशमा १५/१६ घण्टासम्म परिश्रम गरेर कमाइ गर्छ । तर आफ्नै घरगाँउमा दुःखजिलो गर्न अल्छी गर्छ । के कारणले यसो भैरहेको छ ? यो एउटा अध्ययनको विषय हो । विकासको काममा परिश्रम गर्ने जनशक्ति र सिर्जनशील बौद्धिक जनशक्तिको वैदेशिक पलायनले देशमा कसले विकास गरिदिने ? अत्यधिक जनशक्ति वैदेशिक रोजगारमा लाग्दा खेतीहर मदेश र लोभलाग्दा फाँटहरू बाँभ्रिदै गएका छन् । यसबारे कस्ले सोंची दिने ? अब पनि केही नगरे त ढिला भैसक्यो भन्ने लाग्छ ।

यिनै अनुभव, काम र सेवाभावले मलाई यहाँसम्म ल्याइपुर्‍याएको छ । संस्थागत रूपमा विपन्न र दीनदुःखीहरूको सेवामा लागिरहँदा कुनै प्रचारप्रसारको कत्ति पनि चाहना नराखी काममा मात्र मन, वचन र कर्मले लागिरहें । यति हुदाँहुँदै पनी कहिलेकाँही सञ्चार माध्यममा आउनुपर्ने स्थिति रह्यो । तँ कर्म गर्दै जा, म पुर्‍याउँदै जान्छु भनेभ्रै मलाई सबै साथीभाइ, मान्यजन र इष्टमित्रहरूले साथसहयोग गर्दै आउनुभएको पाएको छु । यस अर्थमा सल्लाह सुभ्राव दिने र साथ दिने सबै व्यक्ति एवं संस्थाहरूप्रति आभारी छु ।

## मैले आर्थिक सहयोग गरेका संस्थाहरू

| क्र.सं. | संस्था | रकम |
|---|---|---|
| १. | श्री राजु/सरिता पुन भोजन सहयोग अक्षय कोष | १०,००,०००।- |
| २. | मन/गौरी पुन शैक्षिक अक्षय कोष गुल्मी भार्से हाइस्कुल | ६,००,०००।- |
| ३. | शृङ्गेश्वर धाम तिलोत्तमा ४ (ज्येष्ठ नागरिक मिलन केन्द्र) | ५,००,०००।- |
| ४. | नरेठाँटी पुननिर्माण, गल्कोट, बाग्लुङ | २,२५०००।- |
| ५. | कला पुन आमा समुह गुल्मी भार्से वाड नं. ३ | २,००,०००।- |
| ६. | गौतमबुद्ध सामुदायिक स्वास्थ्य संस्था संस्थापक सदस्य (खेम राज पुन/राजपुन) | २,००,०००।- |
| ७. | नेपाल औषधी व्या.संघ लुम्बिनी अ.शाखा (भवन निर्माण वापत) | १,०५,०००।- |
| ८. | रूपन्देही व्यापार संघ (आजिन सदस्य) | १,०१,०००।- |
| ९. | नेपाल खामे पुन मगर समाज तराई समिति (मगरघाट शबदाह गृह निर्माण वापत) | १,०१,०००।- |
| १०. | सामुदायिक प्राकृतिक चिकित्सालय रजहर, नवलपरासी (आजिवन सदस्य वापत) | १,००,०००।- |
| ११. | रोटरी क्लब आफ बुटवल- (रोटरी पदक तथा पुरस्कार) | ५०,०००।- |
| १२. | अन्य विभिन्न सहयोग | |

**शिक्षा मानिसको जीवन सञ्चालन गर्ने महत्त्वपूर्ण आधार हो । मानिसभित्रको अन्धकारलाई समाप्त पार्ने उज्यालो भनेकै शिक्षा हो । मानिसले आफूभित्रको मानिसलाई प्राप्त गर्न निरन्तर अध्ययन गरिरहनु पर्दछ । मैले जीवनमा पुस्तकलाई जीवनको आधारका रुपमा लिँदै आएको छ । फर्सदको समय मैले जीवनोपयोगी मानेर टिपेका हजारौं प्रेरक सन्दर्भमध्ये यहाँ प्रमुख तथा प्रभावकारी भनाइलाई प्रस्तुत गरेको छु । यी भनाइबाट पुस्तकको अध्ययनपश्चात् हुने ज्ञान प्राप्त गर्न सकिने मेरो बुझाइ रहेकाले यहाँ प्रस्तुत गरिएको छ :**

**खेम पुनले अध्ययन गरेका विभिन्न पुस्तकबाट प्राप्त जीवनपयोगी सन्देशहरु**

१ जो मानिस गुरू हुन चाहन्छ पहिला उसले आफैलाई सिकाओस् । शब्दको प्रवचन भन्दा पहिला आफ्नै जीवनको उदाहरणबाट उसले सिकाउन थालोस् । किनभने जसले आफैँलाई सिकाउँदछ र आफ्नो व्यवहार शुद्ध बनाउँछ ऊ अरूलाई सिकाउने वा तिनले व्यवहार सुधार्न खोज्ने भन्दा ज्यादा आदर सम्मान योग्य हुन्छ ।

२. स्वास्थ्यको लागि फुर्सद ननिकाल्नु सबैभन्दा ठूलो मूर्खता हो ।

३. हरेक कुराको मापन गरिनुपर्छ । हरेक व्यापार व्यवस्थापकले आफ्नो व्यापारका उपलब्धिहरूको तथ्याङ्कको एकएक कोणका अध्ययन गर्नुपर्छ । तथ्याङ्कअनुसार चल्नुपर्छ । तथ्याङ्कगत वर्षहरूसँग पनि तुलना गर्नुपर्छ ।

४. एउटा केटालाई शिक्षित तुल्याउँदा तपाईँ एउटै केटालाई मात्र शिक्षित तुल्याउनुहुन्छ । तर एउटी केटीलाई शिक्षित तुल्याउदा तपाईँ सिँगो परिवार र भावी पुस्तालाई पनि शिक्षित तुल्याउनुहुन्छ ।

५. शिक्षा नभएर पनि व्यावहारिक बुद्धि प्राप्त गर्न सकिन्छ तर व्यावहारिक बुद्धि नभइकन राम्रो शिक्षा प्राप्त गर्न सकिँदैन । प्रशस्त मात्रामा व्यावहारिक ज्ञान हुनु नै बुद्धिमानी मानिन्छ ।

६. संसारमा मानिसहरू दुई किसिमका छन, एकथरी दिने र अर्को थरी लिने खालका लिने खालका मानिसहरू राम्रो लगाउँछन् र मीठो खान्छन् अनि दिनेहरू राम्रोसित निदाउँछन् । दिनेहरूमा उच्च दर्जाको आत्मसम्मानको भावना हुन्छ ।

७. सबै मानिसहरूलाई खुसी पार्ने कोसिस गर्नु नै असफलताको साँचो हो ।

८. शान्त समुन्द्रमा असल पौडिबाज बन्न सक्दैन ।

९. कुनै मानिसको जीवनस्तर उसले गरेको राम्रो कामको समालोचना या प्रशंसामा भर पर्दछ चाहे उसको कार्य क्षेत्र जुनसुकै पनि हुन सक्छ ।

१०. तपाईँ जति धेरै मिहिनेत गर्नुहुन्छ, भाग्यले तपाईँ माथि त्यति नै साथ दिन्छ ।

११. मानिसको दिमाग बगैँचाजस्तो हुन्छ । हामीले राम्रो बिउ रोप्यौँ भने बगैँचा पनि राम्रो हुन्छ । यदि हामीले केही पनि रोपेनौँ भने पनि त केही त अवश्य उम्रिन्छ तर त्यो जङ्गली झारपात हुनेछ । यो प्रकृतिको नियम हो ।

१२. सफल हुने इच्छा सबैमा हुन्छ तर सफल हुनको निमित्त तयारी गर्ने इच्छा एकदम थोरै मानिसमा मात्र हुन्छ ।

१३. अनुशासनको जगमा नै सबै चिज टिकेको हुन्छ, त्यो टिकाउ पनि हुन्छ ।

१४. गल्ती गर्नु कुनै खराब कुरा होइन । हामी सबैले गल्ती गर्छौं तर गल्तीलाई दोहोऱ्याउने मानिस मूर्ख हुन्छ । गल्ती गरेर त्यसलाई सुधार नगर्ने मानिसले धेरै गल्ती गर्छ ।

१५. जित्नेहरूले गहिरिएर निरीक्षण गर्छन् तर बहाना बनाउँदैनन् । बहाना बनाउनु हार्नेहरूको आदत हो ।

१६. सबै मानिसहरूले धाक लगाउछन् कि मैले जहिले चाहन्छु त्यसै बखतमा यी सबै नराम्रा कुराहरूलाई छोडिदिन सक्छु, उनीहरूले यो कुरालाई सोच्न सक्दैनन् कि इच्छाशक्तिको अगाडि नराम्रो कुराको प्रभाव धेरै बलियो हुन्छ ।

१७. जब तपाईँले अरूको निमित्त राम्रो बन्नुहुन्छ । तब आफनो लागि पनि राम्रो बन्नुहुन्छ । हामीसँग राम्रो विचार छ । व्यवहार राम्रो छ भने आज नभए भोलि त्यसले त्यही रूप लिएर फर्किँदै आउँछ ।

१८. एउटा बेवकुफले सोच विचार नगरिकन बोल्छ एउटा बुद्धिमानले सोच विचार गरेर मात्र बोल्छ ।

१९. कुनै मापदण्ड नभइकन गरिएको प्रशंसाले सम्बन्धित मानिसलाई रिस उठाउने काम गर्दछ ।

२०. जुन बेला मैले गल्ती गर्छु त्यतिखेर मैले यति शक्ति पाउन सकूँ कि मैले आफूलाई परिर्वतन ल्याउन सकूँ अनि जब मैले ठीक गर्छु तब मैले यति शक्ति पाउन सकूँ कि ममाथि अहंकार नआओस् । यो बाँच्नका निमित्त राम्रो सिद्धान्त हो ।

२१. सच्चा मित्रले कहिल्यै पनि मित्रको हानी पुगेको देख्नसक्दैन आफूले जति लिन्छ त्यो भन्दा बढी दिन्छ साथै दु:ख परेको समयमा पनि बलियो भएर बस्नको निमित्त सघाउँछ ।

२२. राम्रो बानीलाई अपनाउन कठिन हुन्छ तर त्यसको साथमा बाँच्न सजिलो हुन्छ, नराम्रो बानी बसाउन सजिलो हुन्छ तर त्यसको साथमा बाच्न मुस्किल हुन्छ ।

२३. जब हामीले आफूलाई नै एकपटक झूठो बोल्न छुट दिन्छौं तब अर्को पटक झूठो बोल्न अलिकति सजिलो हुन्छ । तेस्रो पटक अझ अरू सजिलो, अनि यसैगरी यो बानी जस्तै बनेर जान्छ ।

२४. असफल मानिसहरू अनुशासनमा बस्न र परिश्रम गर्न चाहँदैनन्, यसैगरी सफल मानिसहरूले पनि चाँहदैनन् तर पनि अनुशासनमा बस्छन् र कडा परिश्रम गर्छन् किनकि सफल मानिसहरूले त्यसलाई बानी बनाइसकेका हुन्छन् ।

२५. धेरै पैसा कमाउने चक्करमा स्वास्थ्य गुमाउँछौ । गुमाएको स्वास्थ पाउने चक्करमा धेरै पैसा खर्च गर्छौं । यसरी गर्दा पैसा पनि जाने स्वास्थ्य पनि जाने हुन सक्छ ।

२६. आजसम्म कुनै मानिस यस कारण सम्मानित हुन सकेका छैनन् कि उसले यस संसारबाट के लियो तर यस कारणले सम्मानित भएका छन् कि उसले यस संसारलाई के दिन सक्यो ।

२७. आफूले गरेको काम आफैसँग सोध्नुहोस् र आफूलाई प्रश्न गर्नुहोस् । यदि मैले गरेको काम आमाले देख्नुभयो भने स्याबास मेरो छोरा भन्नुहुन्छ या लाजले शिर झुकाउनुहुन्छ ।

२८. वचन पूरा गर्नको निमित्त गरिएको मिहिनेत महत्त्वपूर्ण र मूल्यवान् पनि हुन्छ । वचनबद्धताको मतलब हो अरूको आवश्यकताको निमित्त आफनो इच्छालाई पनि त्याग गर्न सक्नु ।

२९. नजानेर साथै भुलबाट गरिएको गल्तीलाई उदारता देखाउँदै माफ गर्न सकिन्छ तर जानीजानीकन पूरा गरिएन भने यसमाथि विचार गरिनु नै पर्छ । यसको सही अर्थ यदि मलाई तिमीले एकपटक धोका दिन्छौ भने तिमी माथि धिक्कार छ । यदि तिमीले मलाई दोस्रो पटक पनि धोका दियौ भने त मलाई पनि धिक्कार छ ।

३०. पढ यसरी कि जसरी तिमीले सधैँ बाँच्नु छ बाँच यसरी कि मानौ तिमीले भोलि नै यस संसारबाट जानु छ ।

३१. कुनै पनि किसिमको संस्थाको सफल व्यवस्थापनको गाँठो कुरा मान्छे हो । अरू कुरा तपसिलको हुन, नेतृत्व मान्छेको गरिन्छ, व्यवस्थापन वस्तुको । सफल भनेको अगुवाले पछुवालाई विश्वास पार्न सक्ने क्षमता हो ।

३२. समय व्यवस्थापन गर्दा कसैलाई सरि (Sorry) र नो (No) पनि भन्न सक्नुपर्छ ।

३३. सन्तान नहुनु एक पीडा हो भने सन्तान हुनु सय पीडा हो । सन्तान नहुनुको पीडा सन्तान हुनेलाई थाहा हुँदैन । सन्तान हुनुको पीडा सन्तान नहुनेलाई थाहा हुँदैन ।

३४. वेदना दुख्नेलाई थाहा हुन्छ, देख्नेलाई होइन । मर्का पर्नेलाई थाहा हुन्छ पार्नेलाई होइन । रमिता हुनेलाई रमिता हुनुको पीडा थाहा हुन्छ । दर्शक रमितेलाई होइन ।

३५. जसले विपत्तिमा, निघ्रो भएको बेलामा मद्दत गर्छ । माया गर्छ, सुख दिन्छ त्यही बान्धव हो । त्यही साँचो परिवार हो ।

३६. उधारो जीवनलाई रचनात्मक साधनामा लगाउन सके मृत्यु पछि पनि बाच्नेले त्यसबाट केही न केही सिक्न र सम्झन पाइरहेका हुन्छन् ।

३७. प्राणी जगत्मा खासगरी आमाले सन्तानको प्राण जोगाउन आफ्नो प्राणको बाजी लगाउँछन् । संसारको कुनै पनि प्राणीले पितृको प्राण जोगाउन आफ्नो प्राणको बाजी लगाउँदैनन् । मन हुनेको धन हुँदैन । धन र मनको संयोग बिरलैको हुन्छ । त्यो महत्त्वपूर्ण हुन्छ । महान् पनि हुन्छ ।

३८. आदर्श महान् हुन्छ । तर जब मान्छेको पेटमा चारा हुँदैन तब सबै आदर्शहरू व्यर्थ हुन्छन् । बीसौं शताब्दीमा महात्मा गान्धीले भनेको यही हो । उन्नाइसौं शताब्दीमा कार्ल मार्क्सले भनेको पनि यही हो । हजारौं वर्ष अघि वेदहरू, उपनिषदहरू र महाभारतले भनेको पनि यही हो ।

३९. वर्षको १ पटक स्वास्थ्य परीक्षण गर्न सक्थे । त्यो पनि गरिन किनभने मलाई कामबाट फुर्सद भएन । यो तर्क ड्राइभरले फुर्सद नभएर गाडीमा तेल नहालेको जस्तै हास्यास्पद हो ।

४०. नेपाली मानसिकता यति दरिद्र छ कि आफ्नाबाहेक बृहत्तर स्वार्थ र हितका लागि कसैले पनि केही पनि गर्छ भन्ने सोच्न सक्दैनन् किनभने उनीहरूले त्यस्ता उदाहरणहरू देखेकै छैनन् । केवल स्वार्थको नाङ्गो नाच मात्र देखेका छन् ।

४१. मन परेको व्यवसाय रोज्यौ भने तिमीले जीवनमा एकदिन पनि काम गर्नुपर्दैन । अर्थात् त्यो काम होइन सोख हुन्छ र तिमीले आजीवन सोख गरेर जीवन बिताउन पाउँछौँ ।

४२. मान्छे मूलतः अविवेकी प्राणी हो । जो आफ्नो अविवेक देख्दैन केवल अर्काको मात्रै देख्छ ।

४३. समस्या समस्यामा हुँदैन । समस्या मान्छेमा हुन्छ । समस्या मान्छेको अहंकार, मूर्खता र स्वार्थमा हुन्छ । समस्या तब हुन्छ, जब मान्छेले आफ्नो समस्या आफूमा होइन अरूमा देख्छ । समस्या तब हुन्छ, जब मान्छेको समस्या हेर्ने दृष्टि नै समस्या हुन्छ । समस्या तब हुन्छ, जब मान्छेले आफू मात्रै जान्ने छु भनी ठान्छ । अनि त्यसको समाधान हुँदैन ।

४४. ईश्वरले मानिसलाई तीनवटा रहस्यको ज्ञानबाट वञ्चित गरेका छन् । ती हुन्-मानिस जन्मेपछि कसरी सुरक्षित हुन्छ भन्ने कुरा, उसको आयु कति लामो छ भन्ने कुरा र मृत्युको घडी कसरी आउँछ भन्ने कुरा ।

# खेमओमी पुन कल्याणकारी प्रतिष्ठान विगत, वर्तमान र भावी योजना

मेरो आफ्नो लगभग १५ वर्षे सामाजिक जीवनको अवधिमा विभिन्न संघ संस्थामा आबद्ध भएर कार्य सम्पादन गर्ने क्रममा दर्जन बढी संस्थामा विभिन्न जिम्मेवारी वहन गर्ने मौका मिल्यो। यस संस्थामा सुरुदेखि हालसम्म क्रियाशील भइरहँदा मैले बेग्लै आनन्द र अनुभूति प्राप्त गरेको छु तर मैले अरू संस्थालाई अवमूल्यन गर्न खोजेको किमार्थ होइन।



डा. नारायणप्रसाद पन्थ

**१. संस्था स्थापनाको सन्दर्भ**

कुरा २०७० सालतिरको हो । मनका धनी र परोपकारी अरूको निम्ति सहयोग गर्न पाउँदा रमाउने मृदुभाषी झन्डै १८ वर्ष पहिला हाम्रो भेटघाट र निकट सम्बन्धमा रहेका व्यक्तित्व खेमराज पुनले एकाएक प्रस्ताव राख्नुभयो- भाइ भोलि बिहान के छ कार्यक्रम ? मैले अचम्म मानेँ र उत्तर दिएँ, खासै केही छैन दाइ । उसो भए भोलि बिहान भैरहवा कारागारमा जाऔं अनि परासी पनि जान सकिन्छ भन्नुभयो । किन होला भन्ने जिज्ञासाले मलाई कुत्कुत्याइ रह्यो । यद्यपि मैले पहिले नै हस् भनिसकेको थिएँ ।

भोलिपल्ट बिहानै हामी परासी कारागारमा पुग्यौं तर त्यहाँ बन्दी जीवन बिताएका महिला र उनीहरूका अश्रित बालबालिका रहेनछन् । भैरहवा थकाली होटलमा खाना खायौँ अनि भैरहवा कारागारमा पुग्यौँ । भैरहवा कारागारमा प्रशासनसँग केही जिज्ञासा राखियो तर खेम पुनले परिकल्पना गरेजस्ता आश्रित बालबालिका नरहेको जानकारी प्राप्त भयो र हामी त्यसै दिन पाल्पा कारागारमा पुग्यौं । पाल्पा कारागारमा प्रशासन शाखामा सरासर गयौं र यहाँको प्रमुख सर कता हुनुहुन्छ होला भनी सोध्यौं । एकजना कर्मचारीबाट उत्तर आयो भित्र व्यस्त हुनुहुन्छ । भेट्नु थियो । एकैछिनका निम्ति समय मिल्छ कि ? सौध्यौं अनि भित्र गयौं । चिनजान थिएन, अपरिचित कार्यालय प्रमुख धीरेन्द्र पन्तको नेमप्लेटमा आँखा पुग्यो र उहाँलाई अभिवादन गऱ्यौं । अनि सङ्क्षिप्त परिचय आदानप्रदान भयो । खेमदाइले पन्त सरसँग जिज्ञासा उठाउनुभयो । यहाँ बन्दी महिलाका आश्रित बालबालिका कति छन् ? कुनकुन उमेर समूहका छन् ? केही सहयोग गर्न सकिन्छ कि भन्ने हाम्रो अपेक्षा हो बोल्नुभयो । सुरूमा मलाई त कस्तोकस्तो लाग्यो । कुरा गर्दै जाँदा धीरेन्द्र सर आफू पनि सामाजिक कार्यमा रमाउने र सामाजिक भावनाले प्रेरित भएको बुझ्यौं । उहाँले आफ्नो मन, वचन, कर्मले खेमदाइको अभियानमा साथ दिने प्रतिबद्धता र आश्वासन पनि दिनुभयो । त्यसपछि हामी आफ्नो लक्ष्यको नजिक पुगेको ठानी प्रसन्न भयौं ।

त्यहाँ बन्दी महिलाका आश्रित १२ जना बालबालिका भएको जानकारी प्राप्त भयो । पन्त सरले संस्थाको विधान निर्माण गरी जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा संस्था दर्ता गर्न, कारागार विभाग र जिल्ला प्रशान कार्यालय पाल्पा तथा कारागार पाल्पाबाट अनुमति लिएर प्रक्रियागत ढङ्गले अगाडि बढ्न सल्लाह दिनुभयो । सोही सल्लाह पालना गर्ने गरी बेलुकी बुटवलतर्फ फर्कियौं ।

'जहाँ इच्छा त्यहाँ उपाय' भनेझैँ खेमदाइलाई अब यो अभियान तत्काल अगाडि बढाउनुपर्छ भन्ने भावनाले अझै प्रेरित गऱ्यो । 'तँ आँट म पुऱ्याउँछु भन्छन् रे दैवले' यस्तै भयो । खेमदाइको घरको बैठक कक्षमा भोलिपल्ट यस क्षेत्रका सामाजिक, शैक्षिक तथा भद्र व्यक्तिहरूसहित ३५ जनाको बैठक बस्यो । अन्तर्क्रिया गरियो र निर्दिष्ट गन्तव्य स्थल सत्कर्मको यात्रा तय भयो त्यसैको प्रतिफल श्री खेमओमी पुन कल्याणकारी प्रतिष्ठान २०७१ स्थापना हुन पुग्यो । समाजसेवाको पवित्र भावनाबाट जन्मिएको यस संस्थाको संस्थापक सचिवको भूमिकामा रहेर जिम्मेवारी वहन गर्ने अवसर मिल्यो ।

**२. संस्थाको परिचय**

जेहेनदार भएर पनि आर्थिक विपन्नताका कारण पठनपाठनलाई अगाडि बढाउन नसकेका विद्यार्थीहरूको अध्ययन नरोकियोस् भन्ने पवित्र उद्देश्यबाट प्रेरित भई स्थापना भएको यस संस्थाले आफ्ना सेवा उपलब्ध गराउने क्रममा प्रक्रिया पुगी आएका निवेदनका आधारमा निजका अभिभावक र स्वयम् विद्यार्थीसँगको प्रत्यक्ष भेटघाटबाट संस्थाले परोपकारी सहयोगी हात बढाउँदै आएको छ ।

यस संस्थाले कारागारमा बन्दी जीवन बिताइरहेका बन्दी महिलाका आश्रित बालबालिकालाई सेवा उपलब्ध गराउँदै आएको छ । यो पवित्र कार्यले अरू प्रशस्त धन हुने र मन हुनेहरूलाई पनि प्रेरणा जागोस् अनि उहाँहरूलाई पनि यस पवित्र कार्यमा साथ लिएर अगाडि बढ्ने संस्थाको उद्देश्य रहेको छ ।

विकसित मुलुकहरूमा जेलमा बन्दी जीवन बिताएका व्यक्तिलाई समेत राज्यले शिक्षा प्रदान गर्ने व्यवस्था रहे पनि हामीकहाँ यस्तो परम्पराको सुरूवात हुन सकेको छैन । पाल्पा कारागारमा बन्दी जीवन बिताइरहेका अर्जुन रायमाझीजस्ता व्यक्तिहरू जसले यस संस्थाको सहयोगमा एस.एल.सी., प्लस टु र स्नातक तह उत्तीर्ण गरे । उनी बन्दी जीवनको समाप्तिपश्चात् मन, वचन र कर्मले सामाजिक सेवामा आबद्ध हुने प्रतिबद्धता व्यक्त गरिरहँदा कारागारलाई यातनागृह होइन, सुधारगृहका रूपमा विकसित गर्नुपर्छ भन्ने दृष्टिकोण राख्छन् । यो संस्था स्थापनाको आन्तरिक मर्म पनि अरूलाई सेवा गर्ने उत्प्रेरणा जगाउनुरहेको छ ।

यो निस्वार्थ भावनाले स्थापना भएको गैरराजनैतिक कल्याणकारी सामाजिक संस्था हो । संस्थापकको आशय पनि पवित्र कार्य गरी आत्मसन्तुष्टि प्राप्त गर्दै समाज रूपान्तरणका लागि सेवाको भावनाले प्रेरित भई अरूहरूलाई यस्तै कार्य गर्न बाटो देखाउनु रहेको छ ।

२०७०।८।१७ मा खेम पुनको ५१ औं जन्मदिको अवसर पारेर १७ लाखबाट सुरू गरिएको यो अभियानमा उहाँले प्रतिवर्ष जन्मदिनकै अवसरमा रकम थप गर्दै आउँदा हालसम्म ७५,००००० पचहत्तर लाख पुगिसकेको छ । आगामी दिनहरूमा यसैगरी क्रमशः रकम वृद्धि गर्दै जाने लक्ष्य रहेको छ । हालसम्म ब्याजबाट २५ लाखभन्दा बढी रकम छात्रवृत्तिमा खर्च भइसकेको छ । यससम्बन्धी विस्तृत विवरण कोषाध्यक्षको प्रतिवेदनमा आउने छ ।

आगामी दिनमा यो पवित्र संस्था र अक्षयकोषको संचालन गर्ने जिम्मा पनि सेवाग्राही उत्पादित दक्ष जनशक्तिमा रहने छ भन्ने संस्थापकको इच्छा रहेको छ । यस संस्थाका संरक्षकज्यूको सोंच आफ्नो अनुपस्थितिमा पनि यो संस्था बाँच्ने छ र कल्याणकारी कार्य गरिरहने सोंच बाँचिरहने छ र जीवन्त रहने छ भन्ने बुझिन्छ ।

संसारमा धन हुने धेरै छन् तर खेम पुन आफू धनी व्यक्ति नभए पनि मेरो केही लगानीले कल्याणकारी परोपकारी कार्य गर्दै अरूलाई सत्प्रेरणा जगाउन सकियोस् भन्ने मनोभावनाका साथ अगाडि बढ्नु भएको छ । विलक्षण प्रतिभा र दक्ष जनशक्ति बन्ने सम्भावना भएर पनि आर्थिक विपन्नताका कारण अध्ययनबाट वञ्चित प्रतिभावान् विद्यार्थीको लागि यो संस्था सारथि बन्ने विषय स्पष्ट छ । यही मनोकाङ्क्षाका साथ खेमराज पुनले यस संस्थालाई गति प्रदान गरिरहनुभएको छ । अहिले व्यक्ति नभएर संस्थागतस्वरूप प्राप्त गरी अगाडि बढिरहेको छ श्री खेमओमी पुन कल्याणकारी प्रतिष्ठान ।

**३. संस्थाको स्थापना र विभिन्न निकायबाट अनुमति**

मिति २०७१।५।१५ मा नेपाल सरकार गृहमन्त्रालय कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाडौं, प्रशासन शाखाले श्री कारागार कार्यालय पाल्पालाई कारागारमा बन्दी जीवन बिताइरहेका महिला बन्दीहरूका आश्रित बालबालिकालाई बालशिक्षा, पोषण कार्यक्रम र अन्य विविध कार्यक्रम सञ्चालन गर्नका निम्ति अनुमति प्रदान गऱ्यो ।

मिति २०७१।५।२९ गते नेपाल सरकार गृहमन्त्रालय जिल्ला प्रशासन कार्यालय तानसेन, पाल्पाको प्रशासन फाँटबाट श्री खेमओमी पुन कल्याणकारी प्रतिष्ठान बुटवल-६, रूपन्देहीलाई पाल्पा कारागारमा बन्दी जीवन बिताइरहेका महिला बन्दीहरूका आश्रित बालबालिकालाई बालशिक्षा, पोषण कार्यक्रम र अन्य विविध कार्यक्रम सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा मिति २०७१।२।२९ गते दर्ता नं.७०।७१।२०५० मा दर्ता भएको खेमओमी पुन कल्याणकारी प्रतिष्ठान बुटवल-६ लाई प्रचलित कानुनको परिधिभित्र रही आवश्यक कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गऱ्यो । यसको बोधार्थसमेत कारागार व्यवस्थापन विभाग, कालिका स्थान, काठमाडौं, नेपाल र श्री कारागार कार्यालय पाल्पालाई प्राप्त भएको छ ।

यस संस्थाले गरेका कार्यप्रगतिका सम्बन्धमा कारागार व्यवस्थापन विभागले यस संस्थाको कार्यप्रगति प्रतिवेदनमा च.नं. १४१७ मा उल्लेख गरेअनुसार बुँदा न. ७ र बुँदा न. ८ लाई यहाँ जस्ताको त्यस्तै उल्लेख गरिएको छः

आ.व. २०७०।०७१ मा सञ्चालन भई सम्पन्न गरिएका कार्यक्रमहरू

- महिला बन्दीगृहभित्र बालविकास केन्द्र स्थापना
- मिति २०७० फाल्गुणदेखि २०७१ आषाढसम्म बालविकास केन्द्रमा अध्यापन गराउने सहयोगी बन्दी १ र सहायक सहयोगी १ जनालाई मासिक पारिश्रमिक प्रदान गरेको ।
- महिला बन्दीहरूका १० जना बालबालिकाहरूलाई पठनपाठन सामग्री पौष्टिक आहार, खाजा, लिटो, बौद्धिक खेलकुद सामग्रीहरू प्रदान गरेको ।
- बन्दीहरूका आफन्तहरू भेटघाट गर्न आउँदा बस्ने प्रतीक्षालय निर्माणमा सहयोग तथा बेन्च र प्लास्टिकका कुर्ची सहयोग गरेको ।

आ.व. २०७१/०७२ मा सञ्चालित भई सम्पन्न गरिएका कार्यक्रमहरू

- मिति २०७१ श्रावणदेखि २०७१ चैत्रसम्म ९ महिना बालविकास केन्द्रमा अध्यापन गराउने

सहयोगी बन्दी १ र सहायक सहयोगी १ जनालाई मासिक पारिश्रमिक प्रदान गरेको तथा मिति २०७० वैशाखदेखि २०७२ आषाढसम्म ३ महिना बालविकास केन्द्रमा अध्यापन गराउने बालविकास केन्द्र व्यवस्थापक १ जना, बालविकास केन्द्र सहयोगी बन्दी १ र सहायक सहयोगी १ जनालाई मासिक पारिश्रमिक प्रदान गरेको।

- महिला बन्दीहरूका आश्रित १० जना बालबालिकालाई पठनपाठन सामग्रीहरू, पौष्टिक आहार, खाजा, लिटो, बौद्धिक खेलकुद सामग्री तथा कपडा, झोला प्रदान गरेको ।
- बन्दीहरूका आफन्तहरू भेटघाट गर्न आउँदा बस्ने प्रतीक्षालय निर्माण गरी २१ इन्चको रङ्गीन टेलिभिजन प्रदान गरेको ।
- पुरुषबन्दी गृहमा रहेका ३ जना कैदी बन्दीहरूले कारागारमा एस.एल.सी. परीक्षा केन्द्र राखी परीक्षा दिलाइएको र उनीहरूलाई लाग्ने परीक्षा शुल्क तथा पाठ्यसामग्री प्रदान गरेकोमा २ जना द्वितीय श्रेणीमा उत्तीर्ण भएका ।

यसरी क्रमशः हरेक वर्ष यस संस्थाले आफ्ना कार्यक्रमलाई निरन्तरता दिँदै आइरहेको छ । बन्दीमध्ये ३ जनाले यस संस्थाको सहयोगमा प्लस टु उत्तीर्ण गरी हाल स्नातक तहमा अध्ययन गर्दै आइरहेका छन् ।

**४. सञ्चालित गतिविधि**

२०७० साल मङ्सिर १७ गते खेमराज पुनले आफ्नो ५१ औं जन्मदिनको अवसर पारेर १७०००००। (अक्षरेपि सत्र लाख मात्र) जम्मा गर्नुभएको थियो । यस रकमको व्याजबाट कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने गरी हाल प्रतिवर्ष जन्मदिनकै अवसर पारेर रकम थप गर्दै जाँदा यस संस्थाको कोष ७५००००० (अक्षरेपि पचहत्तर लाख) पुगेको छ । कल्याणकारी कार्यक्रम गर्ने पवित्र भावनाले स्थापना भएको यस अभियानले सार्थकता प्राप्त गर्दै २०७१ साल वैशाख ६ गते औपचारिक रूपमा संस्थाको भेला तथा अन्तक्रियाबाट संस्था दर्ता, संस्थाको नाम, सञ्चालक समितिको गठन, संस्थाको छाप, संस्थाको ठेगाना तय गरी संस्थाको विधाननिर्माण गरी तत्काल मानवीय हितमा अगाडि बढेको यो संस्था विभिन्न कारणले गर्दा शिक्षाको अवसरबाट वञ्चित विपन्न समुदायका बालबालिकालाई शैक्षिक अवसर उपलब्ध गराउने साथै समाजमा रहेका दुःखी, असहाय, अपाङ्ग तथा पिछडिएका वर्गलाई सहयोग पुऱ्याउने, पवित्र उद्देश्यले स्थापना भएको ७ वर्ष पुग्न पाउँदा नपाउँदै थुप्रै रचनात्मक कार्य सम्पन्न भएका छन् । यो संस्था समाज कल्याण परिषदमा समेत दर्ता भएको छ । संस्थाका आर्थिक क्रियाकलापहरू सबै बैंक चेकबाट कारोवार गरिएको छ । संस्थाको पान नं. पनि प्राप्त गरिएको छ ।

२०७२ फागुनदेखि पाल्पा कारागारमा बन्दी जीवन बिताइरहेका पाल्पा बल्डेङ्गढी-८ का अर्जुन रायमाझी, गुल्मी पौदी अमराइका ताराबहादुर वलामी र खगु बस्यालले यस संस्थाको आर्थिक तथा शैक्षिक सहयोगमा एस.एल.सी. र प्लस टु उत्तीर्ण गरी हाल स्नातक तहमा अध्ययनरत छन् । खगु बस्याल पाल्पा खानीगाउँ-६, दैलातुङ्ग निवासी हुन् ।

खेमओमी पुन कल्याणकारी प्रतिष्ठानलाई यस अवस्थामा आउन उपयुक्त वातावरण मिलाइदिने, प्रतिष्ठानको विधान निर्माणका क्रममा रचनात्मक सुझावसहित पाल्पा जिल्ला कारागारमा यस संस्थालाई रचनात्मक कार्य गर्ने समन्वयकारी भूमिका निर्वाह गरी जिल्ला प्रशासन कार्यालय र कारागार व्यवस्थापन विभाग काठमाडौँसँग समेत समन्वय गराई महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएका तात्कालीन जेलर (प्रमुख)

धीरेन्द्र पन्तको सहयोग अविस्मरणीय रहेको छ । संस्थाको तर्फबाट उहाँप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछौं ।

**५. संस्थाबाट उत्पादित दक्ष जनशक्ति**

श्री खेमओमी पुन कल्याणकारी प्रतिष्ठानबाट उत्पादित दक्ष जनशक्तिहरूको यहाँ सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

***क) श्री नगेन्द्र श्रीस***

"आफ्नोभन्दा अरूको, समाजको, विविध दुःख तथा समस्यामा परेकाहरूको उद्धार गर्नुजस्तो महान् कार्य केही हुँदैन होला जस्तो लाग्छ । यही कार्यमा प्रतिवद्ध संस्था हो खेमओमी पुन कल्याणकारी प्रतिष्ठान ।"

(वी.डी.एस.उत्तीर्ण, यु.सी.एम.एस., भैरहवा) श्री नगेन्द्र श्रीस यु.सी.एम.एस. भैरहवामा अध्ययनरत हुँदाहुँदै पनि आफ्नो अध्ययनलाई निरन्तरता दिन नसक्ने परिस्थिति उत्पन्न भएको प्राप्त निवेदनका आधारमा २०७० देखि उहाँलाई उक्त तहको अध्ययन पूरा गर्न सहयोग पुऱ्याइयो । उहाँ अहिले इन्टनसिपको अन्त्यमा हुनुहुन्छ ।

***ख) श्री काशीराम वि.क.***

"छात्रवृत्तिमा पढ्दा नियमित क्लासको शुल्क त नलाग्ने तर त्यसबाहेक आन्तरिक परीक्षा शुल्क, महंगा विदेशी किताब, प्रयोगात्मक सरसमान तथा ६ वर्ष जतिको पढाइमा खान बस्न लाग्ने खर्च । यही खर्च सम्झेर मैले एमबिबिएस पढ्न पाउने मन्त्रालयको छात्रवृत्ति प्राप्त गर्दा पनि खुसी र सुखको सास फेर्न पाइन । तर समस्यासँग डराएर हतोत्साही पनि भएको थिइन ।"

एम.वी.वी.एस., लुम्बिनी मेडिकल कलेज पाल्पा उहाँ लुम्बिनी मेडिकल कलेज पाल्पामा अध्ययनरत हुँदाहुँदै पनि आर्थिक कठिनाइका कारण उत्पन्न समस्या दर्साई यस संस्थालाई दिनुभएको निवेदनका आधारमा छात्रवृत्ति प्रदान गरियो । उहाँ आफ्नो अध्ययन पूरा गरी हाल नेपाल सरकार जिल्ला अस्पताल गुल्मीमा कार्यरत हुनुहुन्छ ।

***ग) श्री विपिन चौधरी***

"हरेक कालो मेघको चम्किलो घेरा हुन्छ रे । एकदिन बाबाले खेम पुन अङ्कललाई भेट्नुभयो । जीवनलाई राम्रोसँग नियाल्नुभएको उहाँले खेमओमी कल्याणकारी प्रतिष्ठानमार्फत गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई शिक्षामा सहयाग गर्दै आउनुभएको रहेछ । जसले मरो जीवनमा पनि आशाको किरण लिएर आयो । उहाँले हरेक महिना खानो र बस्ने खर्च पठाइ दिनुहुन्छ । अति आवश्यक भएकाले एउटा ल्यापटप पनि किनिदिनुभयो । खानेबस्ने व्यवस्था नभएर विरानो सहरमा, मैले मेरो पढाइ रोक्नुपर्ने पनि हुनसक्ने अवस्था हुँदा खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको सहाराले नयाँ आशा र उत्साह पैदा गऱ्यो । जन्मदिने आमाबाबा र पाल्ने परिवार भगवान्भन्दा ठूला हुन्छन्, जीवनभर आभारी रहने छु ।"

एम.वी.वी.एस.पाटन अस्पताल, ललितपुर उहाँ उक्त संस्थामा अध्ययनरत हुँदाहुँदै पनि आर्थिक सहयोगका निम्ति प्राप्त निवेदनका आधारमा २०७१ देखि उहाँलाई छात्रवृत्ति उपलब्ध गराइएकोमा उहाँले हाल सो तहको अध्ययन कार्य पूरा गरिसक्नुभएको छ ।

***घ) श्री जमुना श्रेष्ठ***

"यस संस्थाद्वारा गरेको सहयोग देखेर आजको समयमा पनि अरूको समस्या बुझेर अरूको जीवनलाई सहज गराउने मान्छे हुन्छन् भन्ने प्रेरणा मिल्छ । यस संस्थाको सहयोगपछि मैले आफ्नो पूरै ध्यान

पढाइमा केन्द्रित गरी राम्ररी अध्ययन गर्न सकिराखेकी छु । म यस संस्थाप्रति आभार व्यक्त गर्न चाहान्छु ।"

एम.वी.वी.एस, मणिपाल कलेज, मणिपाल कलेज पोखरामा अध्ययनरत हुँदाहुँदै आफ्नो आर्थिक समस्या देखाइ अध्ययनमा सहयोग पुऱ्याउन यस संस्थालाई प्राप्त निवेदनका आधारमा उहाँलाई यस संस्थाले मासिक रूपमा आर्थिक सहयोग पुऱ्याउँदै आएको छ । उहाँ अहिले इन्टनसिपको अन्तिम चरणमा हुनुहुन्छ ।

***ङ) श्री राजकुमार गुप्ता***

"आज म जहाँ छु, जे बन्दै छु र यो दिनसम्म मलाई ल्याउन धेरै सहयोगी हातहरू छन् । यी सहयोगी हातहरूमध्ये सबभन्दा बलियो हात खेम सरको नै पाएँ । सबभन्दा ठूलो निस्वार्थ, निश्चल र अटल मन पनि उहाँकै पाएँ जसको धारणा छ सक्नेले नसक्नेलाई आफ्नो औकातअनुसार सहयोग गर्नुपर्छ भन्ने ।"

एम.वी.वी.एस., नेसनल मेडिकल कलेज, वीरगन्ज उहाँ नेसनल मेडिकल कलेज, वीरगन्जमा अध्ययनरत हुँदाहुँदै पनि आफ्नो अध्ययनमा कठिनाइ भएको व्यहोरासहितको प्राप्त निवेदनका आधारमा यस संस्थाले मासिक रूपमा सहयोग उपलब्ध गराउँदै आएको छ ।

***च) सृजना पछाई***

"सपना त थियो पढेर ठूलो मान्छे बन्ने । घरखर्चको लागि ल्याएको ऋण तिर्न नसक्दा साहूहरू दैलोमा आएर कराएपछि आमाले हामीलाई हेरेर ठूला भएपछि त मेरा छोराछोरीले पनि कमाउलान् र तिर्लान् नि साहूको ऋण, टुहुरा टुहुरीको भाग्य कर्सापछाडि हुन्छ भन्छन् भन्दै आँखाभरि आँसु गराउनुहुन्थ्यो ।"

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थानमा वि.ई.मा अध्ययनरत सृजना पछाईले आर्थिक समस्या देखाई यस संस्थामा दिनुभएको निवेदनका आधारमा उहाँलाई यस संस्थाले मासिक रूपमा सहयोग उपलब्ध गराउँदै आएको छ । उहाँ हाल वि.ई.अध्ययनरत हुनुहुन्छ ।

***छ) योगेश श्रेष्ठ***

अध्ययन गर्ने तीव्र इच्छा हुँदाहुँदै पनि मातृत्वविहीन बनेका र बाबा शारीरिक रूपमा भिन्न, पैतृक सम्पत्तिका अभावमा विद्यालय शिक्षाबाट वञ्चित हुने अवस्थामा यस संस्थामा प्राप्त निवेदनका आधारमा यस संस्थाले आवसीय सुविधासहित बुटवल स्थित कालिका मानविज्ञान मा.वि.मा २०७५ सालदेखि कक्षा ८ बाट पठनपाठनका निम्ति सहयोग पुऱ्याउँदै आएको छ । निजको निम्ति लाग्ने अन्य सम्पूर्ण खर्चसमेत संस्थाले उपलब्ध गराइरहेको छ ।

**६. संस्थाका अन्य कल्याणकारी गतिविधिहरू**

- २०७१ साल वैशाख १७ गते रूपन्देहीको मानमटेरियामा भएको दुःखद् आगालागीबाट विचल्लीमा परेका २२ घरपरिवारका विचलित सदस्यलाई यस संस्थाको तर्फबाट उपलब्ध गराइएको सहयोग पनि केही राहत बन्न पुगेको छ ।
- सिद्धार्थ बाल तथा महिला अस्पताल र लुम्बिनी अञ्चल अस्पतालमा उपचार गराइरहेका विपन्न परिवारका व्यक्तिहरू जसले रगत लिएवापतको सेवा शुल्कसमेत बुझाउन नसक्ने अवस्थामा यस संस्थाले उक्त रकम उपलब्ध गराइ दिएर मानवीय सेवामा समर्पित हुन अरूहरूलाई पनि सत्प्रेरणा प्रदान गरेको छ । गरिब विरामीहरूले सेवा शुल्क तिर्न नसकेको अवस्थामा निर्धारित

रकम उपलब्ध गराइ समाजमा अनुकरणीय कार्यको सुरूवात गरेको छ । आगामी दिनमा पनि सेवामूलक यस खालका कार्यक्रमलाई निरन्तरता दिनेछ ।

- नेपाल अविनाश आश्रम रूपन्देहीबाट सहयोग माग भएको निवेदनका आधारमा न्यू होराइजन कलेज ड्राइभरटोलमा कक्षा ११ मा अध्ययनरत कृपा तामाङ्ग र सुस्मा साहूलाई कलेज खाजा, नास्ता, स्टेसनरी सामग्री तथा पोसाकवापतको २ वर्षसम्मको खर्च यस संस्थाले उपलब्ध गराएको छ । उहाँहरू हाल रोजगारीसहित उच्च शिक्षा अध्ययन गर्दै हुनुहुन्छ ।
- यसैगरी दुर्घटनामा परी शारीरिक अपाङ्गता र दयनीय आर्थिक अवस्था भएका बुटवल-१३, बुद्धनगर बस्ने खेमपाल मगरलाई दिसापिसाब गर्नसमेत कठिन भएको अवस्थालाई मध्यनजर गरी आधुनिक कुर्चीसहित आर्थिक सहयोग पुऱ्याएको कुरा अविस्मरणीय छ ।

**अन्य संघ संस्थामा संलग्नता र सहयोग**

खेमराज पुन रूपन्देही व्यापार संघका सल्लाहकार, दुर्गापाञ्चायन मन्दिर बुटवलका सदस्य, विपस्यना केन्द्र लुम्बिनीका पूर्व सचिव, हिलपार्क समिति बुटवलका पूर्व सदस्य, रोटरी क्लब अफ बुटवलका मेम्बरसीप चेकर (२०१८), आदर्श नागरिक इन्भेस्टमेन्ट कम्पनी बुटवलका सदस्य, हरिहर आश्रम तनहुँ देवघाटका सदस्य, लुम्बिनी बोर्डिङ्का सञ्चालक, गुल्मेली सम्पर्क समाज रूपन्देहीका आजीवन सदस्य, जेष्ठनागरिक मिलन केन्द्र तिनपा रूपन्देहीका संयोजक, सामुदायिक प्राकृतिक चिकित्सालय, देवचुली १६, रजहर, नवलपुरका अस्पताल नवलपरासी रजहरका सल्लाहकारलगायत विभिन्न दुई दर्जनभन्दा बढी संस्थामा आबद्ध हुनुहुन्छ ।

यस संस्थाका संस्थापक श्री खेमराज पुनबाट गरिएका अन्य रचनात्मक कार्यहरूको सङ्क्षिप्त टिपोट गर्नु उचित ठानेको छु । छोरा बुहारीको विवाहमा अनावश्यक खर्च नगरी जम्मा १० लाख रकमको श्री राजुसरिता पुन भोजन सहयोग अक्षय कोष (२०७४), मनगौरी पुन शैक्षिक अक्षय कोष गुल्मी भार्से हाइस्कुल (२०६५), शृङ्गेश्वर धाम तिलोत्तमा ४ (जेष्ठ नागरिक मिलन केन्द्रका संयोजक), कला पुन आमा समूह गुल्मी भार्से वडा नं. ३, गौतम बुद्ध सामुदायिक स्वास्थ्य संस्था संस्थापक सदस्य, नेपाल औषधी व्यवसायी संघ (पूर्व अध्यक्ष), नेपाल औषधी व्यववसायी संघ लुम्बिनी अञ्चल अध्यक्ष, नेपाल खामे पुन मगर समाज तराई, पूर्व अध्यक्ष समिति (मगरघाट शवदाह गृह निर्माण), सामुदायिक प्राकृतिक चिकित्सालय रजहर, नवलपरासी (आजीवन सदस्य), विभिन्न सङ्घसंस्थालाई सहयोग गर्ने पुन साँच्चै नै सहयोगका पर्याय बनिसक्नुभएको छ ।

देशविदेशको यात्रामा रमाउन खोज्ने पुनले तेस्रो मूलकका झन्डै ११ वटा देशहरू, क्यानडाका झन्डै ५ वटा सहरहरू, अमेरिकाका झन्डै ९ वटा सहरहरूलगायत भारतका विभिन्न सहरहरू साथै नेपालका, अधिकांश जिल्लाको भ्रमणबाट प्राप्त अनुभवलाई उहाँले आफ्ना कर्मशील हातमा रूपान्तरण गरेजस्तो आभाष हुन्छ । उहाँको यो यात्रा जीवन्त बनोस् ।

**७. खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको संस्थापक कार्यसमिति**

***कार्यसमिति २०७१/०७२***

अध्यक्ष : श्री खेमराज पुन
उपाध्यक्ष : श्री होमबहादुर गलामी
सचिव : डा. नारायणप्रसाद पन्थ
कोषाध्यक्ष : श्री कुलबहादुर थापा

सहसचिव : श्री लालहरि पाण्डे
सदस्य : श्री दिनेश चौधरी थारू
सदस्य : श्री अनु राना
सदस्य : श्री ओमीकला पुन
लेखापरीक्षक : सी.ए. छविलाल पोखेल

***सल्लाहकार समिति***

प्रा.डा. जीवलाल सापकोटा
श्री विमलबहादुर शाक्य
श्री इ. हीराबहादुर भलामी

***कार्यसमिति २०७५/०७६***

संस्थापक अध्यक्ष : श्री खेमराज पुन (संरक्षक)
अध्यक्ष : श्री ओमीकला पुन
उपाध्यक्ष : डा. नारायणप्रसाद पन्थ
सचिव : श्री युवराज घिमिरे
कोषाध्यक्ष : श्री कुलबहादुर थापा
सहसचिव : श्री लालहरि पाण्डे
सदस्य : श्री प्रेमप्रसाद तिवारी
सदस्य : श्री सुमित्रा शर्मा
सदस्य : श्री यदुनाथ पाण्डे
सदस्य : आशिष सूर्यवंशी
लेखापरीक्षक : सी.ए. छविलाल पोखेल

***सल्लाहकार समिति***

प्रा.डा. जीवलाल सापकोटा
श्री होमबहादुर गलामी
श्री विमलबहादुर शाक्य
श्री इ. हीराबहादुर भलामी

**८. मिडियामा संस्थाप्रतिको दृष्टिकोण**

२०७३ साल फागुन ९ गते कान्तिपुर दैनिक पत्रिकाको अग्र पृष्ठमा यस संस्थाका अध्यक्ष श्री खेमराज पुन र श्रीमती ओमीकला पुनको प्रेरणाका निम्ति 'जो उपकारमा रम्छन्' शीर्षकको लेख प्रकाशन हुनुले यस संस्थालाई अझ गहन कार्य गर्न उत्प्रेरित गरेको छ ।

त्यस्तै २०७५ साल श्रावण २५ गतेको कान्तिपुर दैनिकको शुक्रवारसरीय अङ्कमा प्रदेश ५ मुख्य शीर्षक रहेको विपन्नलाई पढाउँदै उद्योगी उपशीर्षकको लेखले पनि यस संस्थाका अध्यक्षलाई थप ऊर्जा प्राप्त गरेको छ । हौसला र उत्प्रेरणा जगाएको छ ।

यसैगरी २०७५ सालमा बुटवल टुडे राष्ट्रिय दैनिकमा प्रकाशित लेखले पनि यस संस्थाको गतिशीलतालाई उजागर पार्ने काम गरेको छ ।

स्थानीय रेडियो, टेलिभिजन तथा पत्रिका अनलाइन खबर, युट्युव लगायतका समाजिक सञ्जाल मार्फत प्रकाशित र प्रसारित यस्ता गतिविधिले समाजका अन्य व्यक्तिहरूलाई पनि यस्ता रचनात्मक कार्य गर्ने प्रेरणा जगाएका छन् ।

**९. निष्कर्ष**

चार वेद र अठार पुराणहरूको एउटै सार हो 'परोपकाराय पुण्याय, पापाय परपीडनम्' यस्तै परोपकारी हातका पर्याय बन्नुभएको छ खेमराज पुन र ओमीकला पुन । भनिन्छ– परोपकारी हातमा ईश्वरको बास हुन्छ । राज्यले बहन गर्नुपर्ने दायित्व एउटा मनकारी व्यक्तिको लगानीमा संस्थागत रूपमा स्थापना भएको कल्याणकारी संस्था श्री खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले पूरा गरेको छ । देशको शैक्षिक तथा सामाजिक रूपान्तरणमा यो संस्था एउटा कोसेढुङ्गा बन्न पुगेको छ ।

चाहे पाल्पा कारागारका बन्दीजीवन बिताइरहेका महिलाका आश्रित बालबालिकाको निम्ति शैक्षिक सहयोग होस्, चाहे आगालागीजस्ता दैवीप्रकोपमा मलमपट्टी लगाउने काम होस्, चाहे कारागारका बन्दीहरूलाई औपचारिक रूपमा उच्च शिक्षाको अवसर प्रदान गरेर होस्, चाहे विपन्नहरूलाई आर्थिक सहयोग पुऱ्याएर होस्, चाहे रक्त सञ्चार केन्द्र बुटवललाई गरिएको सहयोग होस्, चाहे अपाङ्ग आश्रम तथा

जेष्ठ नागरिक मिलन केन्द्रका जेष्ठ नागरिकहरूलाई गरिएका सहयोगका सन्दर्भ हुन्, चाहे शारीरिक रूपमा भिन्न व्यक्तिलाई पुऱ्याएको आर्थिक सहयोग होस् अथवा हालसम्म १४ जना युवाहरूलाई छात्रवृत्ति प्रदान गरेर यो देशको दक्ष जनशक्ति डाक्टर र इन्जिनियर उत्पादन गर्ने सन्दर्भमा होस् अथवा विद्यालयको शिक्षाबाट वञ्चित विपन्न बालबालिकाको लागि विद्यालय शिक्षाको अवसर प्रदान गर्ने सन्दर्भ नै किन नहोस् । समाज रूपान्तरणका निम्ति प्रेरक व्यक्तित्व बनेर खेमराज पुन र ओमीकला पुन यस समाजका प्रेरणाका स्रोत बन्नु भएको छ ।

७ वर्षको छोटो अवधिमा यस संस्थाले थुप्रै कल्याणकारी कार्य सम्पन्न गरेको तथ्य माथि उल्लेख भइसकेको छ । आगामी वर्षहरूमा पनि क्रमशः अक्षयकोषमा रकम थप र वृद्धि हुँदै जाने छ । यसबाट हालसम्म सञ्चालित सेवाको तुलनामा भावी कल्याणकारी सेवाहरू अझ वृद्धि हुँदै जाने छन् । यो संस्था नेपालकै एउटा नमुना र अनुकरणीय संस्था बन्ने मार्गमा धेरै लामो समय कुर्नुपर्ने छैन ।

मेरो आफ्नो लगभग १५ वर्षे सामाजिक अभियानको अवधिमा विभिन्न संघ संस्थामा आबद्ध भएर कार्य सम्पादन गर्ने क्रममा दर्जन बढी संस्थामा विभिन्न जिम्मेवारी वहन गर्ने मौका मिल्यो । यस संस्थामा सुरूदेखि हालसम्म क्रियाशील भइरहँदा मैले बेग्लै आनन्द र अनुभूति प्राप्त गरेको छु तर मैले अरू संस्थालाई अवमूल्यन गर्न खोजेको किमार्थ होइन । यस संस्थाबाट धेरै सिक्ने मौका प्राप्त भयो तर यो संस्था, यसका संस्थापक श्रद्धेय खेमराज पुन र ओमीकला पुन मेरो अन्तहृदयदेखि गर्व गर्न लायक हुनुहुन्छ । त्यो उचाइ यस संस्थाले प्राप्त गर्न सफल भएको छ । यात्रा लामो छ अझै कल्याणकारी कार्य गर्दै जाने छ ।

यस संस्थाको मुख्य उद्देश्य गरिव, जेहन्दार र अवसरबाट वञ्चित मेधावी विद्यार्थीहरूलाई शैक्षिक अवसर प्रदान गर्नुको साथै असल र चरित्रवान सक्षम नागरिक तयार पारी समाजको समुन्नतिका लागि योग्य जनशक्ति तयार पार्नु हो । यस कार्यमा यो संस्था सदैव क्रियाशील रहने छ ।

यस संस्थाले दिएको सामाजिक रूपान्तरण र प्रेरणादायी मार्गको सिको अन्य संघ संस्था, समुदाय र व्यक्तिका लागि समेत प्रेरणाको स्रोत बन्नेछ । यस अर्थमा यस्तो गर्विलो संस्थाको विभिन्न तहमा रहेर गहन जिम्मेवारी वहन गर्ने अवसर प्राप्त भएकोमा संस्थाप्रति हार्दिक आभार, धन्यवाद र कृतज्ञता प्रकट गर्दै आगामी दिनमा संस्थाको हितका निम्ति आफ्नो मन, वचन र कर्मले संस्थाको श्रीवृद्धिका निम्ति समर्पित बन्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

अस्तु ।

(लेखक यस संस्थाको संस्थापक सचिव तथा वर्तमान कार्यसमितिका उपाध्यक्ष हुनुहुन्छ)

# प्रतिष्ठानको गठन, वैधानिक व्यवस्था र आगामी योजना

धन, दौलत, पद, प्रतिष्ठा, जुनसुकै प्रकारका अवसर र फइदाका लागि तँछाड-मछाड गर्ने, कानूनी तथा सामाजिक रुपमा अस्वीकार्य कार्य गर्न समेत पछि नपर्ने कुसंस्कृतिको बृद्धि भइरहेको अवस्थामा मानव भएका नाताले आफ्नो बुद्धि, विवेक, सीप र क्षमताले भ्याएसम्म मानवीय सेवाका क्षेत्रमा योगदान पुऱ्याई समाजमा असल सस्कृतिको विकास गर्ने उद्देश्यले खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको स्थापना भएको हो ।



युवराज घिमिरे

**१) स्थापना**

आफू र आफ्नो परिवारका सदस्यका बारेमा प्राय सबै प्राणीहरूले सोच्दछन्, सोहीअनुसार क्रियाकलाप गर्दछन् । यो सार्वभौम प्राकृतिक नियम हो । मानिस मात्र त्यस्तो प्राणी हो जसले आफू र आफ्नाको मात्र होइन सिङ्गो मानव समुदाय र सम्पूर्ण जीव र जगतप्रति जवाफदेहीपूर्ण कार्य गर्दछ । यही कारणले ऊ सर्वश्रेष्ठ प्राणीको रूपमा स्थापित भएको छ । धन, दौलत, पद, प्रतिष्ठा, जुनसुकै प्रकारका अवसर र फइदाका लागि तँछाड-मछाड गर्ने, कानुनी तथा सामाजिक रूपमा अस्वीकार्य कार्य गर्न समेत पछि नपर्ने कुसंस्कृतिको वृद्धि भइरहेको अवस्थामा मानव भएका नाताले आफ्नो बुद्धि, विवेक, सीप र क्षमताले भ्याएसम्म मानवीय सेवाका क्षेत्रमा योगदान पुऱ्याई समाजमा असल सस्कृतिको विकास गर्ने उद्देश्यले खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको स्थापना भएको हो ।

रूपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकामा केन्द्रीय कार्यालय रहने गरी २०७१ साल जेष्ठ २९ गते विधिवत रूपमा प्रतिष्ठनाको दर्ता भएको हो तथापि यसको व्यावहारिक रूपमा सुरूवात २०७० साल मंसिर १७ बाट प्रारम्भ भएको थियो ।

**२) प्रतिष्ठानको नामकरण र संस्थापकहरु**

परिवर्तित संरचनाअनुसार गुल्मी जिल्ला सत्यवती गाउपालिका वार्ड नं. ८ (तत्कालीन भार्से गाविस ३) मा मध्यम वर्गीय मगर परिवारमा २०१९ मंसिर १७ गते जन्मभई २०४२ साल असोज २ गते औषधी व्यवस्था विभागमा पसल दर्ता गरी बुटवलमा औषधि व्यवसाय गर्दै आउनु भएका खेमपुन र उहाँकी जीवनसंगिनी  (धर्मपत्नी) ओमीपुनको अगुवाई र योगदानमा आधारित रहेर यो प्रतिष्ठानको स्थापना भएको हो । जसको सपना उसको योजना र नेतृत्व भनेझै  खेमपुनले आफ्नो आम्दानीको निश्चित प्रतिशत रकमलाई प्रतिष्ठानमा लगाउने र त्यस मार्फत सामाजिक क्षेत्रमा कार्य गर्ने र अन्य सहयोगी हातहरूलाई समेत एकसाथ अगाडी लैजाने मनसायले स्थापित भएको यस संस्थाको नाम खेमओमी पुन कल्याणकारी प्रतिष्ठान रहेको हो । प्रतिष्ठनका संस्थापक पदाधिकारी तथा सदस्यहरूको नामावली निम्न अनुसार रहेको छ ।

| | |
|---|---|
| खेमराज पुन | अध्यक्ष |
| होमबहादुर गलामी | उपाध्यक्ष |
| डा. नारायणप्रसाद पन्थ | सचिव |
| कुलबहादुर थापा | कोषाध्यक्ष |
| लालहरि पाण्डे | सह-सचिव |
| दिनेश चौधरी थारू | सदस्य |
| अनु राना | सदस्य |

**३) प्रतिष्ठानका उद्देश्यहरु**

प्रतिष्ठान जनहितकारी, मुनाफारहित, गैरसरकारी, गैरराजनीतिक समाजिक संस्था हो । कारागारमा रहेका महिला वन्दीहरूका छोराछोरीलाई शैक्षिक अवसर प्रदान गर्ने, गरिवी तथा अन्य विभिन्न कारणले शिक्षा तथा स्वास्थ्यसेवाबाट वञ्चित भएका बालबालिकाहरूलाई सहयोग गर्ने,छात्रवृत्ति तथा विभिन्न सीपमूलक तालिम प्रदान गर्ने, वाल अधिकारको पैरवी गर्ने, सडक बालबालिकाको हित संरक्षण गर्ने लगायतका विभिन्न अन्य सामाजिक कार्यहरू गर्ने उद्देश्य प्रतिष्ठानको रहेको छ । प्रतिष्ठनले सञ्चालन गर्ने हरेक कार्यहरू राज्यको कानुनको अधीनमा रहेर गर्ने व्यवस्था गरिएको छ ।

**४) प्रतिष्ठानको सदस्यतासम्बन्धी व्यवस्था**

प्रतिष्ठानको वैधानिक व्यवस्था पुरा गरेर प्रतिष्ठानको सदस्यता प्राप्त गर्न सकिने व्यवस्थालाई विधानमा व्यवस्था गरिएको छ । प्रतिष्ठानमा निम्न बमोजिम सदस्यहरू रहने व्यवस्था रहेको छ ।

| क्र.स. | सदस्यताको किसिम | प्रवेश शुल्क | वार्षिक नवीकरण शुल्क | हाल कायम रहेका सदस्य संख्या |
|---|---|---|---|---|
| १ | साधारण सदस्य | ५००/- | ३००/- | ३३ |
| २ | संस्थापक सदस्य | १०००/- | ५००/- | १५ |
| ३ | आजीवन सदस्य | ५०००/- | नवीकरण गर्नु नपर्ने | १५ |
| ४ | मानार्थ सदस्य | शुल्क नलाग्ने | शुल्क नलाग्ने | |

**५) संस्थाको कोषसम्बन्धी व्यवस्था र अवस्था**

संस्थालाई दीर्घकालसम्म उद्देश्यअनुसार सञ्चालन गर्न आर्थिक श्रोतको आवश्यकता पर्दछ । वैधानिक व्यवस्थाअनुसार प्रतिष्ठानमा निम्न क्षेत्रबाट आर्थिक स्रोत संकलन हुने व्यवस्था गरिएको छ ।

- सदस्यता शुल्क र नवीकरण शुल्कबाट प्राप्त रकम
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था तथा व्यक्तिहरूबाट प्राप्त सहयोग तथा अनुदान रकम
- नेपाल सरकारका, विभिन्न तह तथा संकाय र विभिन्न व्यक्तिहरूबाट प्राप्त सहयोग तथा अनुदान रकम
- संस्थाका संस्थापक तथा सदस्यहरूबाट प्राप्त सहयोग रकम
- संस्थाका संस्थापक खेमराज पुन र ओमी पुनबाट संस्था स्थापना र विभिन्न समयमा प्राप्त हुने रकम

प्रतिष्ठानमा संस्थापक खेमराज पुन र ओमी पुनबाट विभिन्न समयमा गरी रू ७५,००,०००/- अक्षरेपि पचहत्तर लाख प्राप्त भएको छ । प्राप्त रकमलाई बैंकमा अक्षयकोषको रूपमा राखी त्यसको व्याजबाट प्राप्त रकमलाई प्रतिष्ठानको उद्देश्य अनुसारका काममा खर्चगर्ने व्यवस्था मिलाइएको छ । कोषको रकमबाट ०७६ आषाढ मसान्त सम्म रू २०,५३,३२४/१९ प्राप्त भएको र सोबाट रू

१८९७२९९/छात्रवृत्ति तथा शैक्षिक सहयोगमा र रू ८१४४३/प्रशासनिक तथा अन्य कार्यक्रमिक खर्च भई रू ७४५८२/१९ बचत रहेको छ ।

**६) बैठक तथा साधारणसभासम्बन्धी व्यवस्था**

प्रतिष्ठानको बैठक आवश्यकताका आधारमा समय समयमा बस्ने गरेको छ । प्रतिष्ठानबाट गरिने सबै कार्यहरू बैठकको निर्णयअनुसार आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गरेर सर्वसम्मतिका साथ हुँदै आएका छन् । प्रतिष्ठानमा पदाधिकारी सहित ७ सदस्यीय कार्यसमिति रहने र त्यसको कार्यकाल ३ वर्षको हुने व्यवस्था विधानमा गरिएको छ । बैठक तथा सभाको गणपूरक संख्या ६० प्रतिशत रहने व्यवस्था गर्दै विभिन्न पदाधिकारी तथा सदस्यहरूको वैधानिक रूपमा जिम्मेवारी परिभाषित गरिएको छ ।

**७) आगामी योजनाहरु**

- प्रतिष्ठानको कामलाई थप व्यवस्थित गर्दै आगामी दिनमा यो संस्थालाई मुलुककै प्रतिष्ठित संस्थाको रूपमा विकास गर्न निम्न कार्यहरू गर्ने योजना अगाडि सारिएको छ ।
- आवश्यकताअनुसार विषयवस्तु समावेश गरी संस्थाको विधानलाई संशोधन गर्ने ।
- बैठक सञ्चालन तथा प्रतिष्ठानका पदाधिकारी एवं सदस्यहरूको स्पष्ट कार्यविभाजन र जिम्मेवारी परिभाषित गरिएको कार्यविधि बनाई कार्यान्वयनमा ल्याउने ।
- प्रतिष्ठानको कोषलाई क्रमशः वृद्धि गर्दै जाने ।
- प्रतिष्ठानको कार्यालय स्थापना गर्ने ।
- प्रतिष्ठान स्थापनाको दिनमा विभिन्न रचनात्मक सामाजिक योगदानका कार्य गर्ने
- समान उद्देश्य रहेका विभिन्न सामाजिक संघ/संस्थासँगको समन्वय र सहकार्य थालनी गर्ने
- वैधानिक प्रक्रिया पुरा गरेर आउने व्यक्तिहरूलाई प्रतिष्ठानको सदस्यता प्रदान गर्ने
- प्रतिष्ठानको उद्देश्यअनुसार छात्रवृत्ति वितरण र अन्य सामाजिक कार्यक्रमहरू योजनाबद्ध रूपमा सञ्चालन गर्ने ।

यसरी श्री खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले स्थापनाकालदेखि नै विभिन्न सेवा मूलक सामाजिक कार्य गर्दै सामाजिक रूपान्तरणका निम्ति महत्त्वपूर्ण कार्य गर्दै आईरहेको छ । आगामी दिनमा पनि संस्थाले महत्त्वपूर्ण सामाजिक तथा मानवीय सेवाका कार्यहरू गर्दै अगाडि बढ्ने कुरा विश्वास दिलाउन चाहन्छु ।

(सचिव, खेमओमी पुन कल्याणकारी प्रतिष्ठान)

# प्रतिष्ठानका कोषाध्यक्षको प्रतिवेदन

संस्थालाई निरन्तर सञ्चालन गर्न आर्थिक श्रोतको जति आवश्यक छ; त्यति नै खर्च मितव्ययी र पारदर्शी हुनु अपरिहार्य रहन्छ। प्रतिष्ठानले आर्थिक सुशासनलाई संस्थागत जीवनमा कडाइका साथ कार्यान्वयन गर्दै आइरहेको छ। हामी बोलेर होइन गरेर देखाउनुपर्छ भन्ने मान्यतामा विश्वास राख्दछौ।



**कुलबहादुर थापा**

आदरणीय अध्यक्षज्यू प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यूहरू पदाधिकारी तथा कार्यसमितिका सदस्यज्यू, पत्रकार र सम्पूर्ण आमन्त्रित अतिथिहरूमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु ।

सामाजिक सेवामार्फत समाजमा योगदान पुऱ्याउने उद्देश्यले संस्थापक खेमराज पुन र ओमी पुनबाट विक्रम सम्वत् २०७१ सालमा खेम ओमी पुन कल्याणकारी प्रतिष्ठानको स्थापना भएको हो । सामाजिक तथा कल्याणकारी कामलाई दिगो रूपमा सञ्चालन गर्न संस्थागत संरचना आवश्यक भएकाले जिल्ला प्रशासन कार्यालयमा विधिवत् दर्ता भई विभिन्न कार्यक्रमहरूमार्फत क्रियाशील रहँदै आएको छ। प्रतिष्ठानले आफ्नो कार्यको प्रारम्भ समाजमा विभिन्न कारणले अभावको जीवन जिउन बाध्य भएका दीनदु:खीका छोराछोरीहरूलाई उनीहरूको शैक्षिक उन्नयनमा सघाउने कार्यबाट आरम्भ गरेको व्यहोरा जानकारी गराउन चाहन्छु। प्रतिष्ठानलाई आर्थिक तथा भौतिकरूपमा समेत आत्मनिर्भर बनाउनका लागि यसका संस्थापकहरूले आफ्नो जन्मदिनको अवसरमा प्रत्येक वर्ष रकम जम्मा गर्दै आउनुभएको छ। प्रतिष्ठानमा प्राप्त रकमलाई अक्षयकोषको रूपमा बैकमा राखी त्यसको ब्याजबाट शैक्षिक सहयोग गरिँदै आएको छ। प्रतिष्ठानको कोषमा हालसम्म रू ७५,००,०००। (अक्षरेपि पचहत्तर लाख) रहेको छ। प्रतिष्ठान नेपाल सरकार समाज कल्याण परिषदमा समेत दर्ता भएको छ।

समाजमा योगदान गर्न पैसा भएर मात्र हुँदैन सहयोगी मन हुनु आवश्यक छ भन्ने एउटा प्रेरेणादायी कार्य खेमओमी पुनले गर्नुभएको छ। आफ्ना लागि मात्र होइन अरूका बारेमा सोच्ने र केही न केही सहयोग पुऱ्याउनु नै वास्तवमा मानव जीवनको मुख्य पक्ष हो। विगत ६/७ वर्षमा प्रतिष्ठानले गरेको सहयोगले हामीलाई सन्तुष्टि दिएको छ भने लाभग्राहीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुगेको छ। यो नै यस संस्थाले आर्जन गरेको सम्पत्ति हो। प्रतिष्ठानमार्फत आगामी दिनमा सहयोगको दायरा अझै फराकिलो पार्दै लैजान सकियोस् यही हाम्रो चाहाना हो। यस संस्थाको प्रगतिले यस्तै सहयोगी मनको वृद्धि गरोस् भन्ने नै हाम्रो चाहना हो।

आज त सबै बाँच्छन् भोलिका लागि बाँच्नु र अरूलाई समेत बचाउनु मानव धर्म हो। हामीले शैक्षिक उन्नयनमा लागि विपन्न विद्यार्थीहरूलाई सहयोग गर्ने अवसर प्राप्त गरेका छौँ। हामीलाई यो अवस्थासम्म ल्याइपुऱ्याउन विभिन्न हिसाबले सहयोग पुऱ्याउनुहुने सबैप्रति उच्च सम्मानसहित हार्दिक आभार प्रकट गर्दछु

संस्थालाई निरन्तर सञ्चालन गर्न आर्थिक श्रोतको जति आवश्यक छ; त्यति नै खर्च मितव्ययी र पारदर्शी हुनु अपरिहार्य रहन्छ। प्रतिष्ठानले आर्थिक सुशासनलाई संस्थागत जीवनमा कडाइका साथ कार्यान्वयन गर्दै आइरहेको छ। हामी बोलेर होइन गरेर देखाउनुपर्छ

भन्ने मान्यतामा विश्वास राख्दछौ । आर्थिक सुशासनका लागि आर्थिक कार्यविधि बनाई कार्यान्वयन गरी प्रतिष्ठानलाई उदाहरणीय संस्थाको रूपमा अगाडि बढाउने हाम्रो प्रयास निरन्तर रहिरहने विश्वास दिलाउन चाहन्छु ।

विगत लामो समयदेखि हालसम्म म यस संस्थाको कोषाध्यक्षको रूपमा जिम्मेवारी बहन गर्ने सन्दर्भमा मेरो योग्यता क्षमताले भ्याएसम्म संस्था र लाभग्राहीहरूप्रति न्याय गर्ने प्रयत्न गरेको छु । आगामी दिनमा संस्थाको थप प्रगति हुने विश्वाससहित यस अवधिको आय-व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।

**संस्थाका भावी कार्यक्रमहरु**

१. संस्थाको संस्थापकबाट जन्मदिनको अवसरमा ऐच्छिक रकम थप गर्ने ।
२. सरकारी, गैरसरकारी संघ/संस्थाहरूबाट तथा सेवाग्राही सदस्यहरूबाट ऐच्छिक रकम सहयोग जुटाउने ।

**हालसम्म प्रतिष्ठानका संस्थापक खेमराज पुनज्यूबाट कोषमा जम्मा गरेको रकम र मिति निम्नअनुसार रहेको छ ।**

| क्र.स | मिति | रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २०७०/०८/१७ | १७,००,०००।०० | १७,००,०००।०० | |
| २ | २०७१/०८/१७ | ८,००,०००।०० | २५,००,०००।०० | |
| ३ | २०७२/०८/१७ | ८,००,०००।०० | ३३,००,०००।०० | |
| ४ | २०७३/०८/१७ | ८,००,०००।०० | ४१,००,०००।०० | |
| ५ | २०७४/०८/१७ | ९,००,०००।०० | ५०,००,०००।०० | |
| ६ | २०७५/०८/१७ | १२,००,०००।०० | ६२,००,०००।०० | |
| ७ | २०७६/०८/१७ | १३,००,०००।०० | ७५,००,०००।०० | |
| | | जम्मा रकम | ७५,००,०००।०० | |

**खेमओमी पुन कल्याणकारी प्रतिष्ठान**
**अक्षयकोषको आम्दानी खर्च विवरण**

| क्र.स | वर्ष | आम्दानी | खर्च | बचत |
|---|---|---|---|---|
| १. | २०७०/०७१ | १,४७,३१०।०० | ८२,४३१।०० | |
| २. | २०७१/०७२ | ३,०७,०१५।०० | २,५१,८०५।०० | |
| ३. | २०७२/०७३ | ४,१९,२३७।१९ | ५,२०,६६८।०० | |
| ४. | २०७३/०७४ | ५,०२,९४५।४७ | ५,१६,६०९।०० | |
| ५. | २०७४/०७५ | ६,७६,८१७।०० | ६,०७,२२९।०० | |
| ६. | २०७५/०७६ | ७,४७,९५०।०० | ५,३२,७५०।०० | |
| ७. | २०७६ साउनदेखि कार्तिक मसान्तसम्म | २,०९,८४६।८२ | ३,४८,५७५।०० | |
| | जम्मा | ३०,११,१२१।५२ | २८,६०,०६७।०० | १,५१,०५४।५२ |

अन्त्यमा यो संस्था आफ्नो उद्देश्यबमोजिम सदैव प्रगतिपथमा अगाडि बढिरहने विश्वाससहित आफ्नो क्षेत्रबाट समेत परोपकारको महान् कार्यमा आफू क्रियाशील हुने प्रतिबद्धता व्यक्त गर्दछु । धन्यवाद ।

जय खेमओमी पुन कल्याणकारी प्रतिष्ठान

(लेखक खेमओमी पुन कल्याणकारी प्रतिष्ठानका कोषाध्यक्ष हुनुहुन्छ ।)

# प्रतिष्ठानको गरिमा र हाम्रो आचरण

**आर्थिक, सामाजिक, पारिवारिक र शारीरिक रुपले सबल नभएका कारण आफ्नो ज्ञान र विवेकलाई धिक्कार्न कसैलाई नपरोस् अति आवश्यक सबैले छात्रवृत्ति प्राप्त गर्न सकून् भन्ने हेतुले हामीले पत्रपत्रिका मार्फत् सार्वजनिक आव्हान पनि गर्‍यौं तथापि सम्बन्धित व्यक्ति र वर्गसम्म यसको सूचना नपुगेर हुनसक्छ। हामीलाई छनौट गर्न गाह्रो हुनेगरी त्यति धेरै निवेदन परेका छैनन्।**



लालहरि पाण्डे

खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको गठन यस प्रतिष्ठानले अङ्गीकार गरेका उद्देश्यहरू र यसबाट सम्पन्न भएगरेको शैक्षिक, सामाजिक र लोक कल्याणकारी क्रियाकलापहरू एवम् प्रतिष्ठानले तय गर्नुपर्ने आगामी यात्राहरूलाई समेत समाविष्ट गर्ने हेतुले स्मारिका प्रकाशन गर्ने हाम्रो जमर्कोमा दरिलो साथ सदभाव र प्रेरणा प्रदान गर्नुहुने प्रतिष्ठानका संरक्षक, अध्यक्ष, कार्यसमिति एवम् सम्पूर्ण सुभेच्छुक मित्रहरूमा सर्वप्रथम सप्रेम कृतज्ञता अर्पण गर्दछु। खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको जन्मदाता र परिकल्पनाकार सामाजिक, मानवीय सेवा र कल्याणकारी कार्यमा रमाउने खेम अनि ओमी कला पुन दम्पती नै हुनुहुन्छ । जसको नामसँग जोडेर यो संस्थाको नामकरण भएको छ । वि.स. २०७० सालमा उहाँहरूकै अगुगाइ र सदीक्षा बमोजिम केही चरणका छलफल र भेटघाटबाट २०७० साल मंसिर १७ गते श्रद्धेय खेम पुनको जन्म दिनको अवसरमा निजको निजी आम्दानीबाट रू. १७०००००।- (सत्र लाख) अक्षय कोषको रूपमा बैंक खातामा जम्मा गरी हरेक वर्षको जन्मदिनमा रकम थप गर्दै लैजाने प्रणसहित सृजित यो बहुमूल्य खजाना र अमूल्य निधिले २०७१ जेष्ठ ९ गते जिल्ला प्रशासन कार्यालय र सोही वर्षको माघ ८ गते समाज कल्याण परिषदमा दर्ता भइ औचित्यसहितको जीवनको मूर्त रूप प्राप्त गरेको कुरा फेरी एकपटक स्मरण गराउन चाहन्छु ।

यो कल्याणकारी प्रतिष्ठान अझ व्यापक र बृहद् भै सकेको छ । प्रतिष्ठान कै आर्थिक सहयोगमा ५ जना गरिब असहाय र जेहेन्दार विद्यार्थीले एम.बी.बी.एस. डाक्टर बन्ने शुभ अवसर प्राप्त गरेका छन्। त्यसबाहेक शिक्षा, व्यवस्थापन, कानुन विधामा समेत केही विद्यार्थीहरू सुनिश्चित भविश्य प्राप्त गर्नेतर्फ अग्रसर छन् ।

सामाजिक र मानवीय सेवा भावनाका धनी खेम र ओमी पुनसँगै अब यस प्रतिष्ठानसँग आबद्ध सबै सदस्यहरूको व्यवहार, आचरण र प्रतिष्ठानसँग आबद्ध सबै सदस्यहरूको व्यवहार, आचरण र प्रतिष्ठान जोडिएको छ भन्नु अतियुक्ति नहोला ।

प्रतिष्ठानले परिकल्पना गरेको संस्थापक, आजीवन र साधारण सदस्य सबै यस प्रतिष्ठानका पारिवारिक सदस्य हुने भएकाले सुरूवात जे जसरी भएपनि अब

सबैको अपनत्व हुने गरी प्रतिष्ठानमा निर्दिष्ट उद्देश्यहरू माथि कहिँकतै अलमल नहुने गरी सदस्यहरूको छनोट र संलग्नता हुनुपर्ने देखिन्छ । हरेक किसिमका सदस्यहरूले नियमअनुसार सदस्यता दस्तुर भुक्तान गरी आफूलाई क्रियाशील बनाउनु पर्ने उत्तिकै जरूरी हुन्छ ।

प्रतिष्ठानको कार्यसमिति र अघिल्लो साधारण सभाबाट प्राप्त मेन्डेटअनुसार अब यस कल्याणकारी प्रतिस्थानको दायरा फराकिलो र विस्तृत गराउदै जानुपर्दछ भन्ने मान्यताअनुरूप प्रतिष्ठानको आर्थिक सहयोगबाट ४ जना एम.बी.बी.एस. डाक्टर बन्न सफल भएका छन् । अब सानो कक्षामा अध्ययन गर्दै गरेका तर उज्ज्वल शैक्षिक भविष्यमा ठूलो पर्खालबाट छेकिएका, समाजबाट हेपिएका, अपाङ्गता र बेसहारा भएका कारण अद्‌भुत र विलक्षण प्रतिभा र क्षमता भएर पनि उच्च शिक्षा हासिल गर्न नसकेकाहरूका लागि पनि बलियो सहारा बन्दैछ यस कल्याणकारी प्रतिष्ठान । गत वर्षदेखि नै हामीले कक्षा आठ पढ्दै गरेका विद्यार्थीहरू फार्मेसी अध्ययन गर्ने, बी.बी.ए. अध्ययनरत, कानुन विषय पढ्दै गरेका होनहार विद्यार्थीहरूलाई समेत छात्रवृत्ति दिँदै आएका छौँ ।

आर्थिक, सामाजिक, पारिवारिक र शारीरिक रूपले सबल नभएका कारण आफ्नो ज्ञान र विवेकलाई धिक्कार्न कसैलाई नपरोस् अति आवश्यक सबैले छात्रवृत्ति प्राप्त गर्न सकून् भन्ने हेतुले हामीले पत्रपत्रिका मार्फत् सार्वजनिक आव्हान पनि गऱ्यौँ तथापि सम्बन्धित व्यक्ति र वर्गसम्म यसको सूचना नपुगेर हुनसक्छ । हामीलाई छनौट गर्न गाह्रो हुनेगरी त्यति धेरै निवेदन परेका छैनन् ।

हामीले हाम्रो कार्यनीति र रणनीति पनि सोही अनुसार परिष्कृत गर्दै यस वर्ष देखि ५ नं. प्रदेश भरिका सम्पूर्ण स्थानीय तह (गाउँपालिका) कार्यालय र विद्यालयमा समेत पुग्ने गरी सूचना प्रवाहको मेसो मिलाउने सेवा क्षेत्र विस्तार गर्दै १/२ वर्ष भित्रै ५ नं. प्रदेशकै प्रमुख कल्याणकारी सेवादायी संस्था र निकट भविष्यमा नै राष्ट्रभरि आफ्नो सेवा विस्तार गर्ने प्रण समेत गरेका छौँ ।

हाम्रो प्रतिष्ठानको बारेमा लक्षित वर्गमा सूचना प्रवाह गरेर आफ्नो घर, टोल, छिमेकका बालबालिकालाई सम्पर्क गराई सफल भविष्यकालागि हामीसँग जोडिदिनुहुने पुन दम्पतीका इस्टमित्र, प्रतिष्ठानका शुभेच्छुक, सामाजिक, राजनैतिक र शैक्षिक अगुवाहरूप्रति पनि हामी अत्यन्त आभारी र कृतज्ञ छौँ । प्रतिष्ठानको सहयोगबाट असहायको भविश्य निर्माणमा जुट्न पाउँदा हामी आनन्दित हुन्छौँ । तर आफ्नो संरक्षकत्व र साहारा माग्दै पुगेका बालबालिकालाई आफू आर्थिक रूपमा पूर्ण सबल र सक्षम हुँदा पनि स्वयमबाट पहल नगरी यस प्रतिष्ठानलाई दायित्व सुम्पन खोज्ने विशिष्ट व्यक्तिहरूलाई चिनाउनुपर्दा अलि अप्ठेरो हुँदोरहेछ भन्ने महशुस पनि हामीले गरेका छौ ।

अन्त्यमा यस प्रतिष्ठानका निर्दिष्ट उद्देश्य र नीति नियमअनुरूप काम गर्न प्रतिष्ठानका सबै सदस्यहरूमा जाँगर चलोस् । फराकिलो मन गरेर प्रतिष्ठानको गरिमा बढाइराख्न प्रेरणा मिलोस् । सबै स्थानीय तह र प्रादेशिक एवम् संघीय सरकारसँग हातेमालो गर्न सक्ने वातावरण बन्नसकोस् भन्ने सदीक्षा सहित प्रतिष्ठानबाट छात्रवृति पाई उच्च शिक्षा हासिल गरेका सबै विद्यार्थीहरू भविष्यमा प्रतिष्ठानको मूल खम्बाका रूपमा सामाजिक र आर्थिक रूपान्तरणका निम्ति काम गर्ने प्रेरणा हौसला मिलोस् । सबैलाई शुभकामना, अस्तु ।

(सहसचिव, खेमओमी पुन कल्याणकारी प्रतिष्ठान)

# खेमओमी पुन : मेरो मानसपटलमा

अँध्यारोलाई नसरापी दियो बाल्ने प्रयास गरौँ; गुनासो मात्र होइन कर्म गर्ने बानी गरौँ; ओखलमा हात राख्दा मुसलको डर मानौँ; टपरटुइया शान, मानलाई तिरष्कार गरौँ; अरुको जीउमा फोहोर छ्याप्दै होली खेल्न बन्द गरौँ; मसलको पसल होइन फसलको खेती गरौँ; बारुदको बम होइन ममताको बीज रोपौँ; युद्धको त्रास होइन मानवताको छाता ओढाऔँ; इतिहासलाई नधिक्कारी जीवन गति लिने गरौँ भन्ने जीवनपयोगी मन्त्र खेमओमी पुनका जीवन शैलीबाट सिक्न सकिन्छ। जीवनको दीयोमा हरेक क्षण तेल थप्दै जीवनको वाती सल्काई अरुलाई उज्यालो प्रकाश दिनुमा नै जीउनुको सार हुन्छ भन्ने तत्वज्ञान मैले खेमओमी पुनको संगतबाट सिकेको छु।



प्रा.डा. जीवलाल सापकोटा

**१. भूमिका**

विश्वविद्यालयीय प्राध्यापनका क्रममा म २०५९ फागुन १ गते वृहस्पतिबार भैरहवा बहुमुखी क्याम्पसदेखि बुटवल बहुमुखी क्याम्पसमा सरूवा भएँ । भैरहवामा रहँदा सृजनशील युवा मञ्च, सिद्धार्थनगर संस्थाको संस्थापक अध्यक्ष बनी थुप्रै सामाजिक गतिविधिमा संलग्न भइयो । यो संस्थाका कारण मेरो आफ्नो स्वयम्सेवा भएको अनुभूति गरेको छु । संस्थाका कारण स्थानीय, जिल्ला स्तरीय एवम् राष्ट्रिय स्तरका व्यक्तित्वहरूसँग चिनजान गर्ने सुअवसर मिल्यो । संस्थाकै मञ्च प्रयोग गरेर आफ्नो वाक्कलाद्वारा थुप्रै महानुभावसँग परिचित हुने मौका पाइयो । बुटवल आइसकेपछि २०६० जेष्ठमा गुल्मेली सम्पर्क समाज, रूपन्देही गठन गर्नकै हेतु उपस्थित जनसभामा सो संस्थाको संस्थापक सदस्यमा मेरो नाम पनि सिफारिस भयो । बुटवलमा यही संस्थामा काम गर्दा ई. हीराबहादुर भलामी, यज्ञश्वर मरासिनी, ऋषि भण्डारी, बालकृष्ण भुसाल, जे.पी. कँडेल, खेमराज पुन, ओमीकला पुन, कविता अर्याल, लोक बहादुर खत्री, लोकबहादुर टण्डन, कमलनाथ ज्ञवाली, नारायणप्रसाद पन्थ आदिसँग सामीप्यता बढ्यो । गुल्मेली सम्पर्क समाज रूपन्देहीले आयोजना गर्ने प्रायः कार्यक्रमहरूको सञ्चालन गर्ने सुअवसर मलाई प्राप्त भयो । मेरो वाक्कलाबाट प्रभावित भएर ओमीकला पुन मसँग नजिक हुनुभयो । उहाँ नयाँ नयाँ कुराहरू सिक्न ज्यादै उत्सुक हुनुहुन्छ । गुल्मेली सम्पर्क समाज, रूपन्देहीले २०६० सालको हरितालिका तिजको पावन अवसरमा तिज गीत प्रतियोगिता आयोजना गर्ने निर्णय गऱ्यो । सो कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गर्न श्री ओमीकला पुनलाई कार्यक्रम संयोजक चयन गरियो ।

यही कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गर्ने हेतु २/३ चोटी ओमीकला पुनको साविकको बुटवल-८, मैत्रीपथमा अवस्थित निवासमा गएर कार्यक्रमबारे हामीले अर्न्तक्रिया गऱ्यौं । मिति २०६० भाद्र ५ गते शुक्रबार पुन परिवारसँग सँगै उहाँकै निवासमा साँझको खाना खायौँ । त्यही दिनदेखि खेमराज पुनसँग पनि मेरो आत्मीय चिनजान भयो । खेमओमी पुनका २ सन्तान : राजु र रोजीसँग पनि हार्दिक परिचय भयो । त्यसपपछि कैयौँ पटक म र मेरो परिवारले उहाँहरूको घरमा खाना खायौं । अब त हामी एउटै घरका सदस्य जस्ता भएका छौं ।

आदरणीय खेम दाइ र ओमी दिदीलाई मैले मेरो सहृदयी अभिभावक मान्दछु । मेरो र उहाँहरूबीच यति आत्मीय सम्बन्ध स्थापित गर्न पुलको काम गर्ने गुल्मेली सम्पर्क समाज रूपन्देहीप्रति सदा आभारी छु ।

**२. विषयप्रवेश**

गुल्मी जिल्लाको साविकको भार्से गा.वि.स. वडा नं. ३ सापढुङ्गा हाल सत्यवती गाउँपालिका वार्ड नं. ८ मा २०१९ साल मङ्सिर १७ गते आइतबार पिता श्री मनबहादुर पुन र माता श्रीमती गौरी पुनको कान्छो छोराको रूपमा खेमराज पुनको जन्म भएको हो । त्यस्तै साविकको गुल्मी जिल्ला वडागाउँ गा.वि.स. वार्ड नं. १, दजाकोट हाल मुसिकोट नगरपालिका वार्ड नं. ३ मा वि.स. २०२३ भाद्र १६ गते वृहस्पति बारका दिन पिता श्री तुलबहादुर गाहा र माता श्रीमती पूर्णकला गाहाको कोखमा कान्छी छोरीको रूपमा श्री ओमीकलाले यस धर्तीमा आँखा खोलेकी हुन् । यी दुई व्यक्तित्वहरू २०४३ साल मङ्सिर ९ गते सोमबार प्रणय सूत्रमा बाँधिए पश्चात् बुटवल उपमहानगरपालिका वार्ड नं. ६ मैत्रीपथमा औषधीको थोक व्यवसाय सञ्चालन गरिरहनु भएको छ । खेमओमी पुनका एक छोरा र एक छोरी छन् । छोरा राजु पुनको रूपन्देही जिल्ला तिलोत्तमा नगरपालिका वार्ड नं. ९ भलवारी निवासी श्री दुर्गा श्रीस मगर र श्रीमती पूर्ण श्रीस मगरकी सुपुत्री सामाजिक, साहित्यिक अभियन्ता श्री सरिता श्रीस मगरसँग २०७३ साल मङ्सिर १८ गते शनिवारको दिन शुभविवाह सम्पन्न भएको हो । पाँच सदस्यीय खेमओमी पुन परिवार आफ्नो व्यवसायका साथै विभिन्न सामाजिक संघ संस्थामा आवद्ध हुनुहुन्छ । छोरी, छोरा, बुहारी पनि "जस्ता मालीः त्यस्तै फूल औं फूलवारी" भने जस्तै नम्र, मिलनसार, सहयोगी, परोपकारी, शिष्ट, शालीन, सौम्य गुणबाट सिञ्चित भएको मैले पाएको छु । खेमओमी पुनको बैठक कक्षमा बस्दा एउटा शान्त मनोरम वाटिकामा ध्यानमग्न भएको अनुभुति मलाई मिल्दछ । यही खेमओमी पुन परिवारका समाजसेवी गतिविधिहरू र यसका आलोकले हाम्रो समाजमा पारेको प्रभावलाई यो आलेखमा विवेचना गर्ने प्रयास गरेको छु ।

**३. विवेचना**

खोक्रो आडम्वर मुक्त, सादगी जीवनशैली खेमओमीका विशिष्ट पहिचान हुन् । समयको पूर्ण सदुपयोग गर्दै कर्ममा विश्वास राख्छन् यी दम्पती अनि यिनका पारिवारिक जैविक सम्पत्ति । "आफ्नो आर्जनमा कसैको आँसु नपरोस्" यो दम्पत्तीको आत्मिक चाहना हो । सकेसम्म अरूका आँसु पुछी तिनीहरूका अनुहारमा हाँसो देख्न प्रयासरत यी दम्पतीको धर्म हो । मानवीय धर्म, कर्म र मर्ममा दिनोरात चिन्तन, मनन गर्दै यथासक्य व्यवहारमा उतार्नुमा आफ्नो जीवनको खास अर्थ ठान्छन् यी दम्पती । वेदव्यासले १८ पुराण लेखिसकेपछि, ती पुराणको सार "अष्टादश पुराणेषु व्यासस्य वचनम् द्वयम् : परोपकार पुण्याय पापाय परपीडनम्" अर्थात् धेरै ग्रन्थ रचेर अन्तिम जसै लेखे यही व्यासले,

***पापै हो सुख हर्छ जो सुजनको हो धर्म सुख दिन्छ जो ।।***

भने जस्तै खेमओमी पुनको जीवनको धर्म पनि यही भएको मलाई लाग्दछ ।

विगत १६ वर्षदेखि खेमओमी पुन परिवारसँग विचार विनिमय गर्दै, सुखमा रमाउँदै, दुखमा एक अर्काको मल्हमपट्टी बन्दै हामी क्रियाशील र गतिशील छौँ । सत्सुद्धि, सत्संगत, सत्बुद्धि, सत्प्रयासले जीवनलाई सरल मार्गमा हिडाउँछ भन्ने पाठ सिकिन्छ खेमओमी पुनबाट । जीवन एउटा कोपिला हो, यसलाई फक्रन दिनुपर्दछ र यसको सुवासनाले

समाजलाई आनन्द दिन सकोस् । तिमी जुन समाजमा बस्छौ, त्यसले तिम्रो उपस्थितिको अनुभूति गर्न सकेमा तिम्रो अस्तित्वको अर्थ छ, अन्यथा खर्वपति भएपनि त्यो उत्पीडक जीवन अर्थहीन हुन्छ भन्ने मान्यतामा विश्वास गर्छन् खेमओमी पुन । रित्तो खल्ती होइन विवेक शून्य मानव, मानव समाजकै समस्या हो ।

खेमओमी पुनले चिन्तन गर्ने विचारलाई व्यवस्थित गरी साकार रूप दिन मैले पनि गच्छेअनुसार नैतिक सहयोग गर्न पाउँदा हर्षले पुलकित छु । ओमी दिदी लेडी जेसिजको नेतृत्व लिँदा होस् वा इनरह्विल क्लवको नेतृत्व लिँदा होस् वा नेपाल मगर महिलासँग बुटवलको नेतृत्व लिदा होस् म आत्मिक रूपमा सँगै हिड्ने अवसर पाएँ । खेम दाइले आफ्ना दाजुहरूसँग मिली आफ्ना पूजनीय मातापिताको सम्झनालाई चिरस्थायी बनाउन आफूले मा.वि. तहसम्म अध्ययन गरेको श्री भार्से जनसेवा मा.वि. मा अध्ययनरत र अध्ययन गर्न इच्छुक तर स्रोतको अभावले स्कुल जान असमर्थ अति गरिव, विपन्न परिवारका विद्यार्थीलाई शैक्षिक सामग्री तथा शैक्षिक शुल्क उपलब्ध गराई तिनीहरूलाई आधारभूत प्रारम्भिक शिक्षा प्राप्त गर्न पाउने शैक्षिक बाल अधिकारबाट वञ्चित हुन नपरोस् भन्ने पुनित उद्देश्यले स्थापित रू. ७०००००/- अक्षयकोष रहेको श्री मनगौरी छात्रवृत्ति अक्षयकोषको विधान-२०६५ निर्माणमा यथासक्य योगदान गर्न पाउँदा म आफू यस अक्षयकोषको अभिन्न अंग भएको अनुभूति गरेको छु । एवम् रितले आजका दिनसम्म रू. ७५०००००/- अक्षकोष रहेको खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको विधान-२०७१ को निर्माण प्रक्रियामा पनि आफ्नो ऊर्जा सिञ्जित गर्न पाउनु मेरो अहोभाग्य ठान्दछु । यस प्रतिष्ठानसँग सम्बन्धित विभिन्न निवेदनहरू र फारमहरू खेम दाइ र मेरो अर्न्तक्रियात्मक छलफलका उपज हुन् भन्न पाउँदा म आफूलाई भाग्यमानी ठान्दछु । आफ्नी हजुरआमा कला पुनको सम्झनालाई चिरस्थायी बनाउने उद्देश्यले रू. २०००००/- अक्षयकोष रहेको कलापुन आमा समूह तथा आफ्ना नवविवाहिता छोरा राजु र वुहारी सरिताको नामबाट विवाह पश्चात् आयोजित प्रीति भोजका दिन स्थापित रू. १०,०००००/- अक्षयकोष रहेको राजुसरिता भोजन अक्षय कोष निर्माणमा पनि मेरा विचार र भावना समाहित भएको मैले अनुभूत गरेको छु ।

सात्विक आहार, विहार, ध्यान, योगा खेमओमी पुन परिवारका सबै सदस्यका जीवन पद्धति हुन् । यस्ता जीवन पद्धतिले सदैव जिउनका लागि सकारात्मक ऊर्जा दिन्छन् । जो जो व्यक्ति आत्मैदेखि खेमओमी पुनको संगतमा पर्छन्, तीनका पदचिन्ह पछ्याउँछन्, तिनीहरूमा रज र तम गुण विस्तारै विस्तारै हराउँदै जान्छन् र जीवनका प्रत्येक कोषमा सात्विक गुण प्रवाह सुरू हुन्छ भन्दा अत्युक्ति नहोला ।

आज खेमओमी पुन कल्याणकारी प्रतिष्ठान नगेन्द्र, श्रीस, काशीराम वि.क. विपिन चौधरी, जमुना श्रेष्ठ, राजकुमार गुप्ता, अर्जुन रायमाझी, सृजना पछाई, दीपक जी.आर. लगायत थुप्रै विपन्न, निसहाय तर जेहोन्दार विद्यार्थीका लागि कर्म दिने शैक्षिक अभिभावक बनेको छ । 'मनगौरी छात्रवृत्ति अक्षय कोष' मार्फत पनि सयौं बालबालिकाहरू आधारभूत प्रारम्भिक ज्ञान पाउने बाल अधिकारबाट वञ्चित हुनुपरेको छैन । 'कला पुन आमा समूह' मार्फत सयौं महिलाहरू आय आर्जन गर्ने काममा लागि स्वावलम्बी बनेका छन् । 'राजु सरिता भोजन आक्षयकोष' बाट थुप्रै असक्त, असहाय, अनाथ, अपाङ्ग तथा दैवीप्रकोप पीडित दीन दु:खीहरूलाई राहत प्राप्त भएको

छ । यी निरन्तर चलिरहने विशिष्ट सामाजिक गतिविधिबाहेक अन्य दर्जनौं सामाजिक, धार्मिक एवम् आपतकालीन दैवी प्रकोपमा खेमओमी पुन परिवारले थुप्रै व्यक्तिका अनुहारमा हाँसो र जीवनप्रति आशा जगाइदिनुभएको छ । अमेरिकी सामाजिक अभियन्ता Mary Rose McGeady भन्नुहुन्छ "There is no greater joy nor greater reward than to make a fundamental difference in someone's life" कोही व्यक्तिको जीवनमा आधारभूत परिवर्तन ल्याउन सक्नुभन्दा राम्रो आनन्द र पुरस्कार जीवनमा अरू केही छैन । यसर्थ खेमओमी पुन परिवारले सयौं व्यक्तिका अनुहारमा हाँसो, आत्मामा आत्मविश्वास, उत्पादनशील कर्ममा उत्प्रेरणा, ज्ञानको उज्यालो प्रकाश, जीवनप्रति सकारात्मक सोंच जगाइदिनुभएको मैले प्रत्यक्ष देखेको छु । यस्ता सरल, सहज, सक्रिय, सचेत समाजसेवी खेमओमी पुन परिवारप्रति हाम्रो सिङ्गो समाज आभारी छ ।

**४. निष्कर्ष**

घरवार, दरबार र तरबारको लालसामा डुबेको वर्तमान मानव समाजलाई यो धर्तीमाताका असल, उदार सन्ततीको सत्प्रयासले अरूहरूलाई विवेकशील मै आफ्नो समाजप्रति गर्नुपर्ने सच्चा मान, सम्मान र कर्तव्यबोध गराउने छ । भौतिक विलासिताको रसरङ्गमा लाखौँ खर्च गर्न नडराउने तर सामाजिक सेवा कार्यमा कौडी नफोर्ने तथाकचित धनाढ्यहरूलाई एक क्षण सार्थक जीवनबारे सोच्न लगाउने छ । हाम्रा विविध पर्वहरू एवम् उत्सवहरूलाई सामाजिक, सांस्कृतिक एवम् आर्थिक सन्तुलन तथा समझदारीमा खलल पुऱ्याउने गरी गरिने आडम्बरी भोज, भतेर भन्दा खेमओमी पुन परिवारले जस्तै अजर, अमर, कालजयी सामाजिक क्रियाकलापमा सहयोग गरी मानव सेवामा लाग्न हौसला प्रदान गर्दछ । खेमओमी पुन परिवारको सूक्ष्म अध्ययनबाट ममा अनायासै यी भावनाका भुल्काहरू छचल्किए :

***त्यो पल्लो घर दुःखमा छ झुपडी कुर्दैछ र शोकैधरी,***
***नाङ्गो जीर्ण लिई शरीर विचरा ! मर्दै छ मुर्छा परी,***
***हिँड्छन् नग्न कठै ! अनाज मुखमा केही नहालीकन,***
***छुट्टै दुःख कथा छ रुन्छ विचरा ! छाती समाईकन ॥***
***यस्तो चित्र छ छेउमा तर उता तिम्रो छ आडम्बर,***
***बोक्रे रोक-रवाफमा तर तिमी छौ मस्त भै आखिर,***
***के नै काम, कवाफको अरु भने मर्दा नखाईकन,***
***सुक्दा ती विरुवाहरु जमिनमा पानी नपाईकन ॥***

वर्तमान उपभोगवादी समाजमा हुनेखाने र हुँदा खाने बीचको खाडल माथिका पङ्क्तिहरूले चित्रण गर्दछन् । मानवीयता हराएको वर्तमान समाजमा सुदुरपूर्वको क्षितिजबाट आशा र उज्वल भविष्यको प्रकाश लिएर खेमओमी पुन उदाएका छन् । उनीहरूका असल विचार र कर्मको हामीहरूले पनि सृजनात्मक अनुकरण गर्ने बेला आयो कि ? एक मानवले अर्को मानवलाई मानवीय व्यवहार गर्न सिकौं । खेमओमी पुनको जीवन शैली अनुसरण गर्दै :

***जो छन् दुःख र दर्दका नगिचमा जाऔं उनैका भनी,***
***सेवा मानवको गरेर सबले साथी बनौं हरघडी ॥***

अन्तमा, खेमओमी पुन परिवारको सु-स्वास्थ्य, समृद्धि एवम् दीर्घ जीवनको कामना गर्दै उहाँहरूको समाजसेवा गर्ने सत्प्रयास अविरल अगाडि बढिरहोस्, सुन्दर, शान्त, शालीन, सौम्य, समतामूलक समाज निर्माण गर्ने सत्प्रयास सफलीभूत होस् भन्ने शुभेच्छा सहित यो लेखनीको यही नै बिट मार्दछु ।

जय जन्मभूमि ! जय सत्प्रयास !!

(लेखक अङ्ग्रेजी केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरका प्राध्यापक हुनुहुन्छ ।)

# जीवनमा अध्यात्मको महत्त्व

हामीभित्र अनियन्त्रित कामना, कामवासना, इच्छा-आकांक्षा, लोभ, मोहको भुमरी मडारिन्छ भने त्यसले हामीलाई अशान्त, व्याकुल, असहिष्णु, क्रूर, कठोर र अपराधीसमेत बनाउँछ। न अरुलाई शान्ति हुन्छ न आफूलाई नै सुखशान्ति र चैनको अनुभूति हुन्छ।



**ऋषिराम भुसाल**

जीवनजगत्का विषयमा भौतिक उत्पत्तिको सिद्धान्तबाट होस् वा आध्यात्मिक उत्पत्तिको सिद्धान्तबाट विमर्श गरे पनि व्यावहारिक मानव समाजमा भौतिक र आध्यात्मिक दुबै पक्षको ठुलो महत्त्व रहेको स्पष्ट छ । जीवनमा भौतिक विषयको महत्त्व कति छ भन्ने कुरा बयान गरिरहनु पर्दैन र यस आलेखको उद्देश्य पनि त्यो होइन तर जीवनमा अध्यात्म वा आध्यात्मिकताको अति उच्च महत्त्व रहन्छ भन्ने कुरा आजको चर्चाको विषय हो । एकातिर धर्मसम्प्रदाय (religion) का कुनाबाट व्याख्या गर्नेहरूले आफ्नै परम्परानुसारको विशेषता भएका देवता वा भगवान्लाई आफ्नै प्रकारका संरचना (चर्च, मस्जिद, मन्दिर आदिमा गएर पूजाआजा, प्रार्थना र जपध्यान गर्ने कार्यका रूपमा परिभाषित गरेका छन् भने अर्कातिर भौतिकवादका अलि उग्र व्याख्याताहरूले पनि अध्यात्मलाई धार्मिक कर्मकाण्ड र मन भुलाउने क्रियाकलापभन्दा बढी मान्न सकेका छैनन् । यसरी धर्म र भौतिकवाद दुबै कोणले हेर्नेहरूबाट मानिसका जीवनको आध्यात्मिक पक्षको अवमूल्यन हुनु राम्रो कुरा होइन ।

अध्यात्मको सामान्य अर्थ हो आत्मासँग सम्बन्धित विषय । आत्मादेखि नै जागेको ज्ञान वा भित्री ज्ञान वा अन्तर्ज्ञानलाई पनि अध्यात्म नै भनिन्छ । त्यसोभए आत्मा के हो त ? आत्मा अत्यन्त फराकिलो तथा बहुअर्थी शब्द हो । शरीरलाई जीवित राख्ने मूल तत्त्व, कुनै विषयको मूलभूत पक्ष वा सारतत्त्व तथा मानवीय चेतनाको अवस्था वा तह जुन मनभन्दा उच्च छ, जसले मनका सङ्कल्पविकल्प तथा बुद्धिका निर्णयहरूलाई पनि विवेक, समता, मैत्री, बन्धुत्व, समानुभूति, सहानुभूतिजस्ता भावद्वारा नियन्त्रण र नियमन गर्दछ, त्यो नै सामान्यतः आत्मा भनिन्छ । आफू अर्थात् स्वलाई बुझाउने सन्दर्भमा पनि आत्मा शब्द प्रयोग गरिन्छ । मूलतः यिनै अर्थहरूमा टेकेर अध्यात्मको व्यावहारिक परिभाषा गरिन्छ ।

अध्यात्म वास्तवमा आत्मपरिष्कारको मार्ग हो, आफूलाई चित्तको, मनको अथवा अन्तस्करणको जगदेखि नै शुद्धीकरण गर्ने माध्यम हो । यसर्थमा यो विशुद्धिमार्ग हो । हामी एकैछिन एकोहोरिएर आफैभित्र नियाल्यौँ भने हामीभित्रबाट अनियन्त्रित

किसिमले यस्ता इच्छा-आकांक्षाका साथै अरूप्रति द्वेष, क्रोध, घृणा, ईर्ष्या, असहिष्णुता तथा स्वयंप्रति अहङ्कार, अभिमान, उन्मत्त भाव, निराशा, दिग्दारी जस्ता विकृत मनोभावना मडारिएको अनुभव हुन्छ जसले अरूलाई र स्वयंलाई पनि अशान्त र दुःखी तुल्याउँछन् । कुनै व्यक्ति मनोविज्ञान पढेर होस् वा भौतिक विज्ञान पढेर होस्, आध्यात्मिक विषय पढेर होस् वा धर्मशास्त्रका प्रभावमा परमात्माको जप प्रार्थना गरेर होस्- आफूलाई ती मानसिक विकारबाट मुक्त गर्ने प्रयासमा लागेको छ, चित्तको निर्मलीकरण गर्ने साधनामा लागेको छ भने हामीले बुझ्नुपर्छ, त्यो व्यक्ति अध्यात्म साधनामा लागेको छ । सामाजिक क्रान्ति गर्छु भन्नेले जब क्रान्तिको पहिलो निशाना स्वयम् आफू हुनुपर्छ भन्ने आवश्यकताको बोध गर्छ र समाजको रूपान्तरण गर्छु भन्नेले प्रस्तावित रूपान्तरणको अनुकूल हुनेगरी स्वयम् आफ्नै स्वत्वको रूपान्तरण पहिला गर्नुपर्छ भन्ने बुझेर आफ्नो मन र इन्द्रियलाई परिष्कृत र संयमित बनाउने अभ्यासमा लाग्छ भने हामीले बुझ्नुपर्छ, त्यो व्यक्तिले आफूलाई आध्यात्मिक मार्गमा लैजाँदैछ ।

हामीभित्र अनियन्त्रित कामना, कामवासना, इच्छा-आकांक्षा, लोभ, मोहको भुमरी मडारिन्छ भने त्यसले हामीलाई अशान्त, व्याकुल, असहिष्णु, क्रूर, कठोर र अपराधीसमेत बनाउँछ । न अरूलाई शान्ति हुन्छ न आफूलाई नै सुखशान्ति र चैनको अनुभूति हुन्छ । यो त हामीले अनुभव गरेकै कुरा हो । अलिकति प्राप्तिले हामीलाई हर्षोन्मत्त बनाउँछ भने सानोतिनो नोक्सानीले पनि अन्तर्पीडा, कहाली र रूवाबासीको अवस्थामा पुऱ्याउँछ । यस्ता अवस्थामा हाम्रा चित्तमा तरङ्गित हुने, छचल्किने, उर्लिने परस्पर विपरीत प्रवृत्तिका लहरहरूलाई स्वयम् आत्मनिरीक्षण गरेर, बुद्धका शब्दमा 'द्वे अन्ता न सेवितव्या' (दुई प्रकारका उग्रवाद/अतिवाद अवलम्बन नगर्नू) भन्ने कुरा मनन गरी आफूलाई सन्तुलन, सौम्यता, धैर्य र शान्ति प्राप्त हुने प्रयत्नमा लाग्नु पनि अध्यात्म मार्गको यात्रा हो ।

अध्यात्मलाई भौतिकताको निरपेक्ष रूपले विरूद्धमा राख्दै यी दुईलाई मिल्नै नसक्ने र एक ठाउँमा रहनै नसक्ने तत्त्वका रूपमा पनि व्याख्या गरिएको छ । यसमा विचारणीय कुरा के छ भने भौतिक धरातलका अभावमा अध्यात्मको कुरा बुद्धिविलास पनि होइन, कल्पनाविलास मात्र हुन्छ भने अध्यात्मका अभावमा मनुष्य विवेकहीन इन्द्रियको दास बन्नपुग्छ । भौतिकता कि आध्यात्मिकता ? यो कुनै व्यावहारिक तुक भएको प्रश्न नै होइन । बरू भौतिक वस्तुहरू र तिनका आधारमा कायम हुने मानवीय सम्बन्धलाई कुन रूपमा, कुन स्थानमा र कुन प्राथमिकतामा राख्ने भन्ने कुरा नै महत्त्वपूर्ण हो । यसै प्रसङ्गमा नै अध्यात्मको आवश्यकता र औचित्य रहन्छ । ती सहिदहरू जो अविवेकी सत्तासँग झुकेका खण्डमा सम्पन्न जीवन बाँच्न पाइने विकल्प छँदाछँदै न्याय, स्वतन्त्रता र सार्वजनिक हितका लागि जीवन बलिदान दिन तत्पर भए उनीहरू उच्चकोटिका आध्यात्मिक व्यक्ति हुन् । १९९७ सालका स्वतन्त्रताका सेनानीहरूलाई मृत्युदण्डको सिफारिस गर्ने पण्डित सोमनाथ सिग्द्यालका तुलनामा सहादत वरण गर्ने युवा गङ्गालाल अतुल्य आध्यात्मिक थिए । उता ब्रिटिस-भारतमा बेलायती महारानीको स्तुतिमा संस्कृत भाषामा काव्य लेख्ने पण्डितहरूलाई तिनको हिन्दू धार्मिक दिनचर्याका आधारमा आध्यात्मिक भन्न सकिन्न, बरू मृत्युपूर्व आफूलाई नास्तिक घोषणा गरेर सहादत वरण गर्ने भगतसिँह उच्च कोटिका आध्यात्मिक थिए । उनीहरूले सम्पत्ति र सुविधासँग सत्य, न्याय र जनताको प्रतिष्ठानिमित्तको

आफ्नो विवेक, सङ्कल्प र अठोटलाई विनिमय गरेनन् । वस्तुतः बहुजन हिताय, बहुजन सुखाय आफ्ना स्वार्थहरू छाड्ने तथा उदात्त मानवीय मूल्यका लागि यावत् भौतिक सम्पत्तिमात्र होइन, जीवन नै अर्पण गर्न तत्पर हुने मनोभावना अध्यात्मको उत्कृष्ट नमुना हो ।

हाम्रा पूर्वजहरूले चित्तलाई स्वच्छ, निर्मल, शान्त र धैर्यवान् बनाउन केही व्यवस्थित शारीरिक एवम् मानसिक तालिमहरूको खोजी गरेका थिए जसलाई हामी योग वा ध्यान भन्दछौँ । गौतम बुद्धद्वारा सिकाइएको विपश्यना ध्यान तथा महर्षि पतञ्जलिद्वारा प्रतिपादित अष्टाङ्ग योग यस विषयमा चर्चित ध्यानविधि हुन् । योग्य गुरूको निर्देशन र निरीक्षणमा नियमित ध्यानसाधना गर्नाले मानिसको चित्त एकाग्र, सूक्ष्म, प्रशोधित र साधित बन्दछ । आफूलाई नै अस्थिर बनाइदिने चित्तवृत्तिका तरङ्गहरूलाई मानिस आफैले पहिचान गर्न थाल्दछ र आफूलाई नियन्त्रित, संयमित र सन्तुलित बनाउन सक्षम हुँदै जान्छ । यसरी नियमित अभ्यास गरेर पनि मानिस अध्यात्ममार्गमा अघि बढ्दछ । अहिले संसारभरि नै अनेक प्रकारका ध्यानकेन्द्रहरूले मानिसलाई अध्यात्मको अभ्यास गराइरहेका छन् । नेपालमा पनि विपश्यना केन्द्र, ओशो ध्यानकेन्द्र, ब्रह्मकुमारी राजयोग केन्द्र, आर्ट अफ लिभिङ, ईशा क्रिया (सद्गुरू जग्गी वासुदेव), साई केन्द्रलगायत धेरै ध्यानकेन्द्रहरूले कुनै न कुनै किसिमले ध्यान सिकाएर अध्यात्मको प्रशिक्षण दिइरहेका छन् । वास्तवमा अध्यात्म साधना र ध्यानविधि दक्षिण एसियाको खोजी हो । कुनै ध्यानविधि केही पक्षमा बढी वैज्ञानिक होला, कुनै विधि केही पक्षमा सुव्यवस्थित र सरल होला, तर लगनशील तरिकाले साधना गर्दा जुनसुकै विधिले पनि हामीलाई थोरैधेरै आध्यात्मिक अनुभूति प्रदान गर्दछन् ।

सरल तरिकाले भन्नुपर्दा अध्यात्म भनेको आफ्नै अन्तस्करणको सुन्दर र पवित्र व्यवस्थापन हो जुन बाह्य क्रियाकलापसँग प्रत्यक्ष जोडिएको हुन्छ । म के गरिरहेछु ? मभित्र के घटित भइरहेछ ? ममा कस्तो स्वभाव र प्रवृत्ति विद्यमान छ ? यस्ता विषयमा अन्तर्मनका गुफामा पसेर, नियालेर त्यसलाई सङ्गठित, व्यवस्थित, विशुद्ध, निर्मल र परिष्कृत बनाउने कार्य नै अध्यात्म हो । इन्द्रियहरूका माध्यमबाट बाहिरी संसारको चहलपहलमा लागेको अशान्त, थकित, अव्यवस्थित र प्रदूषित मनलाई खिचेर आफ्नै अन्तरमा विश्रान्ति दिलाउने र शुद्धीकरण गर्ने प्रयत्न नै अध्यात्म हो ।

विवेक र आत्मानुशासनको उच्च उच्चतर अवस्था हो अध्यात्म । दण्डको भयले वा प्रशंसाको लोभले अनुशासन पालन गर्नु अध्यात्म होइन, स्वतः अनुशासनमय हुनु अध्यात्म हो । प्रसिद्धिका लागि सेवा र दान गर्नु पनि राम्रो हो तर सेवाभावले सेवा र दान गर्नु अध्यात्म हो । अध्यात्म अहङ्कारको विरोधी भाव हो अथवा 'म'को शुद्ध र परिष्कृत रूप हो, 'म'को उन्नयन र उदात्त स्वरूप हो, उच्चतम मानवीय मूल्य हो । जब मानिस अरूका दुःखपीडाप्रति करूणामय बन्छ र वैध सुखप्रति प्रसन्न हुन्छ, जब आत्मा (आफू) र परात्मा (अर्को) का बिचमा एकत्वको भाव पैदा हुन्छ, आफू कसैका दुःखकष्टको कारण नबनूँ बरू यथाशक्य त्यसको निवारण बनूँ भन्ने विचार निस्वार्थ र स्वस्फूर्त रूपले जाग्रत हुन्छ तब त्यो चित्तदशा अध्यात्म बन्दछ ।

व्यापक विश्वबोध, विश्वबन्धुत्व र असीम अस्तित्वसँगको ऐक्यभाव अध्यात्मको भावनात्मक पक्ष हो । असहमतिहरूका बिचमा सहिष्णुता, भिन्नताका बिचमा समन्वयात्मकता, समानताको खोजी र

सम्मानयुक्त सहअस्तित्व पनि मानवका आध्यात्मिक गुणहरू हुन् । आफूलाई समष्टि विश्व प्रवाहको एक अभिन्न अंशका रूपमा सोच्दै ब्रह्माण्डको त्यस चालक शक्तिसँग तादात्म्य भावको अनुभूति गर्नु अध्यात्मको सौन्दर्यात्मक पक्ष हो । यसै अर्थमा प्रकृतिसँग आत्मभावको अनुभूति गर्ने प्रकृतिप्रेमी रोमान्टिक कविहरूमा अध्यात्म भेटिन्छ ।

धर्मसंस्था (religion) नै अध्यात्मको स्रोत, संवाहक र संरक्षक पनि हो भन्ने भ्रम पनि कम्तीमा दुई हजार वर्षदेखि फैलिएको छ । निश्चय नै लामो समयसम्म अध्यात्मको व्याख्या अलगअलग धार्मिक समूहभित्रै सीमित रह्यो, यसको स्वायत्त व्याख्या भएन । परन्तु यसमा बुझ्नुपर्ने कुरा अर्कै छ । अध्यात्ममा जिज्ञासा हुन्छ, प्रश्न र खोजी हुन्छ जसरी उपनिषद्का ऋषिहरूले खोजेथे, बुद्ध र महावीरले खोजेथे, क्राइष्ट र मुहम्मदले खोजेथे तर धर्ममा ठाडो आदेशमात्र हुन्छ, प्रश्न होइन बनिबनाउ उत्तरमात्र हुन्छ, शासन हुन्छ । हरेक धर्ममा अध्यात्मलाई थोरै-धेरैमात्रामा फासीवादी ढङ्गले विकृत तुल्याइएको हुन्छ- उच्चतर मानवीय तत्त्वलाई छायामा राखी कर्मकाण्ड र आफ्ना मिथकीय वंशावलीलाई प्रथम स्थानमा राखिन्छ । यतिमात्र होइन, धर्मका नाममा सामुदायिक अहङ्कार र साम्प्रदायिक घृणाको कुत्सा पोख्ने काम पनि प्रशस्त हुन्छ । हिन्दूहरू परधर्मी (वेद नमान्ने)लाई नास्तिक भनेर निन्दा गर्छन्, मुसलमानहरू अरूलाई काफिर भनेर आक्रमण गर्छन्, इसाईहरू जिससलाई ईश्वरका एकमात्र पुत्र नमान्नेलाई सैतानका पिछलग्गू तथा नरकगामी भन्दछन्, भुटानबाट बौद्ध शासकले हिन्दू धर्मावलम्बीलाई घर न घाटको बनाएर लखेट्छन् .... यस्तैयस्तै ।

अर्को कुरा, धेरैले अध्यात्मलाई सोझै ईश्वरवाद वा आस्तिकतासित आबद्ध गरेर हेर्दछन्- भौतिकवादी दर्शन मान्ने तथा संसार बनाउने कुनै कर्ता हुनुपर्छ भन्ने तर्कमा विश्वास नगर्ने मानिसहरू पनि आध्यात्मिक हुन्छन् भन्ने कुरा स्वीकार गर्न सक्दैनन् । उनीहरू अध्यात्मलाई लौकिकभन्दा बढी अलौकिक तथा पारलौकिक विषय मान्दछन्, यस जन्मसँगभन्दा परजन्मसँग सम्बन्धित कुरा मान्दछन् । यो गलत विचार हो । रामायणलाई नै आधार बनायौँ भने पनि त्यहाँ राम र रावण दुबै शिवभक्त हुन्, सन् १९४५ मा जापानको हिरोसिमामा अणुबमले अभूतपूर्व एवम् नृशंस नरसंहार भएको देख्दादेख्दै फेरि नागासाकीमा बिष्फोट गर्न आदेश दिने अमेरिकी शासकहरू इसाई थिए, कुमारी आमाका ईश्वरपुत्र जिससमा विश्वास गर्ने, अनि मस्जिदमा नमाज पढ्दैगरेका भक्तजनमाथि अन्धाधुन्ध बम प्रहार गर्ने धेरैजसो आतङ्कीहरू अल्लाहका कट्टर विश्वासी हुन् । उतातिर, ईश्वरमा विश्वास नगर्ने गौतम बुद्ध स्वयम् एक महान् आध्यात्मिक विभूति थिए । यसो भनौँ, कुनै व्यक्तिले ईश्वरमा विश्वास राख्छ वा राख्दैन भन्ने कुराले ऊ आध्यात्मिक हो वा होइन भन्ने निर्धारण गर्दैन । नेपालका विद्वान् लेखक बालकृष्ण सम आफूलाई भौतिकवादी नै भन्छन् तर उनका साहित्यमा उच्च आध्यात्मिक चेतना पाइन्छ ।

निष्कर्षतिर लागौँ । अध्यात्म उच्च मानवीय मूल्य, सदाचार र सद्भावप्रतिको सहज समर्पण हो, आत्मानुशासन तथा नैतिकताको उच्चतम अवस्था हो, सत्य र न्यायप्रतिको निष्ठा र अटल प्रतिबद्धता हो । नितान्त व्यक्तिगत रूपमा हेर्दा, अध्यात्म भनेको आफ्ना अन्तरात्माका भावलाई माझ्ने, शुद्धशान्त पार्ने

तथा तिनलाई विकृत, विचलित, विक्षिप्त (चञ्चल, अस्थिर), अशान्त, असंयत (असन्तुलित), असहिष्णु अवस्थाबाट उठाउने कार्य हो । सांस्कृतिक र शैक्षिक अभ्यास, विशेष ध्यान, योग र सत्सङ्ग तथा सामाजिक सामुदायिक सहकार्यका साथै पारिवारिक प्रशिक्षणद्वारा व्यक्तिव्यक्तिमा आध्यात्मिक सञ्चेतना जगाउनु आजको आवश्यकता हो । आध्यात्मिक हिसाबले परिष्कृत र सुदृढ व्यक्तिहरूबाट नै सुखी, समृद्ध र उन्नत समाजको निर्माण हुनसक्छ । भौतिक-आर्थिक रूपले आधारभूत/न्यूनतम आवश्यकता नपुगेको अवस्थामा मानिसलाई भावनात्मक परिष्कारको प्रशिक्षण त्यति फलदायी नहोला तर त्यही समाजलाई उन्नत, प्रेमपूर्ण र सुखी बनाउनका लागि आध्यात्मिक चेतना एक संयोजनकारी शक्ति बन्दछ । यस क्रममा अध्यात्मलाई परम्परागत रूढ मान्यता र धार्मिक सङ्कीर्ण कट्टरताबाट मुक्त गरी वैज्ञानिक धरातलमा उभ्याउनु आवश्यक छ । अझ अध्यात्मका नाममा देखिएका विकृत अनुष्ठान, शोषण, गुलामी र अन्धभक्तिजस्ता खराबीलाई उन्मूलन गर्नु पनि उत्तिकै आवश्यक छ । अल्बर्ट आइन्स्टाइनलगायत केही वैज्ञानिकहरूले प्रस्तावित गरेजस्तो 'एक विश्वधर्म' जुन पूर्णतया वैज्ञानिक प्रस्थापनाहरूमा आधारित रहन्छ, त्यो नै वास्तविक रूपमा अध्यात्म हुनेछ । अहिलेसम्म हामीसँग प्रायः स्वर्गबाट अवतरण गरेको अध्यात्म प्रचलित छ भने धर्तीबाट, जनताका माझबाट, तिनका प्रत्यक्ष व्यवहार र आपसी सम्बन्धबाट उठेको वैज्ञानिक अध्यात्मको निर्माण र विकास नै आजको आवश्यकता हो । वैज्ञानिक प्रविधिसँगै विकसित र समृद्ध भएको अनि अशान्त र सङ्कटग्रस्त पनि भएको यस दुनियाँलाई आध्यात्मिक विकासले नै धेरै हदसम्म जोगाउन र आनन्दमय अवस्थामा राख्न सम्भव हुनेछ ।

आध्यात्मिक भावनाबाट प्रेरित भई समाजसेवाको बाटामा अग्रसर भएको खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले सहयोगी हात फैलाएर शिक्षाको उज्यालोबाट वञ्चित विद्यार्थीलाई पठनपाठनको वातावरण मिलाइदिएर परोपकारी काम गर्दै आएको छ । पुन दम्पतीमा जागृत सेवाको भावले सदासर्वदा निरन्तरता पाइरहोस् भन्ने शुभकामना दिँदै समाज परिवर्तनको यो अभियान अनवरतरूपमा अगाडि बढोस् । प्रेरणादायी मार्गमा लागेका पुन दम्पतीको अभियान समाजका अरू व्यक्तिका लागि समेत प्रेरणादायी रहेकाले यस्तै परोपकारी मार्गमा सञ्चालित हुनका लागि सबैलाई आग्रह पनि गर्दछु । अस्तु ॥

(प्रथम लेखन २०७६ असोज २०, सोमरात्री, नन्दनवन, शब्द १७१६)

(लेखक त्रि.वि. का सेवानिवृत्त सहप्राध्यापक हुनुहुन्छ ।

# विद्यालयले प्राप्त गरेको असल अभिभावक

वास्तवमा एउटा राज्यले पुरा गर्नुपर्ने दायित्व हाम्रो आफ्नै समाजमा सामान्य औषधी व्यवसाय गर्ने खेम पुन र ओमी पुनले पुरा गर्नु भएको छ। हाम्रा यी मेघावी छात्रछात्राहरुसँग मेरो अपिल छ कि तपाईंको बुवा नहुँदाको पीडामा मलम लगाउने खेमओमी पुन छात्रवृत्ति अक्षयकोष समीपमा उपस्थित भएको छ। तपाईंको आमा नहुँदाको पीडा घरबास, सम्पत्तिको अभावमा शैक्षिक यात्रामा अवरुद्ध बनेको यात्रालाई हातेमालो गर्न यो संस्था तपाईंको साथमा उपस्थित छ।



घनश्याम पाठक

२०७३ को शैक्षिक वर्षको अन्त्य र २०७४ सालको शैक्षिक वर्षको सुरूमा हामी विद्यालयको भावी योजना निर्माणमा व्यस्त थियौँ। कति विद्यार्थी संख्या, कति कक्षा कोठा, कति शिक्षकको व्यवस्थापन गर्ने र शैक्षिक वर्षमा शैक्षिक उपलब्धि कति पुर्‍याउने विषयगत सन्तुलन कायम गर्ने रणनीति के के बनाउने, कक्षाकोठालाई प्रभावकारी बनाउन के के उपायहरू अपनाउने आदि आदि योजनामा केन्द्रित भएर हामी लागिपरेका थियौं।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री होमबहादुर गलामी आफूले सँगै खेम पुनज्यूलाई लिएर आएको र वहाँको बारे छोटो परिचय गराउनु भयो। पहिलो भेट अनि छोटो परिचयमै म अत्यन्तै प्रभावित भएँ। आजको हाम्रो समाज जहाँ आर्थिक उपार्जन र बाँडफाँडमा अत्यन्तै लिप्त भएर दाजुभाइ, बाउ छोरा, आमा छोरा आदि आदिको सम्बन्धसमेत धरापमा परिरहेको बेला हाम्रो समाजमा यस्ता मान्छेको पनि जन्म भएको छ। हाम्रो समाजले यस्ता होनाहार व्यक्तित्वको पनि निर्माण गरेको रहेछ आश्चर्य परेँ। आफूलाई समालेर वहाँको कुरा सुन्दै गएँ।

सामुदायिक विद्यालय जहाँ आर्थिक अभावको कारणले आफ्नो अध्ययन कार्यलाई बाधा पुगिरहेका गुनासा आइरहेका हुन्छन्। तैपनि विद्यालयले कोही पनि आर्थिक अभावको कारण विद्यालय छाड्न नपर्ने घोषणा त गरेको थियो तर खाने, बस्ने, लगाउने जस्ता समस्याले थिचेका थुप्रै विद्यार्थीहरू हाम्रो नजरमा थिए। खेम पुनको उपस्थितिले ती अनुहारहरू झलझल्ती आँखा वरिपरि आउन थाले र एउटा उज्यालो सम्भावनाको आशा पनि पलायो। हुन त यसै विद्यालयबाट कक्षा १२ उत्तीर्ण गरी MBBS मा छात्रवृत्तिमा नाम निकालेर पनि बाटो खर्च र सामान्य खाने बस्ने समस्या परेको कारणले दोधारमा परेकी जमुना श्रेष्ठलाई मैले व्यक्तिगत रू. २०,००० दिएर तिमी जाऊ एउटा उपाय निकाल भन्दै पठाएको सम्झना आयो। जमुनाको लागि खेम ओमी पुनले डाक्टर बन्न सहयोग गर्ने वचन दिएर उनको शैक्षिक यात्रामा निरन्तरता दिएको कुराले पनि हिजो जमुनालाई त्यसरी पठाएकामा आज त्यो सार्थक बनेको महुसुस भयो।

आज हाम्रो समाजमा धेरै धेरै पैसा र सम्पत्ति भएका मान्छेहरू तमाम छन्। सम्पत्ति थुपार्ने होडबाजी चलेको छ। पूँजी व्यक्तिमा केन्द्रित गरेर राखेको उदाहरण धेरै छन् तर सामान्य किसानको छोरा एउटा औषधी व्यवसायी जसले ६०/७० लाख आफ्नो निजी रकमलाई खेमओमी पुन कल्याणकारी संस्थाको स्थापना गरेर जेलमा कैदी जीवन बिताएर बसेका अर्जुन रायमाझीदेखि विपिन चौधरी, डा. काशीराम वि.क., डा. रामकुमार गुप्ता, डा. नरेन्द्र श्रीस, डा.

जमुना श्रेष्ठ र ई. सृजना पछाईलाई छात्रवृत्ति उपलब्ध गराएर यस राष्ट्रको लागि योग्य र प्राविधिक जनशक्ति उत्पादन गर्नुभएको छ । हाल यस संस्थाको आर्थिक सहयोगबाट कालिका मानवज्ञान मा.वि.मा अध्ययनरत निम्न विद्यार्थीहरू रहेका छन्ः

१. शुभम पौड्याल, कक्षा ८
२. रोशनी दर्लामी, कक्षा ८
३. योगेश श्रेष्ठ, कक्षा ९

यसको साथै योगेश श्रेष्ठलाई यस संस्थाको पूर्ण आर्थिक सहयोगबाट आवासीय सुविधासहित अध्ययन गर्ने अवसर प्रदान गर्नुभएको छ । यी खेम ओमी पुनले यस्ता देशका असल छोराछोरी जन्माउनुभएको छ । उहाँ यस्तो उदाहरणीय अभिभावक बन्नुभएको छ । अब यी असल छोराछोरीहरूले आफूलाई पढ्न, शिक्षा हासिल गरेर यो व्यक्तित्व निर्माण गर्न अवसर दिएको खेमओमी पुन छात्रवृत्ति अक्षयकोषलाई आफ्नो बाबुआमा सम्झेर यस संस्थाको श्री वृद्धिका लागि आ-आफ्नो औकातअनुसार योगदान हुनेछ भन्नेमा आशा लिएको छु । २०७५ सालको शैक्षिक वर्ष हाम्रो विद्यालयमा एउटा यस्तो छात्रको आमगन भयो जसको घरको अवस्था बुझ्दा मात्र पनि हृदय पोलेर आउँछ । हाम्रो समाजमा किन यस्तो अवस्थाको सृजना भएको छ ? किन हाम्रो समाजले यो अवस्थाको अन्त्य गरेर समतामूलक समाजनिर्माण गर्न अग्रसर हुन सक्दैन ? धन्य हो हाम्रो यो वर्गीय समाजमा यस्ता मान्छेको पनि उपस्थिति रहेको छ जसले यस्ता अप्ठ्यारा अवस्थामा परेका बालबालिकालाई सहयोग गरेर उदाहरणीय व्यक्तित्व निर्माण गर्नुभएको जोडी खेम पुन तथा ओमी पुन ।

हाम्रो विद्यालयमा हाल कक्षा ९ मा अध्ययनरत छात्र श्री योगेश श्रेष्ठका बुबा बोल्न नसक्ने आमाले सानैमा छाडेर अन्यत्रै गएकी, घरबासको अत्यन्तै विजोग, अरूको खेतबारीमा काम गरेर परिवार धानेको अवस्थामा त्यस्तो खबर सुन्नु भएका खेम पुन उनकै घरमा पुगेर अवस्था बुझिसकेपछि त्यो छात्र योगेश श्रेष्ठलाई बुटवल ल्याएर होस्टलमा अक्षयकोषको व्याजबाट खर्च व्यहोर्ने र पठनपाठन र स्टेसनरी विद्यालयले व्यवस्था मिलाउने गरी कालिका मानवज्ञान मा.वि. मा पढाउने व्यवस्था मिलाउनुभएको छ । यस्तै अवस्था ज्यादै कमजोर भएका कक्षा ८ मा अध्ययनरत छात्रछात्रा रोशनी दर्लामी र सुभम पौडेलको उच्च शिक्षा हासिल गर्ने समयसम्मको लागि बाटो खोलि दिनुभएको छ । यसरी जमुना श्रेष्ठ यसै विद्यालयकी मेघावी छात्रालाई डाक्टर बनाइदिनुभएको छ, धेरै इन्जिनियर, समाजको बुद्धिजीवी जन्माउनुभएको छ । यो वास्तवमा एउटा राज्यले पुरा गर्नुपर्ने दायित्व हाम्रो आफ्नै समाजमा सामान्य औषधी व्यवसाय गर्ने खेम पुन र ओमी पुनले पुरा गर्नु भएको छ । हाम्रा यी मेघावी छात्रछात्राहरूसँग मेरो अपिल छ कि तपाईंको बुवा नहुँदाको पीडामा मलम लगाउने खेमओमी पुन छात्रवृत्ति अक्षयकोष समीपमा उपस्थित भएको छ । तपाईको आमा नहुँदाको पीडा घरबास, सम्पत्तिको अभावमा शैक्षिक यात्रामा अवरूद्ध बनेको यात्रालाई हातेमालो गर्न यो संस्था तपाईंको साथमा उपस्थित छ । कानुनका ठेलीले निम्छरो बन्न पुगेको तपाईहरूको जीवनमा यो संस्था वकालत गर्न आइपुगेको छ । अप्ठ्यारो परिस्थितिमा अभिभावकत्व ग्रहण गर्न आइपुगेको खेम ओमी पुन अक्षयकोषको स्थायित्व र दीर्घकालसम्म यसको सञ्चालनमा अब तपाईंहरूको भूमिका महत्त्वपूर्ण बन्न सकोस् । हाम्रो समाजले धेरै खेम पुन र ओमी पुनजस्ता होनाहार समाजसेवी जन्माउन सकोस् । हाम्राजस्ता सामुदायिक विद्यालयमा अध्ययनरत छात्रछात्राहरूको आशा र विश्वासको धरोहर यो खेम ओमी पुन अक्षयकोष बन्न सकोस् शुभकामना छ ।

फेरी पनि अन्त्यमा म खेम पुन र ओमी पुनले यो संस्था जन्माउनुभयो यसको माध्यमबाट धेरै कठिन स्थितिसँग मुकाविला गरिरहेका हाम्रा देशका कर्णधारहरूलाई सहज रूपमा आफ्नो लक्ष्यमा पुग्न सहयोग गरेको छ । तपाईंहरूको आफ्नो लक्ष्यमा पुगिसकेकाहरूले अब तपाईं पछिको त्यस्तो परिस्थितिसँग मुकाविला गरिरहेका तमाम छात्रछात्राहरूलाई शीतल छहारी प्रदान गर्न यस संस्थाको जिम्मेवारी वहन गरेर खेम पुन, ओमी पुनको कमी महसुस हुन नसक्ने गरी संस्थाको व्यवस्थापनको पक्षमा लाग्नुहुने छ भन्ने शुभकामना दिन चाहन्छु ।

(लेखकः घनश्याम पाठक, प्रधानाध्यापक
कालिका मानवज्ञान मा.वि., बुटवल, रूपन्देही)

# हामी पनि परोपकारी बन्ने कि ?

समाजमा व्याप्त देखासिकी होडबाजीले एकातिर फजुल खर्च भइरहेको छ भने अर्कातिर खाना नपाएर मर्नेको संख्या वृद्धि भइरहेको छ। खेम पुनजस्ता मानिस जसले जीवनमै सकारात्मक असर पर्नेगरी प्रेरणादायी कामको सुरुवात भएको छ। उहाँको कामले सबैलाई राम्रो सन्देश अवश्य जाग्ने छ। जसको कारणले अरुले वा सरकारले के गऱ्योभन्दा मैले के गरेँ त भन्दा गर्व गर्ने स्थान बन्नेछ ब। "राजु सरिता भोजन अक्षयकोष" स्थापना जस्ता कोषहरु बृद्धि हुँदै जानेछन्। आडम्बरको प्रतिस्पर्धाभन्दा मानवीय व्यवहार गर्ने व्यक्तिहरुको वृद्धि होस्, मानवताको समाज बन्ने छ। उदाहरण आफै बन्दा बल्ल अरुले सिक्छन स्वयम् उदाहरण खेम ओमी पुन हुनुहुन्छ।



**सुमित्रा शर्मा**

साँच्चै दुख्ख नाप्ने कुनै वैज्ञानिक उपकरणहरू छैनन् होला र वास्तवमै कुन तह वा अवस्थालाई दुःखी र असहाय भन्नेमा पनि सबैको मत एकनासको नहोला । तथ्याङ्कका हिसाबले भन्दा हामी नेपाली विश्वका गरिब देशहरूको ३१ औ सूचीमा पर्दछौँ र खुसी हुनको सूचीमा पनि १००औँ स्थानमा पर्दछौँ । यस्तै विषयमा आधारित रहेर केही वास्तविक अनुभूति यहाँ लेख्न मन लाग्यो ।

संयोगले यस्तो पात्रसँग भेट भयो जसका विगत र वर्तमानको जीवन भोगाइको यथार्थ कथा सुन्दा कस्का आँखा नरसाउलान् ती हुन्- कृष्णकुमारी आचार्य । न आफ्नो घर न त आफ्नै जग्गा जीवनमा सहयोग गर्ने श्रीमान्को मृत्यु, अपाङ्गता भएकी ठूली छोरी, फौजदारी अभियोग काटिरहेका कान्छा छोरा र घर व्यावहार चलाउने ठुलो अभिभारा । दैनिकी टार्नका लागि उनले नगरेको के होला गिट्टी कुट्ने, होटलमा भाँडा माझ्ने, वैदेशिक रोजगार, मकै पोल्ने आदि ।

यस्तैमा २ वर्ष अघि बेपत्ता भएका कृष्ण कुमारीको जेठा छोरा एक्कासि भेटिएको सुनौलीबाट खबर त आयो तर यस्तो अवस्थामा कि मरणासन्न अवस्थामा बोराभित्र अचेत अवस्थामा । उपचारको क्रममा मितिमा भीम अस्पतालबाट लुम्बिनी अञ्चल अस्पतालमा भर्ना गर्न लगेको उनका छोरालाई २० औं दिनसम्म आर्थिक अभाव र पहुँच नपुग्दा भर्ना नलिई बाहिरै राखेका थिए । कृष्णकुमारीको भनाइअनुसार २० दिनपछि १ जना नयाँगाउँका समाजसेवी व्यक्तिले भनसुन गरी भर्ना गराइएको थियो भने उनले नचिनेका व्यक्तिबाट १ पोका रगतसमेत सहयोग मिलेको थियो । पटक पटक अस्पतालले अन्य स्थानमा उपचारका लागि लैजान भनेको तर उनको आर्थिक अवस्था कमजोर भएका कारण लैजाने कुरा त परै जाओस् औषधी खरिद गर्न पनि नसक्ने अवस्था रहेको थियो । अपाङ्गता भएकी ठूली छोरी, अस्पतालको बेडमा ठूलो छोरा आफू वृद्धा र अपाङ्गता भएकी उनी बिरामी छोरालाई खुवाउनका लागि मकै पोल्ने काम गर्थिन् । मकै पोल्ने दिदी बहिनीहरूले दिएको रू. २०००/- पनि ठूलो राहत मानेकी उनले कहिले माग्ने कहिले मकै पोलेर गुजारा गरेकी थिइन् ।

अति नै कष्टकर जीवन बिताइरहेकी कृष्णकुमारीका छोरा अस्पतालमा भर्ना हुँदा लट्ठीको साहारामा नगरपालिकाको सहयोग पत्रको साथ सहयोग माग्दै हिड्ने क्रममा उनले एउटा मनकारी समाजसेवी खेम पुनलाई भेटिन् जुन भेट उनको जीवनको केही गुमेको हाँसो फिर्ता हुने अवसरका रूपमा प्राप्त भयो । उनका जीवन भोगाइको वृतान्त सुनिसकेपछि खेम पुनले दैनिक रू १२००, १५००,

२००० गर्दै सहयोग गर्नुभयो दैनिक माग्दा जम्मा १०० र २०० मात्र सहयोग पाउने उनलाई ठूलो राहत मिल्यो । उनले साक्षात् भगवान् मिलेको अनुभव गरिन् र छोरा छिट्टै निको हुने आशामा खुसी भइन् तर हुने हार दैव नटार भनेजस्तै उपचार क्रममै फेरि उनले छोरा गुमाउनुपऱ्यो । अब झनै बज्रपात पऱ्यो संस्कारअनुसार क्रिया गर्ने अवस्था नभएकी उनलाई फेरी खेम पुनबाट काज क्रिया खर्चसमेत प्राप्त भयो । यस्तो घटनालाई नजिकबाट अनुभूति गरेका मनकारी समाजसेवी खेम पुन र ओमी पुन दम्पतीले छोराको विहेमा भोज नगरी छोरा बुहारीको नाममा रू. दशलाख रूपैंयाको राजु सरिता भोजन अक्षयकोष स्थापना गर्नुभएको छ ।

त्यही कोषको व्याजबाट उनलाई दैनिक जीवन निर्वाह सहयोग पुग्ने गरी मासिक रू. ३०००/- उपलब्ध हुन थाल्यो । एक दिन पनि मकै पोल्न नपाए वा माग्न नपाए भोकै सुत्नपर्ने अवस्थाकी उनी हाल बिरामी पर्दासमेत सामन्य उपचार गर्न सक्ने भएकी छन् भोकै बस्न परेको छैन ।

उनी भन्छिन्, "मैले यस्तो अवस्थामा औषधी पसलको बाबुलाई फेला पारैँ मेरा लागि उहाँ भगवान नै हो । छोरा गुमाए काजक्रिया कसरी गरिदिऊँ म र छोरी दुवैजना शारीरिक अवस्था कमजोर छौं म बुढी भएँ । न त केही आउने बाटो छ । नत केही छ । हामी कसरी बाच्थ्यौं होला तर अहिले मेरो खुट्टा भाँचिदासम्म थोरै भएपनि औषधी गर्न सक्ने भएँ यो सबै देन औषधी पसलको बाबुको हो" नाम भन्न नजान्ने उनले खेम पुनलाई औषधी पसलको बाबु भनेर चिन्छिन् ।

कृष्णकुमारी त एक प्रतिनिधि पात्र मात्र हुनुहन्छ । उहाँ जस्ता नेपालमा धेरै नागरिकहरू छन् । खेम पुन पनि एक प्रेरणाको स्रोत हुनुहन्छ उहाँजस्ता अन्य सहयोगी हात धेरै हुन सक्छन् । खेम पुनले छोरा बुहारीको विवाहमा भोज नगरी अक्षयकोष स्थापना गरी कसैको जीवन बचाउनका लागि महान् कार्य अगाडि सार्नुभएको छ । हामीहरूले गर्ने खर्च पनि सामाजिक रूपमा देखाउने आडम्बरलाई त्याग्न सक्ने हो भने अन्य कार्य व्रतबन्ध, पूजाआजा, न्वारन, छैठी, भातखुवाइ वा जनैपूर्णिमा, तिज, दशै, होली, नागपञ्चमी, क्रिस्मस, इद, छठपर्व वा जन्मदिन मनाउने खर्च किन नहोस् । यति मात्र होइन दैनिक हुने फजुल खर्च कम गर्न सकिन्छ, मद्यपान, धुम्रपान, कम गर्न सकिन्छ । भोजभतेर पूजाआजामा पनि फजुल खर्च कम गरी सहयोग गर्न सकिन्छ ।

खानाका लागि सङ्घर्ष गर्नेहरूका लागि यस्ता कार्य उदारणीय बन्न सक्दछन् । समाजमा व्याप्त देखासिकी होडबाजीले एकातिर फजुल खर्च भइरहेको छ भने अर्कातिर खाना नपाएर मर्नेको संख्या वृद्धि भइरहेको छ । खेम पुनजस्ता मानिस जसले जीवनमै सकारात्मक असर पर्नेगरी प्रेरणादायी कामको सुरूवात भएको छ । उहाँको कामले सबैलाई राम्रो सन्देश अवश्य जाग्ने छ । जसको कारणले अरूले वा सरकारले के गऱ्योभन्दा मैले के गरैँ त भन्दा गर्व गर्ने स्थान बन्नेछ । 'राजु सरिता भोजन अक्षयकोष' स्थापना जस्ता कोषहरू वृद्धि हुँदै जानेछन् । आडम्बरको प्रतिस्पर्धाभन्दा मानवीय व्यवहार गर्ने व्यक्तिहरूको वृद्धि होस्, मानवताको समाज बन्ने छ । उदाहरण आफै बन्दा बल्ल अरूले सिक्छन् स्वयम् उदाहरण खेम ओमी पुन हुनुहुन्छ । त्यसैले हामी पनि परोपकारी बन्ने कि ?



('राजु सरिता भोजन अक्षयकोष' बाट मासिक रू. ३,०००/- प्राप्त गर्ने कृष्णदेवी आचार्यका साथमा शारीरिक अपाङ्गता भएकी छोरी)

# परोपकारी मन

अपवाद बाहेकका संस्थाहरुले पनि समाज सेवा गरेकै छन्, गरिरहने पनि छन् यस विचमा 'खेमओमी पुन कल्याणकारी प्रतिष्ठन' पनि उदयमान ताराका रुपमा देखा परेको जगजायरै छ। गरे के हुँदैन् भन्ने कुराको गतिलो उदाहरण बनेको छ खेमओमी।



बाबुराम बन्जाडे

वास्तविक समाजसेवा आफैँमा कठिन यात्रा हो । आफ्नो जीवन संचालनसँगै समाजप्रतिको उत्तरदायित्व महसुस गरी सिंगो समाजलाई नै सकारात्मक प्रभाव पार्ने गरी काम गर्नु आफैँमा श्रेष्ठ कार्य हो । आर्थिक रूपमा सम्पन्न भएर मात्र पनि समाजसेवा हुँदैन । समाजसेवाका लागि समाजसेवा गर्ने तत्परतासहितको मन चाहिन्छ । आर्थिक रूपमा सम्पन्न व्यक्तिहरू सबै समाजसेवी छैनन् र हुँदैनन् पनि । कसैलाई दुइ चार हजार पैसा उपलब्ध गराउनु मात्र समाजसेवा होइन । समाजमा गरिएको लगानीले व्यक्ति तथा समाजलाई नै सकारात्मक परिर्वतन गर्नमा टेवा पुर्‍याउँछ भने वास्तविक अर्थमा त्यो समाजसेवा हो । समाजसेवा परोपकारसँग जोडिसएको विषय हो । मानवीय धर्मलाई आत्मसात गरी समाजमा रहेको कमजोर पक्षलाई सवल बनाउन तर्फ अग्रसर हुनु नै समाजसेवा हो, भन्न सकिन्छ ।

विभिन्न नाममा समाजसेवा गर्छौं भन्ने व्यक्ति, संघ संस्थाहरू धेरै छन् । अपवादबाहेकका संस्थाहरूले पनि समाज सेवा गरेकै छन्, गरिरहने पनि छन् यस बीचमा 'खेमओमी पुन कल्याणकारी प्रतिष्ठान' पनि उदयमान ताराका रूपमा देखा परेको जगजाहेर नै छ । गरे के हुंदैन भन्ने कुराको गतिलो उदाहरण बनेको छ खेमओमी पुन कल्याणकारी प्रतिष्ठान । गरिव जेहेन्दार विद्यार्थीका लागि शिक्षा भन्ने मूल भाव राखी खेमओमी प्रष्तिठानले आज करिब १८ जना विद्यार्थीहरूलाई सफलतातर्फ लम्किन सहयोग गरेको छ । यो चानचुने कुरा होइन । गरिब जेहेन्दार विद्यार्थी जो आफ्नो शिक्षा त परै जाओस् सामान्य जीवन बिताउन समेत सकिरहेका छैनन् उनीहरूका लागि आवश्यक बन्दोबस्ती मिलाउनु यस संस्थाको मूल काम बनेको छ । शिक्षा लिनबाट वञ्चित हुनु नपरोस् भनेर गरिब तथा जेहेन्दार विद्यार्थीका लागि आवस तथा खानपानको व्यवस्थापनसँगै गरिब जेहेन्दार विद्यार्थीले चाहेको शिक्षाका लागि पहल गरिदिने संस्था बनेको छ । माध्यमिक तहसम्म गाउँघर मै पढेका जेहेन्दार विद्यार्थी जो गरिबीका कारण उच्च शिक्षा लिनबाट वञ्चित हुने अवस्था छ । त्यसको रोकथामका लागि प्रतिष्ठनले काम गरिहेको छ । यसरी जेहेन्दार, मिहिनेती विद्यार्थीले उच्च शिक्षा अध्ययन गरोस् भन्ने पवित्र उद्देश्य राखी

काम गरेको संस्था सायद नेपालकै पहिलो संस्था होला ।

प्रतिष्ठानले केही विद्यार्थीहरूका लागि व्यवस्थापनको काम गरेको त हो नि भन्ने कोणबाट सोचियो भने त्यो गलत हुने छ । यो त त्यस्ता प्रतिभाहरूको संरक्षण हो जस्ले समाजका लागि केही गर्न सक्दछन् । देशका लागि केही गर्ने ल्याकत राख्दछन् । यो प्रतिष्ठान समाज रूपान्तरणको कदम पनि हो । मानिसको तेस्रो आँखा शिक्षालाई प्रमुख विषय बनाएर सामाजिक सेवाभावले काम गर्नु आफैमा उत्कृष्ट कार्य हो ।

समाजमा सकारात्मक सोच राख्नेहरूको पल्ला भारी हुनुपर्छ तब मात्र समाज परिवर्तन सम्भव हुन्छ । त्यसमा यो प्रतिष्ठान एउटा ओभ्किलो पक्षका रूपमा आएको छ । म समाजिक सेवामा लागेको एउटा युवा भएको हिसावले पनि प्रतिष्ठान तथा संचालक खेम पुनज्यूसँगको मेरो भेट निकै ढिला भएको महसुस गरेको छु । तर पनि समाजसेवा मात्र होइन सकारात्मक चिन्तनको प्रतिमूर्तिसँगको साक्षत्कारले मलाई थप प्रेरण मिलेको छ । प्रतिष्ठानप्रति मेरो सहकार्य मात्र होइन अपनत्व समेत छ । त्यसमा मलाई गर्व पनि छ । समाजसेवा नै सर्वपरी सेवा हो ।

सृजना पछाईले अर्घाखाँची जिल्लाबाट प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अङ्क प्राप्त गरी स्कलर्स होममा कक्षा ११/१२ अध्ययन गरेकी र उनलाई खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले इन्जिनियरिङ अध्ययनका लागि खानबस्नको सुविधा सहितको छात्रवृत्ति प्रदान गरेर अध्ययनलाई सहज बनाइदिनुभएको छ । यसै गरी देवबहादुर राना बु.उ.म.न.पा.बाट छात्रवृत्ति पाई यस विद्यालयमा अध्ययन गरिरहेका छन् र उनलाई समेत खानबस्नको लागि आवश्यक छात्रवृत्ति प्रदान गर्ने काम यस प्रतिष्ठानले गरेको छ ।

खेमराज पुनले स्कलर्स होसको आँगनमा हुर्किएका सृजना पछाई र देवबहादुर रानालाई खान बस्न सुविधासहितको छात्रवृत्ति प्रदान गरी उच्च शिक्षाको वातावरण मिलाइदिएर महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । यतिमात्र नभई आर्थिक अभावकका कारण पढाइलाई निरन्तरता दिन नसकेका व्यक्तिका अभिभावक बन्नुभएका पुनको समाजसेवाको भावनाले अझ तीव्रता पाओस् भन्दै शुभकामना पनि व्यक्त गर्दछु ।

(लेखक स्कलर्स होम, बुटवलका प्राचार्य हुनुहुन्छ)

# परोपकारी पुन दम्पती : जेहेन्दार-गरिब विद्यार्थीका सच्चा अभिभावक

खेमराज भन्छन्- 'अहिले प्रतिष्ठानबाट सहयोग प्राप्त गर्ने विद्यार्थीहरुबाटै भविष्यमा यो प्रतिष्ठान सुव्यवस्थित, पारदर्शी र प्रतिष्ठामा आँच नआउने गरी चल्नेछ भन्ने विश्वास छ।' ओमी पुन आफ्नी आमाले दिएको घडेरी बेचेर एकल महिलाको रोजगारी र बालबालिकाको संरक्षण गर्ने योजनामा छिन्।



**टोपराज शर्मा**

कपिलवस्तुको मैनिहवा जमुवार टोलमा जन्मेका राजकुमार गुप्ता पढाइमा अब्बल थिए। तर घरको आर्थिक अवस्था निकै कमजोर। शान्ति निकेतन स्कुलबाट एसएलसी उत्तीर्ण गुप्ताले ट्युसन पढाउँदै खर्चको जोहो गरेर अध्ययनलाई अगाडि बढाउँदै गए। एमबीबीएस पढ्नका लागि लिइने प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल पनि भए। शिक्षा मन्त्रालयबाट वीरगन्जको नेसनल मेडिकल कलेजमा भर्ना हुने विद्यार्थीको सूचीमा परे। पूर्ण छात्रवृत्तिमा पढ्न पाउँछु भन्ने सोंचेका गुप्तालाई छात्रवास शुल्क, आन्तरिक परीक्षा, मेडिकल, खेलकुद, इन्टरनेट शुल्कहरू जोड्दा हुने वार्षिक दुई लाख २५ हजार रूपैयाँ एकमुष्ट अग्रिम तिर्नुपर्ने भयो। होस्टेलमा बसेर शुल्क तिर्न नसक्ने हुँदा बाहिर डेरा लिएर बस्न पाऊँ भन्दै कलेज प्रमुख, शिक्षा मन्त्रालय, आईएमओ डीन कार्यालय र सिंहदरबारसम्म धाए तर कसैले उनको कुरा सुनेनन्। उनको मन खिन्न र निराश भयो। घरको एक्लो छोरो उनले परिवार पाल्नका लागि हाटबजारहरूमा तरकारी बेच्न डुल्ने आफ्नो बुबा र परिवारलाई झल्झली सम्झे। घरबाट ६ वर्षसम्म नियमित यति ठूलो रकम पठाउने अवस्था थिएन। आर्थिक अभावकै कारण एमबीबीएस पढ्ने सपना सपनामै सीमित हुने देखे। कलेजका विपिन आचार्यसँग कुरा गर्दै उनी भक्कानिएर रोए र घर फर्कने कुरा गरे। विपिनलगायतका साथीले कुनै उपाय निस्कन्छ, एमबीबीएस पढ्ने अवसर गुमाउन हुँदैन भनी सान्त्वना र हौसला दिँदै घर फर्कन दिएनन्।

यत्तिकैमा गुप्तालाई 'ढुङ्गा खोज्दा देउता' मिले झैं भयो। लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पामा पढ्ने स्कुलदेखिको साथी समता कोइरालामार्फत उनले बुटवलका खेमराज पुनसँग फोन सम्पर्क गर्न पुगे। गुप्ताले आफ्नो समस्या सुनाएपछि पुनले वीरगन्जबाट बुटवल आउन भने। गुप्ता अर्को दिन नै बुटवल पुगेर पुनलाई भेटे। पुनले गुप्ताको बारेमा

सबै कुरा बुझेपछि उनलाई निवेदन लेख्न लगाए । निवेदन अध्ययन गरेपछि एमबीबीएस पूरा गर्दा ६ वर्षसम्म लाग्ने मासिक होस्टेल खर्च तिरिदिने निर्णय गरे । होस्टेल खर्चको रकम हरेक महिनाको १ गते बैंक खातामा पठाइदिने बताए । गुप्तालाई यो सबै फिल्मको कथाजस्तो लागिरहेको थियो । किनकि उनले यसअघि आफ्ना नातेदार र गाउँका धेरैजना, आफ्नै क्षेत्रका सांसद वृजेशकुमार गुप्तासँग पनि सहयोगको याचना गरेका थिए । तर कसैले पत्याएका थिएनन् । खातामा हरेक महिनाको १ गते खेम–ओमी पुन कल्याणकारी प्रतिष्ठानबाट रकम जम्मा हुन थालेपछि गुप्तालाई ठूलो राहत मिल्यो । 'आर्थिक अभावकै कारण पाएको छात्रवृत्ति पनि गुमाउने र कलेज छाड्ने अवस्था थियो'-एमबीबीएस पढ्दै गरेका गुप्ताले भने-'तीन वर्षदेखि नियमितरूपमा मासिक ९ हजार रूपैयाँ रकम खातामा आइरहेको छ, अझै तीन वर्ष यसैगरी आउँछ, जसले गर्दा पढाइमा धेरै सहज भएको छ ।' चिन्दै नचिनेको, अर्कै ठाउंको, अर्कै समुदायको मान्छेले यसरी सहयोग गरेकामा गुप्ता खेम पुनलाई सच्चा अभिभावक मान्छन् । गुप्ताले आग्रह गर्दै भने- 'उहाँ मेरो लागि साक्षात् भगवान् हुनुहुन्छ, बुबा हुनुहुन्छ, अभिभावक हो, पैसा मात्र पठाउनुहुन्न बेलाबेला भेट्न पनि आउनुहुन्छ, पढाइको बारेमा चासो राखेर राम्रो गर्न हौसला दिनुहुन्छ ।'

खेम पुनको प्रतिष्ठानबाट आर्थिक सहयोग पाएर उनको प्रशंसा गर्नेमा राजकुमार गुप्ता एक्लो होइनन्, उनीजस्ता पढाइ अब्बल भएर पनि घरको आर्थिक अवस्था कमजोर भएर अध्ययनलाई सहज ढङ्गले अघि बढाउन नसकी समस्यामा परेका एक दर्जन बढी विद्यार्थीलाई पुनले डाक्टर, इन्जिनियर र अरू विषय पढ्न सहयोग गर्दै आएका छन् । पुनले गुप्ताजस्तै बुटवल मोतीपुरकै मजदुरी गरेर जीविकोपार्जन गर्ने विपन्न परिवारका विपिन चौधरीलाई पनि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएस पढ्न आर्थिक सहयोग गरेका छन् । बुटवलकी जमुना श्रेष्ठलाई पोखराको मणिपाल कलेजमा ब्याचलर इन मेडिसिन एन्ड सर्जरी (एमबीबीएस) गर्न आर्थिक सहयोग गरेका छन् । गुल्मीका नगेन्द्र श्रीस मगरलाई युनिभर्सल मेडिकल कलेज भैरहवामा ब्याचलर इन डेन्टल सर्जरी (बीडीएस) पढ्न र गुल्मीको नेटाका काशीराम विकलाई लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पामा एमबीबीएस पढ्ने क्रममा आर्थिक सहयोग गरेका छन् । 'उहाँ हाम्रो सच्चा अभिभावक हो, उहाँ नभएको भए म अहिले डाक्टर बन्न सक्ने अवस्थै थिएन'- डा. जमुना श्रेष्ठले भनिन्- 'उहाँको निस्वार्थ सहयोगको थोरै शब्दमा बयान गर्न सकिन्न ।'

पुनले अर्घाखाँची मालारानीकी सृजना पछाईलाई इन्जिनियरिङ, दिनेश बफाललाई एमबीबीएस, दीपक गहतराजलाई बी. फार्मेसी, रैनादेवी गाउपालिका ८ का अर्जुन रायमाझी (पाल्पा कारागार) लाई कक्षा १० देखि स्नातकसम्म, योगेश श्रेष्ठ, रोशनी दर्लामी र शुभम पौड्याल गरी तीनजनालाई कालिका मानव ज्ञान माविमा कक्षा ८ देखि पढाउँदै आएका छन् ।

**को हुन् पुन दम्पती ?**

खेमराज गुल्मीको भार्से सापढुंगामा वि.सं. २०१९ मा मध्यम वर्गीय परिवारमा जन्मेका हुन् । भारतीय सेनामा जागिरे बुबा मनबहादुर पुनको उनी अढाई वर्ष हुँदा मृत्यु भएको थियो । ३५ वर्षको उमेरमै विधवा भएकी आमाले खेमसहित तीन भाइलाई हुर्काउने पढाउने गरिन् । ९५ प्रतिशत लाहुरेको बसोबास भएको गाउँका खेम भने सानैदेखि फरक स्वभावका थिए । सहयोगी र दयालु स्वभावका खेमले आईएस्सीसम्मको अध्ययन गरेका छन् । बुटवलकै

ओमीकला गाहामगरसंग उनको विवाह भएको हो । ओमी पनि समाजसेवी भावनाकी छन् । आईएसम्म अध्ययन गरेकी ओमी बुटवल महिला जेसीस, इनरह्वील क्लब, मगर महिला संघलगायत एक दर्जन सामाजिक संघसंस्थाको नेतृत्वमा रहेर काम गरेकी छन् । दम्पती नै परोपकारी मन र समाजसेवी भावनाका भएकाले उनीहरूले उदार हृदयले गरिब परिवारका जेहेन्दार विद्यार्थीलाई अध्ययनमा सहयोग गर्दै आएका छन् । खेमराज औषधीको थोक विक्रेता पनि हुन् । तीन दशकदेखि ट्राफिकचोकमा खेम इन्टरप्राइजेज चलाएका छन् । पुन दम्पतीले आफ्नो आम्दानीको २५ प्रतिशत छुट्याएर चारवटा सामाजिक कोष बनाएका छन् । त्यसमा परिवारका चार पुस्ता छुट्टाछुट्टै समेटिएका छन् । उनीहरूले कोष बढाउँदै, त्यसैको ब्याजले जेहेन्दार विद्यार्थीलाई सहयोग गर्दै आएका छन् ।

**कहाँ कहाँ गरे सहयोग** ?

भारतीय सेनामा मृत्यु भएका बुबा मनबहादुर र आमा गौरीको नाममा मन-गौरी पुन शैक्षिक अक्षय कोष खोलेर समाज सेवा सुरू गरेका खेमराजले यस्तो कामलाई संस्थागत गर्न र दीर्घकालसम्म लैजान आफ्नो ५१ औं जन्मदिनका अवसरमा २०७० मङ्सिर १७ मा खेम-ओमी पुन कल्याणकारी प्रतिष्ठान स्थापना गरे । सुरूमा १७ लाख रूपैयाँ प्रतिष्ठानमा राखे । तीन वर्षसम्म ८ लाख रूपैयाँका दरले, चौथो वर्ष ९ लाख र गत वर्ष १२ लाख रूपैयां जम्मा गरे । अहिले प्रतिष्ठानको कोषमा ६२ लाख रूपैयां पुगेको छ । अहिलेसम्म प्रतिष्ठानले एक दर्जन विद्यार्थीलाई डाक्टर, इन्जिनियर र विद्यालय, क्याम्पस तह पढ्न करिब २५ लाख रूपैयाँ सहयोग गरेको छ । प्रतिष्ठानले पाल्पा कारागारमा आमासँगै रहेका बालबालिकालाई पढाउनुका साथै खाना खुवाउँदै आएको छ । अहिलेसम्म जेलका ५० बालबालिकाले यसबाट फाइदा लिएका छन् । कारागार जीवन बिताएका दुई युवाले एसएलसीपछि उच्च शिक्षा पढ्दै छन् । एमबीबीएस पढ्ने ५ विद्यार्थीले खेम-ओमी कल्याणकारी प्रतिष्ठानबाट मासिक ९ हजार रूपैयाँ पाउँछन् । मेडिकल शिक्षामा निःशुल्क कोटामा नाम निकाले पनि छात्रवासमा खान बस्न, पाठ्यसामग्री किन्न आर्थिक अभाव हुने विद्यार्थीलाई प्रतिष्ठानको सहयोग वरदान सावित भएको छ । प्रतिष्ठानको कोष बढ्दै जाँदा करोडभन्दा बढी पुग्ने प्रतिष्ठानका अध्यक्ष खेम पुन बताउँछन् । 'पढाइमा अब्बल हुँदाहुँदै पनि आर्थिक अवस्था कमजोर भएर पढाई अघि बढाउन समस्या परेका विद्यार्थीलाई आर्थिक सहयोग गर्नु नै प्रतिष्ठानको मुख्य उद्देश्य हो'-खेमले भने- 'हामीसँग प्रशस्तै धन भएर हैन, साँच्चिकै सहयोग आवश्यक भएका विद्यार्थी पढ्नबाट वञ्चित हुन नपरोस् भन्ने हो ।' समाजमा प्रशस्त धन कमाएका मान्छे धेरै भए पनि परोपकारी मन कमैको मात्र हुने खेमको ठम्याइ छ । आफूले गरेको परोपकारी कामको धेरै प्रचार गर्न पनि खेम रूचाउँदैनन् । 'नामका लागि हैन, हाम्रो सहयोगले कसैलाई प्रेरणा होस् भनेर यो सब गरिरहेका छौं'- खेमले प्रस्ट पारे । प्रतिष्ठानकी सदस्य ओमी पुन पनि गरिब दुखीलाई सक्दो सहयोग नै सबैभन्दा ठूलो धर्म भन्ने ठान्छिन् । 'पैसा मात्र कमाएर के गर्नु, मरेपछि रित्तै जाने हो, बाँच्दासम्म अरूले सम्झने काम गरौं भन्ने हो'- ओमीको भनाइ छ । पुन दम्पतीका एक छोरा र छोरी छन् । छोराको बिहेमा बिहे भोजमा खर्च हुने १० लाख रूपैयाँ पनि भोज नगरी राजु-सरिता पुन भोजन सहयोग कोष स्थापना गरे । त्यसको ब्याजबाट गरीब, अनाथ र अपाङ्गता भएका व्यक्तिहरूलाई खानामा सहयोग भएको छ । जन्मस्थान भार्सेमा बाबु मनबहादुर र आमा गौरीका नामबाट

'मन-गौरी पुन शैक्षिक अक्षय कोष' खोलेका छन् । त्यसमा आफ्नो ६ लाख र २ दाजुको एक लाख गरी ७ लाख रूपैयाँको कोष छ । कोषबाट स्थानीय जनसहयोग माविका विपन्न बालबालिकाले बर्सेनी पाठ्यपुस्तक र पोसाक पाउँछन् । २०६५ सालमा खुलेको अक्षयकोषबाट अहिलेसम्म एक सयभन्दा बढी विद्यार्थीले सहयोग पाएको खेमराजले बताए । हजुरआमा कला पुनको काखमा हुर्केका खेमले कला पुनको नामबाट गुल्मी भार्सेको आमा समूहलाई दुई लाख रूपैयाँ दिएका छन् । खेमले उपचार खर्च नभएर ७ वर्षसम्म बिस्तारामा थलिएका बुटवलका खेम फाल मगरलाई उपचार गराएर नयाँ जीवन दिए । उनीहरूकै सहयोग र संरक्षणमा उपचारदेखि घरवारविहीन अपाङ्ग बालबालिकालाई देवीनगरमा आश्रय दिएका छन् । नवलपरासीको रजहरमा सामुदायिक चिकित्सालय बनाउन र बुटवलमा सामुदायिक मुटु अस्पताललाई पनि खेम र ओमी पुनले एक-एक लाख सहयोग गरेका छन् । पितृ उद्धारका लागि आफ्ना वंशजको किरिया भवन बनाउन र तिलोत्तमाको शृङ्गेश्वर धाममा ज्येष्ठ नागरिक मिलन केन्द्र बनाउन पनि खेमले आर्थिक सहयोग गरेका छन् । खेमराज आफ्नो मृत्युपछि आफ्नो भाग (अंश) को सम्पत्ति प्रतिष्ठानमा रहोस् र जेहेन्दार विपन्नको पढाइमा सहयोग पुगोस् भन्ने चाहन्छन् । अध्ययनमा सहयोग खोज्दै उनीसँग आउने सबैलाई उनले निवेदनकै भरमा आर्थिक सहयोग दिँदैनन् । पढाइ राम्रो तर घरको आर्थिक अवस्थाले पढ्न नसक्ने अवस्था यकिन गरेर मात्रै उनले सहयोग गर्छन् । त्यसका लागि उनले विद्यार्थीको घरको चुलोचौकासम्म आफैँ पुगेर मात्र निर्णय लिन्छन् । 'हामीले गर्ने सहयोग दुरूपयोग नहोस् भन्नेमा हामी पूर्ण सचेत छौँ'- उनले भने । आफ्नो निधनपछि यस प्रतिष्ठानलाई  प्रतिष्ठानबाट सहयोग लिने व्यक्तिहरूले नै नेतृत्व गरेर कालान्तरसम्म सञ्चालन गर्दै जाऊन् र यो प्रतिष्ठान नेपालकै नमुना एवम् सबैका लागि अनुकरणीय, प्रेरणादायी संस्था बनोस् भन्ने शुभेच्छा खेमराजको छ ।  'हामी सधैँ त बाँचिन्न, हामी नहुँदा पनि यो प्रतिष्ठान अहिले जसरी र अझ यस भन्दा राम्रो ढङ्गले सबैको विश्वास जितेर नमुनाको रूपमा चलोस् भन्ने हाम्रो अपेक्षा छ'- खेमराज भन्छन्- 'अहिले प्रतिष्ठानबाट सहयोग प्राप्त गर्ने विद्यार्थीहरूबाटै भविष्यमा यो प्रतिष्ठान सुव्यवस्थित, पारदर्शी र प्रतिष्ठामा आँच नआउने गरी चल्नेछ भन्ने विश्वास छ ।' ओमी पुन आफ्नी आमाले दिएको घडेरी बेचेर एकल महिलाको रोजगारी र बालबालिकाको संरक्षण गर्ने योजनामा छिन् । 'प्रशस्तै धन कमाएर पनि आफूभन्दा कमजोर वर्ग, समुदायका लागि रत्तिभर खर्च नगर्ने धनाढ्यहरूले पुनको परिवारबाट सिक्नुपर्छ'- खेम पुनको परोपकारी कामलाई नजिकबाट नियालिरहेका प्रदेश ५ का सामाजिक विकास मन्त्री सुदर्शन बराल भन्छन्- 'प्रदेश सरकारले पनि यस्ता परोपकारी व्यक्ति र संस्थालाई उचित सम्मान गर्ने छ ।'

(यो समाचार न्युजपोर्टल अनलाइनखबर डटकममा समेत प्रकाशित छ ।)

# प्राकृतिक जीवन र सामुदायिक प्राकृतिक चिकित्सालय

प्रकृति स्वयं चिकित्सा हो । यसले रोग भगाउन सक्छ । चिकित्सकले प्रकृतिको उक्त कार्यमा सहयोग पुऱ्याउनु मात्र हो । हाम्रो शरीरमा रोग विरुद्ध लड्ने प्रतिरोध क्षमताको विकास गर्नु जीवनी शक्तिको वृद्धि गर्नु नितान्त आवश्यक छ । प्रकृतिलाई एउटा सहयोगीको खाँचो पर्दछ त्यो उपलब्ध भएपछि काम राम्रो र सन्तोषप्रद हुन्छ प्राकृतिक चिकित्साको मार्ग निकै सहज र सुगम छ । शरीरको जटिलतम अवस्थालाई जटिल अवस्थामै बुझ्ने र सरल र सहज तरिकाले उपचार गर्ने विधि प्राकृतिक चिकित्सा हो ।



डा. संग्राम पुरी

हामीले जङ्गलमा बस्ने जङ्गली जनावर देखेका छौं उनीहरू खाली जमिनमा सुत्ने झरना वा खोला तालको पानी पिउँछन् । खुल्ला आकाश वा सूर्यको प्रकाशमा रहन्छन् । शुद्ध वायुको सेवन गर्छन् । खुल्ला चरनको उपयोग गरी प्राकृतिक आहार ग्रहण गर्छन् । घाम, पानी, हावा, आकाश जमिन अर्थात् प्रकृतिका यी पञ्चतत्वसँग प्रत्यक्ष सम्पर्कमा रहेका हुन्छन् । उनीहरूको शरीर सुगन्धित र अत्यन्त सुन्दर हुन्छन् । टाढासम्म देख्न सक्ने तेजिला आँखा सुघ्न सक्ने शक्ति आवाज सुन्ने शक्ति अत्यन्त प्रवल हुन्छ यसको विपरीत घरपालुवा जनावरलाई हेरौं भद्दा शरीर कुन्जिएका, सुस्त, कमजोर देखिन्छन् । कृत्रिम आहारको कारण गोबर गन्हाउने हुन्छ । कुनै न कुनै रोग लागेको हुन्छ । जङ्गली जनावरहरू अस्वस्थ, रोग लागेर मरेको बिरलै भेट्न सकिन्छ घरेलु जनावरहरूलाई भेटनरी डाक्टर चाहिन्छ । त्यस्तै प्रकाशमा उड्ने पक्षी, जलमा हुने जलचर प्राणीकै उदाहरण लिऔं गाउँमा खेती गर्ने किसान र सहरमा बस्ने सहरियाकै उदाहरण लिऔं जो प्राणी प्रकृति निकट हुन्छ, घाम, पानी, हावा, माटो र आकाशको खुल्ला उपयोग गर्छ प्राकृतिक आहार लिन्छ ऊ स्वस्थ, दीर्घजीवी हुन्छ जसले प्रकृतिको उपयोग गर्दैन कृत्रिम आहारको प्रयोग गर्छ प्रकृतिको नियमअनुसार चल्दैन ऊ अस्वस्थ र अल्पायु हुन्छ ।

प्राकृतिक चिकित्सा वा प्राकृतिक जीवन कुनै विशेष उपचार पद्दति नभएर जीवनयापनको अटुट नियम वा प्राणी धर्म हो यस धर्मको उपयोगिता त्यसले मात्र प्राप्त गर्न सक्छ जसले यसमा आस्था राख्दछ र प्रकृतिको नियमको सही पालन गर्दछ । कतिपय यस्ता भाग्यमानी मानिसहरू छन् जसले यो मानव धर्मको पालना गर्दछ प्रकृतिप्रति अटल र अटुट अनुराग राख्दछन् जसबाट खुसी र सुखी जीवन व्यतित गर्न सफल भएका छन् ।

प्राकृतिक चिकित्सामा औषधी आहारको अमहारलाई औषधीको रूपमा प्रयोग गरिन्छ । त्यो मानिस सबैभन्दा तन्दुरूस्त हुन्छ जसको भान्से स्वयं प्रकृति हुन्छ र वायु आकाश तत्वको अतिरिक्त अरू कुनै डाक्टर हुँदैन र जस्ले व्यायाम र सात्विक भोजनको अतिरिक्त अरू कुनै औषधीको प्रयोग गर्दैन । यस चिकित्सामा शोधक, शामक र पूरक तीन वटै गुण हुन्छन् । यस्मा शरीरमा रहेको

विजातीय द्रव्यलाई वशीकरण गरी रोगीको शरीर निर्मल वन्दछ । यही नै यसको शोधक गुण हो । यस चिकित्सा प्रणालीको सीधा प्रयोगद्वारा रोगीलाई तत्काल आराम मिल्दछ । यो यसको शामक गुण हो । यस चिकित्साबाट रोगीको शरीरमा आवश्यक पोषक तत्त्वको परिपुर्ति हुन्छ यो यसको पूरक गुण हो । आहारको माध्यमबाट हाम्रो शरीरमा विकार जम्मा हुँदै गएको हुन्छ । साधारण तथा प्रकृतिले प्रत्येक दिन मल, मुत्र, पसिना र फोक्सोद्वारा शरीरको विकारलाई बाहिर निकाली भित्री अवयवहरूद्वारा तिनीहरूलाई नष्ट गरी मानिसलाई स्वस्थ राख्दछ । रोग लागेमा प्रकृतिको यही प्रकृयाको साहारा लिएर हामी रोगयुक्त पनि हुन सक्दछौ । जसरी प्रकृतिले शरीरमा पैदा भएका मल र विषलाई प्रत्येक क्षण बाहिर निकाल्दछ र शरीरभित्र तिनलाई नष्ट गरी शरीरलाई स्वस्थ राख्दछ ठीक त्यसै गरी शरीरलाई रोगमुक्त गर्ने तरिकाको नाम नै प्राकृतिक चिकित्सा हो । यस चिकित्सा पद्धतिमा माटो, पानी, वायु, धुप आकाशको प्रयोग श्रम र आरामको सन्तुलन आहार विहारको उचित चयन, उपयोगबाट विरामीको उपचार गरिन्छ । रोगीलाई उपचार यिनै तत्त्वबाट हुन्छ भने उपचार भइ सकेपछि वा निरोगीलाई समेत उक्त तत्त्वहरूकै प्रयोग हुन्छ । रोगीलाई निरोगी बनाउने र निरोगीलाई दीर्घजीवी बनाउने उपचार पद्धति नै प्राकृतिक चिकित्सा हो ।

प्रकृति स्वयं चिकित्सा हो । यसले रोग भगाउन सक्छ । चिकित्सकले प्रकृतिको उक्त कार्यमा सहयोग पुऱ्याउनु मात्र हो । हाम्रो शरीरमा रोग विरूद्ध लड्ने प्रतिरोध क्षमताको विकास गर्नु जीवनी शक्तिको वृद्धि गर्नु नितान्त आवश्यक छ । प्रकृतिलाई एउटा सहयोगीको खाँचो पर्दछ त्यो उपलब्ध भएपछि काम राम्रो र सन्तोषप्रद हुन्छ प्राकृतिक चिकित्साको मार्ग निकै सहज र सुगम छ । शरीरको जटिलतम अवस्थालाई जटिल अवस्थामै बुझ्ने र सरल र सहज तरिकाले उपचार गर्ने विधि प्राकृतिक चिकित्सा हो । एक पटक यसको सच्चा अनुरागी बन्न सक्छ ।

प्राकृतिक चिकित्सा प्रणालीको विशेषता भनौँ यसलाई रोगीले समझदारी र धैर्यका साथ प्रयोग गरेमा मात्र लाभ हुन्छ कुनै हानि हुँदैन । यसको सीधा र स्वाभाविक प्रयोगबाट कुनै पनि प्रकारको दुखको सट्टा आनन्द नै प्राप्त हुन्छ । यसले जीवनमा सुख शक्ति दिई आफ्नो जीवनलाई सरलापूर्वक जिउन सिकाँउछ । यस्तो अचुक विधिबाट लाभान्वित हुन हामी नेपालीहरू भारतका विभिन्न सहरहरूमा जाने क्रम वर्षौदेखि थियो ती दिनहरूमा गोरखपुर स्थित आरोग्य मन्दिरको अति बढी चर्चा हुने गर्दथ्यो । अब प्राकृतिक चिकीत्साद्वारा मानिसको शारीरिक, मानसिक वा भावनात्मक रूपमा प्रकट भएका रोगहरूको उपचार हेतु देश बाहिर जानुपर्ने कारण र बाध्यताको अन्त्य भएको छ । आफ्नै भुमिमा आफ्नै वातावरणमा सामुदायिक स्तरबाट सञ्चालित राष्ट्रिय स्तरको प्राकृतिक चिकित्सालय मध्य रजकर सामुदायिक प्राकृतिक अस्पतालको स्थान अग्रणी छ । २०६४ सालमा डा. चन्द्रकान्त सुवेदी, हरि प्रसाद सापकोटालगायतका थुप्रै महानुभावद्वारा पोखरामा सञ्चालित प्राकृतिक चिकित्सालय स्थानान्तरण गर्ने प्रस्तावलाई यहाँको समाजले सहर्ष स्वीकार गरेर महायज्ञ सञ्चालन गरी रकम जम्मा गरेर थालनी गरिएको अस्पताल आज १० वर्ष पुग्दा हजारौँ विरामीहरूको सफलतापूर्वक उपचार गरेर प्राकृतिक चिकित्साको शिक्षण अस्पताल सुरूवात गर्ने स्तर समय आफूलाई विकास गरेको छ । अन्तमा सबै जनसमुदाय स्थानीय प्रदेश र केन्द्रीय सरकारसँग निरन्तर सहयोग समन्वय, निरीक्षण, मूल्याङ्कन र प्रेरणाको आशा र पर्खाइमा आफूलाई निरन्तर अघि बढाइरहेको छ ।

(लेखक सामुदायिक प्राकृतिक चिकित्सालय रजहरका सिनियर कन्सल्टेन्ट नेचुरीपेथ हुनुहुन्छ ।)

रजहर, ०७८-५४५४७५-५४५२९९, ९८६५०२०८४१

-Sr. consultant vaturopath_

# गृहस्थी जीवनमा विपश्यनाको महत्त्व

विपश्यनासँग जोडिएपछिका जीवनचर्या, सोच चिन्तन र जीवनशैलीमा सहज र स्वाभाविक ढंगले परिवर्तन आई, आफूलाई धन्य धन्य ठान्ने व्यक्तित्वहरु हाम्रो समाजमा अनगिन्ती छन। जीवनले शान्ति र सुख चाहन्छ। त्यसको लागि सोच विचार चिन्तन मनन र जीवन व्यवहारमा परिवर्तन आफैँले गर्ने हो। उसका लागि बल प्रदान गर्ने विपश्यना नै हो।



राम कोइराला

**विषयसन्दर्भ**

सत्कर्म गर्नुपर्दछ भन्ने गृहस्थहरूका लागि विपश्यना साधना एक जीवन शैली हो। त्याग र तपस्या शब्दको अर्थ खोज्ने गृहस्थले आज विपश्यनालाई फेला पार्दछ। गृहस्थ जीवनमा आउने तनाव, चिन्ता, बेचैनी, छटपटी र भडकावको लागि दश दिनको विपश्यना शिविर उसलाई वरदान सावित हुन्छ। कम्तीमा एक शिविर बसेको सामान्य मानसिकताको जसलाई सोधे पनि विपश्यनाका विषयमा नराम्रो टिप्पणी गर्ने सायदै पाइएला।

यसै सन्दर्भमा सुख, शान्ति र सही मार्गदर्शनको खोजीका क्रममा विपश्यनाको सम्पर्कमा आएपछि रमाएका र स्वःकल्याण एवं परकल्याणको लागि आफ्नो सोच र श्रोतलाई परिचालन गर्ने परिवार हो बुटवलको खेमओमी पुन परिवार। बुटवलमा खेम इन्टरप्राइजेजका प्रोपाइटर श्री खेम पुन तथा ओमी पुन पेसाले औषधी व्यावसायी हुन्। विपश्यनाको सम्पर्कमा आएपछि पुन परिवारको मनमा आएको परिवर्तनले जीवनशैलीमा पनि फरकपन आएको छ। विपश्यना केन्द्र लुम्बिनीको सञ्चालक समिति (ट्रस्ट) को सचिव भई काम गरेको अनुभव सँगालेका उनी हाल पाल्पा विपश्यना केन्द्रसँग पनि सम्बन्धित छन्। त्यस्तै खेमओमी पुन कल्याणकारी प्रतिष्ठानमार्फत पुन परिवारले कल्याणकारी कार्य गर्दै आएको छ।

खेम-ओमी पुन कल्याणकारी प्रतिष्ठानको सहयोगबाट एमबिबिएस पढ्ने पाँच जना विपन्न तथा जेहन्दार विद्यार्थीहरूमध्ये कपिलवस्तु तौलिहवाको जमुहार निवासी राधेश्याम गुप्ताका छोरा राजकुमार गुप्ता पनि एक हुन्। बिहान बेलुकीको जोहो गर्न समेत कठिन अवस्थाका उनले छात्रवृत्तिमा नाम निकालेपछि कलेजलाई बुझाउने एकमुष्ट रकम रू ४० लाख छुटमा एमबिबिएस पढ्न त पाए, तर कलेजकै महंगो होस्टलमा बस्नु पर्ने बाध्यता र खाना खर्च एवं पुस्तक/स्टेसनरी खर्चमा लाग्ने मासिक १५/१६ हजार जुटाउन सक्ने अवस्था थिएन। त्यस अवस्थामा ट्युसन पढाएर खर्चको जोहो गर्न सारै गारो परेको कुरा गुप्ताले फेसबुकमा सेयर गरेका रहेछन्। विद्यालय तहमा एउटै कक्षामा पढेकी र त्यतिबेला पाल्पास्थित लुम्बिनी मेडिकल कलेजमा पढ्दै गरेकी मेरी छोरी समताले गुप्ताको समस्याको बारेमा मलाई जानकारी गराएपछि विपश्यनाका मित्र खेम पुनलाई मैले अनुरोध गरेको थिएँ। त्यसपछि नै पुन परिवारको राजकुमारप्रति ध्यानाकर्षण भएको

थियो । खेम-ओमी पुनको प्रतिष्ठानले हात दिएपछि हालका दिनहरूमा राजकुमार गुप्ताको पढाइ र तौलिहवास्थित बुवा आमालाई केही राहत मिलेको छ । पुन प्रतिष्ठानबाट सहयोग पाउने अन्य चार जना एमविविएस का विद्यार्थीको पनि अवस्था यस्तै हो ।

खेमओमी पुनलाई आफ्ना छोराबुहारीसमेत विपश्यना केन्द्रसँग आबद्ध भई स्वकल्याण र परकल्याणमा संलग्न भैरहेको देख्न पाउँदा खुसी लाग्छ । आफ्नो विवाहमा हुने भोज खर्च कटाएर रू दशलाखको राशिमा विपन्न सहायता कोष खडा गरी कल्याणकारी कार्यमा संलग्न आफ्ना छोराबुहारीहरूप्रति उनी गौरव गर्दछन् । आफुले सञ्चालन गरेको कल्याणकारी मार्गमा आफ्ना सन्तान पनि हिंडेको देख्न पाउँदा त्यसको जस उनीहरूले विपश्यना साधनालाई दिन चाहन्छन् ।

**नेपालमा विपश्यना**

नेपालमा विपश्यनाको प्रारम्भ सन् १९८१ को अप्रिलमा काठमाडौंबाट भएको पाइन्छ । सर्वश्री यदुकुमार सिद्धि र मणिहर्ष ज्योति व्यापारको सिलसिलामा कलकत्ता गएको बेला विपश्यनाको सम्पर्कमा आएपछि निजहरूकै प्रयासमा विपश्यना विद्याले नेपाल प्रवेश पाएको हो । मुहानपोखरी स्थित धर्मशृङ्गमा लगातार विपश्यनाका शिविरहरू चल्न थाले । त्यसपछिका दिनहरूमा विपश्यनाका शिविरहरूबाट लाभान्वित हुनेहरूबाट नेपालका विभिन्न स्थानहरूमा स्थायी ध्यान केन्द्र निर्माण र सञ्चालन गरिरहेकेको अवस्था छ भने अन्य थप केन्द्रहरूको निर्माणको सिलसिला पनि चालु नै छ । हाल नेपालमा आठवटा स्थायी ध्यानकेन्द्रहरूमा लगातार दश दिवशीय ध्यान चलिरहेको अवस्था छ भने अरू केन्द्रहरू थपिंदै जाने कम जारी छ ।

भगवान् बुद्धको महापरिनिर्वाणपछिका दिनहरूमा बुद्ध उपदेशित चौरासी हजार धर्मस्कन्धलाई उहाँका शिष्य भिक्षुहरूले गुरूशिष्य परम्पराका माध्यमबाट सुरक्षित राख्दै आएको लहरमा पुजनीय भिक्षु भन्तेश्री लेडी सयाडो (१८४६-१९२३) बाट गृहस्थ किसान पुजनीय श्री सया थेत्यी (१८७३-१९४५) लाई प्रमुख शिष्य बनाएपछि गृहस्थहरूका लागि बुद्ध शिक्षा लिनका लागि बाटो खुल्ला भएको भेटिन्छ । त्यसैको निरन्तरतामा पूज्य गुरू सयाजी उ वा खिनले सत्यनारायण गोयन्का गुरूज्यूमा हस्तान्तरण गरेपछि विपश्यनाले विश्वव्यापी रूप लिएको हो ।

बुद्ध शिक्षाआर्जन गर्नका लागि गृहत्याग नै गर्नुपर्ने वा भिक्षु नै बन्नु पर्ने परम्परामा व्यापक सुधार आई लेडी सयाडोको दूरदृष्टिबाट गृहस्थले पनि ध्यान भावना गर्न मिल्ने, सिकाउन पाउने परम्पराको सुरूवात भयो । अरहन्त भिक्षुहरूकै दूरदृष्टिका कारण बुद्ध शिक्षा आजको अवस्थामा आउनुमा पूज्य भिक्षुश्री वेवु सयाडो (१८९६-१९७७) द्वारा पु. गुरू सयाजी उ बा खिन (१८९९-१९७१) लाई पुऱ्याएको सहयोग र प्रेरणा एवं प्रोत्साहनको प्रसंग सदा स्तुत्य र स्मरणीय हुन आउँछ ।

यसै सिलसिलामा पूज्य कल्याणमित्र गुरू सत्यनारायण गोयन्का (१९२४-२०१३) ले सन् १९५५ मा गृहस्थकै हैसियतमा प्रथम विपश्यना शिविर लिन पाउनु र सो विद्याबाट लाभान्वित भै लोकसेवामा आफ्नो सम्पूर्ण जीवन अर्पण गर्न पाउने अवसरको पछाडि पनि पूज्य भन्ते श्री लेडी सयाडोकै योगदानको स्मरण हुन आउँछ ।

माइग्रेनको असाध्य रोगलाई निको पार्न कुनै पनि डाक्टरले नसकेपछि मात्रै श्री सत्यनारायण गोयन्का दश दिवसीय शिविरमा बस्न गएको प्रसङ्ग उहाँकै प्रवचनबाट सुन्न पाइन्छ । मरता क्या नही करताको हिसाबले मात्रै उहाँ विपश्यनामा जानु भएको थियो । जब शिविरबाट माइग्रेनको रोग त के जन्म मृत्युरूपी दुःखबाट समेत मुक्त हुने 'दुःख निरोध गामिनी प्रतिपदा' रहेछ भन्ने थाहा पाउनुभयो, तब दुखः मुक्तिको साधना विपश्यनालाई आफूले अपनाउनु मात्रै भएन कि यसलाई सर्वग्राह्य रूपमा संसारभरिका दुःखीहरूको सुख दुःखको साथीका रूपमा व्यक्ति व्यक्तिका मन मनमा पुऱ्याउन सफल हुनुभयो ।

भारतीय मूलको बर्मी नागरिकको रूपमा बर्मामा ठूलो घरानियाँ व्यापारीको रूपमा स्थापित सत्यनारायण गोयन्का हिन्दू धर्मका लिडरका रूपमा समेत परिचित

हुनुहुन्थ्यो । 'स्वधर्मः निधनम् श्रेय, परधर्म भयावह' भन्ने हिन्दू धर्मावलम्बीका रूपमा उहाँ बर्मामा स्थापित व्यक्ति हुनुहुन्थ्यो । जब विपश्यनाको सम्पर्कमा आउनुभयो तब मनका विकार र क्लेश नै दुःखको कारण भन्ने मनन भयो । साथै धारेतीति धम्म भन्ने गीता ग्रन्थको सारको अर्थ व्यावहारिक रूपमा थाहा पाउनुभयो ।

भगवान बुद्धको समयका विभिन्न राजाहरू, ब्राह्मणहरू तथा उच्च पदस्थ व्यक्तित्वहरू बुद्ध र उहाँको विचार वा धर्म  उपदेशबाट प्रभावित भएका थिए । राजा बिम्बिसार, राजा अजातसत्रु, राजा प्रसेन्जीत, सेनापति बन्धुल आदि यसका उदाहरण हुन् । त्यसै गरी द्वितीय शासनको यस घडीमा पनि सन् १९५५ मा प्रथम विपश्यना लिएपश्चात १४ बर्षसम्म आफ्ना गुरू सयाजी उ बा खिनका साथमा रही धर्मसाधना एवं धर्मसेवा गरी गुरू सत्यनारायण गोयन्का सन् १९६९ मा भारत आउनुभएको हो ।

भारतमा पनि धर्मको सम्पर्कमा समाजको उच्च पदस्थ व्यक्तित्वहरू विपश्यनामा जोडिएर 'अत्तहित र परहित' मा सहभागी भएको पाइन्छ । भारत वा नेपालमा मात्र नभएर संसारका विभिन्न मुलुकका पारमिता पूरा गरेका वा पूरा गर्नका लागि विभिन्न व्यक्तित्वहरू विपश्यनामा जोडिएर स्वहित र परहित गदै मानवजीवनलाई सार्थक गरेका थुप्रै उदाहरणहरू छन् ।

भगवान् बुद्धको समयमा अनाथपींडक दानबीरको प्रसङ्गजस्तै द्वितीय शासनको यस समयमा पनि महामना व्यक्तिहरूले मन फुकाएर दानपारमी, धैर्य र परिश्रमपूर्वक वीर्य पारमी, सहनशील भै क्षान्ती पारमीलगायतका पुण्यकर्महरू पूरा गरी विपश्यनाको स्थायित्वका लागि ठूलो योगदान दिइरहेको पाइन्छ ।

काठमाडौं र वीरगन्जको केन्द्र निर्माणमा मणिहर्ष ज्योति एवं उहाँका परिवारलगायतका व्यक्तित्वहरू, विराटनगर केन्द्रका लागि वेदनाथ आचार्यलगायतका व्यक्तित्वहरू, चितवन केन्द्रका लागि हरिकृष्ण/ पञ्चरामलगायतका व्यक्तित्वहरू, पोखरा केन्द्रका लागि शाक्य परिवार र लुम्बिनी/पाल्पा/ परासी केन्द्रका लागि गोपालबहादुर पोखेल, खेमओमी पुनलगायतका व्यक्तित्वहरूको योगदानलाई आजको प्रसङ्गमा जोड्दा अतिशयोक्ति नहोला ।

**विपश्यना र यसको महत्त्व र प्रभाव**

नेपालकै प्रसङ्गमा कुरा गर्दा काठमाडौं धर्मश्रृङ्गका आचार्य श्री मदन तुलाधरको अनुभवमा विपश्यनाले आफूलाई युटर्न गरेको बताउनुहुन्छ । नेपालका लागि विपश्यनाका क्षेत्रीय आचार्य डा. रूपज्योतिको त्याग, तपस्या, व्यक्तित्व र शालीनता, जुन हामी सबैको प्रेरणा र अनुकरणको विषयवस्तु बनेको छ ।


त्यस्तै प्रतिनिधिपात्रको रूपमा कुरा गर्दा चितवनका श्याम महर्जनमा आएको परिवर्तन देखेर उहाँका दाजु हरिकृष्ण महर्जनले आफ्नो जीवनलाई विपश्यनामा समर्पण गरेको बताउनुहुन्छ । उहाँ धम्म चितवनसँग सम्बन्धित हुनुहुन्छ । त्यसै गरी बुटवलका गोपालबहादुर पोखरेलले विपश्यनाको सम्पर्कका आएपछि सम्यक आजीविकालाई महत्त्व दिई व्यापार व्यावसायमा जोड दिएको र त्यसपछिका दिनहरूमा निर्णायक क्षमतामा वृद्धि एवं व्यापारमा सहज ढङ्गले बढोत्तरी आएको बताउनुहुन्छ । दर्जनौं औद्योगिक प्रतिष्ठानका मालिक उहाँ धम्म जननी लुम्बिनी, धम्मशीश पाल्पा र धम्मगाम परासीसँग सम्बन्धित हुनुहुन्छ ।

विपश्यनासँग जोडिएपछिका जीवनचर्या, सोच चिन्तन र जीवनशैलीमा सहज र स्वाभाविक ढंगले परिवर्तन आई, आफूलाई धन्य धन्य ठान्ने व्यक्तित्वहरू हाम्रो समाजमा अनगिन्ती छन । जीवनले शान्ति र सुख चाहन्छ । त्यसको लागि सोच विचार चिन्तन मनन र जीवन व्यवहारमा परिवर्तन आफैँले गर्ने हो । उसका लागि बल प्रदान गर्ने विपश्यना नै हो । त्यसमा जसले विपश्यनाको स्वाद चाखेको छ उसले यो प्रसंग बुझ्दछ । नबुझ्नेले एक पटक विपश्यनाको शिविरमा बसी अनुभव लिएपछि बल्ल अनुभव गर्नेछ ए ! ! ! भनेर ।

(लेखक सहायक आचार्य विपश्यना ध्यान)

# पाल्पा कारागारका कैदी बन्दीसँग खेम ओमी पुन कल्याणकारी प्रतिष्ठान

२०७१/०५/२९ को पत्र बमोजिम अनुमति प्राप्त भएको परिप्रेक्ष्मा खेमओमी कल्याणकारी प्रतिष्ठानले यस कारागारमा आ.व. २०७०/०७१ देखि हालसम्म निरन्तर रुपमा कल्याणकारी कामहरु गर्दै आइरहेकामा कारागार भित्र बन्दी जीवन बिताइरहेका महिला बन्दीहरुका आश्रित बालबालिकाहरुको शैक्षिक विकासमा सहयोग पुगेको र समयसमयमा निजहरुलाई जाडो र गर्मी याममा दुईपटक कपडासमेत प्राप्त हुने गरेको र पठनपाठनका लागि शैक्षिक सामग्री तथा बाल विकास केन्द्र अध्यापन गराउने सहयोगी बन्दीलाई पठनपाठन गराएबापत थोरै भए पनि पारिश्रमिकको व्यवस्था हुँदै आएकामा हाल पढ्न योग्य बालक १ जना मात्र रहेकोले शिक्षकलाई प्रति महिना रु १०००/- को दरले सहयोग प्राप्त हुँदै आइरहेको तथा पुरुष बन्दीहरुलाई कलेजस्तरको पठन पाठनको लागि भर्ना शुल्क किताब कापी र स्टेसनरी समेत व्यवस्था हुँदै आइरहेको छ ।




**भक्तिसरा राना**

पाल्पा जिल्लाको सदरमुकाम तानसेन न.पा.को वडा नं. ६ कटहरबारीमा पाल्पा कारागार (बन्दी गृह) रहेको छ । यस बन्दीगृहको निर्माण वि.सं. १९८३ मा भएको देखिन्छ । महिला तथा पुरूषको लागि छुट्टाछुट्टै बन्दीगृह रहेको यस कारागारको कूल क्षमता ३२५ रहेको छ । पुरूषतर्फ १७५ र महिला तर्फ १५० जनाको क्षमता रहेको यस कारागारमा हाल पुरूष, महिला र २ जना आश्रित बालबालिका गरी जम्मा ३०२ जना छन् । यस कारागारको जग्गाको क्षेत्रफल २३ रोपनी ६ आना २ पैसा २ दाम रहेको छ । यस कारागारमा रहेको कैदी बन्दीहरूको लागि पढ्न ब्रह्मा विष्णु आधारभूत विद्यालय रहेको छ । उक्त विद्यालयको स्थापना वि.सं. २०२२ सालमा भएको देखिन्छ । महिला र पुरूष कैदीबन्दीको छुट्टाछुट्टै बन्दीगृह भएको हुँदा पठनपाठन पनि महिला पुरूषको लागि छुट्टाछुट्टै भवनमा हुन्छ । पुरूष कैदी बन्दीहरूको लागि पुरूष शिक्षक तथा महिला कैदी बन्दीहरूको लागि महिला शिक्षकबाट अध्यापन गरिन्छ । हाल उक्त विद्यालयमा ७ सम्मको कक्षा सञ्चालन भइरहेको छ ।

यस कारागार कार्यालयअन्तरगत महिला बन्दी गृहमा जीवन बिताइरहेका महिला बन्दीहरूका आश्रित बालबालिकाहरूको शैक्षिक विकासका लागि सहयोग गर्न पाऊँ भनी यस कार्यालयमार्फत जिल्ला प्रशासन कार्यालय पाल्पामा दिनुभएको प्रतिबद्धतासहितको निवेदन पत्रमा तत्कालीन प्रमुख जिल्ला अधिकारीज्यूको आदेशानुसार तत्कालका लागि अनुमति प्रदान गरी प्रतिष्ठान प्रचलित कानुनअनुसार वैधानिक रूपमा दर्ता गरी कारागार व्यवस्थापन विभाग काठमाडौंबाट समेत अनुमति प्राप्त गर्नुपर्ने जानकारी गराइएकामा त्यस प्रतिष्ठानले जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा मिति २०७१/०२/२९ गते संस्था दर्ता प्रमाण पत्र नं. ७०/७१/२०५० मा दर्ता गरी प्रमाण पत्र पेस गर्नु भएको थियो ।

सोही प्रमाणपत्रको आधारमा पुनः कारागार व्यवस्थापन विभागमा यस कारागार कैदी बन्दीहरूको शैक्षिक विकासमा काम गर्न अनुमति पाऊँ भनी पत्र पठाउनुभएकामा उक्त विभागको च.नं. १४१७ मिति

२०७१/०५/२९ को पत्र बमोजिम अनुमति प्राप्त भएको परिप्रेक्ष्मा खेमओमी कल्याणकारी प्रतिष्ठानले यस कारागारमा आ.व. २०७०/०७१ देखि हालसम्म निरन्तर रूपमा कल्याणकारी कामहरू गर्दै आइरहेकामा कारागार भित्र बन्दी जीवन बिताइरहेका महिला बन्दीहरूका आश्रित बालबालिकाहरूको शैक्षिक विकासमा सहयोग पुगेको र समयसमयमा निजहरूलाई जाडो र गर्मी याममा दुईपटक कपडासमेत प्राप्त हुने गरेको र पठनपाठनका लागि शैक्षिक सामग्री तथा बाल विकास केन्द्र अध्यापन गराउने सहयोगी बन्दीलाई पठनपाठन गराएबापत थोरै भए पनि पारिश्रमिकको व्यवस्था हुँदै आएकामा हाल पढ्न योग्य बालक १ जना मात्र रहेकोले शिक्षकलाई प्रति महिना रू १०००/- को दरले सहयोग प्राप्त हुँदै आइरहेको तथा पुरूष बन्दीहरूलाई कलेजस्तरको पठन पाठनको लागि भर्ना शुल्क किताब कापी र स्टेसनरी समेत व्यवस्था हुँदै आइरहेको छ ।

त्यस प्रतिष्ठानबाट आ.व. २०७०/०७१ देखि हाल सम्म विभिन्न शीर्षकमा निम्न बमोजिम सहयोग प्राप्त भएको छ ।

**१) आ.व. २०७०/०७१ मा सञ्चालन भई सम्पन्न गरिएका कार्यक्रमहरु**

- महिला बन्दी गृहभित्र बाल विकास केन्द्र स्थापना ।
- मिति २०७० फागुनदेखि २०७१ असारसम्म ५ महिना बाल विकास केन्द्र अध्यापन गराउने सहयोगी बन्दी १ र सहायक सहयोगी १ जनालाई मासिक पारिश्रमिक प्रदान गरेको ।
- महिला बन्दीहरूका आश्रित १० जना बालबालिकाहरूलाई पठन पाठन सामाग्रीहरू, पौष्टिक आहार खाजा लिटो, बौद्धिक खेलकुद समाग्रीहरू प्रदान गरेको ।
- बन्दीहरूको आफन्तहरू भेटघाट गर्न आउँदा बस्ने प्रतीक्षालय निर्माणमा सहयोग तथा बेन्च र प्लास्टिक कुर्ची सहयोग गरेको ।

**२) आ.व. २०७१/०७२ मा सञ्चालन भई सम्पन्न गरिएका कार्यक्रमहरु**

- मिति २०७१ श्रावणदेखि २०७१ चैत्रसम्म ९ महिना बाल विकास केन्द्र अध्यापन गराउने सहयोगी बन्दी १ सहायक सहयोगी १ जनालाई मासिक पारिकमिक प्रदान गरेको तथा मिति २०७२ वैशाखदेखि २०७२ असारसम्म ३ महिना अध्यापन गराउने बाल विकास केन्द्र व्यवस्थापक १ जना, बाल विकास केन्द्र सहयोगी बन्दी १ र सहायक सहयोगी १ जना मासिक पारिश्रमिक प्रदान गरेको ।
- महिला बन्दीहरूका आश्रित १० जना बाल बालिकालाई पठनपाठन सामग्रीहरू, पौष्टिक आहार खाजा लिटो र बौद्धिक खेलकुद सामाग्रीहरू तथा कपडा झोला प्रदान गरेको ।
- बन्दीहरूको आफन्तहरू भेटघाट गर्न आउँदा बस्ने प्रतीक्षालयमा २१ इन्चको रङ्गिन टेलिभिजन प्रदान गरेको ।
- पुरूष बन्दीगृहमा रहेको २ जना बन्दीहरूले कारागारमा SLC परीक्षा केन्द्र राखी परीक्षा दिलाइएको र उनीहरूलाई लाग्ने परीक्षा शुल्क तथा पाठ्यसामग्रीहरू प्रदान गरेकोमा २ जना दोस्रो श्रेणीमा उतीर्ण गरेका ।

**३) आ.व.२०७२/०७३ मा सञ्चालन भई सम्पन्न गरिएका कार्यक्रमहरु**

- मिति २०७२ श्रावणदेखि २०७३ असारसम्म १२ महिना बाल विकास केन्द्र अध्यापन गराउने सहयोगी बन्दी १ जनालाई मासिक पारिश्रमिक प्रदान गरेको ।

- कक्षा ११ मा भर्ना भएका १ जना बन्दीलाई भर्ना शुल्क तथा कापी किताबहरू प्रदान गरेको ।
- आश्रित बालबालिकालाई वर्षमा २ पटक कपडा र सर्वोत्तम लिटो प्रदान गरेको ।
- पाल्पा सुधार गृहमा रू. १३,६२२/- सहयोग प्राप्त भएको ।

**४) आ.व. २०७३/०७४ मा सञ्चालन भई सम्पन्न गरिएका कार्यक्रमहरु**

- मिति २०७३ श्रावणदेखि २०७४ असारसम्म १२ महिना बालविकास केन्द्र अध्यापन गराउने सहयोगी बन्दी १ जनालाई मासिक पारिश्रमिक प्रदान गरेको ।
- आश्रित बालबालिकालाई वर्षमा २ पटक कपडा र सर्वोत्तम लिटो प्रदान गरेको ।
- कक्षा १२ मा भर्ना भएका १ जना बन्दीलाई भर्ना शुल्क तथा कापी किताबहरू प्रदान गरेको ।

**५) आ.व. २०७४/०७५ मा सञ्चालन भई सम्पन्न गरिएका कार्यक्रमहरु**

- मिति २०७४ श्रावणदेखि २०७५ असारसम्म १२ महिना बाल विकास केन्द्र अध्यापन गराउने सहयोगी बन्दी १ जनालाई मासिक पारिश्रमिक प्रदान गरेको ।
- BA मा भर्ना भएका १ जना बन्दीलाई भर्ना शुल्क तथा कापी किताबहरू प्रदान गरेको ।
- आश्रित बालबालिकालाई वर्षमा २ पटक कपडा र सर्वोत्तम लिटो प्रदान गरेको ।

**६) आ.व. २०७५/०७६ मा सञ्चालन भई सम्पन्न गरिएका कार्यक्रमहरु**

- मिति २०७५ श्रावणदेखि २०७५ सम्म ७ महिना बाल विकास केन्द्र अध्यापन गराउने सहयोगी बन्दी १ जनालाई मासिक रू.१०००/- का दरले पारिश्रमिक प्रदान गरेको ।
- आश्रित बालबालिकालाई वर्षमा २ पटक कपडा प्रदान गरेको ।

मिति २०७१ देखि हालसम्म विभिन्न समयमा रू. ४,१०,१०२/- गर्नुभएको लागि स-धन्यवाद दिंदै आगामी दिनहरूमा पनि यस्तै सहयोगको अपेक्षा गर्दछौं ।

(जेलर, कारागार कार्यालय, पाल्पा)

# सामाजिक अभियन्ता ओमीकला पुन र प्रतिष्ठान

जीवन कसले कति लामो लिएर आएको छ, त्यो कसैलाई थाहा छैन। भाग्य कसले कस्तो लिएर आएको छ, त्यो पनि थाहा हुँदैन तर कसरी बाँच्ने भन्ने कुरा भने आफै निर्धारण गर्न सकिन्छ। त्यसमा समयले कहिले कता त कहिले कता अवश्य पुऱ्याउला, तथापि गोरेटो भने आफै कोर्न सकिन्छ। मानिस एक पटक मरेर पुनः बाँच्न त नसक्ला तर ऊ अमर भने पक्कै बन्न सक्छ। त्यसका लागि कुनै ठूलो काम पनि गर्नु पर्दैन, खाली आफ्ना लागि जति गरिन्छ, त्यसको एक अंश समाज र मानवको लागि गरियो भने पुग्छ।



आशिष सूर्यवंशीमगर

"सामाजिक काम न दाम न माम" यही भएर होला सामाजिक काम भने पछि धेरैलाई स्वाद आउँदैन र जाँगर पनि चल्दैन । केही व्यक्ति भने यस्ता हुन्छन् जो आफ्नो स्वार्थ र पारिवारिक कामभन्दा पनि सामाजिक काम गर्न मन पराउँछन् । त्यही जमात मध्येकी एक हुनुहुन्छ गुल्मी जिल्लाको एउटा सानो गाउँमा जन्मेकी ओमीकला पुनमगर । उहाँ आमा पूर्णकला गाहामगर र बाबा तुलबहादुर गाहामगरको सन्तानका रूपमा गुल्मीको मुसिकोट बडागाउँ तल्लो दजाकोट (हाल मुसिकोट नगरपालिका) मा चार सन्तानमध्ये तेस्रो सन्तानको रूपमा जन्मनुभएको थियो ।

सुरूवाती समयमा घरमा थाहै नदिई बजारमा किनमेल गर्न जाने समयमा एक जना साथीसँग उहाँ नारी जागरण धार्मिक समूहको कार्यक्रममा सहभागी हुन जानुभएको उहाँको अनुभव छ र पछि यसलाई निरन्तरता पनि दिदै जानुभयो । साधारण जीवनशैलीलाई मन पराउने र साधारण खाना मन पराउने पुन शाकाहारी समेत उहाँको गरगहनाप्रतिको मोह शून्यजस्तै छ । भड्किलो खर्च बचाई दीनदुःखीलाई सहयोग गर्ने पुनको स्वभाव छ ।

पुन बुटवल महिला जेसिजको सदस्य, कोषाध्यक्ष, सचिव हुँदै सन् २००४ मा आइपुग्दा अध्यक्षसमेत हुनुभयो । उहाँले उक्त अवधिमा बुटवल उपमहानगरपालिका (तत्कालीन नगरपालिका) को सहयोगबाट प्राप्त भएको खयरघारी स्थित १ कट्ठा जग्गाको बारबेरको कामदेखि भवन शिलान्याससम्मको काम आफ्नो अवधिमा सम्पन्न गर्न सफल हुनु भएको थियो । पहिलो पटक बारबेर गर्नसमेत संस्थामा बजेट नभएपछि उहाँले झन्दै ढेड लाख आफ्नै लगानीमा बारबेर गर्नुभएको थियो र पछि उक्त रकम फिर्ता आएको थियो । त्यसै ताका नगपालिकाबाट व्यवस्थापन भएका कति संघसंस्थाका जग्गा अव्यवस्थित सुकुम्बासीका नाममा बसोबास गरेका समूहबाट अतिक्रमण गरी बस्तीसमेत बसाले तर महिला जेसिजको जग्गा भने बारबेर भएका कारण बचेको थियो र उक्त जग्गामा अहिले भवन समेत निर्माण भइसकेको छ ।




पारिवारिक झमेलाबाट माथि उठेर सामाजिक काममा समेत होमिनुभएकी पुनलाई जीवनमा आइपर्ने साना-तिना समस्याले त छुँनै सकेन । तथापि उहाँको पनि आफ्नै जीवन भोगाइ भने रहेको छ । २०४४ सालमा गुल्मीकै भार्से भन्ने ठाउँमा खेमराज पुन मगरसँग वैवाहिक बन्धनमा बाँधिनु भएकी पुनले आफ्ना दुई सन्तानलाई बुटवलकै एक भाडामा बस्दै आएको डेरामा जन्माउनुभयो । सामाजिक अभियन्ता मात्रै होइन उहाँ एक असल गृहणी पनि हुनुहुन्छ । श्रीमान्‌को व्यावसायमा सामान्यबाहेक आजसम्म सघाएको अनुभव उहाँमा छैन । बरू उहाँले घर खर्चका लागि प्राप्त हुने रकम बचाएर विभिन्न विद्यालयहरूमा अध्ययन गरेका विपन्न र असहाय बालबालिकाहरूलाई सघाउँदै आउनुभएको छ ।

सामाजिक कामले समाजमा परिचित गराइरहेको बखत उहाँलाई २०६४ सालमा आफ्नै समुदाय मगर महिला संघ बुटवलको संस्थापक अध्यक्ष बन्ने समेत साइत जुऱ्यो । उहाँको अथक प्रयास र मेहनतले बुटवलका मगर महिला दिदी-बहिनीहरूलाई एक जुट मात्र बनाएन, मगर महिला संघ बुटवलको भवन बुटवलकै केन्द्रजस्तै मानिने नेपालगन्ज रोड पुरानो बसपार्क स्थित (हाल सब्जी मन्डी) को आडमा तीन तल्ले भवन निर्माण गर्नसमेत सफल बनायो । आफ्नै खल्तीबाट माइनुट र माइनुट लेख्ने कलम खरिद गरी चलाएको यो संस्थालाई पुनलाई यतिकै राख्ने मनैले मानेन । फलस्वरूप एकातर्फ आर्थिक संकलन हुने र अर्कोतर्फ मगरनी छोरीहरूले मौका पाउने साथमा ऐतिहासिक काम पनि हुने भएकाले संस्थाले मिस मगर लुम्बिनीसमेत आयोजना



गर्‍यो । त्यसैगरी देउसी भैलोदेखि विभिन्न सांस्कृतिक कार्यक्रम गरी देश विदेशबाट रकमसमेत संकलन भयो । फलस्वरूप भवन निर्माण कार्य सम्पन्न भयो । बुटवलका मनवीर तथा दानवीर स्व. मनवीर गर्बुजा मगरले भवन निर्माणमा ठूलो सहयोग गर्नुभएको थियो । उक्त भवन निर्माण गर्दा उहाँलाई मगर समुदाय मात्र होइन अन्य समुदाय र संघ संस्थाले समेत साथ दिएका थिए ।

यही भवनलाई महिलाहरूको आयआर्जनको श्रोत बनाउने उद्देश्यले भवनको नामकरणसमेत बहुउद्देशीय सीप विकास केन्द्र भएको छ । उहाँकै कार्यकालबाट उक्त भवनको तेस्रो तल्लामा घरेलु हातेतानसमेत संचालन हुँदै आएको छ । जहाँ ढाका, सुती आदिका धागोबाट अर्डरअनुसारका विभिन्न जातीय पोसाकका कपडाहरू उत्पादन हुन्छन् भने महिला दिदी-बहिनीले रोजगारी पनि पाएका छन् । कतिले त यहाँ सीप सिकेर आफ्नै पेसा पनि संचालन गरेका छन् । भुइँतला भाडामा लगाई मासिक रूपमा आर्थिक आयआर्जनसमेत हुँदै आएको छ ।

सामाजिक संस्थाको अगुवाई वा सामाजिक काम गर्नु भनेको समाजमा भएका हरेक पक्षको अगुवाइ पनि हो । मानिस समाजमा बस्छ र उसको परिवार अवश्य हुन्छ । तथापि मानिसले सकेसम्म समाजलाई नै परिवार मान्नु भनेको नै सामाजिक भावना हुनु हो र समाजका हरेक सदस्यलाई आफ्नो परिवारको सदस्य जस्तो मान्नु नै असल अभिभावकत्वको भावना भएको मान्न सकिन्छ । यही गुणले समेत सिञ्चित ओमी पुन समाजका दुःखी गरिबका सहारा बन्दै आउनुभएको छ । त्यसैगरी दुर्घटनामा परी दुबै खुट्टा नराम्ररी भाँचिएपछि थप उपचार गर्न नसकी सात वर्षदेखि श्रीमतीको सहायताले ओछ्यानमा दिशापिसाव गर्दै आएका बुटवल वडा नं. ११ (तत्कालीन वडा नं. १३) बुद्धनगरका खेम फालमगरको उहाँकै नेतृत्वमा सफल अप्रेसन भएको थियो ।

फालमगरको अप्रेसनको लागि आर्थिक संकलन अभियानमा बुटवलको फुलबारीबाट पेन्सन बुझ्नु हुने भारतीय पूर्व सैनिक (पेन्सनर) हरूले पेन्सन बुझ्ने समयमा आर्थिक सहयोग गर्नुभएको थियो ।



यसमा मगर महिला संघलाई पूर्व सैनिक संगठन रुपन्देहीका अध्यक्ष क्या. किशन थापामगर र उहाँका साथीहरू, तत्कालीन सैनिक संगठनका केन्द्रीय उपाध्यक्ष केशबहादुर थापामगर, स्वयम् म आफैँ, पत्रकार मिलन गाहा, पत्रकार अमृता अनमोल तथा अन्य पत्रकारहरूले पनि सहयोग गर्ने मौका पाएका थियौँ ।

साथै अप्रेसनको लागि लाग्ने औषधि, खान र आउन-जानबाहेकको सम्पूर्ण खर्च चितवन भरतपुर स्थित चितवन ट्रमा सेन्टरले व्यवस्था गरेको थियो । यसमा सेन्टरका डा. प्रमोद लामिछाने र उहाँका टिम तथा संस्थाको सहयोगले उक्त अप्रेसन सम्भव भएको हो । फालमगरको झन्डै डेढ महिनाको अवधिमा तीन पटकसम्म अप्रेसनपश्चात् मात्र अप्रेसन सफल भएको थियो । अप्रेसन पश्चात् फालमगरले कमोडमा बसेर शौच गर्न सक्ने भएका छन् भने दुख्ने र घाउ पाकेर पिप बगिरहने समस्या समाधान भएको छ । साथै एक्लै बैसाकीको सहायताले सजिलै हिडडुल गर्न सक्ने भएका छन् ।



अप्रेसन सफल हुनुको पनि लामै कथा रहेको छ । जसलाई यहाँ राख्दा सान्दर्भिक हुने ठानेको छु । जब फालको अप्रेसनका लागि हामी ओमी पुनको अगुवाइमा आर्थिक संकलन र चेकजाँचमा जुटेका थियौं, सोही बेलामा पत्रकार अमृता अनमोलले कान्तिपुर दैनिकमा उक्त खबर पठाउनु भएछ । उक्त खबर डा. लामिछानेसम्म पुगेछ र पढ्नु भएछ । त्यसमा काठमाडौं स्थित डा. लामिछानेले अध्ययन गर्नुभएको हस्पिटल र उहाँकै सिनियर डाक्टरहरूबाट अप्रेसन गरेको र थप अप्रेसन गरेर खुट्टामा राखिएका रड निकाल्न नसकेको खबरले डा. लामिछानेज्यूको ध्यान तानिएछ । पछि डा. लामिछानेले आफै ओमी पुनलाई फोनमार्फत आफूले अप्रेसनमा सहयोग गर्न चाहेको बताएपछि उक्त अप्रेसन सफल भएको हो । यसभन्दा अगाडिको निःशुल्क बेड चार्ज र चेक जाँचमा बुटवलका डा. कृष्ण खरेलले पनि सहयोग गर्नुभएको थियो ।

यति मात्र कहाँ हो र, उहाँकै कार्यकालदेखि मगर महिला संघ बुटवलले हिलपार्कमा चमेना गृह समेत संचालन गर्दै आएको छ । जसबाट नियमित रूपमा आयआर्जनसमेत हुँदै आएको छ । यसबाट मगर महिला दिदी-बहिनीहरूमा एक प्रकारको जागरण नै बढेर आएको बुझ्न गाह्रो पर्दैन । उहाँका यस्ता कामबाट कुनै पनि संघ संस्थाले कुशल नेतृत्व पाउँदा ठूलाभन्दा ठूला काम पनि सफलतापूर्वक सम्पन्न गर्न सक्छ भन्ने कुरा घाम झैं छर्लङ्ग हुन्छ । यस्तै कामले गर्दा उहाँ मगर महिला संघको तीन कार्यकाल २०७२ सालसम्म अध्यक्षमा रहेर भूमिका निभाउनुभयो ।

उहाँको यो सामाजिक चरित्र बुझेका साथीहरूको साथले उहाँलाई सन् २००९ मा इनरह्वील क्लब अफ बुटवलको अध्यक्षसमेत बनाइछाड्यो । उहाँले यस संस्थामा रहेर आफ्नो एक वर्ष कार्यकाल पनि अत्यन्त सृजनात्मक रूपमा पुरा गर्नुभयो । उहाँले संस्थालाई आफ्नै कार्यकालमा संस्थागत रूपमा जिल्ला विकास समिति भैरहवामा दर्ता गराउनु भयो । साथै यसै समयमा आर्थिक संकलन गरी महिला सिप विकास अक्षयकोष, छात्रवृत्ति अक्षयकोष र अपाङ्ग तथा असहाय बालबालिका अक्षयकोष समेत स्थापना गर्नुभयो । जसबाट अहिले धेरैले राहत पाइरहेका छन् ।




एक त गृहणी अर्कोतर्फ सामाजिक काम गर्ने चाहना, उहाँलाई चुलाचौकाबाट निस्कन निकै गाह्रो पनि थियो । तर उहाँको चाहनाको अगाडि श्रीमान् र घरपरिवारको पनि केही चलेन, अन्ततः उहाँ सामाजिक जीवनमा प्रवेश गरेरै छाड्नुभयो ।

उहाँको घरमा कुनै सदस्यको जन्म दिन पर्‍यो भने कुनै न कुनै सामाजिक काम गरेर मनाउने गर्दै आउनुभएको छ । त्यसमा पनि उहाँका श्रीमान् खेमराज पुन मगरको जन्म दिनका दिन त खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको कोषमा रकम संकलन गरेर यसलाई झन्डै पौने करोडको कोष बनाइ सक्नुभएको छ । जसबाट धेरै विद्यार्थीहरूले राहत पाइसकेको र पाइरहेको कुरा उहाँकै आलेखमा उल्लेख छ ।

पारिवारिक पृष्ठभूमि नै सामाजिक काम गर्ने भएपछि त ओमी पुनलाई झनै प्रेरणा मिलेको छ । उहाँ अहिले खेमओमी पुन प्रतिष्ठानको अध्यक्ष, रेडियो समावेशी १०५ मेगाहार्जको उपाध्यक्ष, सेतो गुराँस बालविकास केन्द्र रूपन्देहीको कोषाध्यक्ष, पश्चिमाञ्चल डेभलपमेन्ट ट्रसको सदस्य, बुटवल मा.वि. वि.व्य.स. सदस्य, बुटवल हिलपार्क परिषदको सदस्य, नेपाल अपाङ्ग आश्रम रूपन्देहीको संरक्षक, लुम्बिनी दृष्टिविहीन संस्थाकी सल्लाहकारलगायत संघ-संस्थामा रही काम पनि गर्दै आउनुभएको छ । महिला साधना विद्यालयकी आजीवन सदस्य साथै अन्य धेरै संघ-संस्थामा पनि आजीवन सदस्य र सल्लाहकारमा रहेर काम गर्दै आउनुभएको छ ।

जीवन कसले कति लामो लिएर आएको छ, त्यो कसैलाई थाहा छैन । भाग्य कसले कस्तो लिएर आएको छ, त्यो पनि थाहा हुँदैन तर कसरी बाँच्ने भन्ने कुरा भने आफैँ निर्धारण गर्न सकिन्छ । त्यसमा समयले कहिले कता त कहिले कता अवश्य पुऱ्याउला, तथापि गोरेटो भने आफैँ कोर्न सकिन्छ । मानिस एक पटक मरेर पुनः बाँच्न त नसक्ला तर ऊ अमर भने पक्कै बन्न सक्छ । त्यसका लागि कुनै ठूलो काम पनि गर्नु पर्दैन, खाली आफ्ना लागि जति गरिन्छ, त्यसको एक अंश समाज र मानवको लागि गरियो भने पुग्छ जस्तो मलाई भन्ने पुनको भनाइ रहेको छ । यस्तो जीवन जसले मानवलाई अमर बनाउँछ त्यो लाइनमा आफूलाई उभ्याउनुभएकी ओमी पुनमगरलाई स्यालुट छ, शुभकामना छ ।

'खेमओमी पुन कल्याणकारी प्रतिष्ठान' को माध्यमबाट यो महान मानव कल्याणको अभियानमा निस्कनुभएका दम्पती खेम पुनमगर र ओमी पुनमगरलाई मेरो सलाम छ, धेरै धेरै शुभकामना छ । साथै यसैको सन्दर्भमा प्रकाशनमा आउदै गरेको 'सत्प्रयास' स्मारिका'को पूर्ण सफलताको कामना गर्दछु ।

(लेखक नहरपुर मा.वि.का शिक्षक हुनुहुन्छ ।)

# मेरो नजरमा खेमओमी पुन कल्याणकारी प्रतिष्ठान

आफ्नोभन्दा अरुको, समाजको, विविध दुःख तथा समस्यामा परेकाहरुको उद्धार गर्नुजस्तो महान् कार्य केही हुँदैन होला जस्तो लाग्छ। यही कार्यमा प्रतिवद्ध संस्था हो खेमओमी पुन कल्याणकारी प्रतिष्ठान ।



डा. नगेन्द्र श्रीस

मानवसेवा तथा सामाजिक कार्यमा स्थापित यस संस्था विशुद्ध परोपकारी कार्यमा संलग्न छ । समाजमा आर्थिक कारणले समस्यामा परेका वा शिक्षा स्वास्थ्यजस्तो आधारभूत कुराबाट समेत वञ्चित व्यक्तिहरूलाई सहयोग गर्नु तथा सामाजिक कार्यहरूमा यो संस्था लागिपरेको छ । यही कार्यको एउटा हिस्सा म पनि हुँ । मेरो अनुरोधलाई सहर्ष लिएर सद्भाव देखाउनुभएकामा म यस संस्थाप्रति सदा ऋणी छु । लाग्छ, समाज सेवा गर्ने काम दिल, मन अनि जिम्मेवारी बोध गर्न सक्ने मान्छेहरूले मात्र गर्न सक्छन् । मानव भएर मानवीय सेवा गर्नु (as human) ठूलो धर्म हो । सामाजिक सेवाको भावना लिएर हिँडेपछि व्यक्तिगत तथा पारिवारिक स्वार्थभन्दा सामाजिक विषय प्रधान लाग्छ र लाग्नुपर्छ । आफ्नोभन्दा अरूको, समाजको, विविध दुःख तथा समस्यामा परेकाहरूको उद्धार गर्नुजस्तो महान् कार्य केही हुँदैन होला जस्तो लाग्छ । यही कार्यमा प्रतिबद्ध संस्था हो खेमओमी पुन कल्याणकारी प्रतिष्ठान । मेरो अनुरोधलाई शिरोधार्य गरी सहयोगको हात दिनुभएकामा सदा यस संस्थाप्रति आभारी तथा ऋणी छु । साथै यो संस्था सदा यस्तै सामाजिक कार्यमा लागिपरोस् भन्ने शुभकामना पनि व्यक्त गर्न चाहन्छु ।

(लेखक खेमओमी पुन कल्याणकारी प्रतिष्ठानबाट छात्रवृत्ति सहयोग प्राप्त गरी अध्ययन पूरागरेर हालः युनिभर्सल मेडिकल कलेज, भैरहवामा कार्यरत हुनुहुन्छ ।)

आत्मकथा

# कालो मेघको चम्किलो घेरा

हरेक कालो मेघको चम्किलो घेरा हुन्छ रे । एकदिन बाबाले खेम पुन अङ्कललाई भेट्नुभयो । जीवनलाई राम्रोसँग नियाल्नुभएको उहाँले खेमओमी कल्याणकारी प्रतिष्ठान मार्फत गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई शिक्षामा सहयाग गर्दै आउनुभएको रहेछ। जसले मरो जीवनमा पनि आशाको किरण लिएर आयो। उहाँले हरेक महिना खानो र बस्ने खर्च पठाइ दिनुहुन्छ। अति आवश्यक भएकाले एउटा ल्यापटप पनि किनिदिनुभयो। खानेबस्ने व्यवस्था नभएर विरानो सहरमा, मैले मेरो पढाइ रोक्नुपर्ने पनि हुनसक्ने अवस्था हुँदा खे.ओ. प्रतिष्ठानको सहाराले नयाँ आशा र उत्साह पैदा गऱ्यो। जन्मदिने आमाबाबा र पाल्ने परिवार भगवान्‌भन्दा ठूला हुन्छन्, जीवनभर यिनको आभारी रहने छु ।



डा. विपिन चौधरी

नमस्ते !

मैले जीवनमा जीवनकै अर्थ खोज्ने कोसिस कैयौं वर्ष गरें । कहीँ जीवनलाई सङ्घर्षको परिभाषा दिइन्छ, त कही एक यात्रा । सायद, जीवनमा यति विविधता भएकाले होला परिभाषा पनि भिन्न भिन्न ।

म विपिन चौधरी, हाल पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, लगनखेल, नेपालमा INTERN डाक्टरको रूपमा कार्यरत छु । मेरो घर साविकको मोतीपुर गाविस रूपन्देहीमा पर्छ ।

मेरो बाबाले भन्नुहुन्छ, म सानैदेखि धेरै संवेदनशील थिएँ । सायद यसको कारण घरको अवस्था पनि हुनुपर्छ । गाउँमा वर्षायाममा चुइने खरको छाप्रो, खरकै भित्ता र माटोको भुइँ भएको घरमा जन्म भयो । यसबाहेक परिवारको नाउँमा कुनै सम्पत्ति छैन । उमेर बढ्दै जाँदा, गरिबीले कसरी झुपडीमै आँखा लाउँदो रहेछ, त्यो पनि देखियो । डेहरीमा भएको चामल कति दिन चल्छ भन्ने सधैँ चिन्ता हुन्थ्यो । हजुरबुवा, हजुरआमा, बाबा र आमाको मजदुरीले जीवन चल्थ्यो । मलाई घरमा कोही बिरामी हुँदा उपचारको लागि जमिन्दारहरूको घरमा हजुरआमा र आमाले बगाएको आँसु अझै याद छ । कुहिरो काट्दै तिनाउ खोलामा ढुङ्गा निकाल्न जाँदा साइकलमा पहिलोपटक बाबाले मलाई सिकाउनुभएको थियोः 'प्रकृतिसँग लड्नु नै जीवनको रमाइलो हो ।' आज बुझेको छु, प्रकृति केवल मौसम होइन, जीवनको हरेक क्षणलाई प्रकृतिको संज्ञा दिनुपर्छ ।

कक्षामा सधैँ प्रथम आउने भएकाले एस.एल.सी. पनि राम्रो भयो । प्लस २ स्कोलरसिप छात्रवृत्तिमा पास गरेँ । त्यसपछि यात्रा सुरू भयो काठमाडौंको । बा बा र खेम राना अङ्कसँग पहिलोपटक काठमाडौं आउँदा नै बुझिसकेको थिएँ, बसाइ सजिलो हुने छैन । एम.बी.बी.एस तयारीको क्रममा अनेकौं समस्या आए, केही आर्थिक, केही शारीरिक त केही मानसिक ।

पाटनमा नाम निकालेपछि पहिलो समस्या नै खानेबस्ने जुगाड भयो । आमाले खेतमा मजदुरी गर्ने, बाबाले घर पेन्टिङ काम गर्ने गरेर मासिक

खर्च पठाइदिनुहुन्थ्यो । अचेल सुन्छु, आमाले गिट्टी बोक्नुहुन्छ, बाबाले घर ढलानमा बेल्चा चलाउनुहुन्छ । परिवारको दैनिक खर्च, भाइ र बहिनीको कलेज खर्च, त्यसमाथि मलाई पठाइदिनुपर्ने मासिक रकम, कसरी धान्न सक्नुहुन्छ थाहा छैन ।

हरेक कालो मेघको चम्किलो घेरा हुन्छ रे । एकदिन बाबाले खेम पुन अङ्कललाई भेट्नुभयो । जीवनलाई राम्रोसँग नियाल्नुभएको उहाँले खेमओमी कल्याणकारी प्रतिष्ठानमार्फत गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई शिक्षामा सहयाग गर्दै आउनुभएको रहेछ । जसले मरो जीवनमा पनि आशाको किरण लिएर आयो । उहाँले हरेक महिना खानो र बस्ने खर्च पठाइदिनुहुन्छ । अतिआवश्यक भएकाले एउटा ल्यापटप पनि किनिदिनुभयो । खानेबस्ने व्यवस्था नभएर विरानो सहरमा, मैले मेरो पढाइ रोक्नुपर्ने पनि हुनसक्ने अवस्था हुँदा खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको सहाराले नयाँ आशा र उत्साह पैदा गऱ्यो । जन्मदिने आमाबाबा र पाल्ने परिवार भगवान्भन्दा ठूला हुन्छन्, जीवनभर यिनको आभारी रहने छु ।

भविष्यको बारेमा कसले भन्न सक्छ र यद्यपि मैले एउटा प्रण लिएको छु, बाँचुन्जेल जहिलेसम्म डाक्टर भएर काम गर्नसक्छु हरेक मासिक तलबको केही अंश खेमओमी पुन कल्याणकारी प्रतिष्ठानमार्फत् मजस्तै अन्य असहाय विद्यार्थीहरूलाई सहयोग गर्नेछु । हिजो र आज जति आस्था र विश्वास थियो मलाई खेमओमी पुन कल्याणकारी प्रतिष्ठान माथि भोलि पनि उतिनै श्रद्धा रहने छ । आफ्नो कार्यक्षेत्रभित्र रहेका स्कुलहरूसित पूर्वजानकारी गरी सहकार्य गर्न सक्नुभएमा कुनै बच्चा शिक्षाबाट बन्चित रहन नपर्लाजस्तो लाग्छ मलाई । आउने नयाँ समयमा अझै धेरै विद्यार्थीहरूलाई आफ्नो छत्रछायामा समेट्न खेमओमी पुन कल्याणकारी प्रतिष्ठान सफल होस्, शुभकामना पनि छ ।

आखिरमा, मैले आजसम्म बुझेको जीवन अरू केही नभई केवल चयन रहेछ जीवन र मृत्युको बीचमा जसले हाम्रो दैनिकदेखि सारा जीवनको आकार रच्ने गर्छ । चयन कुनै काम गर्ने या नगर्ने, चयन केही भन्ने या नभन्ने चयन खुसी रहने या दुखी चयन, पढने या नपढने चयन, जिउने या मरेर जाने । कहिलेकाहीँ चयन सीमित गराउने तत्त्वहरू हुन सक्छन् तर तिनलाई पन्छाउने चयन पनि आफ्नो नै हुन सक्नुपर्छ ।

मेरो चयनमा सहयोग गर्नुभएको खेमओमी प्रतिष्ठान र खेम अंकलाई प्रणाम ।

(पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर)
bipinchaudhary@pahs.edu.np

# खेमओमी प्रतिष्ठानसँग मेरो सम्बन्ध

छात्रवृत्तिमा पढ्दा ट्युसनको तीस लाख पैसा त नलाग्ने तर त्यसबाहेक आन्तरिक परीक्षा शुल्क, महंगा विदेशी किताब, प्रयोगात्मक सरसमान तथा ६ वर्ष जतिको पढाइमा खान बस्न लाग्ने खर्च । यही खर्च सम्झेर मैले एमबिबिएस पढ्न पाउने मन्त्रालयको छात्रवृत्ति प्राप्त गर्दा पनि खुसी र सुखको सास फेर्न पाइन । तर समस्यासँग डराएर हतोत्साही पनि भएको थिइन ।



डा. काशीराम बि.क.

जीवनको यात्रामा अगाडि बढिरहँदा हरेक गोरेटो एउटा दोबाटमा आएर सकिन्छ । जुन दोबाटोमा एउटा बाटो आफै छान्नुपर्ने हुन्छ जसबाट सरल र सहज तहरबरबाट गन्तव्यमा पुग्न सकियोस् । मेरो जीवनमा यस्ता गोरेटाहरू धेरै आए र गन्तव्यमा पुऱ्याउने सहयोगी हातहरू पनि धेरै आए जसबाट मेरो पूर्ण सम्भावित भविष्य परिवर्तित भएर अहिलेको वर्तमान डाक्टर बनेको छ । एस.एल.सी. उत्तीर्ण गर्दासम्म १०+२ कसरी पढ्नेसम्म योजना थिएन, अझ भनौ भने योजना बनाउन सकिएको थिएन कारण थियो गरिबी र अभावमा गुज्रिरहेको जीवन । गाउँमा एस.एल.सी. पाससम्म गराउन पनि धेरै सहयोगी हात र मन मिलेको थियो जसमध्ये धेरै सहयोग गर्नेमा पोमानन्द खरेल दाइ र कालिका बस्नेत दिदी हुनुहुन्थ्यो ।

एस.एल.सी. पछि जीवनको गोरेटोको नयाँ मोड समात्नुपर्ने थियो जुन एउटा महत्त्वपूर्ण घुम्ती थियो । मनमा विज्ञान विषय लिएर १०+२ गर्ने विचार थियो कारण गाउँघरतिर विज्ञान विषय पढाउने शिक्षकको अभाव र माग बढी थियो । अझ कारण त अर्कै थियो एस.एल.सी.सम्म घर छाडेर सदरमुकामसम्म नपुगेको मान्छे म सोच्थे समाजमा सबभन्दा ठूलो मान्छे त टिचर हो भन्ने त्यसैले त आफूले हालसम्म देखेको ठूलो मान्छेजस्तो शिक्षक हुने रहर थियो तर कसरी ? गोरेटोको दोबाटोमा प्रश्नवाचक चिह्न थियो । त्यसैको उत्तर दिने अर्को सहयोगी हात र मन फेला पारे आफ्नै गाउँले दाइ जसले एम. एस्सी सकेर काठमाडौंका +२ कलेजहरू पढाउनुहुन्थ्यो दीनानाथ पौड्याल उहाँले मलाई काठमाडौंमा बोलाएर आफ्नै कोठामा राख्नुभयो । त्यसैबिच उहाँको कान्छो भाइ विष्णु पौडेल आइ.एस्सी सकेर एमबिबिएसको प्रवेश परीक्षाको तयारीमा हुनुहुन्थ्यो त्यहीँबाट थाहा पाएँ मैले विज्ञान पढेपछि डाक्टर पनि हुन पाइने रहेछ भनेर र मनमनै सोचेँ पनि पछि अवसर पाएर कतै विज्ञान पढेँ भने एमबिबिएस पढ्ने कोसिस गर्छु भनेर जुन त्यतिन्जेल मेरो लागि त्यो रहर आकासको फल टिप्ने दिवा सपना थियो ।

केही समयपछि त्यो दिवा सपनामा विपनामा परिवर्तन हुनसक्ने सम्भावनाको पहिलो खुड्किलो फेला पऱ्यो त्यो थियो दीनानाथ पौड्याल सरको पहलमा काठमाडौंको पुरानो बानेश्वर स्थित न्यु

समिट कलेजले मलाई निःशुल्क १०+२ विज्ञान पढाउने भयो । जसका संस्थापक प्रिन्सिपल हुनुहुन्थ्यो लेखनाथ घिमिरे । उहाँले मेरो परिवारको अवस्था र मेरो परिश्रम तथा लगनशीलता देखेर यस्तो अवसर दिनुभएको थियो जसका लागि मैले आजका दिनमा उहाँलाई शब्दमा वर्णन गर्न नसकिने धन्यवाद तथा सम्मान प्रकट गर्दछु । ६ महिना दीनानाथ सरसँग कोठामा बसेर पढेपछि पुनः लेखनाथ सरले आफ्नै कलेजको होस्टेलमा बस्ने व्यवस्था मिलाइदिनुभयो जसले गर्दा काठमाडौंको बसाइ र प्लस टु को पढाइ सहज भयो ।

प्लस टु को पढाइपछि काठमाडौं बसाइ सकियो । कलेजको होस्टेल पनि छाड्नुपर्ने भयो । आफ्ना साथीहरू एमबिबिएस प्रवेश परीक्षा तयारीको लागि इस्टिच्युट जान थाले यसैबिच प्लसटु पढाउन अहम् भूमिका खेल्ने दीनानाथ पौड्याल पनि काठमाडौं छाडिसक्नु भएको थियो । मेरो जीवनको नयाँ गोरेटोमा पुगेको थियो जुन गोरेटो समातेर म बाग्लुङको बुर्तिबाङमा जनता इङ्लिस बोर्डिङमा पढाउन जानुपर्ने भयो कारण थियो काठमाडौंमा बसेर एमबिबिएस तयारी गर्ने स्रोत नहुनु । एक वर्षसम्म बुर्तिबाङमा पढाएर झन्डै ६ महिना काठमाडौंमा बस्न पुग्ने पैसा जम्मा पारेर फेरी प्लस टु पास गरेको एक वर्षपछि लागेँ काठमाडौंतिर र लागेँ शिक्षा मन्त्रालयले एमबिबिएस छात्रवृत्तिमा लिने प्रवेश परीक्षाको तयारीमा । ३ महिना तयारीपछि प्रवेश परीक्षा दिएँ र मन्त्रालयको छात्रवृत्तिमा एमबिबिएस पढ्न पाल्पामा रहेको लुम्बिनी मेडिकल कलेजमा छानिएँ ।

छात्रवृत्तिमा छानिएपछि कुनै बेला देखेको दिवा सपना विपनामा पनि अनुभूत हुनसक्ने सबभन्दा ठूलो अवसर त हात लागेको थियो तर सबभन्दा त्यतिन्जेलसम्मको गाह्रो र सबभन्दा ठूलो समस्याको साथ । समस्याको पहाड थियो त केवल पैसाको अभाव । छात्रवृत्तिमा पढ्दा शुल्कको तीस लाख पैसा त नलाग्ने तर त्यसबाहेक आन्तरिक परीक्षा शुल्क, महंगा विदेशी किताब, प्रयोगात्मक सरसमान तथा ६ वर्ष जतिको पढाइमा खान बस्न लाग्ने खर्च । यही खर्च सम्झेर मैले एमबिबिएस पढ्न पाउने मन्त्रालयको छात्रवृत्ति प्राप्त गर्दा पनि खुसी र सुखको सास फेर्न पाइन । तर समस्यासँग डराएर हतोत्साही पनि भएको थिइन । सधैँको समस्यामा जस्तै यस समस्यामा पनि सहयोग गर्ने मन र हातहरू तयार भए । पहिलेजस्तै समाधानको नेतृत्वकर्ता भए उनै दीनानाथ पौड्याल । गाउँका धेरै मान्छेहरूसँग ऋण सहयोग लिएर एमबिबिएस भर्ना भएँ । सहयोग गर्नेमा धेरै दाजुभाइ, दिदीबहिनीहरू हुनुहुन्छ जसमध्ये विष्णु पैयानी प्रकाश अर्याल, दुर्गा वि.क., मोहन अर्याल, पोमानन्द खरेल, झविलाल वि.क. लगायत हुनुहुन्छ । उहाँहरूकै प्रमुख सहयोगमा एमबिबिएसको पहिलो दुई वर्ष पूरा गरेँ । त्यतिन्जेलसम्म हरेक महिना कोही न कोहीसँग दस बाह्र हजार ऋण सहयोग माग्नुपर्ने हुन्थ्यो त्यो सहयोग जुटाउने सहयोगकर्ता हुन्थे उनै दीनानाथ पौड्याल ।

प्रत्येक महिनामा आफैँलाई चिन्ता हुन्थ्यो कि यो महिनाको खर्च कसरी कससँगबाट जुटाउने भनेर जसले गर्दा आफूले सत्प्रतिशत पढाइमा लगाउनुपर्ने दिमाग र मन खर्च जुटाउनमै बढी केन्द्रित थियो । यस बिचमा दिगो तरिकाले खर्च जुटाउने सकिने अनेक उपाय खोजिए । धेरै मान्छेहरूसँग सहयोगको लागि अनुरोध गरियो । जसले अनुरोध गर्दासम्म सहयोग गर्छौं भन्थे तर जब समस्या पर्दा गुहारिन्थ्यो त्यतिबेला सहयोग पाउन असम्भव प्राय हुन्थ्यो । त्यसैले त त्यस समय मैले धेरैसँग सहयोगको आशा र अनुरोध गर्न छाडिसकेको थिएँ ।

त्यसैबिच २०७२ सालको मङ्सिर महिनाको दोस्रो हप्तातिर मेरो एक जना आफन्ती जो जिल्ला

शिक्षा कार्यालय गुल्मीमा विद्यालय निरीक्षक हुनुहुन्थ्यो झविलाल वि.क. उहाँले वेदबहादुर थापालाई अनुरोध गरेर सहयोगको लागि अनुरोध गर्नुभएछ । वेदबहादुर थापालाई तत्काल बुटवल स्थित खेम इन्टरप्राइजेजका प्रोपराइटर तथा खेम-ओमी कल्याणकारी प्रतिष्ठानका संस्थापक अध्यक्ष खेम पुनलाई फोन गरी सहयोग गरिदिन भन्नुभएछ र खेमराज अङ्कलले आफ्नो नम्बर दिई सम्पर्क गर्न भन्नुभएछ ।

मलाई भविलाल सरले फोन गरेर खेमराज अङ्कलको नम्बर दिई सम्पर्क गर्न भन्नुभयो । मलाई भने सम्पर्क गर्न पनि भित्री मनले मानिरहेको थिएन कारण थियो त्यो भन्दा पहिला धेरै मान्छेलाई भेट्दा, सम्पर्क गर्दा पाइने आश्वासन जुन आवश्यक पर्दा कहिल्यै सहयोगमा नबदलिनु ।

तैपनि खेमराज पुन अंकललाई सम्पर्क गरे उहाँले भोलि नै मलाई भेट्न भन्नुभयो । अर्को दिन उहाँले भनेको ठेगान पछ्याउँदै जाँदा उहाँ नै मलाई लिन आउनुभयो । उहाँको घरमा मलाई सहयोग गर्ने नगर्नेबारे उहाँले आफ्नो व्यक्तिगत लगानीमा कल्याणकारी काम गर्न खोलेको संस्थाका पदाधिकारीहरूको सानो जमघट भयो । उहाँहरूले मलाई मासिक लाग्ने खर्च एमबिबिएस नसकिन्जेल दिने निर्णय गर्नुभयो । त्यसभन्दा अघि उहाँको संस्थाले मजस्ता अरू विद्यार्थीहरूलाई पनि सहयोग गरेको रहेछ तथा थुप्रै सामाजिक कल्याणकारी काम गरेको रहेछ । मलाई खेम अंकलले बैंकमा खाता खोल्न भन्नुभयो र एकाउन्ट नम्बर दिन भन्नुभयो । अर्को दिन म पाल्पा आएर खाता खोलेँ त्यसदिनदेखि महिनाको पहिलो हप्तामै मैनाभरिलाई पुग्ने खर्च खातामा खेम-ओमी प्रतिष्ठानबाट आउन लाग्यो ।

जीवनको गोरेटो हिँडिरहँदा आउने दोबाटोमा कुनै न कुनै सहयोग कसै न कसैबाट पाइयो जसले गन्तव्यमा अगाडि बढाउन मद्दत गऱ्यो । यी सहयोगी हातहरूमध्ये सबैभन्दा बलियो हात खेम पुनको नै पाएँ । सबभन्दा ठूलो निस्वार्थ, निश्चल, अटल मन पनि उहाँको नै पाएँ । जसको धारणा छ सक्नेले नसक्नेलाई आफ्नो औकातअनुसार सहयोग गर्नुपर्छ भन्ने । पहिलो दुई वर्षसम्मको मासिक खर्चको समस्या मेरो लागि उहाँ खेम अंकलले नै अन्त्य गरिदिनुभयो । म सम्पूर्णरूपले पढाइमा केन्द्रित हुन सकेँ । मासिक खर्च मात्रै होइन म अरू आफ्नो व्यक्तिगत खर्च र पारिवारिक समस्या पर्दा पनि उहाँसँग आर्थिक सहयोग माग्ने गर्थें । उहाँले त्यसको लागि पनि कहिल्यै निरास पार्नुभएन । जहिले पनि मेरो जुनकुनै समस्या पनि समाधान गरिदिनुभयो ।

मलाई लाग्छ कुनै पनि लक्ष्यप्राप्ति गर्नको लागि निरन्तर लाग्नुपर्छ । त्यो पूरा गर्न पैसा मात्रै तगारो बन्ने रहेनछ । निरन्तर परिश्रम गरेर हतोत्साह नभई अघि बढ्यो भने साथ र सहयोग गर्नेहरूको पनि कमी नहुने रहेछ । कुनै दिनको आकाशको फल टिप्न जाने देखिने सपना खेमी-ओमी प्रतिष्ठानको भेटले आज विपनामा बदल्ने काम गरेको छ । जुन सहयोग यस संस्थाबाट मैले पाएँ सायदै अरू व्यक्ति तथा संस्थाबाट पाएँहुँला । यस्तो लाग्नुको कारण हो निसर्त र निस्वार्थ सहयोग ।

आगामी दिनहरूमा पनि यस संस्थाले मजस्ता अन्य विद्यार्थी भाइबहिनीहरूलाई मलाई जसरी सहयोग गर्दै जाओस् । जसले गर्दा आफ्नो क्षमता र सीप विकास गर्न आर्थिक अभाव भएका भाइबहिनीहरू पनि मैले जसरी यस संस्थाको गुणगान र कृतज्ञता शब्दमा व्यक्त गर्न नसक्ने होइन । म यस संस्थाप्रति सधैँ ऋणी छु र यस संस्थालाई अझ मजबुत र प्रभावकारी बनाउन र मेरो तन, मन, वचन र भएसम्म धनले पनि लाग्नेछु । साथै यस संस्थाको उत्तर-उत्तर प्रगतिको कामना गर्दछु ।

(जिल्ला अस्पताल, गुल्मी)

# खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको भविष्य उज्ज्वल देख्छु ।

यस संस्थाद्वारा गरेको सहयोग देखेर आजको समयमा पनि अरूको समस्या बुझेर अरूको जीवनलाई सहज गराउने मान्छे हुन्छन् भन्ने प्रेरणा मिल्छ । यस संस्थाको सहयोगपछि मैले आफ्नो पूरै ध्यान पढाइमा केन्द्रित गरी राम्ररी अध्ययन गर्न सकिराखेकी छु । म यस संस्थाप्रति आभार व्यक्त गर्न चाहान्छु ।



**डा. जमुना श्रेष्ठ**

मेरो नाम जमुना श्रेष्ठ हो । म पोखरास्थित मणिपाल कलेज अफ मेडिकल साइन्सेसमा MBBS (Bachelor of Medicine And Surgery) को अन्तिम वर्षमा अध्ययनरत छु ।

म बुटवलस्थित सुख्खानगरमा बस्छु । मेरो जन्म बुटवलमा भएको हो । म एक निम्न गरिब परिवारमा जन्मेकी हुँ । मेरो परिवारमा म, मेरी आमा, दिदी र भाइ छौं । म सानो छँदै बुवाको देहान्त भएको थियो । मेरो बुवाको देहान्तपछि घरमा आर्थिक अभाव भयो । घरको सबै दायित्व आमामाथि आइपऱ्यो । हामीलाई पढाउने, हुर्काउने सबै जिम्मेवारी आमाले गर्नुभयो । आज हामी जे जसो छौ, त्यसमाथि हामी आमाको ठूलो भूमिका छ । आमाद्वारा हामीले मिहिनेती भएर भविष्यमा राम्रो काम गरेर असल मान्छे बन्नुपर्छ भन्ने कुरा सिकेका छौं । हामी तीनै जना दिदीभाइले आफ्नो माध्यमिक तहको शिक्षा श्री कालिका माध्यमिक विद्यालयबाट लिएका छौं । म सानै कक्षादेखि आफ्नो कक्षामा प्रथम हुन्थेँ । मैले आफ्नो बाह्र कक्षाको पढाइ सकेपछि इन्टरान्स प्रिप्रेसन गरेर शिक्षा मन्त्रालयले लिएको परीक्षामा एमबिबिएस पढ्नको लागि पूर्ण छात्रवृत्तिमा नाम निकाले । मेरो दिदीले पनि सोही परीक्षामा BDSC Bachelor of Dental Sciences) पढ्नका लागि छात्रवृत्तिमा नाम निकालिन् । स्नातक तहको परीक्षामा नाम निकालिसकेपछि पढ्नका लागि आर्थिक समस्याहरू आइपुगे ।

यही समस्याहरूको बीचमा मलाई खेम ओमी पुन प्रतिष्ठानको बारेमा जानकारी भयो । खेम-ओमी पुन कल्याणकारी प्रतिष्ठानबारे बविता श्रेष्ठलाई जानकारी रहेछ, उहाँले खेम मामासँग भेट गराउने काम गर्नुभयो । मेरी आमा, भाइ र निनी (फुपू) बाट जानकारी पाएँ । खेम पुन कहाँ भेट्न जानुभयो र त्यही कुराकानी गरेपछि मलाई यस संस्थाबाट सहयोग प्राप्त हुन थाल्यो । यस संस्थाको सहयोगबाट मेरो पढाइको आर्थिक समस्या हल हुनुका साथै मनोबल पनि बढेको छ । मलाई आफ्नो जीवनमा यस्तो सहयोग गरिदिने मान्छे भेट हुन्छ भन्ने लागेको थिएन । यस संस्थाका अध्यक्ष खेम पुन, उहाँ मेरा लागि प्रेरणाको स्रोत बन्नुभएको छ ।

यस संस्थाद्वारा गरेको सहयोग देखेर आजको समयमा पनि अरूको समस्या बुझेर अरूको जीवनलाई सहज गराउने मान्छे हुन्छन् भन्ने प्रेरणा मिल्छ । यस संस्थाको सहयोगपछि मैले आफ्नो पूरै ध्यान पढाइमा केन्द्रित गरी राम्ररी अध्ययन गर्न सकिराखेकी छु । म यस संस्थाप्रति आभार व्यक्त गर्न चाहान्छु । खेम पुन मामाको दयालु र सहयोगी भावना हामी सबैको लागि प्रेरणाको स्रोत बनेको छ ।

यसैगरी भोलि पनि मजस्तो पढन चाहने, जेहेन्दार, मिहिनेती तर आर्थिक समस्याले दुःख पाएका विद्यार्थीहरूले सहयोग र आफ्नो भविष्य उज्ज्वल पार्ने अवसर प्राप्त गरिराखून् । म यस संस्थाप्रति सधैँ आभारी रहने छु । म भोलि जहाँ भए पनि यस संस्थालाई आफूले पूर्ण सहयोग गर्नेछु । यस संस्थाको उज्ज्वल भविष्य र उन्नतिको लागि कामना गर्दछु ।

(मणिपाल मेडिकल कलेज, पोखरा)

# खेम ओमी प्रतिष्ठानसँगको मेरो सम्बन्ध

**सपना त थियो पढेर ठूलो मान्छे बन्ने । घरखर्चको लागि ल्याएको ऋण तिर्न नसक्दा साहूहरु दैलोमा आएर कराएपछि आमाले हामीलाई हेरेर ठूला भएपछि त मेरा छोराछोरीले पनि कमाउलान् र तिर्लान् नि साहूको ऋण, टुहुरा टुहुरीको भाग्य कर्सापछाडि हुन्छ भन्छन् भन्दै आँखाभरि आँसु गराउनुहुन्थ्यो ।**



**सृजना पछाई**

नमस्ते ! म सृजना पछाई वि.सं. २०५७ माघ ११ गते अर्घाखाँची मालारानी-२, को पटौटी गाउँमा अवस्थित एक गरिब परिवारमा जन्मिएँ । म मेरी आमा ४० वर्षकी हुँदा यस धरतीमा जन्मिएकी हुँ । मेरो घरमा आमा, भाइ, म र दुईजना दिदीहरू हुनुहुन्छ । म ६ वर्षको हुँदा २०६३।०७।१२ गते मेरा बाबाले यो संसार छाड्नुभयो । एक त बाबा नहुँदा त्यसमाथि पनि घरको न्यून आर्थिक अवस्थाको कारण दिदीलाई ज्यालामजदुरी गर्नुपर्ने अवस्था भयो । बाबा बितेपछिको चिन्ताले गर्दा आमा बिरामी भइरहने र पहिलेदेखि नै हर्निया रोगबाट ग्रस्त भएको कारण आमाले दिनभर खटेर मजदुरीको काम गर्नसक्नु हुँदैनथ्यो । यसको कारण पटक-पटक खान पनि पेट नभरी सुत्नुपर्ने बाध्यता थियो । यस्तै-यस्तै बाध्यात्मक परिस्थितिहरूसँग जुद्धाजुद्धै दिदीले आफ्नो पढाइ छाडेर हामीलाई पढाउन मजदुरी काम गर्न लाग्नुभयो । म र भाइ दुवैजना पढ्नमा राम्रा थियौं । मेरो भाइले अहिले १० मा पढ्दै छ । म भर्खर प्लस २ साइन्स गरेर ब्याचलर मा सिभिल इन्जिनियरिङ पढ्दै छु । पश्चिमाञ्चल क्याम्पस पोखरामा । इन्ट्रान्समा पूर्ण छात्रवृत्तिमा नाम निस्किए तापनि खाने बस्ने, कापी कलम किन्ने समस्याहरूले घेरेर के गरम ब्याचलरमा सिभिल इन्जिनियरिङ पढ्म या त नपढ्म, कसरी पढ्म भनेर समस्याले ग्रसित पारिरहेका थिए । यसैबेला मैले जीवन भुसाल अंकलद्वारा खेमओमी पुन कल्याणकारी संस्थाबाट गरिने सहयोग बारेमा थाहा पाएँ । त्यसपछि मनमा कताकता आशाका किरणहरू पलाउन थाले । पैतृक सम्पत्तिको नाममा हाम्रो एउटा घर ६ महिना पनि खान नपुग्ने अन्न उब्जिने बारी मात्र छन् । आयस्रोतको कुनै बाटो नहुँदा ब्याचलर पढ्दा होम ट्युशनहरू पढाउने भन्ने सोचेकी थिएँ । तर आफू बस्ने ठाउँबाट अलि टाढा होम ट्युशन पढाउँदा कुनै बेला राती हुनसक्ने र सधैँ वातावरण अनुकूल नहुने पनि सोचकी थिएँ । सपना त थियो पढेर ठूलो मान्छे बन्ने । घरखर्चको लागि ल्याएको ऋण तिर्न नसक्दा साहूहरू दैलोमा आएर कराएपछि आमाले हामीलाई हेरेर ठूला भएपछि त मेरा छोराछोरीले पनि कमाउलान् र तिर्लान् नि साहूको ऋण, टुहुरा टुहुरीको भाग्य कर्सापछाडि हुन्छ भन्छन् भन्दै आँखाभरि आँसु गराउनुहुन्थ्यो । यस्तै कैयौं रातहरू भोकभोकै सुतेको रातको यादले ठूलो मान्छे बन्ने रहर जागेर आउँथ्यो र आमाको आँखाबाट आँसु झर्न नदिने रहर लाग्थ्यो । तर बीचमै आइदिंदो रहेछ पैसाको समस्या ढुङ्गा खोज्दा देउता भनेझैं दोधार परिरहेको बेलामा मेरो भेट खेम पुन, यस खेमओमी पुन कल्याणकारी संस्थाका प्रमुखसँग हुनुपुग्यो । खेमओमी पुन कल्याणकारी प्रतिष्ठानबाट मलाई सहयोग प्राप्त हुने छ भन्ने कुरामा पनि म आशावादी छु । गरिबीको चपेटामा चपेटिएर आफूमा क्षमता भएर पनि अध्ययनलाई निरन्तरता दिन अन्योलमा परेका जेहेनदार विद्यार्थीहरूलाई सहयोग गर्दै उनीहरूका आँखामा हर्षका आँसु ल्याउने यस संस्थालाई म मुक्तकण्ठले प्रशंसा गर्दछु । भविष्यमा म आफू पनि जे जस्तो जागिरे भए पनि आफ्नो कमाइको केही अंश यस संस्थामार्फत म जस्तै बालबच्चाहरूलाई सहयोग गर्ने प्रतिज्ञा पनि गर्दछु । आगामी दिनहरूमा यस खेमओमी कल्याणकारी प्रतिष्ठानले गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई सहयोग गर्दै जाओस् भन्ने शुभकामना व्यक्त गर्दै समाजसेवाका प्रेरणादायी पात्र एवम् यस संस्थाका प्रमुख जसले यो सहयोगको सुरूवात गरेर यसलाई निरन्तरता दिनुभयो, उहाँलाई पुनः हृदयदेखि नै धन्यवाद दिन चहान्छु ।

(पश्चिमाञ्चल इन्जिनियरिङ्ग कलेज, पोखरा)

# म, मेरो सपना र खेमओमी पुन कल्याणकारी प्रतिष्ठान

सोच्छु, समाजका अधिकांश मानिसहरु आफ्नो स्वार्थमा अगाडि बढिरहँदा, खेमराज पुन किन हामीजस्ताको साहारा बनिरहनुभएको छ ? सायद मानवीयता भनेको यही होला र संसारको सबैभन्दा ठूलो धर्म पनि यही । कामना गरिरहन्छु, मजस्ता लाखौँ साहारा विहीनको साहारा बनोस् प्रतिष्ठान ।



**दीपक जी.आर.**

मेरो नाम दिपक जी आर । हाल युनिर्भसल कलेज अफ हेल्थ एण्ड एलाइड साइन्समा वि फार्मेसी प्रथम वर्ष अध्ययनरत छु । मेरो जन्म वि.स. २०५५ साल चैत महिना २० गतेको दिन तानसेन नगरपालिका वडा नं. ११ लामडाडाँमा भएको हो । मेरो बाल्यकाल काहाँ बित्यो भनेर ठ्याक्कै भन्न सक्तिन । कारण थियो मेरो पारिवारिक स्थिति । त्यसैले मैले मेरो स्कुल पनि १० कक्षा पास हुदाँ सम्म १० ओटा परिर्वतन गरेँ । हाल हामी परिवारमा म, मम्मी र बहिनी गरी ३ जना सदस्य छौ । मेरो बाबाको मृत्यु, म ९ वर्षको हुदा भएको थियो । पहिलेदेखि नै हाम्रो पारिवारिक आर्थिक स्थिति कमजोर थियो । झन बाबाको मृत्यूपछि हामी झनै असाहय भयौ । धैर्य जीवनको सबैभन्दा ठूलो भरोसा हो र दुःखमा आत्तिनु हुँदैन भन्ने मेरो मावली हजुरबुवाको अठोट, साथ र निर्देशनले माध्यमिक तहको अन्तिम समय मामा घरमा बसी पुरा भयो । जब एसएलसी पूरा भयो मेरो अगाडिको शिक्षाको बाटो अन्धकारजस्तै हुन पुग्यो । ज्यालादारी गरेर जसोतसो संघर्ष गरेर जीवनयापन गर्नुभएको तथा ठूलो परिवार भएको कारण अबको मेरो शिक्षालाई अगाडि बढाउन मेरो मावली परिवारको सम्भावना थिएन । अनियन्त्रित र दिशाहीन बादलजस्तै थप शिक्षाको अभिलाषा बोकी पाल्पादेखी झरेँ बुटवल । इच्छालाई कुनै कुराले पनि अवरोध गर्न सक्दैन भने जस्तै CTEVT बाट उपलब्ध गराइने विभिन्न छात्रवृत्ति मध्ये डिप्लोमा इन फार्मसी अध्ययनको लागि मैले CTEVT मा निवेदन दिए । जहाँ मेरो पूर्ण छात्रवृत्तिमा नाम निस्कियो । जति वेला मेरो, मेरो परिवार र मावली परिवारको खुसीका सीमा थिएन । साथै काठमाडौमा रहेको पिडिआरसिले समेत अध्ययनका लागि नगदको व्यवस्था गर्‍यो । पाएको अवसरलाई खेरा फाल्न हुँदैन भन्ने मेरो पूर्ण दृढ अठोट र मेहनतले प्रथम श्रेणीमा उत्तीर्ण भए । त्यो पल फेरी हाम्रो परिवारमा खुसी नथपिने कुरै भएन ।

जब म डिप्लोमा इन फार्मेसी उत्तीण भएँ, थप अध्ययनका लागि मेरा लागि खर्च बड्दै थियो भने आमा र बहिनीलाई पाल्ने छोरा र दाइको भूमिका

पनि उत्तिकै बढिरहेको थियो । मावलीको संरक्षणमा रहेको मेरो परिवार, हाम्रा केही खर्च टार्नका लागि मम्मीले सेतो गुँरास कार्यलयमा काम गर्न थाल्नु भयो । आर्थिक अभावका कारण माथिल्लो कक्षामा भर्ना हुन नसकी मेरो १ वर्ष त्यसै बित्यो । लाग्न थाल्यो मेरो डिप्लोमा इन फार्मेसी अध्ययन त्यसै खेर जाने भयो । जीवनको मेरो सपना पूरा हुन नसक्ने सम्भावनादेखि अध्ययनबाट नै पलायन हुने अवस्थामा पुग्दै थिएँ । त्यत्तिकैमा एक दिन इन्टरनेटमा IOM ले परीक्षा लिई उर्त्तीण हुने विद्यार्थीलाई MOE ले वी. फार्मेसी अध्ययनका लागि पूर्ण छात्रवृत्ति प्रदान गर्ने जानकारी पाएँ । मनमा केही आशा त पलायो तर त्यो परीक्षा उर्त्तीण गर्न त्यति सहज भने थिएन । परीक्षा तयारीका लागि सबै साथीहरू Institute मा अध्ययन गरिरहेका थिए । तयारी कक्षाका लागि म Institute त जान सकिनँ तर घरमै अध्ययन गरी IOM को परीक्षामा सहभागी भई पास भएँ । युनिर्भसल कलेज अफ हेल्थ एन्ड एलाइड साइन्समा भर्नापछि अध्ययनका लागि आवश्यक अन्य खर्च पुऱ्याउन कठिन भइरहको अवस्थामा एक दिन मम्मीको कार्यलयकी सुमित्रा दिदीले खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले गरिव र जेहनदार विद्यार्थीलाई सहयोग गर्ने कुरा जानकारी गराउनुभयो । साथै उहाँकै सहयोग लिई हामी पुग्यौँ खेमओमी पुन कल्याणकारी प्रतिष्ठानमा । खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको अध्यक्षले हामीलाई पर्खिरहनुभएको रहेछ । हसिलो अनुहार मिजासिलो बोली मजस्ता धेरै विद्यार्थीलाई उहाँले आफ्नो संस्थामार्फत सहयोग गर्नुभएको रहेछ । उहाँसँगको भेटपछि मलाई आफ्नो लक्ष्यमा पुग्न अब सहज भएको महसुस भइरहेको थियो । कलेजले मलाई अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराए तापनि बुटवलको बसाइ खाना आदिको लागि मेरा लागि खेमराज पुन तथा उहाँको संस्थाको अतिआवश्यक थियो । केही छिनको छलफलपछि मेरो कलेज बाहिरको खर्चका लागि खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले मलाई नगद उपलब्ध गराउने हुनुभयो । मनमनै हजारौँ धन्यवादका शब्दहरू नाचिरहेका थिए । हर्षविभोरले शब्दविहिन म उहाँप्रति कृतज्ञ हुदै घर फर्किएँ ।

म अहिले नियमित कलेज हिडिरहेको छु । अध्ययनका लागि आवश्यक स्रोत खेमओमी पुन कल्याणकारी संस्थाबाट उपलब्ध भएकाले मैले सोको बारेमा चिन्ता लिनुपरेको छैन । हरेक दिन म आफ्नो लक्ष्यमा पुग्नका लागि डटिरहेको छु । हरेक संघर्षमा मलाई खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले उत्प्रेरणा प्रदान गरिरहन्छ । सोच्छु, समाजका अधिकांश मानिसहरू आफ्नो स्वार्थमा अगाडि बढिरहँदा, खेमराज पुन किन हामीजस्ताको साहारा बनिरहनुभएको छ ? सायद मानवीयता भनेको यही होला र संसारको सबैभन्दा ठूलो धर्म पनि यही । कामना गरिरहन्छु, मजस्ता लाखौँ साहारा विहीनको साहारा बनोस् प्रतिष्ठान । म हरेक सफलताको सिँढी चढ्दा मलाई सहयोग गर्ने हरेक सहयोगी हातहरूलाई सम्झिरहनेछु । लाग्छ, मेरा आगामी पाइलाहरूमा पनि संस्थाको निरन्तर सहयोग र साथ रहिरहनेछ । साथै हरेक पल प्रतिज्ञा गरिरहन्छु कि कुनै पल म प्रतिष्ठानलाई कुनै पनि पक्षबाट सहयोग गर्न सकूँ ।

धन्यवाद ।

(वी.फार्मेसी, प्रथम वर्ष
यूनिर्भसल कलेज अफ हेल्थ एन्ड एलाइड साइन्स
भैरहवा, रूपन्देही)

# पर्खालभित्रको आवाज

मसँग न त म ज्ञान अध्ययनको हिसाबले परिपक्क थिएँ न त उमेरकै हिसाबले न त व्यावहारिक हिसाबले र न आर्थिक तवरले कुनै सिंढी चढेको थिए मैले । म निरीह बनेर आफ्नो अगाडि तेर्सिएको समस्याको पहाड अनि उदेकलाग्दो भविष्यको चिन्ता सकेर उदास उदास कैदी जीवनमै रुमलिएर दिन, महिना वर्ष बित्दै गए ।



अर्जुन रायमाझी

भनिन्छ कि परिवेश र परिस्थितिअनुसार आफूलाई अनुकूलित बनाउने सीप नै दीर्घ जीवनको आधार हो । समयअनुसार परिवर्तन हुन सकेन भने कुनै पनि जीवन अस्तित्वमा रहिरहन सक्दैन । तर मानिसको जीवनमा एक्कासि ठूलो विपद आइलाग्छ या कुनै परिबन्ध तथा परिस्थितिबस मानिस शून्यतामा अल्झिएको हुन्छ । मानौं कि मानिस ज्ञान, बुद्धि र विवेकबाट नै अलग छ । केवल मानव शरीरमात्रको सजीव प्राणी हो । जब मानिसलाई सामाजिक परिवेशबाट अलग पारिन्छ अथवा अझै उसलाई सामाजिक, आर्थिक, सांस्कृतिक राजनैतिक या अन्य भौतिक क्रियाकलापबाट अलग गरी राज्यले अपराधीको विल्ला भिराएर विशाल भूगोलबाट चार दिवारभित्र कैद गर्छ तब मानिस मानसिकरूपले विचलित र विक्षिप्त हुन्छ । समयको वहावसँगै सबै मनोरम पलहरू छुटी सकेको भान हुन्छ । गुम्नु, छुट्नु, रित्तिनु नै जीवनको रित हो जस्तो लाग्छ । जब त्यतिबेला गहिरिएर जीवनको विश्लेषण गरिन्छ तब संसारको हरेक वस्तु औचित्यहीन लाग्न थाल्दो रहेछ । यो अनुभूति केवल एक्लो मेरो होइन त्यस्ता कैयौं सुन्दर निर्दोष जीवन र फराकिलो भविष्यका हकदार होनाहार युवाहरू जो अज्ञानताबश या परिबन्धनले या कुनै वस्तु प्राप्तिको इच्छाले विराट रूप लिंदा आफ्नै जीवनको महत्त्व र अस्तित्वलाई दाउमा लगाइराखेका हुन्छौं तर हामीलाई महसुस छ । जीवनभन्दा कुनै वस्तु वा चिज मूल्यवान कदाचित हुनै सक्दैन । जीवनका हरेक नराम्रा घटना परिघटना घटित भैसकेपछि वा जीवन जटिलतम मोडमा पुगीसकपछि त्यसलाई आलो ताजा बनाइराख्नु भन्दा बुद्धि र ज्ञानले आफूभित्रको हौसला, सकरात्मक सोंच र सृजनशीलताले कोसिसको गतिलाई थप ऊर्जा दिनु विवेकपूर्ण हुन्छ भन्ने महसुस भैराखेको छ ।

रैनादेवी गाउपालिका-८ पाल्पा निवासी बाबु केहरसिं रायमाझी र आमा ताराकुमारी रायमाझीको कोखबाट ०५-१-१० मा जन्मिएर जीवनका झन्डै दुई दशक वर्षहरू बाबुआमाको स्नेह, पारिवारिक सामीप्य र सौहार्द्र सामाजिक परिवेशको खुला आकाशमा प्राकृतिकरूपमा विचरण गर्दा जीवनको महत्त्वपूर्ण तथा संवेदनशील नव यौवनास्था जुन

पलहरू पढाइ सिकाइ र भोगाइका हिसाबले जीवनको अनन्त कालसम्म अविस्मरणीय पलको रूपमा रहन्छन् र त्यो समय आँखाभरि जीवनलाई रंगीन र सृजनशील बनाउने सपना सजिएको हुन्छ । जुन समय मस्तिष्कभरि सामाजिक तथा पारिवारिक कर्तव्यबोधका रेखाहरू कोरिन्छन् त्यस्तै मनभरि पलाएका हजारौं रहरहरू विज्ञान र टेक्नोलोजीले एउटै बनाएको दुनियाँ यी सबै कुराको अनुभूति, उपभोग र उपयोग गर्ने अवस्थामा मेरा निर्दोष इच्छा र आकाङ्क्षाले मूर्त रूप लिने अवसर पाएनन् जतिबेला मलाई अदालतले अपराधी घोषित गरेर कारवासको सजाएसहितको कैदिपूर्जी थमाएर हतकडीसहित पाल्पा कारागार चलान गऱ्यो । कस्तो विडम्बना, पल भरमै जीवन कताबाट कहाँ पुग्यो । मसँग यो तीतो सत्य भनूँ या एक अनेक जीवन वर्वाद गर्ने अराजक राज्य व्यवस्थाको, अन्धो न्यायलयको मनमौजी सजायलाई आँसु पिएर स्वीकार गर्नुको अर्को विकल्प कहीँ थिएन । मसँग न त म ज्ञान अध्ययनको हिसाबले परिपक्क थिएँ न त उमेरकै हिसाबले न त व्यावहारिक हिसाबले र न आर्थिक तवरले कुनै सिंढी चढेको थिए मैले । म निरीह बनेर आफ्नो अगाडि तेर्सिएको समस्याको पहाड अनि उदेकलाग्दो भविष्यको चिन्ता सकेर उदास उदास कैदी जीवनमै रूमलिएर दिन, महिना वर्ष बित्दै गए ।

वास्तवमा मान्छेको जीवनमा नराम्रा घटना घट्छन् खराब समय चल्छ अनि मान्छे परिवन्धमा पर्छ तब मान्छे हमेसा दुखी रहन्छ । घटित कुरा यो घटनामा चिन्तित भई अतालिएको मन अलपत्र मनस्थिति बाट गुज्रिन्छ अनि डराइरहन्छ, वर्तमानसँग अनिश्चित भविष्यको कल्पना गर्दै तर हामी जुन कुरामा चिन्ता गर्छौं र डराउँछौं जुन कुरादेखि त्यसैलाई हामीले अन्जानमा ठूलो र शक्तिशाली बनाइराखेको हुन्छ । हामीले चिन्ता गरेकै कुराबाट चिन्ताले शक्ति प्राप्त गरेको हुँदो रहेछ र हामीमाथि नकारात्मक कुराहरू हावी हुन पुग्दारहेछन् । ठूलो विपद र अप्ठ्यारो परिस्थितिमा मान्छे पूर्णतः शून्यमा पुग्दो रहेछ । यी सब कुराहरू मैले जेल जीवनमा धेरै नै महसुस गर्न थालेँ म वचपनदेखि नै हठी स्वभाव भएको र जिज्ञासु पनि । मेरा सोंच र आकाङ्क्षाहरूले पूर्णरूपमा पङ्ख पनि हाल्न पाएका थिएनन् । म पिंजडामा कैद हुन पुगें । जसोतसो जेल जीवन काट्नु त थियो तर मैले जेल जीवनका कष्टकर समयलाई पनि उपलब्धिमूलक तरिकाले उपयोग गर्ने निधो गरे; ताकि मैले जेल जीवनपश्चात् पनि आफूलाई समाजमा व्यवस्थित तरिकाले घुलमिल गराउनेभन्दा पनि अझ बढी हरेक कुराको क्षति र त्यसभन्दा बढी वर्वाद भएको जीवनको अमूल्य समय नामको सम्पत्तिको बदलामा आफूलाई अझै बढी परिस्कृत, समय सापेक्ष र परिवार समाज र राष्ट्रकै लागि उपयोगी सिद्ध गर्छु भन्ने अठोट राखें । जसको लागि ज्ञान, विज्ञान, अध्यापक, आत्मविश्वास अनि सकारात्मक सोंचको विकास गर्दै लगें । Better late then never भनेझैं मैले जेलमै बसेर ढिलै भए पनि Academic study को लागि अघि बढ्ने निधो गरें । आफूलाई मानसिक र शारीरिक रूपमा सन्तुलित बनाउँदै लगें । ढुङ्गा खोज्दा देउता मिल्यो भनेझैं मेरो जेल जीवनमा एउटा सत्पुरूषको आगमन भयो । उहाँको नाम मेरो जीवनको पानामा सुनौलो अक्षरले लेखिएको छ । उहाँको नाम जीवनको Dead end सम्म पनि मेटिने छैन जसको नाम हो खेमराज पुन । म अत्यन्तै हृदयदेखि आभार प्रकट गर्न

चाहान्छु । ती सहयोगी सुकर्मी हातहरू र त्यो सरल तर महान् व्यक्तित्वलाई जसको भौतिक, बौद्धिक र आत्मिक सहयोग र प्रेरणाबिना मेरो जेलभित्रको शैक्षिक यात्रा बिल्कुल पूरा हुने थिएन (अधुरो रहन्थ्यो) । उहाँले पाल्पा कारागारका लागि गर्नुभएको अन्य सहयोगको लागि पनि म साथै पाल्पा कारागार सदैव ऋणी हुने छ । उहाँले सम्पूर्ण रूपमा संस्थागत रूपमै अझै फराकिलो दायरामा सहयागको हात अगाडि बढाउँदै हुनुहुन्छ । उहाँको सहयोग सदैव सही ठाउँ सही व्यक्ति सही समयमा सही तरिकाले उपयोग होस् । सम्पूर्णरूपमा सामाजिक कार्यमा लागोस् र अन्य सेवाग्राहीका लागि प्रेरणाको स्रोत बनोस् र राष्ट्रनिर्माणमा यस संस्थाले ईट्टा थप्ने काम सदैव गरोस् । यस खेमओमी पुन कल्याणकारी प्रतिष्ठानलाई हार्दिक बधाई तथा उत्तर-उत्तर प्रगतिको शुभकामना ।

वास्तवमै कुनै पनि मान्छेको जीवनमा व्यवहारमा आउने सकारात्मक परिवर्तन नै विकास हो । यसले अध्यापकले जस्तै ज्ञान दिन्छ । सोंच, धारणा, मान्यता तथा व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सहयोग गर्छ । हाल मानिसको जीवनमा योग्यता, क्षमता तथा दक्षता तौलने एक मात्र विधि हामीले के सोच्छौं ? के बोल्छौं ? र कस्तो व्यवहार गर्छौं ? भन्ने कुरामा निर्भर गर्दछ । त्यसैले शिक्षा अनि ज्ञान त्यस्तो खुराक हो जसले मान्छेलाई सम्पूर्णरूपमा सही पूर्ण मान्छे बनाउँछ । म सम्पूर्ण युवा साथीहरूलाई यही सन्देश दिन चाहान्छु चाहे जेलभित्र होस् या बाहिर अनुशासनमा रहूँ सिर्जनशील र अध्यापनशील बनौं सकारात्मक सोंचको विकास गर्दै समयको सही सदुपयोग गरौं ढिलो चाँडो सफलताको ढोका अवश्य खुल्ने छ । मेरो जेलजीवनको अनुभव र अनुभूति के भने यो त साँच्चिकै आफैमा एउटा विश्वविद्यालय जत्तिकै रहेछ । समयको सही अर्थमा महत्व बुझ्ने आफ्नो विगतका गल्ती कमजोरी साथै गराइ भोगाइ सही समीक्षा गर्ने, जीवनको सही योजना तर्जुमा र सोंचको विकास गर्ने अर्थ र अभावलाई नजिकबाट नियाल्दै सीपमूलक काममा व्यस्त रहने । प्रशस्त समयमा अध्यायनमा व्यस्त बनेर आफूलाई तिखार्ने निखार्ने । हरेक विचार, क्षमता, परिवेश र फरक समुदाय र फरक संस्कृतिका मान्छेहरूसँग घुलमिल भई आपसी भाइचाराको विकास गर्नेजस्ता सकारात्मक पक्षलाई जेल जीवनमा आत्मसात गर्न सकिन्छ । सकारात्मक सोंच र परोपकारी जीवनबाट नै वास्तविक आनन्दप्राप्त हुन्छ र यी दुवै खेमओमी पुन कल्याणकारी प्रतिष्ठानका संस्थापकहरूमा मैले प्राप्त गरेँ ।

(सुधारगृह, पाल्पा)

# खेमओमी पुन प्रतिष्ठान मेरो भाग्य विधाता

आज म जहाँ छु, जे बन्दै छु र यो दिनसम्म मलाई ल्याउन धेरै सहयोगी हातहरु छन् । यी सहयोगी हातहरुमध्ये सबभन्दा बलियो हात खेम सरको नै पाएँ । सबभन्दा ठूलो निस्वार्थ, निश्चल, अटल मन पनि उहाँकै पाएँ जसको धारणा छ सक्नेले नसक्नेलाई आफ्नो क्षमताअनुसार सहयोग गर्नुपर्छ भन्ने ।



**राजकुमार गुप्ता**

३ वर्ष अगाडि दिएको परीक्षामा मेरो सपना अडेको थियो । मनमा कौतुहलता, डर, उमङ्ग र नतिजाको प्रतीक्षा स्वरूप इन्ट्रांस परीक्षामा मेरो नाम पूर्ण छात्रवृत्तिमा निस्कियो । खुसीले गदगद भएँ ।

केही दिनपछि शिक्षा मन्त्रालयद्वारा नेसनल मेडिकल वीरगन्ज मेरो चयन भयो । धेरै खुसी लाग्यो । तर त्यहाँ पुग्दा मेरो सपनामा ठूलो धक्का पऱ्यो मैले पाएको छात्रवृत्ति अतिरिक्त, त्यहाँ आन्तरिक परीक्षा शुल्क, खेलकुद शुल्क, मेडिकल शुल्क, इन्टरनेट शुल्क, होस्टेल शुल्क, मेरा शुल्क सबै जोडेर सालको २२५००० पर्न गयो । त्यति रकम तिर्न मेरा लागि सम्भव थिएन । मैले त्यहाँको कलेज प्रमुखसँग बाहिर बस्न दिने हारगुहार गरेँ तर होस्टेल अनिवार्य छ र बस्नै पर्छ भनेर पठाइदिए । एक महिनासम्म शिक्षा मन्त्रालयमा, आइ.ओ.एम.को दिन कार्यालय, केशर महल, सिंह दरबार भौतारिरहेँ तर कसैले पनि होस्टेल बाहिर बस्न दिन कलेजमाथि दबाब पारेनन् । निराश भएर म साथीको कोठातिर लागेँ अनि झलझली सम्झिएँ मेरो अतीत । कपिलवस्तु जिल्लाको जमुवार टोलमा एउटा गरीब परिवारमा मेरो जन्म भएको थियो । सानैदेखि म गरिबीको कारण धेरै कुरामा सम्झौता गर्न बाध्य थिएँ । मेरो पढाइ सामान्य स्कुलमा भएको थियो । बाबा सानो पसल गर्नुहुन्थ्यो र त्यही पसलबाट जीविका चलिरहेको थियो । म सानैदेखि पढाइमा राम्रो थिएँ र सानैदेखि बच्चाहरूलाई पढाउनमा रूचि राख्थेँ । यसरी बच्चाहरूलाई ट्युसन पढाएर पाएको पैसाले सानो तिनो आफ्नो व्यक्तिगत खर्च पूरा हुन्थ्यो र परिवारलाई पनि सहयोग हुन्थ्यो । यसरी पढ्दै पढाउँदै कपिलवस्तु शान्ति निकेतन स्कुलबाट मैले एस.एल.सी परीक्षा पास गरेँ । मेरो पढाइ अगाडि बढ्ने कुनै श्रोत थिएन; त्यसैले पढाइ छोड्ने निर्णय गरे ।

मेरो एक जना साथी शशि चौधरीले इन्ट्रास परीक्षामा नाम निकाल्यो भने प्लस टु छात्रवृत्तिमा पढ्न पाइन्छ भन्यो । उसको कुराले प्रेरित भएर मैले आफ्नो तयारी पुनः अगाडि बढाएँ र मिहिनेतको फलस्वरूप मैले बुटवलको अक्सफोर्ड कलेजमा पूर्ण छात्रवृतिमा नाम निकालेँ, त्यसपछि मनमा हर्षको

सीमा रहेन । म त्यहाँ दुई वटा ट्युसन पढाएर कोठा भाडा र खर्च मिलाउँथे । प्लस टु पास भएपछि अगाडि के पढ्ने न कुनै लक्ष्य न कुनै स्रोत । पुनः मेरो साथी शशि चौधरीले मलाई एमबिबिएसको तयारी गर्न सुझाव दियो । काठमाडौंमा बस्न र पढाइ गर्ने रकम नभएका कारण मैले आफू पढेको स्कुलमा पढाउन दिनुहोस् भन्ने प्रधानाध्यापक श्री चतुर्भुज शर्माज्यूलाई आग्रह गरे । मेरो समस्यालाई हेरेर चतुर्भुज सरले मलाई स्कुलमा पढाउने वातावरण मिलाइदिनुभयो । त्यहाँ मैले पाँच महिना पढाएर पैसा जम्मा गरेर इन्ट्रान्सको तयारीको लागि काठमाडौं गएँ । काठमाडौं महँगो ठाउँ भएको कारण दुई महिनासम्म खान बस्न पुग्यो अनि फेरि मैले आफूलाई आवश्यक रकम जुटाउनको लागि ट्युसन पढाउनु पऱ्यो । ट्युसनले गर्दा धेरै समय खेर जान्थ्यो । घरको आर्थिक अवस्था कमजोर भएका कारण घरबाट मलाई कुनै सहयोग हुन सकेन । मसँग ट्युसनबाहेक अरू कुनै विकल्प थिएन । यसरी पढ्दै पढाउँदै, सङ्घर्ष गर्दै १ वर्ष कुरेर मैले छात्रवृत्तिमा नाम निकालेर वीरगन्ज आएँ । तर आर्थिक समस्याका कारण मेरो सपना जस्तो भयो । म वीरगन्जबाट फर्किने अवस्थामा आए । मेरो मन दुखी र खिन्न थियो ।

जाने बेलामा कलेजको एक जना विपिन आचार्य दाइले अचम्म मान्दै सोध्नु भयो तिमी आएको धेरै दिन भए छैन कति चाँडो घर जान लागेको भाइ ? मेरो आँखामा आँसु आयो र मैले दाइलाई सबै कुरा उहाँको कोठामा गएर सुनाएँ ।

उहाँले भन्नुभयो भाइ तिमी यो अवसर नगुमाऊ फेरि नपाउन पनि सकिन्छ बरू ट्युसनहरू खोज कुनै न कुनै उपाय निस्किन्छ तर यहाँबाट नजाऊ । विपिन आचार्य दाइ, दीपक आचार्य दाइ, गोविन्द दाइ, शाश्वत दाइलगायत अन्य दाइहरू मिलेर केही पैसा संकलन गर्नुभयो र मेरा लागि किताबहरू किनिदिनुभयो र एउटा साइकलको व्यवस्था पनि गरिदिनुभयो । साथीहरूले ट्युसन खोजिदिए । क्षणिकरूपमा समस्याको समाधान देखियो तर कुनै स्थायी समाधान भेटिएन ।

वीरगन्जमा होमट्युसनको फिस निकै कम थियो । ५००-१००० सम्म मात्र एउटा ट्युसनबाट आउँथ्यो र म दिनमा ६ वटा ट्युसन पढाउँथे । ट्युसनबाट महिनाको ७००० जति आउँथ्यो तर मलाई कलेजमा महिनाको १७००० जति तिर्नुथियो । तिर्नुपर्ने शुल्क धेरै थियो जुन ट्युसन पढाएर पनि पुगिरहेको थिएन । मेरो क्लास ४ बजे सकिन्थ्यो, अनि म ४ बजेदेखि लिएर १० बजेसम्म ६ घण्टा होम ट्युसन पढाएर थाक्थैँ र धेरै पढ्न सक्दिनथैँ मेरो पढाइमा निकै ह्रास आयो । पढाइतिर समय दिन नसकेर प्रथम त्रैमासिक परीक्षामा म फेल पनि भएँ । मेरो पढाइ बिग्रिँदै गइरहेको थियो । पढाइभन्दा पनि पैसा कसरी जुटाउनेतिर मेरो दिमाग केन्द्रित भइरहेको थियो । सधैँ मनमा निरासा हुन्थ्यो मेरो मनोबल कम हुँदै गइरहेको थियो ।

एकदिन लुम्बिनी मेडिकल कलेजमा अध्ययनरत स्कुलदेखिकी साथी समता कोइरालासँग फोनमा कुराकानी भयो । उनले मेरो कुरा फेसबुकमा राखिन् र हाम्रो जिल्लामा रहेका ठूलाबडा मान्छे, संस्था, सभासद्, मन्त्रीसँग सहयोगको आग्रह गरिन् तर कुनै सहयोग भेटिएन ।

एकदिन मैले समताको बाबा राम कोइराला सरसँग फोनमा कुराकानी गरेँ उहाँले बुटवल स्थित खेम इन्टरप्राइजेजका प्रोपराइटर तथा खेम ओमी कल्याणकारी प्रतिष्ठानका संस्थापक अध्यक्ष श्री खेम

पुन सरलाई फोन गरी सहयोग गरिदिनु अनुरोध गर्नुभएछ र खेम सरले आफ्नो फोन नम्बर दिएर सम्पर्क गर्न भन्नुभयो ।

राम सरले मलाई फोन गरेर खेमसरको नम्बर दिनुभयो र सम्पर्क गर्न भन्नुभयो । मलाई भने सम्पर्क गर्न पनि भित्री मनले मानिरहेको थिएन कारण थियो त्यस भन्दा पहिला धेरै मान्छेहरूलाई भेट्दा सम्पर्क गर्दा पाइने आश्वासन जुन आवश्यक पर्दा कहिल्यै सहयोगमा बदलिएको थिएन ।

तैपनि मैले खेमराज पुन सरसँग सम्पर्क गरेँ, उहाँले समय मिलाएर भेट्न बोलाउनुभयो । अर्को दिन उहाँले भनेको ठेगाना पछ्याउँदै जाँदा उहाँ नै मलाई लिन आउनुभयो ।

उहाँको घरमा मलाई सहयोग गर्ने नगर्नेबारे उहाँले आफ्नो व्यक्तिगत लगानीमा कल्याणकारी काम गर्न खोलेको संस्थाका पदाधिकारीहको सानो जमघट भयो । उहाँहरूले मलाई मासिक लाग्ने खर्च एमविविएस नसकिन्जेल दिने निर्णय गर्नुभयो । त्यसभन्दा अघि उहाँको संस्थाले मजस्ता अरू विद्यार्थीहरूलाई पनि सहयोग गरेको रहेछ तथा थुप्रै सामाजिक कल्याणकारी काम गरेको रहेछ । मलाई खेम सरले बैंकमा खाता खोल्न भन्नुभयो र एकाउन्ट नम्बर दिन भन्नुभयो । अर्को दिन मैले वीरगन्जमा खाता खोलेँ, त्यस दिनदेखि महिनाको १ गते नै महिनाभरिलाई पुग्ने खर्च खातामा खेमओमी प्रतिष्ठानबाट आउन लाग्यो । उहाँबाट पाएको स्थायी सहयोगले मलाई अब धेरै ट्युसन पढाउनुपर्दैन र आफ्नो पढाइमा पूर्ण रूपले संलग्न हुन पाइरहेको छु । मेरो पढाइ पहिलाभन्दा धेरै राम्रो हुँदै गएको छ र हरेक परीक्षामा राम्रो अङ्क ल्याएर पास भइरहेको छु । आज म जहाँ छु, जे बन्दै छु र यो दिनसम्म मलाई ल्याउन धेरै सहयोगी हातहरू छन् । यी सहयोगी हातहरूमध्ये सबभन्दा बलियो हात खेम सरको नै पाएँ । सबभन्दा ठूलो निस्वार्थ, निश्चल, अटल मन पनि उहाँकै पाएँ जसको धारणा छ सक्नेले नसक्नेलाई आफ्नो औकातअनुसार सहयोग गर्नुपर्छ भन्ने ।

मलाई सहयोग गर्ने हरेक सहयोगी हातहरूप्रति म हृदयदेखि नै आभार व्यक्त गर्दछु । विशेष गरी खेम ओमी कल्याणकारी प्रतिष्ठानका संस्थापक खेमराज मुन सरलाई जसले म जस्तो निमुखो सम्भाव्यता र सीप भएर पनि आर्थिक समस्याले गर्दा सीप निखार्न तथा तिखार्न नपाएकाहरूलाई उनीहरूको सपना साकार पारिदिने कल्याणकारी काम गरिदिनु भएकामा म उहाँलाई मुरीमुरी कोटी कोटी धन्यवाद दिन चाहन्छु ।

आगामी दिनहरूमा पनि यस संस्थाले मजस्ता अन्य विद्यार्थी भाइबहिनीहरूलाई मलाई जसरी सहयोग गर्दै जाओस् । म यस संस्थाप्रति सधैँ ऋणी छु र यस संस्थालाई अझ मजबुत र प्रभावकारी बनाउन म मेरो तन, मन, वचन र भएसम्म धनले पनि लाग्ने छु । साथै यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । धन्यवाद ।

(नेसनल मेडिकल कलेज, वीरगन्ज)

# गुमाएको बुवा पाएँ : खेमओमी कल्याणकारी प्रतिष्ठान

मेरो संसार मेरी आमाको आँखामा दुःख लुकेर देखिएका मेरा पाइलाका हर्षहरु र खेमराज पुन मगर अङ्कलको साथले मलाई पढाई प्रति धेरै ध्यान आकर्षण गराएको छ र पछि गएर आफु पनि हजुर जस्तै समाज सेवा गर्ने बाचा दिन्छु। म खेम-ओमी कल्याणकारी प्रतिष्ठानलाई आफुले गुमाएको बुबा सम्झदै मेरो व्यक्तिगत एवम् हामी दुबै आमाछोराको तर्फबाट हृदय देखि धन्यवाद दिन चाहन्छु ।



**दिनेश बफाल पुन मगर**

जीवन सङ्घर्षको प्रतीक हो । सङ्घर्ष गर्ने व्यक्तिलाई सहारा जहाँबाट पनि प्राप्त हुने गर्छ त्यसैको एक उदाहरणको मुख्य पात्र हुँ म । म दिनेश बफाल पुन मगर । स्व. पिता खमान सिं बफाल पुन मगर र माता द्रौपता बफाल पुन मगरको गर्भबाट वि.सं. २०५८/०६/२७ गतेका दिन रजेना-२, सुर्खेतमा मेरो जन्म भएको थियो । २०५६/०५७ सालको डरलाग्दो सामाजिक परिवेशका बिचमा बाबु आमाले अन्तरजातीय विवाहलाई हेर्ने दृष्टिकोणको चेपुवाबाट हाम्रो परिवार उम्किन सकेन । बुवाले समाजका विद्यमान गरिबी, असमानता, अन्यायका विरूद्ध लड्ने निधो गर्नुभयो र माओवादी जनयुद्धको बाटो रोज्नुभयो ।

२०५९ सालको वैशाख ९ गतेले हाम्रो परिवारमा ग्रहण लगायो । बुवालाई क्याम्पसको कार्यक्रमबाट छोपेर खजुरा लगि गोली हानी मारियो । हाम्रो परिवारले अझैसम्म बुबाको शव बुझेको छैन । त्यतिबेला मेरी आमा २० वर्षकी हुनुहुन्थ्यो र म भर्खर ५ महिनामा प्रवेश गरेको थिएँ । तत्कालीन सामाजिक राजनीतिक पृष्ठभूमि र मेरी विधुवा आमालाई एकै ठाउँ राखेर हेर्दा अझै पनि मुटुको धड्कन बढ्छ । आमाले मेरो बाल्यकाल सम्झँदै भन्नुहुन्छ, म पनि अरूका छोराछोरीका जस्तै आफ्नो बुबाको बाटो कुरिरहन्थे र आमालाई बुबा कहिले आउनुहुन्छ भनी सोधी रहन्थेँ । तर आमाले विदेश जानुभएको छ छिट्टै आउनुहुन्छ भनी फकाउनु हुन्थ्यो । विदेश गएको बाबाबारे सपना बुन्दै र कहिले आउनुहुन्छ भनी त्यति बेलासम्म कुरेँ जतिबेला मैले अब कहिल्यै नफर्किने गरेर संसार छोडेको थाहा पाएँ ।

भनिन्छ नि 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक', त्यसैले होला आफूले पनि ठुलो सपना बोकेकै कारण, आफू सानैदेखि लगनशील र मिहिनेती भएकाले १ देखि १२ सम्म सहिद स्मृति आवासीय माध्यमिक विद्यालयमा छात्रवृत्तिमा पढेँ । १२ मा विज्ञान सङ्कायमा लागेकारण डाक्टर बन्ने ठुलै सपना थियो । १२ को परीक्षापछिको समय सबैभन्दा पीडादायी थियो मेरो लागि । जीवन कुन मोडमा

जाने हो भनी रात दिन मन पोल्ने गर्थ्यो । बाबाको डाक्टर बनाउने सपना र आमाले दैनिक छाक टार्न गरेको सङ्घर्षले मलाई दोधारमा पाऱ्यो । तर जसरी डाक्टर बन्ने भनी सपनै सपनाले भरिएको सहर काठमाडौंमा गएँ, त्यहाँ मानिसको चाप दौडादौडले मलाई पनि जोस दियो र राम्रो गर्दै गएँ र नतिजास्वरूप प्रथम वर्ष नै MOE अन्तर्गत मैलै Gandaki Medical College मा २०१८ मा पूर्ण छात्रवृत्तिमा पढ्ने अवसर पाएँ । धेरै खुसीको माहोल थियो त्यो जब मैले छात्रवृत्ति पाएँ । तर कता कता पीडा पनि थियो, पूर्ण छात्रवृत्ति प्राप्त गरे पनि कलेजलाई छात्रवृत्तिबाहेक ५ वर्षमा १ लाखका दरले वर्षे पिच्छे तिर्नु पर्ने, किताबकापी, खानाबस्न पनि मलाई व्यवस्था गर्न मलाई धौ धौ हुन्छ मलाई थाहा थियो । छोराले नाम निकालेको खुसीसँगै आमालाई दोब्बर मिहिनेत गर्नुपर्ने घडीको सृजना भएको थियो । अरूका बाबाले कमाउने र आमा खाना पकाउने अवस्था हाम्रो परिवारमा थिएन । त्यसैले आमाले छोरालाई डाक्टर बनाउनलाई गिट्टी कुटेर पनि पढाउने विचार गर्नुभएको थियो ।

जसको कोही हुँदैन उसको भगवान हुन्छन् भनेझैँ मेरो भगवान् मेरी आमाको जीवनमा एउटा आशाको किरणका रूपमा खेमराज पुन मगर अङ्कल आउनुभयो र अहिले उहाँले नै मेरो खाना र बस्नको खर्च व्यहोर्नुभएको छ । यो संसारमा अरूको लागि सोच्ने मान्छे पनि हुँदा रहेछन् भन्ने कुरा मलाई उहाँसँग भेटेपछि मात्र थाहा भयो । मेरो विद्यालयको प्राचार्य नारायण पौडेलले, दाङ्का Dentist Dr. Nraj Acharya र खेमराज अङ्कललाई मेरो भविष्य बनाएको धन्यवाद दिन चाहन्छु । उहाँहरूकै कारण मेरी मम्मीलाई अनावश्यक तनाब घट्यो र दुखै गरे तापनि छोराले पढ्दै छ र उसको पढाइ पैसाको कारण रोकिँदैन भनेर मख्ख हुनुहुन्छ ।

मेरो संसार मेरी आमाको आँखामा दुःख लुकेर देखिएका मेरा पाइलाका हर्षहरू र खेमराज पुन मगर अङ्कलको साथले मलाई पढाइप्रति धेरै ध्यान आकर्षण गराएको छ र पछि गएर आफू पनि हजुरजस्तै समाजसेवा गर्ने बाचा दिन्छु । म खेम-ओमी कल्याणकारी प्रतिष्ठानलाई आफूले गुमाएको बुबा सम्झँदै मेरो व्यक्तिगत एवम् हामी दुबै आमाछोराको तर्फबाट हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

यति सम्झनुहोस् कि हजुरले नयाँ एउटा छोरा जन्माउनुभएको छ र यस छोराले हजुरको शिर अझै माथि पुऱ्याउने छ र वाचा पनि गर्न चाहन्छु ।

(गण्डकी मेडिकल कलेज, पोखरा)

# खेमओमी पुन प्रतिष्ठानसँग मेरो सम्बन्ध

यस खेम ओमि पुन कल्याणकारी संस्थासँग म हृदय देखि नै आभार व्यक्त गर्न चाहान्छु। उहाँहरु मेरो जिवनमा दोस्रो आमा बुबाको रुपमा आउनुभएकोमा धेरै धेरै धन्यवाद दिन चाहान्छु। र आगामि दिनहरूमा संस्थालाई आफ्नो परिवार सरह मान्नेछु।



**प्रकृति काफ्ले**

मेरो नाम प्रकृति काफ्ले हो । म हेटौडा स्थित कृषि तथा वन विज्ञान विश्वविद्यालय (Agriculture And Forestry University) मा पहिलो वर्षमा छु ।

म रूपन्देही स्थित शुद्दोधन गाउँपालिका वडा न २ हिरापुरमा बस्छु । म एक मध्यम परिवारमा जन्मेकी हुँ । मेरो परिवारमाा म, मेरी आमा र भाइ छौं । म कक्षा १० मा पढ्दा मेरा बुबाको देहान्त भएको हो । मेरो बुबाको मृत्युपश्चात् हाम्रो परिवारमा आर्थिक अभाव पर्‍यो । तैपनि मेरी आमाले स्नातक तहसम्म पढ्नुभएको हुनाले मेरो बुबाको स्थानमा सोही विद्यालयमा करारमा जागिर खान थाल्नुभयो । बुबाको देहवसानपछि घरको र हामी दुई छोरा छोरीको दायित्व आमामाथि आयो । हामीलाई पढाउने, हुर्काउने जिम्मा आमामाथि आइपर्‍यो । म गाउँकै शुद्दोधन स्कुलमा पढेँ र कक्षा १० सम्म प्रथम श्रेणीमा आउथे । कक्षा ११ र १२ म बुटवलको मणिमुकुन्द कलेजमा विज्ञान विषय लिएर पढेर १२ कक्षाको पढाइ सकेपछि म entrance प्रिपेरेसन गर्न कृषि तथा वन विज्ञान विद्यालयले लिएको परीक्षामा पूर्ण छात्रवृत्तिमा नभएपनि पनि नाम निकालेर पढ्न थाले । त्यति बेलासम्म आमाले विद्यालयको जागिरको भरमा मलाई कृषि तथा वन विज्ञान विश्वविद्यालय मा भर्ना गरिदिनुभएको थियो । तर भर्ना भएलगत्तै शिक्षा सेवा आयोगको परीक्षामा लिखितमा नाम निस्किए पनि अन्तरवार्तामा नाम ननिस्किएकाले आमाको जागिर रहेन ।

आमाले जागिरको भरमा म र भाइलाई पढाउनुभएको थियो । र अब त्यो शिक्षक पेसा पनि त्याग्न परेकाले घरमा फेरि आर्थिक अभाव भयो । एउटा आशाको त्यान्द्रो जसको भरमा म हेटौंडा पढ्न आएँ त्यो चुडियो । सम्पत्तिको नाममा एउटा घर मात्र भएकाले खानलाउन पनि अभाव हुने देखियो । मेरो पढाइ अगाडि बढाउन सकिने देखिएन । त्यस अन्तरालमा जीवन उपयोगी सीप तालिममा रमेश अर्याल सरसँग भेट भयो । उहाँमार्फत मैले यस खेमओमी पुन कल्याणकारी प्रतिष्ठानको बारेमा थाहा पाएँ । मलाई उहाँ दुवै जना मेरा दोस्रा आमाबुबा बन्नुभयो । आर्थिक अभावका कारण पढाइलाई निरन्तरता दिन नसक्ने अवस्थामा आज खेम अङ्कल र ओमी आन्टीको सहयोगले म आफ्नो पढाइलाई निरन्तरता दिइरहेकी छु । म पूर्ण छात्रवृत्तिमा नभए तापनि उहाँहरूले मलाई खान बस्नकालगि सहयोग गरिदिनुभएको छ । उहाँहरू मेरा लागि आशा र प्रेरणाको स्वरूप हुनुहुन्छ । उहाँहरूको सहयोगले म आज पढ्न पाइरहेकी छु । यहाँभन्दा ठुलो कुरा मेरा लागि के नै हुनसक्छ र !

यस खेमओमी पुन कल्याणकारी प्रतिष्ठानलाई म हृदयदेखि नै आभार व्यक्त गर्न चाहान्छु । उहाँहरू मेरो जीवनमा दोस्रो आमाबुबाको रूपमा आउनुभएकोमा धेरै धेरै धन्यवाद दिन चाहान्छु । र आगामी दिनहरूमा संस्थालाई आफ्नो परिवार सरह मान्नेछु । आफ्नो जीवन रहेसम्म यस संस्थालाई माया र सम्मान दिइरहनेछु भन्ने वाचाका साथ यहाँहरूलाई फेरि पनि धन्यवाद ज्ञापन गर्दछु ।

(वनविज्ञान अध्ययन संस्थान, हेटौडा)

# मेरो भाग्य विधाता : खेमओमी पुन कल्याणकारी प्रतिष्ठान

छात्रवृत्तिमा नाम त निकालेँ तर भर्ना हुने न्यूनतम शुल्क, बस्ने खाने र पुस्तक कपी लगायतका खर्च कहाँबाट जुटाउने भन्ने समस्याले मलाई पिरोल्न थाल्यो । जहाँ समस्या त्यहाँ उपाय भनेझैँ खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले मेरो सम्पूर्ण खर्च सहित आवासीय सुविधा प्रदान गरी मेरो उच्च अध्ययन गर्ने सुनौलो अवसर प्रदान गरेको छ ।



**रेखा थापा**

मेरो नाम रेखा थापा हो । मेरो जन्म वि.सं. २०५८/०१/२३ गते गुल्मी जिल्लाको सिमीचौरमा भएको थियो । म एक गरिब परिवारमा जन्मिएँ । मेरो घरमा बाबा, आमा, दिदी, भाइ, बहिनी र म छौँ । दिदीले कक्षा १२ उत्तीर्ण गरेर पढाइ छाड्नुभयो । भाइले कक्षा ११ मा अध्ययन गर्दै छन् । बहिनीले ९ कक्षामा अध्ययन गर्छिन् । म ५ वर्षको हुँदा गाउँमा विद्यालयको राम्रो व्यवस्थापन नभएर मलाई र दिदीलाई मामा घरमा राखेर हजुरबुवा र हजुरआमाले पढाउनुभयो । सानैदेखिबाट मामाघरको हजुरबुवा र हजुरआमाले हाम्रो स्याहार गर्नुभयो । हामीलाई बाबा, आमा दुबैको माया प्रदान गरेर पढाउनुभयो । हामी नबिग्रिउँला भनेर समयसमयमा गाली गर्नुहुन्थ्यो । सानोमा उहाँहरूले गाली गर्दा रिस उठ्ने तर अहिले सम्झँदा हाम्रै लागि गाली गर्नुभएको भन्ने लाग्छ । घरमा आर्थिक स्थिति हाम्रो कहिले पनि राम्रो भएन । बाबाले कहिले कर्मीको काम गरेर, कहिले ऋण खोजेर भाइबहिनीहरूलाई पढाउनुभयो । यता हजुरबुवा पनि विस्तारै बूढो हुँदै जानुभयो । विद्यालयमा पिउनको काम गरेर मलाई र दिदीलाई १२ कक्षासम्म त पढाउनुभयो । अब मलाई १२ पछिको पढाइ के गर्ने भन्ने चिन्ताले दिन रात सताउन लाग्यो । पढ्नु त जसरी पनि थियो । कहिले होम ट्युसन पढाएर आएको पैसाबाट आफ्नो खर्च चलाउन थालेँ । सानैदेखि मामाघरमा हुर्किएको हुनाले समयसमयमा मात्र म सिमीचौर जाने गर्दथेँ । त्यहाँ जाँदा बाबाआमाको दु:ख देख्दा साह्रै नराम्रो लाग्थ्यो । जति दिन बित्दै थियो, घरको आर्थिक स्थिति झन् कमजोर हुँदै गयो । घरमा आमाले रक्सी पारेर भाइबहिनीको लागि खर्च जम्मा गर्नुहुन्थ्यो । यता मामाघरमा हजुरबुवाले विद्यालयमा काम गर्न छाड्नुभयो । उहाँहरूसँग कही कतैबाट पैसा आउन छाड्यो । म के गरूँ र कसरी पढूँ हुन लाग्यो । त्यसपछि एकदिन मलाई माइजुले फोन गरेर खेमओमी पुन कल्याणकारी संस्थाबारे जानकारी गराउनुभयो । मैले यसबारे जानकारी लिन मेरो विद्यालयका प्राचार्य डोरविक्रम श्रीससँग सम्पर्क गरेँ । उहाँसँग भेटेर मैले खेमओमी पुन कल्याणकारी संस्थाको संरक्षकसँग कुरा गर्ने मौका पाएँ । त्यसपछि मैले हीरा भलामी हजुरबुवासँग भेटेँ । उहाँले माइजूलाई यस संस्थाबारे जानकारी दिनुभएको थियो । खेमओमी पुन कल्याणकारी संस्थाको संरक्षकज्यूले मलाई छात्रवृत्ति परीक्षाको लागि सुझाव दिनुभयो । पोखरा गएर परीक्षा दिएर मैले बी.बी.ए.मा नाम निकाल्न सफल भएँ । छात्रवृत्तिमा नाम त निकालेँ तर भर्ना हुने न्यूनतम शुल्क, बस्ने खाने र पुस्तक कपीलगायतका खर्च कहाँबाट जुटाउने भन्ने समस्याले मलाई पिरोल्न थाल्यो । जहाँ समस्या त्यहाँ उपाय भनेझैँ खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले मेरो सम्पूर्ण खर्चसहित आवासीय सुविधा प्रदान गरी मेरो उच्च अध्ययन गर्ने सुनौलो अवसर प्रदान गरेको छ । यसका निम्ति मेरो अन्तस्करणबाट नै यो संस्थालाई नमन गर्दछु । साथै म यस संस्थाप्रति आभार व्यक्त गर्न चाहन्छु । अझै आगामी दिनमा पनि यस संस्थाले गरिब, जेहेन्दार विद्यार्थीलाई यसरी नै सहयोग प्रदान गर्दै जानेछ भन्ने आशा पनि गर्दछु ।

(बुटवल मोडेल कलेजमा बी.बी.ए. अध्ययनरत)

# खेमओमी पुन दम्पतीको सहयोगले डाक्टर इन्जिनियर

प्रतिष्ठानले अहिले १६ जनाले पठन पाठनमा सहयोग गरिरहेको छ। त्यसमध्ये ११ जना छात्र छन् भने ४ जना छात्रा छन्। तीमध्ये ४ जनाले एमबीबीएस पूरा गरिसकेका छन्। पूरा गर्नेमा डा. नगेन्द्र श्रीस, डा. जमुना श्रेष्ठ, डा. विपिन चौधरी र डा. काशिराम बि.क. हुन्। दुई जना राजकुमार गुप्ता र दिनेश बफाल पुनले एमबीबीएस अध्ययन गरिरहेका छन्। अर्का एक जना दीपक जिआरले युनिर्भर्सल मेडिकल कलेज भैरहवामा बि फार्मेसी पढिरहेका छन्। पाँच जनाले डिप्लोमा तहको अध्ययन गरिरहेका छन् भने प्रतिष्ठानको सहयोगमा विद्यालय तहमा पढ्नेमा ४ जना छन्।



**कृष्ण मल्ल**

बुटवलका एक दम्पत्ती अक्षय कोष स्थापना गरी आर्थिक अभावका कारण पढाइबाट टाढिने अवस्थामा पुगेका बालबालिकाहरूलाई सहयोग गर्नमा लागेका छन् । उनीहरूले सुरु गरेको शैक्षिक क्षेत्रको सामाजिक कामले सामाजिक काम गर्न मन पनि हुनुपर्छ भन्ने सन्देश दिएको छ । सँगै उनीहरूको यस कामले आफ्नो कमाइको धन सम्पत्ति परिवारका लागि मात्रै सीमित गर्नेहरूका लागि चुनौती पनि दिएको छ ।

खेमराज पुन र ओमीकला पुन बुटवलको एक औषधी पसलका थोक बिक्रेता हुन् । उनीहरूले खेमओमी पुन कल्याणकारी प्रतिष्ठान स्थापना गरी पैसा नभएर पढ्न नसक्नेहरूका बालबालिकाहरूलाई सहयोग गरिरहेका छन् ।

प्रतिष्ठानले अहिले १६ जनालाई पठन पाठनमा सहयोग गरिरहेको छ । त्यसमध्ये १२ जना छात्र छन् भने ४ जना छात्रा छन् । तीमध्ये ४ जनाले एमबीबीएस पूरा गरिसकेका छन् । पूरा गर्नेमा डा. नगेन्द्र श्रीस, डा. जमुना श्रेष्ठ, डा. विपिन चौधरी र डा. काशिराम बि.क. हुन् । दुई जना राजकुमार गुप्ता र दिनेश बफाल पुनले एमबीबीएस अध्ययन गरिरहेका छन् । अर्का एक जना दीपक जिआरले युनिर्भर्सल मेडिकल कलेज भैरहवामा बि फार्मेसी पढिरहेका छन् । पाँच जनाले डिप्लोमा तहको अध्ययन गरिरहेका छन् भने प्रतिष्ठानको सहयोगमा विद्यालय तहमा पढ्नेमा ४ जना बालबालिकाछन् ।

परोपकारी मन भएका दम्पतीले कमाइको केही रकम छुट्याएर सामाजिक क्षेत्र सक्रिय भएका हुन् । उनीहरूको सहयोग आर्थिक अभावका कारण पढ्नका लागि कठीन भएका बालबालिका लागि हो । यसको सुरुवात खेमराज पुनले आफ्नो जन्मदिनको अवसर जुराएर १७ लाख अक्षयकोषमा छुट्याएर बालबालिका पढाउने कामको सुरू गरेका थिए । २०७० सालबाट यो कामको शुरू गर्दा उनको ५१ औं जन्मदिन थियो । त्यसपछि उनले जिल्ला प्रशासन कार्यालय, रूपन्देहीमा २०७१ सालमा खेमओमी पुन कल्याणकारी प्रतिष्ठान दर्ता गरी संस्थालाई सामाजिक काममा सक्रिय व्यक्तिहरूलाई समावेश गरी सामुदायिक

संस्थाको रूपमा विकास गरे । उक्त अक्षयकोष परिचालन भई बालबालिकाहरूले सहयोग पाउँदै आएका छन् । पुनले बर्सेनी उक्त अक्षयकोषमा रकम थप्दै आएका छन् । उनले २०७१ सालको जन्मदिनमा ८ लाख, २०७२ सालमा ८ लाख २०७३ सालमा ८ लाख रकम अक्षय कोषमा थप गरे । त्यसैगरी उनले २०७४ सालमा ९ लाख, २०७५ सालमा १२ लाख र २०७६ सालमा १३ लाख थप गरेका छन् । अहिले १७ लाखबाट सुरू भएको अक्षयकोष ७५ लाख पुगेको छ । उक्त अक्षयकोष स्थापना गरी पठन पाठनमा सहयोगको काम छैटौं वर्षमा प्रवेश गरेको छ ।

खेमराज पुनको लाहुरेको गाउँले चिनिने गुल्मी भार्सेमा २०१९ सालमा जन्मिएका हुन् । सानैमा भारतीय सेनामा रहेका बुवा गुमाएका उनीसहित तीन भाइहरूलाई आमाले हुर्काउने पढाउने गरेकी थिइन । पुनले आइएस्सीसम्मको अध्ययन गरेका छन् ।

बुटवलकै ओमीकला गाहासँगको उनको विवाह २०४४ सालमा भएको थियो । ओमी सामाजिक क्षेत्रमा लागेकी व्यक्ति हुन् । उनी महिला जेसिज, इनरह्वील क्लब, मगर महिला संघलगायतका दर्जन सामाजिक संस्थाको नेतृत्वमा रहेर काम गरेकी छिन् । ओमीले आइएसम्मको अध्ययन गरेकी छिन् । पुन र गाहा दुबै लाहुरे परिवारका सन्तती हुन् ।


सक्नेले नसक्नेलाई सहयोगको प्रयास गरौं भन्ने लागेर नै अक्षय कोषमार्फत बालबालिकाको पढाइमा सहयोग गरेको पुनको भनाइ छ । अक्षय कोषको रकम वृद्धि गर्दै लैजाने र त्यसबाट धेरै भन्दा धेरै बालबालिकाको शिक्षामा सहयोग गर्ने उनी बताउँछन् । उनले आफ्नो गाउँको स्कुल जनसेवा माविमा ७ लाखको मन गौरी पुन शैक्षिक अक्षय कोषको स्थापना गरिदिएका छन् ।

## एमबिबिएस पढ्नेहरू के भन्छन् ?



मैले अरूको सहयोगमा कक्षा १२ उत्तीर्ण गरे । त्यसपछि एक वर्षसम्म निजी स्कुलमा पढाएर पैसा जम्मा गरे । नेपाल सरकारको शिक्षा मन्त्रालयको एमबिबिएस छात्रवृत्तिको परीक्षामा नाम निस्किएपछि गाउँमा ऋण खोजेर पढ्ने निधो गरैं । छात्रवृत्तिको ३० लाख शुल्क मिनाहा भएपनि बस्न, खान, आन्तरिक परीक्षा शुल्क, प्रयोगात्मक सरसामान लाग्ने पैसा मसँग थिएन । महिना बित्दैगर्दा खर्च कसरी जुटाउने भन्ने चिन्ता हुन्थ्यो । त्यो चिन्ताको बीच खेम अंकल मेरो दु:खको अभिभावक बनिदिनुभयो । उहाँको सहयोगमा मैले एमबिबिएस पढाइ पूरा गरेर जिल्ला अस्पताल गुल्मीमा कार्यरत छु । उहाँले गरेको सहयोग र गुन म शब्दले वर्णन गर्न सक्दिन । त्यस सहयोगको ऋण म कसरी तिर्न सकूँला र ?

**डा. काशीराम बि.क.**
जिल्ला अस्पताल, गुल्मी



मेरो परिवारमा म, मेरी दिदी र भाइ छौं । हाम्रो परिवार निम्न वर्गीय परिवारको हो । सानो छँदा बुवाको देहान्तपछि घरमा आर्थिक अभाव भएको थियो । घरको सबै दायित्व आमामाथि आइपऱ्यो । कक्षा १२ पछि शिक्षा मन्त्रालयले लिएको परीक्षामा एमबिबिएस पढ्नका लागि पूर्ण छात्रवृत्तिमा नाम निकालेँ । तर पढ्नका लागि खाने, बस्ने र शैक्षिक सामग्रीको लागि किन्न आर्थिक स्रोत थिएन । यस अवस्थामा खेमओमी पुन कल्याणकारी प्रतिष्ठान मेरा लागि संजीवनी बुटी बनिदियो । मेरा लागि उहाँहरू जीवनकालभरीका लागि सहयोगी र प्रेरणाको स्रोत बन्नुभएको छ । उहाँको प्रेरणाको गुन म प्रतिष्ठानमा संलग्न रहेर सामाजिक काममा अघि बढ्ने छु ।

**डा. जमुना श्रेष्ठ**

मणिपाल मेडिकल कलेज, पोखरा



मैले गण्डकी मेडिकल कलेज, पोखरामा एमबिबिएस अध्ययन गरिरहेको छु । मेरो घर सुर्खेत रजेनामा हो । यो संसारमा अरूका लागि पनि सोच्ने मान्छे पनि हुनेछन् त्यही सोच भएका व्यक्ति खेम अंकलबाट मैले डाक्टर पढ्ने सपना पूरा गर्दै छु । माओवादीमा लागेको अवस्थामा बुवाको मृत्यु, घरमा आम्दानीको बाटो नभएका म जस्ताका लागि माथिल्लो कक्षाको पढाइ सपना जस्तो हुँदोरहेछ । उहाँको सहायोग बिना मेरो डाक्टर बन्ने सपना कसरी पूरा हुन्थ्यो र ?

**दिनेश बफाल पुन मगर**

गण्डकी मेडिकल कलेज, पोखरा



बीरगन्जमा होम ट्युसनको फिस निकै कम थियो । ५ देखि एक हजार मात्र एउटा ट्यूसनबाट आउथ्यो । म दिनमा ६ वटा ट्युसनसम्म पढाउथेँ । ट्युसनबाट महिनाको ७ हजार जति आउँथ्यो तर मलाई कलेजमा १७ हजार बुझाउनु पर्थ्यो । बिहान र साँझ ट्युसन पढाउँदा म थाक्थे । ट्युसन पढाउँदा मलाई पढ्न गाह्रो भइरहेको थियो । प्रथम त्रैमासिक परीक्षामा म फेल समेत भएँ । पढाइभन्दा पनि पैसा कसरी जुटाउनेतिर मेरो ध्यान गएको थियो । खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले सहयोग सुरू गरेपछि मैले ट्युसन घटाएर तीन वटामा झारेको छु । अहिले उहाँको सहयोगबाट मलाई राहत मिलेको छ ।

**राजकुमार गुप्ता**

नेसनल मेडिकल कलेज, बीरगन्ज

# केही अभिभावकहरूको भनाइ



मेरो छोराले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरबाट पूर्ण छात्रवृत्तिमा डाक्टरको पढाइ पूरा गरेका छन् । उनले २०७५ मा पूरा गरेको हुन् । अहिले पृथ्वी चन्द्र अस्पतालमा जागिर सुरू गरेका छन् । डाक्टर पढ्न भर्ना गरेको छोरालाई बस्ने, खाने, शैक्षिक सामग्रीको कारण पढन सक्ने अवस्था भएन । बीचमै कक्षा छाड्नुपर्ने अवस्था आयो ।

म मजदुर हुं । गाह्रो लगाउने काम गर्छु । धेरै ठाउँमा हार गुहार गरेँ तर भएन । म प्रतिष्ठानमा आएँ । छोराको तेश्रो वर्ष चल्दै थियो । ढुङ्गा खोज्दा देउता भेटिन्छ भने झैँ भयो मलाई । छोरालाई कुरा सुनाएँ । छोराले साथी सुतेपछि ल्यापटप प्रयोग गर्थे । त्यतिखेर ल्यापटप नै किनिदिनुभयो ।

प्रतिष्ठानले सहयोग नगरेको भए मैले छोराको पढाइ छोडाएर घर ल्याउनुपर्ने अवस्था थियो । छोरो डाक्टर भएपछि समाजले हेर्ने दृष्टिकोण नै परिवर्तन भएको छ । मैले कक्षा ९ सम्म पढेर छाडेको हुँ । गरिबलाई डाक्टर पढ्ने पहुँच रहेनछ ।

**नाथु प्रसाद चौधरी**
अभिभावक (डा. विपिन चौधरीका बुवा), बुटवल, भुड्कैया



भाइ बहिनीलाई पढाउने लेखाउने जिम्मेवारी मेरो काँधमा छ । बहिनीले छात्रवृत्ति नाम निकालेकी हो । भर्ना हुँदा र ब्रिज कोर्स पढ्दा ७५ हजार लागेको थियो । त्यो पैसा अर्को दिदी र मैले गऱ्यौँ । संस्थाको सहयोगले गर्दा मलाई हलुका भएको छ । मैले अहिले घरतिर मात्र हेरे पुगेको छ ।

बहिनीलाई सहयोग गर्न थाल्नुभएको एक वर्ष भयो । बसाइ, खाना, खाजा, शैक्षिक सामग्री सहयोग । मासिक १० हजार सहयोग दिदै आउनुभएको थियो बहिनीले नै ६ हजारमा व्यवस्थापन गर्छु भनेपछि मासिक छ हजार सहयोग भएको छ । एक वर्ष पूरा भयो । चार भाइ बहिनी छौं । जेठीको विवाह भयो । माइली म हो । कान्छी बहिनी हो । भाइले कक्षा ११ मा पढ्दै छन् । कक्षा ८ मात्रै पढेकी छु तर भाइ बहिनीलाई पढ्ने इच्छा भएसम्म पढाउनमा सहयोग गर्ने मन छ ।

**रमा पछाई**
अभिभावक (सिर्जना पछाईकी दिदी)
मालारानी गाउँपालिका २, अर्घाखाँची



छोराले बुटवलको कालिका मानवज्ञान माविको कक्षा ८ मा पढ्दैछ । बस भाडा, नास्ता, शैक्षिक सामग्री, पोसाक खर्च दिनुभएको छ । यो सहयोगले मलाई ठूलो राहत मिलेको छ ।

बाबुको बुवाले खर्च गर्नुहुन्न । हामीले सम्बन्ध विच्छेद गरी बसेका छौं । मैले मानव सेवा आश्रममा २२ महिना काम गरे । अहिले सानोतिनो काम गरिरहेको छु । पाँच वर्ष भयो मैले नै बच्चा हेरेको छु । पाल्पा रैनादेवी छहरा गाउँपालिका भुवनपोखरी घर हो । नयाँ गाउँ भाडामा बसेको छु । अर्की छोरी आशु क्षत्री कक्षा ९ मा पढ्दैछिन् ।

**मञ्जु अर्जेल**
अभिभावक (सुभम क्षेत्रीकी आमा)
रैनादेवी छहरा गाउँपालिका, पाल्पा



सीता काफ्ले प्रकृति काफ्लेकी आमा हुन् । उनकी छोरी वन विज्ञान अध्ययन संस्थान, हेटौडामा बीएस्सी फरेस्टीमा अध्ययनरत छिन् । छोरी प्रकृतिलाई खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले अध्ययनका लागि गरेको सहयोगको मूल्य उनले तुलना गरेर नसकिने बताउँछिन् ।

त्यतिबेला छोरी फरेस्टी पहिलो वर्षमा भर्ना भइसकेकी थिइन् । उनले भनिन्, मैले पहिले प्रावि तहमा शिक्षण गर्थे । लिखितमा नाम निस्कियो तर अर्न्तवार्तामा अनुभव वर्ष कम भएका कारण निस्कन सकेन । त्यसपछि २०७५ चैत्र ५ गतेदेखि विद्यालयबाट विस्थापित भएँ ।

विद्यालय छाडेपछि एक संस्थामा स्वयम सेवकको रूपमा काम गर्थें त्यसतिबेला संस्थाको बारेमा थाहा पाएँ । छोरी हेटौडामा भर्ना भइसकेकी थिइन् । स्कुलमा शिक्षकको जागिर सकिएपछि छोरीलाई पढाउन सक्ने अवस्था थिएन । वैशाखको महिनाको थियो । छोरी विदामा घरमा आएकी थिइन । उनलाई हेटौडा पठाउन सक्ने अवस्था थिएन । ऋण खोजेर पठाउन सक्ने अवस्था थिएन । बाबा ९ वर्षसम्म बिरामी भएर बित्नुभएको थियो । उहाँको उपचारमा नै धेरै रकम खर्च भइसकेको थियो । उपचारका लागि ऋण लिएका कारण थप ऋण लिन सक्ने अवस्था थिएन । जागिर नभएको अवस्थामा अरूले ऋणका लागि पत्याउने कुरो पनि भएन । प्रकृतिले आठ सेमेष्टरमा पढाइ हुने उक्त कोर्सको पहिलो सेमेस्टर पूरा गरेकी छिन् ।

संस्थाले सहारा दिएको छ । अझै धेरै बालबालिकाहरूलाई सहयोग गर्न सक्ने संस्थाको रूपमा विकास होस् । सहयोग पाएका बालबालिकाहरूले संस्थामा सहयोग गर्नमा अघि बढून् । सीताको अर्को छोरा कक्षा १० मा अध्ययनरत छन् ।

**सीता शर्मा काफ्ले**
अभिभावक (प्रकृति काफलेकी आमा)
रूपन्देहीको सुद्धोधन गाउँपालिका वडा नं २, हीरापुर



मेरा दुई छोरी र एक छोरा हुन् । पढाइमा तीन छोराछोरी नै राम्रा निस्किए पढाउनलाई पैसा पुगेन । छोरी जमुना श्रेष्ठले मणिपाल मेडिकल कलेज, पोखरामा एमबिबिएसमा, गंगा श्रेष्ठले नेपाल मेडिकल कलेजमा बिडिए पूर्ण छात्रवृत्तिमा नाम निकालेपछि एकातिर खुसीको सीमा रहेन भने कसरी पढाउने भन्ने चिन्ता थपियो । मेरो सानो चिया पसल थियो । शुल्क तिर्न नपरे पनि खान, बस्न र शैक्षिक सामग्रीको लागि सहयोग चाहिने भयो । गोरखा स्थायी घर भए पनि बुटवलमा डेरामा बस्दै आएका हाम्रो परिवारमा छोरीलाई डाक्टर पढ्नका लागि समस्या भयो । छोरी पढाउन पठाउने कि नपठाउने भन्ने दोधारमा परेका हामीलाई खेमओमी पुनको सहयोगले आँट आयो र मैले छोरीलाई पढन पठाएँ ।

**सुशीला श्रेष्ठ**

अभिभावक (डा. जमुना श्रेष्ठ), चुवाकोट, गोरखा



नानी ४ वर्ष र बाबु ९ वर्ष हुँदा श्रीमान बित्नुभयो । मैले पाल्पामा ढाका बुनेर बच्चा हुर्काएँ, पढाएँ । एसएलसी दिएपछि छोरा टेक्निकल लाइन पढ्छु भन्यो र बुटवल झर्‍यो । छात्रवृत्तिमा नाम निकाल्न मिहिनेत गरी पढ्यो । इन्टान्स दियो २ नम्बरमा नाम निकाल्यो । मायादेवी टेक्निकल कलेज, बुटवलमा फार्मेसी तीनवर्ष पढ्यो । काठमाडौंको संस्थाले गाडी भाडा मात्र सहयोग गर्‍यो । छोराले करिब दुई वर्ष पढाइ छाडेर काम गर्‍यो । पछि फेरि माथिल्लो कक्षा पढ्न कस्सियो । फेरि पूर्ण छात्रवृत्ति पाएपछि फेरि खर्च चाहियो । मेरो मासिक पाँच हजारको जागिरले के पुग्थ्यो र ? खेमओमी पुन कल्याणकारी प्रतिष्ठान संस्थासँग सम्पर्क भयो । उहाँहरूले सहयोगको हात बढाउनुभयो । अहिले छोराले युनिभर्सल मेडिकल कलेज भैरहवामा बी फार्मेसी पढिरहेको छ । बुटवल बस्ने हो । संस्थाबाट छोराको गाडीभाडा र खाजाखर्च गरी मासिक ६ हजार खर्च पाएका छौं ।

**तारा गहतराज**

अभिभावक (दीपक जीआरकी आमा)

तानसेन, लामडाँडा

खेमओमी पुन कल्याणकारी प्रतिष्ठानले आफ्नो स्थापना कालदेखि अनवरतरूपमा शैक्षिक जगत्मा सहज किसिमले आउन नसकेका विद्यार्थीहरूका चाहना परिपूर्ति गर्ने काम गर्दै आएको छ । यस प्रतिष्ठानबाट विभिन्न विषय अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा गरेका तथा निरन्तर अध्ययन गरिरहेका विद्यार्थीहरूको व्यक्तिगत चिनारी निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :



नाम थर : डा. नगेन्द्र श्रीस मगर
बाबा : स्व. सोमबहादुर श्रीस
आमा : दिलमाया श्रीस
स्थायी ठेगाना : जिल्लाः गुल्मी, ठूलो लुम्पेक-३
हाल सत्यवती गा.पा.
शैक्षिक योग्यता : B.D.S. अध्ययन (पूर्ण)
शैक्षिक संस्था : युनिभर्सल मेडिकल कलेज, भैरहवा
सम्पर्क नं. : ९८४७५१३१०३
इमेल : nagendrashris@gmail.com
सम्पर्क गराउने व्यक्ति : समाजसेवीः चिन्तामणि पाण्डे
शिक्षक : अमरसिंह मगर (गुल्मी)



नाम थर : डा. जमुना श्रेष्ठ
बाबा : स्व. गोविन्दमान श्रेष्ठ
आमा : सुशीला श्रेष्ठ
स्थायी ठेगाना : जिल्ला-गोर्खा, चुवाकोट गा.पा
हाल ठेगाना : बुटवल-८
शैक्षिक योग्यता : M.B.B.S. अध्ययन (पूर्ण)
शैक्षिक संस्था : मणिपाल मेडिकल कलेज, पोखरा
सम्पर्क नं. : ९८४६९९८२७८
इमेल : sresthajamuna114@gmail.com
सम्पर्क गराउने व्यक्ति : बविता श्रेष्ठ (कस्तूरी फ्रिजघर, बुटवल)



नाम थर : डा. विपिन चौधरी
बाबा : नाथुप्रसाद चौधरी
आमा : फूलमती थारू चौधरी
स्थायी ठेगाना : जिल्ला-रूपन्देही, मोतीपुर-२, हाल बुटवल उप.म.नं.पा.-१९
शैक्षिक योग्यता : M.B.B.S. अध्ययन (पूर्ण)
शैक्षिक संस्था : पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर, पाटन
सम्पर्क नं. : ९८६०७०००९५
इमेल : bipinchaudhary@pahs-edu.np
सम्पर्क गराउने व्यक्ति : खेम थापा (बुटवल)



| | | |
|---|---|---|
| नाम थर | : | डा. काशीराम वि.क. |
| बाबा | : | केशबहादुर वि.क. |
| आमा | : | मनरूपा वि.क. |
| स्थायी ठेगाना | : | जिल्ला-गुल्मी, नेटा-२ |
| शैक्षिक योग्यता | : | M.B.B.S. अध्ययन (पूर्ण) |
| शैक्षिक संस्था | : | लुम्बिनी मेडिकल कलेज, पाल्पा |
| सम्पर्क नं. | : | ९८४९५१३०८२ |
| इमेल | : | kanshirambk12@gmail.com |
| सम्पर्क गराउने व्यक्ति | : | वेदबहादुर थापा (गा.पा. अध्यक्ष)<br>झविलाल वि.क. विद्यालय निरीक्षक (गुल्मी) |



| | | |
|---|---|---|
| नाम थर | : | राजकुमार गुप्ता |
| बाबा | : | राधेश्याम गुप्ता |
| आमा | : | सुर्जमती गुप्ता |
| स्थायी ठेगाना | : | मैनिहवा न.पा.-४, कपिलवस्तु |
| शैक्षिक योग्यता | : | M.B.B.S. (अध्ययनरत) |
| शैक्षिक संस्था | : | नेसनल मेडिकल कलेज, वीरगंज |
| सम्पर्क नं. | : | ९८१८१९८८७५ |
| इमेल | : | raj999.kumar22@gmail.com |
| सम्पर्क गराउने व्यक्ति | : | राम कोइराला (तौलिहवा) |



| | | |
|---|---|---|
| नाम थर | : | दिनेश बफाल पुन मगर |
| बाबा | : | स्व. खमानसिं बफाल पुन मगर |
| आमा | : | द्रोपता बफाल पुन मगर |
| स्थायी ठेगाना | : | जिल्ला-सुर्खेत, चिङ्गाड-१ |
| शैक्षिक योग्यता | : | M.B.B.S. (अध्ययनरत) |
| शैक्षिक संस्था | : | गण्डकी मेडिकल कलेज, पोखरा |
| सम्पर्क नं. | : | ९८६६४०४०७५ |
| इमेल | : | dineshbafal764@gmail.com |
| सम्पर्क गराउने व्यक्ति | : | डा. निरन्जन आचार्य<br>नारायण पौड्याल (प्र.अ.) |



| | | |
|---|---|---|
| नाम थर | : | सृजना पछाई |
| बाबा | : | स्व. मदनबहादुर पछाई क्षेत्री |
| आमा | : | पिताम्बरीदेवी पछाई क्षेत्री |
| स्थायी ठेगाना | : | जिल्ला-अर्घाखाँची, मालारानी गा.पा.-२ |
| शैक्षिक योग्यता | : | इन्जिनियरिङ्ग (अध्ययनरत) |
| शैक्षिक संस्था | : | पश्चिमाञ्चल इन्जिनियरिङ्ग कलेज, पोखरा |
| सम्पर्क नं. | : | ९८६५५९७३६८ |
| इमेल | : | srijanapac2@gmail.com |
| सम्पर्क गराउने व्यक्ति | : | सुमित्रा शर्मा (सेतो गुँरास)<br>जीवन भुसाल |



| | | |
|---|---|---|
| नाम थर | : | रोसन नेपाली |
| बाबा | : | स्व. राकेश नेपाली |
| आमा | : | तिलादेवी नेपाली |
| स्थायी ठेगाना | : | गोठेचौर गा.पा.-३, जुम्ला |
| शैक्षिक योग्यता | : | इन्जिनियरिङ्ग (अध्ययनरत) |
| शैक्षिक संस्था | : | एभरेष्ट इन्जिनियरिङ्ग कलेज, सानेपा, ललितपुर |
| सम्पर्क नं. | : | ९८६२६२९०२३ |
| इमेल | : | roshannepali5862@gmail.com |
| सम्पर्क गराउने व्यक्ति | : | नारायण पौड्याल (प्र.अ. सहिद स्मृति विद्यालय, दाङ्ग) |



| | | |
|---|---|---|
| नाम थर | : | दीपक जी.आर |
| बाबा | : | स्व. लीला जी.आर. |
| आमा | : | तारा जी.आर. |
| स्थायी ठेगाना | : | तानसेन न.पा. ७, लामडाँडा, पाल्पा |
| शैक्षिक योग्यता | : | बी.फार्मेसी (अध्ययनरत) |
| शैक्षिक संस्था | : | युनिभर्सल मेडिकल कलेज, भैरहवा |
| सम्पर्क नं. | : | ९८४७१७००५९ |
| सम्पर्क गराउने व्यक्ति | : | सुमित्रा शर्मा (सेतो गुराँस) |



नाम थर : प्रकृति काफ्ले
बाबा आमा : स्व. प्रेमकुमार काफ्ले
सीता शर्मा काफ्ले
स्थायी ठेगाना : जिल्ला-रूपन्देही, शुद्धोधन गा.पा.-२, हीरापुर
शैक्षिक योग्यता : B.sc. Forestry (अध्ययनरत)
शैक्षिक संस्था : वन विभाग अध्ययन संस्थान, हेटौडा
सम्पर्क नं. : ९८६६०९७१०१/९८४७५४२६८८
इमेल : prakritikafle101@gmail.com
सम्पर्क गराउने व्यक्ति : रमेश अर्याल (बुटवल एफ.एम.)



नाम थर : अर्जुन रायमाझी
बाबा आमा : केहरसिंह रायमाझी
ताराकुमारी रायमाझी
स्थायी ठेगाना : जिल्ला-पाल्पा, बल्ढेङ्गगढी-८
हाल : सुधारगृह-पाल्पा
शैक्षिक योग्यता : B.A. तेस्रो वर्षमा अध्ययनरत (S.L.C. अध्ययनबाट सहयोग सुरूवात)
शैक्षिक संस्था : प्राइभेट
सम्पर्क नं. :
सम्पर्क गराउने संस्था : सुधारगृह, पाल्पा



नाम थर : रेखा थापा
बाबा : ध्रुवसिंह थापा
आमा : उमा थापा
स्थायी ठेगाना : जिल्ला-गुल्मी, रेसुङ्गा नगरपालिका-८, तम्घास
शैक्षिक योग्यता : B.B.A.
शैक्षिक संस्था : बुटवल मोडेल कलेज, कटैया, रूपन्देही
सम्पर्क नं. : ९८०४४०४२१७/९८४४७२४४७५
सम्पर्क गराउने व्यक्ति : ई. हीराबहादुर भलामी



नाम थर : देवबहादुर राना
बाबा : भागीरथ राना
आमा : दिलकुमारी राना
स्थायी ठेगाना : जिल्ला-अर्घाखाँची, भूमिकास्थान न.पा.-३
शैक्षिक योग्यता : +२ कानुन
शैक्षिक संस्था : स्कलर्स होम मा.वि., बुटवल
सम्पर्क नं. : ९८६६१३५९६३
सम्पर्क गराउने संस्था : बाबुराम बन्जाडे (प्राचार्य स्कलर्स होम मा.वि.)



नाम थर : योगेश श्रेष्ठ
बाबा आमा : धर्मराज श्रेष्ठ
स्थायी ठेगाना : जिल्ला-गुल्मी, छत्रकोट गा.पा.-४, अगाहा
शैक्षिक योग्यता : कक्षा ९ अध्ययनरत
शैक्षिक संस्था : कालिका मानवज्ञान मा.वि., बुटवल
सम्पर्क नं. : ९८६७११७३७२ (ठूलो बुवा)
सम्पर्क गराउने संस्था : भूपाल ज्ञवाली, लक्ष्मीनगर, बुटवल



नाम थर : शुभम क्षेत्री
बाबा आमा : भीमबहादुर क्षेत्री
मञ्जु अर्जेल
स्थायी ठेगाना : जिल्ला-पाल्पा, भुवनपोखरी-३, छहरा
हाल : बुटवल, नयाँगाउँ
शैक्षिक योग्यता : कक्षा-८ अध्ययनरत
शैक्षिक संस्था : कालिका मानवज्ञान मा.वि., बुटवल
सम्पर्क नं. : ९८६७८४५५७० (आमा)
सम्पर्क गराउने संस्था : श्री घनश्याम पाठक
प्र.अ., कालिका मानवज्ञान मा.वि., बुटवल



नाम थर : रोशनी दर्लामी
बाबा आमा : स्व. चेतन दर्लामी
खेमीसरा दर्लामी
स्थायी ठेगाना : जिल्ला-पाल्पा, तिनाउ गा.पा.-५
हाल : कालिकानगर
शैक्षिक योग्यता : कक्षा-८ अध्ययनरत
शैक्षिक संस्था : कालिका मानवज्ञान मा.वि., बुटवल
सम्पर्क नं. : ९८४७१४७९७६ (आमा)
सम्पर्क गराउने संस्था : श्री घनश्याम पाठक
प्र.अ., कालिका मानवज्ञान मा.वि., बुटवल

# राजुसरिता भोजन अक्षयकोष

रूपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वार्ड नं.-८ मैत्रीपथ निवासी खेमराज पुन मगर र श्रीमती ओमीकला पुन मगरका सुपुत्र श्री राजु पुन मगर तथा रूपन्देही जिल्ला तिलोत्तमा नगरपालिका वार्ड नं.-९ भलवारी निवासी श्री दुर्गा श्रीस मगर र श्रीमती पूर्ण श्रीस मगरकी सुपुत्री श्री सरिता श्रीस मगरका बीच मिति २०७३ साल मंसिर १८ गते शनिवारका दिन सु-सम्पन्न शुभ विवाहको अवसरमा समाजमा भोज भतेरको नाममा झाङ्गिदै गएको भड्किलो खोक्रो आडम्बरका कारण अनावश्यक ईर्ष्या, प्रतिस्पर्धा र अनुत्पादक खर्चले हाम्रा गौरवमय सांस्कृतिक परम्पराहरू : सहकार्य, सहअस्तित्व, आपसी मैत्रीभावको क्षयीकरण हुँदै गइरहेको वर्तमान विषम परिस्थितिमा यस्ता आडम्बर युक्त फजुल खर्च घटाई समाजमा रहेका असक्त, असहाय, अनाथ, अपाङ्ग तथा दैवीप्रकोपबाट पीडित दीन दुखीलाई बाँच्नका लागि अतिआवश्यक भोजनसँग सम्बन्धित यथाशक्य खाद्यान्न तथा आर्थिक सहयोग प्रदान गरी सामाजिक सेवाभावबाट समतामूलक समाज रूपान्तरणमा प्रेरणादायी कदम सुरूवात गर्ने विशुद्ध उद्देश्यका साथ श्री खेमराज पुन मगर र श्रीमती ओमीकला पुन मगरले आजका मितिबाट रू. १०,००,००० (अक्षरेपि दश लाख) को "श्री राजु-सरिता पुन भोजन सहयोग अक्षयकोष" स्थापना गर्नुभएकोले कोषलाई सुव्यवस्थित र पारदर्शी रूपमा सञ्चालन गर्न यो "श्री राजु- सरिता पुन सहयोग अक्षयकोष" विधान बनाई लागु गरिएको छ ।

मानवसेवामा समर्पित खेमओमी पुन कल्याणकारी प्रतिष्ठानकै मूलमर्म र भावनालाई समेट्ने किसिमबाट राजुसरिता भोजन अक्षयकोषको स्थापना भएको हो । विवाह हाम्रो संस्कृतिको एक महत्त्वपूर्ण पक्ष हो तर दिनानुदिन विवाह जस्तो पवित्र संस्कृतिलाई विकृतिले घेर्दै लगेको छ । हाम्रो समाज दिन प्रतिदिन तडकभडकमा अग्रसर भइरहेको छ । प्रतिष्पर्धा र होडबाजीका कारण संस्कृतिले विकृत स्वरूप धारण गर्न नपरोस् र कसैका लागि जीवनको निर्णायक क्षण बनेको विवाह जस्तो पवित्र कार्यमा खर्च गरिने रकम फजुलका रूपमा नभई कसैको जीवन निर्वाहका लागि सहयोगी बन्न सकोस् भन्ने मूल मर्मका साथ राजुसरिता भोजन अक्षयकोषको स्थापना भएको हो ।

# समाज कल्याण परिषद

लैनचौर, काठमाडौं, नेपाल
२०४९

आबद्धता नं.: ...४०८४५...
(नविकरण प्रयोजनका लागि प्रतिलिपि उपलब्ध गराइएको)

## आबद्धताको प्रमाण-पत्र

खेम-ओमी पुन कल्याणकारी प्रतिष्ठान, रुपन्देही ............ लाई

समाज कल्याण ऐन, २०४९ को दफा १३ बमोजिम ......२०७१...... साल ......माघ...... महिना ......८...... गते

आबद्धताको प्रमाण-पत्र प्रदान गरिएको छ।

# Social Welfare Council

Lainchaur, Kathmandu, Nepal
1992

Affiliation No: ......40845

## CERTIFICATE OF AFFILIATION

This certificate of Affiliation has been issued to
Khem Omi Pun Welfare Academy, Rupendehi ............
on ......2015/01/22...... pursuant to section 13 of the Social Welfare Act. 1992.

समाज कल्याण परिषद, २०४९, Social Welfare Council

Sanjay Kumar Mallik
Deputy Director

---

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(प्रशासन शाखा)

☎ ५२३०९६, ५२०१५८, ५२०१५९, ५२११५८

सिद्धार्थनगर

मिति:- २०६९।२।२९

संस्था दर्ता प्रमाण-पत्र नं.:- ०६०।०६९ / २०७०

## प्रमाण-पत्र

च.नं.:-

श्री अध्यक्ष ज्यू,
"खेम-ओमी पुन कल्याणकारी प्रतिष्ठान"
रुपन्देही    बुटवल न.पा. वडा नं. ८

मिति........२०६९।२।२९........को निर्णय अनुसार

श्री "खेम-ओमी पुन कल्याणकारी प्रतिष्ठान"

नामक संस्था, संस्था दर्ता ऐन २०३४ (सशोधन सहित) को दफा ४ बमोजिम आज मिति ....२०६९।२।२९.... गते दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

**स्थानीय अधिकारीको**

दस्तखत:- ........ २०६९।२।२९

नामथर:- अर्जुन बहादुर थापा

दर्जा:- प्रशासकीय अधिकृत

जिल्ला प्रशासन कार्यालय, रुपन्देही ।

नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग,
कालिकास्थान,
काठमाडौं, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या : २०७१/७२
च.नं.: २३४

फोन: ४४४४५५२
फ्याक्स: ४४४४५५३
मिति :- २०७१/५/१५

विषय :- अनुमति सम्वन्धमा ।

श्री कारागार कार्यालय,
पाल्पा ।

उपरोक्त सम्वन्धमा तहाँ कारागार कार्यालयको च.नं. २२६ मिति ०७१।५।८ को पत्र प्राप्त भै व्यहोरा अवगत भयो । सो सम्वन्धमा तहाँ कारागारमा वन्दी जीवन विताइरहेका महिलावन्दीहरुका आश्रित वालवालिका लाई वाल शिक्षा , पोषण कार्यक्रम अन्य विविध कार्यक्रम सञ्चालन गर्न जि.प्र.का रुपन्देहीमा मिति ०७१।२।२९ गते दर्ता नं ०७०/०७१/२०५० मा दर्ता भएको श्री खेमओमी पुन कल्याणकारी प्रतिष्ठान वुटवल-८ लाई प्रचलित कानुको परिधि भित्र रही आवश्यक कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय भएको ले सो ही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७१/५/१५

(देवीप्रसाद गौतम)
शाखा अधिकृत

**वोधार्थ :-**

श्री जिल्ला प्रशासन कार्यालय, पाल्पा ।
श्री खेमओमी पुन कल्याणकारी प्रतिष्ठान वुटवल-८ ।

# खेमओमी पुन कल्याणकारी प्रतिष्ठान

बुटवल-६, मैत्रीपथ

## विद्यार्थी छात्रवृत्ति फाराम

१) विद्यार्थीको नाम, थर :

२) विद्यालयको नाम :

३) कक्षा :

४) उमेर :

५) बुवाको नाम, थर : पेसा : ..................

६) आमाको नाम, थर : पेसा : ..................

७) परिवार संख्या .................. दिदी .................. बहिनी .................. भाइ .................. दाइ ..................

८) पुरानो ठेगाना :

९) हालको ठेगाना :

१०) पारिवारिक आर्थिक अवस्था :

११) सम्पर्क नं. :

१२) अन्य अभिभावकको पेसा :

१३) अघिल्लो कक्षाको नतिजा :

१४) संलग्न आवश्यक कागजपत्रहरू :

सिफारिस गर्ने अधिकारीको साय (अनुशासन) :

...................................... ......................................

अभिभावकको हस्ताक्षर निवेदकको हस्ताक्षर

# छात्रवृत्ति प्राप्तिका लागि दिइने निवेदनको नमुना

मितिः..........................................

श्रीमान् अध्यक्षज्यू
खेमओमी पुन कल्याणकारी प्रतिष्ठान,
बुटवल-६, मैत्रीपथ, रूपन्देही

**विषय : छात्रवृत्ति पाऊँ ।**

महोदय,

उपर्युक्त सम्बन्धमा म ........................................................................ ले कक्षा/तह............................सम्मको अध्ययन पूरा गरेको छु । यस भन्दा माथिल्लो कक्षा/ तहमा अध्ययन कार्यलाई निरन्तरता दिन मेरो पारिवारिक आर्थिक अवस्था कमजोर भएकाले निकै कठिनाई परेकोले त्यस खेमओमी पुन कल्याणकारी प्रतिष्ठानबाट प्रदान गरिने छात्रवृत्ति सुविधा उपलब्ध गराइदिनु भई मेरो अध्ययन कार्यलाई सहज रूपमा अगाडि बढाउन सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

छात्रवृत्ति छनोटका लागि प्रतिष्ठानले निर्धारण गरेका कागजात यसैसाथ संलग्न गरेको छु ।

**निवेदक**:
नामथर
ठेगाना

**संलग्न कागजातहरू**

१. निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि वा निवेदक नावालक भएमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र अभिभावकको नागरिकताको प्रमाणित प्रतिलिपि थान-१

२. निवेदक नावालक र अभिभावक विहीन भएमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकताको प्रमाणित प्रतिलिपि थान- १

३. स्पष्ट आकृति देखिने पासपोर्ट साइजको फोटो थान-२

४. आर्थिक अवस्था पुष्टि हुने खालको सम्बन्धित पालिका/वार्ड कार्यालयको सिफारिस पत्र थान-१

५. विद्यार्थी जेहेन्दार ,अनुशासित र लगनशील रहेको भन्ने व्यहोराको पूर्व अध्ययन गरेको विद्यालयको सिफारिस पत्र थान-१

### सर्तहरू

१. प्रतिष्ठानबाट छात्रवृत्ति सुविधा लिएको व्यक्ति सधैंभरि संस्थाप्रति जवाफदेही रहनुपर्नेछ ।

२. छात्रवृत्ति नियमित रूपमा पाउन अघिल्लो कक्षा/तह उत्तीर्ण भएको शैक्षिक योग्यताको लब्धाङ्क पत्रसहित निवेदन पेश गर्नु पर्नेछ ।

३. छात्रवृत्ति पाउने व्यक्ति असल आचरणमा रहनुपर्नेछ । कुनैपनि गैरसामाजिक र गैरकानुनी कार्यमा संलग्न भएको पाइएमा दिइएको छात्रवृत्तिलाई तत्काल बन्द गरिने छ ।

४. अध्ययन कार्य सकिएपश्चात् छात्रवृत्ति पाएर आफुले उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि प्रतिष्ठानमा उपलब्ध गराउनुपर्ने छ ।

५. सामान्यतया सोही तहको अध्ययनका लागि सरकारी तथा अन्य कुनै संस्थाबाट छात्रवृत्ति पाएको व्यक्तिलाई छात्रबृत्ति प्रदान गरिने छैन तर प्रतिष्ठानले आवश्यक ठानेमा आंशिक रूपमा छात्रवृत्ति प्रदान गर्न सक्ने छ ।

६. छात्रवृत्ति पाउने व्यक्ति छात्रबृत्ति पाएको अवधिभर प्रतिष्ठानको साधारण सदस्य रहने छ ।

### छात्रवृत्तिको छनौट प्रक्रिया

१. प्रतिष्ठानको क्षमताअनुसार छात्रवृत्ति प्रदानका लागि सार्वजनिक सूचना प्रकाशित गरिने छ ।

२. प्रतिष्ठानमा प्राप्त भएका निवेदनमध्ये आवश्यक संख्यामा मात्र छात्रवृत्तिका लागि तोकिएको प्रक्रिया पुरा गरी सिफारिस गर्न छात्रबृत्ति सिफारिस समितिलाई अनुरोध गरिने छ ।

३. छात्रवृत्ति सिफारिस समितिले निवेदकले पेश गरेका कागजातको अध्ययनपश्चात् आवश्यकता भएमा लिखित तथा मौखिक परीक्षा र सम्बन्धित निवेदकको बारेमा बुझ्न स्थलगत अध्ययनसमेत गरी छात्रवृत्तिका लागि सिफारिस गर्ने छ ।

४. छात्रवृत्ति सिफारिस समितिले गरेको सिफारिसको आधारमा प्रतिष्ठानको कार्यसमितिको बैठकबाट निर्णय गरी छात्रवृत्ति प्रदान गरिने छ ।

### छात्रवृत्ति पाउँने व्यक्तिको प्रतिबद्धता

१. छात्रवृत्ति पाउने व्यक्तिले छात्रवृत्तिको निर्णय भएपश्चात् प्रतिष्ठानमा उपस्थित भई लिखित प्रतिबद्वता गर्नु पर्ने छ । प्रतिबद्वतामा निम्न विषयवस्तु समावेश भएका हुने छन् ।

२. प्राप्त छात्रवृत्तिको उच्चतम् सदुपयोग गरी मेरो अध्ययन कार्यलाई अगाडि बढाउने छु ।

३. सामाजिक र कानुनी रूपमा बन्देज गरिएको कुनै पनि कार्यमा संलग्ग हुनेछैन र अरू कसैलाई दुरुत्साहनसमेत गर्ने छैन ।

४. भविष्यमा असल नागरिकको रूपमा समाज र देशप्रतिको दायित्व पुरा गर्ने छु ।

५. प्रतिष्ठानले निर्धारण गरेका सर्तहरू मान्न मन्जुरी व्यक्त गर्दछु ।

# मिडियामा प्रतिष्ठान

कान्तिपुर
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
kantipur.ekantipur.com
काठमाडौं, विराटनगर, भरतपुर र नेपालगञ्जबाट एकैसाथ प्रकाशित
KANTIPUR, Nepali National Daily, Monday, February 20, 2017

## जो उपकारमा रम्छन्

■ अमृता अनमोल

बुटवल- विपिन चौधरीले चार वर्षअघि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएस पढ्न नाम निकाले। शुल्कमा छात्रवृत्ति पाए पनि खानबस्न र पाठ्य सामग्री किन्न महँगो पर्‍यो। बुटवल



गर्दै आएका हुन्। खेमराजको ५१ औं जन्मदिनका अवसरमा २०७० मंसिर १७ मा उनीहरूले खेम-ओमी पुन कल्याणकारी प्रतिष्ठान खोले। विपन्न र अशक्तलाई पढाइमा सहयोग गर्ने यो कोषको लक्ष्य छ। तीन वर्षअघि खोलिएको प्रतिष्ठानमा ४१ लाख रकम छ। प्रतिष्ठानका महासचिव

त्यस्तो सहयोग विपिनसहित बुटवलका गंगा श्रेष्ठ, जमुना श्रेष्ठ, गुल्मीका नगेन्द्र श्रीश र काशीराम विकले पाएका छन्।

प्रतिष्ठानको कोष बढाउँदै लगेर करोड पुऱ्याउने खेम-ओमीको लक्ष्य छ। 'हामी मरेपछि सम्झने बाटो यत्ति त हो,' ओमीले भनिन्, 'त्यसैले गरिब दुःखीको सहयोगमा मन गयो।' खेम-ओमीले गएको मंसिर १५ मा छोराको बिहे गरे। 'बिहे भोजका लागि योजना बनाउँदा १० लाख रुपैयाँ खर्च देखियो,' उनीहरूले भने, 'त्यसपछि भोज हटाई त्यही पैसा राखेर सहयोग कोष खोल्यौं।' त्यसको नाम छ, राजु-सरिता पुन भोजन सहयोग कोष। त्यसमा छोरा

हजुरआमाको काखमा हुर्केका खेमले उनलाई पनि बिर्सन सकेनन्। त्यसपछि कलापुनको नामबाट २०६७ मा गुल्मी भार्सेको आमा समूहलाई २ लाख रुपैयाँ दिए। महिला समूहले आफ्नो नाम नै कलापुन महिलासमूह राखे। समूहका महिलाले उक्त रकमबाट बीउ पुँजीका रूपमा सापटी लिने र स-साना व्यवसाय गर्ने गरेका छन्। कसैले कुखुरा पालेका छन् त कसैले बाख्रा, भैंसी पालेर कमाएका छन्। प्रतिष्ठानबाहेक पनि उनीहरूले धेरै ठाउँमा आर्थिक सहयोग गरेका छन्।

उनीहरूको सहयोगले दुर्घटनापछि उपचार खर्च नभएर ७ वर्षदेखि विस्तरामा

बुटवल टुडे www.butwaltoday.com.np
समाचार
१० असार २०७५ आइतबार | 24 June 2018 Sunday
३

## धन ठूलो कि मन ?

रुद्रहरि कुवर

धन विनाको मन ठूलो कि मन विनाको धन। यो शब्दमा घुलाईएको स्वर र संगीतले अहिले धेरैको मन तानेको छ। बाल कलाकार अशोक दर्जीलाई सामाजिक सञ्जालमा भाइरलको रुपमा टेप्न सकिन्छ।

सायद मन विनाको धन हुन्थ्यो भने काशीराम विक चिकित्सा क्षेत्रमा आउने नै थिएनन्। उनको चिकित्सक बनेर बिरामीको सेवा गर्ने सोच अर्कै पो हुन्थ्यो कि ?

मन अर्थात तिव्र इच्छा भयो भने धनको जस्तोसुकै कठिन परिस्थितिसँग मुकाबिला गर्न सकिँदो रहेछ भन्ने उदाहरण पेश गरेका छन् लुम्बिनी मेडिकल कलेजबाट एमबिबिएस उत्तीर्ण गुल्मी साविकको नेटा -२ का कासिराम विकले।

पिता टोप बहादुर विक र आमा मनरुपा विकको कोखबाट २०४८ वैशाख ६ गते आर्थिक अवस्था कमजोर भएको परिवारमा जन्मेका हुन् काशी। खेतीपातीबाट



हामीले सानो सहयोग गरेका हौं, अरू पनि गरिब तथा जेहेन्दार विद्यार्थी हुनु हुन्छ भने सहयोग गर्न सक्छौं।

**खेम पुन**
संस्थापक, खेम पुन कल्याणकारी प्रतिष्ठान



काशीराम वि.क.

त निस्कियो खुसी हुनुपर्नेमा उनको मन फेरी खिन्न भयो कारण-

सरकारले तोकेको अस्पतालमा सेवा दिनुपर्नेछ। चिन्तामणि

४ | कान्तिपुर। शुक्रबार, २५ साउन, २०७५ (Friday, August 10, 2018)
kantipurdaily.com

## प्रदेश ५

बुटवल



## विपन्नलाई पढाउँदै उद्योगी

**गरिब तथा जेहेन्दारको पढाइमा सघाउन कतिपय उद्योगी व्यवसायीले विद्यालयमै अक्षयकोष खोलेका छन्**

कान्तिपुर संवाददाता

बुटवल- रूपन्देहीको सियारी गाउँपालिकाका कमला र गणेश चौधरी निर्माण मजदुर हुन्। दिनभर काम गरेर छाक र पढाइ खर्च जुटाउने यी दम्पतीका चार छोराछोरी छन्। तर, यस वर्षदेखि उनीहरूलाई कापी कलमको चिन्ता हटेको छ। त्यहाँ रहेको अर्घाखाँची सिमेन्ट उद्योगले पठन सामग्री उपलब्ध गराएपछि सजिलो भएको कमलाले बताइन्। बालबालिकालाई वर्षभरि पुग्ने शैक्षिक सामग्री पाएपछि गाउँपालिकाका धेरै अभिभावक खुसी छन्।

सामुदायिक र संस्थागत गरी ४२ विद्यालयका ३ हजार ३ सय विद्यार्थीका लागि अर्घाखाँची सिमेन्टले यस वर्ष शैक्षिक सामग्री उपलब्ध गराएको हो। यी गाउँपालिकाभित्रका प्रारम्भिक कक्षादेखि प्राथमिक तहसम्म अध्ययनरत बालबालिकाले शैक्षिक सामग्री पाएका हुन्। उद्योगका सञ्चालक पशुपति मुरारकाले बालबालिकाको शिक्षामा सहयोग गर्न गाउँपालिकाको समन्वयमा २० लाख रुपैयाँ बराबरका शैक्षिक सामग्री वितरण गरेको बताए। 'पोसाकसहित स्टेसनरी दिएका छौं,' उनले भने, 'यो सहयोग अर्को वर्ष पनि निरन्तर हुनेछ।' गाउँपालिकाले 'हामी सबैको इच्छा अनिवार्य आधारभूत शिक्षा' भन्ने नारासहित बालबालिकालाई विद्यालय भिकाऊ, सिकाऊ र टिकाऊ अभियान चलाएको छ। उद्यमी खेमराज पुन धेरै बालबालिकालाई पढ्ने अवसर जुटाउनेमध्येका एक हुन्। खेम इन्टरप्राइजेजसहित औषधि उद्योगमा लगानी गरेका उनले



कान्तिपुर

समाचार

# जो उपकारमा रम्छन्

फागुन ९, २०७३ | अमृता अनमोल

बुटवल – विपिन चौधरीले चार वर्षअघि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएस पढ्न नाम निकाले । शुल्कमा छात्रवृत्ति पाए पनि खानबस्न र पाठ्य सामग्री किन्न महँगो पर्‍यो । बुटवल मोतीपुरका उनका बाबुआमा सामान्य मजदुर हुन् । घरबाट धानिरहन नसक्ने अवस्था भएपछि उनी चिनजानका व्यक्तिमार्फत बुटवलकै खेमराज पुनकहाँ पुगे ।




HealthPost Nepal

Facebook Twitter Messenger WhatsApp Viber

कृष्ण मल्ल
प्रकाशित
२०७६ कार्तिक १७ गते १०:५९

## यो पनि

के डाक्टर पढ्न महिलाले नै गर्नेहो त ?




बुटवलका एक दम्पती अक्षयकोष स्थापना गरी आर्थिक अभावका कारण पढाइबाट टाढिने अवस्थामा पुगेका



खेमओमी पुनका साथमा छोरा राजु, बुहारी सरिता र छोरी रोजी पुन



खेम इन्टरप्राइजेज जसले खेमओमी पुन कल्याणकारी प्रतिष्ठान स्थापनार्थ मेरूदण्डको काम गरेको छ । यस संस्थाका सम्पूर्ण कर्मचारीहरूका साथमा प्रतिष्ठानका संरक्षक खेमराज पुन र अध्यक्ष ओमीकला पुन



खेमओमी पुन कल्याणकारी प्रतिष्ठानबाट पाल्पा जिल्ला कारागारमा निर्माण गरिएको प्रतीक्षालय/आरामगृह तथा संस्थाको तर्फबाट उपलब्ध गराई जडान गरिएको टेलिभिजन



खेम पुनको जन्मस्थल गुल्मी भार्से



खेम पुनले अध्ययन गरेको भार्से जनसहयोग माध्यमिक विद्यालय, गुल्मी भार्से



सेवाग्राही र अभिभावकसँग प्रतिष्ठानका संस्थापकहरू



व्यावसायिक अध्ययन भ्रमणको क्रममा पुन दम्पती क्यानडामा




रोटरी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिदा बैंककमा पुन दम्पती


खेम इन्टर प्राइजेज
औषधी तथा सर्जिकल सामानको थोक बिक्रेता

# खेमओमी पुन कल्याणकारी प्रतिष्ठान

प्रदेश नं. ५, बुटवल-६, मैत्रीपथ, रुपन्देही, नेपाल